राष्ट्को गौरव
# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।   gorkhapatraonline.com




राष्ट्रिय संस्करण

अर्थबजार | चियाको राम्रो विकल्प तेस्रो मुलुक | कङ्गोसँगको खेलअघि रोनाल्डोको चर्चा १६

वर्ष १२६ | अङ्क ४२ | २०८३ साल असार ३ गते बुधबार | शुद्ध ज्येष्ठ शुक्ल तृतीया | नेपाल संवत् ११४६ तछलाथ्व ३ | 2026 June 17 Wednesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

## ‘हेलो सरकार’
# सुशासनको महत्त्वपूर्ण औजार

- वर्तमान सरकारले शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूचीमा नै समावेश गरेपछि अहिले नागरिकका गुनासो दर्ता र समस्या समाधान दुवै क्षेत्रमा उल्लेख्य प्रगति देखिएको छ ।
- अहिले विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा तीन हजार ७६९ वटा सरकारी तथा सार्वजनिक निकाय आबद्ध छन् । उक्त प्रणाली सञ्चालनका लागि २६ जना कर्मचारी तीन चरणमा चौबिसै घण्टा खटिएका छन् ।




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

‘हेलो सरकार’ प्रणाली पछिल्लो समय सरकारी निकाय र नागरिकबिच संवादको प्रभावकारी केन्द्रीय ‘प्लेटफर्म’ बन्दै गएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित हेलो सरकार गुनासो व्यवस्थापन प्रणालीमा बहुच्यानल प्रणाली, चौबिसै घण्टा सेवा र आधुनिक प्रविधिको प्रयोगसँगै उजुरी तथा गुनासो व्यवस्थापनमा उल्लेख्य सुधार आएको छ।

सेवा प्रवाहमा नागरिकका गुनासा, सुझाव, जिज्ञासालाई राज्य संयन्त्रसम्म सहज रूपमा पुर्‍याई तिनको प्रभावकारी सम्बोधन गर्ने उद्देश्यले सञ्चालनमा रहेको ‘हेलो सरकार’ प्रणाली सार्वजनिक प्रशासन र सुशासनको महत्त्वपूर्ण औजारका रूपमा स्थापित हुँदै गएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित यो विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा नागरिकको पहुँच विस्तार भएसँगै उजुरी तथा गुनासोको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ। सरकारले यो प्रणालीलाई गुनासो सुनुवाइको माध्यममा सीमित नराखी नागरिक–सरकार संवाद, नीतिगत सुधार तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर मापन गर्ने एकीकृत ‘प्लेटफर्म’ का रूपमा विकास गर्ने रणनीतिसहित अगाडि बढाएको सो कार्यालयले जनाएको छ।

शासकीय सुधारसम्बन्धी सरकारको सयदिने कार्यसूचीको बुँदा नम्बर २४ मा २४ घण्टा नै राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्ने लक्ष्य राखिएको थियो । त्यसलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गतको ‘हेलो सरकार’ शाखामार्फत कार्यान्वयनमा ल्याइएको छ । कार्यसूचीको सोही बुँदामा रहेको फोन, मोबाइल एप, वेबपोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्न सकिने ‘बहुच्यानल’ प्रणाली स्थापना गर्ने काम अन्तिम चरणमा पुगेको हेलो सरकार शाखाका उपसचिव कृष्णप्रसाद सापकोटाले जानकारी दिनुभयो।

बहुच्यानल प्रणाली कार्यान्वयनमा आउनेबित्तिकै विभिन्न माध्यमबाट हेलो सरकारमा आएका उजुरी तथा गुनासाहरू स्वचालित रूपमा सम्बन्धित कार्यालयसम्म जाने मात्र नभई त्यसको निगरानीसमेत प्रभावकारी ढङ्गले हुने र नतिजा प्राप्तिमा समेत सहज हुने अपेक्षा गरिएको छ।

त्यस्तै बुँदा नम्बर २५ मा ‘हेलो सरकार’ लाई स्तरोन्नति गरी नागरिक संवादको ‘प्लेटफर्म’ का रूपमा विकास गर्ने, एकीकृत ‘ड्यासबोर्ड’ मार्फत सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय गर्ने तथा गुनासो समाधानको प्रगति वास्तविक समयमा अनुगमन गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ। सोही अनुसार अहिले सरकारले ‘हेलो सरकार’ मा आउने गुनासोलाई नीतिगत बहसको आधार बनाउने तयारी गरिरहेको जनाइएको छ । नागरिकका गुनासा र सुझावबाट प्राप्त सूचना विश्लेषण गरी आवश्यक नीति निर्माणसहित सुधार प्रक्रियामा उपयोग गर्ने अवधारणा विकास भइरहेको उपसचिव सापकोटाले बताउनुभयो।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले समेत ‘हेलो सरकार’ लाई ‘सरकार–नागरिक’ संवादको केन्द्रीय प्लेटफर्मका रूपमा विकास गर्ने नीति लिएको छ। बजेटमा सरकारी कार्यालयहरूमा ‘डिजिटल टाइमकार्ड’ लागु गर्ने तथा हेलो सरकारमार्फत प्राप्त गुनासो निश्चित समयसीमाभित्र सम्बोधन गर्नुपर्ने व्यवस्था गर्ने उल्लेख छ। गुनासो सम्बोधनको अवस्थालाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग समेत जोड्ने तयारी भइरहेको छ । यसबाट सार्वजनिक प्रशासनमा उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिको विकास हुने उपसचिव सापकोटा बताउनुहुन्छ।

प्रविधिको उपयोगलाई थप विस्तार गर्दै हेलो सरकारले कृत्रिम बौद्धिकता (एआई) आधारित प्रणाली विकासको तयारी पनि गरिरहेको छ। अब गुनासो दर्ता हुनेबित्तिकै स्वचालित रूपमा सम्बन्धित कार्यालयमा पुग्ने, गुनासोकर्तालाई जानकारी गराउने तथा प्रगति अवस्थाबारे नियमित सूचना दिने प्रणाली लागु हुने छ। टेलिफोनमार्फत प्राप्त हुने गुनासोलाई समेत एआईको सहयोगमा स्वतः शब्दमा रूपान्तरण गरी प्रणालीमा प्रविष्ट गर्ने प्रविधि विकास गर्ने तयारी गरिएको छ। यसबाट हाल प्रणालीमा दर्ता नभई टेलिफोनबाटै समाधान हुने कतिपय गुनासो पनि अभिलेखीकरणको दायरामा आउने अपेक्षा गरिएको छ।

अहिले ‘हेलो सरकार’ को विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा तीन हजार ७६९ वटा सरकारी तथा सार्वजनिक निकाय आबद्ध छन्। उक्त प्रणाली सञ्चालनका लागि २६ जना कर्मचारी तीन चरण (सिफ्ट) मा चौबिसै घण्टा खटिएका छन्। प्रधानमन्त्री कार्यालयले ‘हेलो सरकार’ लाई प्रत्यक्ष गुनासो फर्स्योट गर्ने निकायभन्दा पनि नीतिगत सहजीकरण, स्रोत व्यवस्थापन र अनुगमन गर्ने निकायका रूपमा विकास गर्ने रणनीति लिएको छ।

### दर्ता र फर्स्योटमा उच्च आँकडा

२०६८ कात्तिक १७ गतेबाट ‘हेलो सरकार’ सेवा सञ्चालनमा आएको भए पनि त्यसलाई प्रभावकारी बनाउन सकिएको थिएन । वर्तमान सरकारले शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूचीमा नै यो विषय समावेश गरेपछि अहिले नागरिकका गुनासा दर्ता र समस्या समाधान दुवै क्षेत्रमा उल्लेख प्रगति देखिएको छ।

पछिल्ला तीन वर्षको तथ्याङ्क हेर्दा आव २०८०/८१ मा ११ हजार ९३२ वटा गुनासा तथा उजुरी प्राप्त भएका थिए। आव २०८१/८२ मा यो सङ्ख्या बढेर १७ हजार ९७७ पुगेको थियो तर चालु आव २०८२/८३ को जेठ मसान्तसम्ममा उल्लेख्य वृद्धि भई ४५ हजार ६२३ वटा गुनासा तथा उजुरी दर्ता भइसकेका छन्।

» बाँकी पृष्ठ २ मा

## रास्वपा प्रथम महाधिवेशन
# देशव्यापी सङ्गठन विस्तार

**मित्र भण्डारी**
*काठमाडौँ, असार २ गते*




आन्तरिक लोकतन्त्रको अभ्यासका रूपमा प्रतिस्पर्धामार्फत पाँच प्रदेश, ६४ जिल्ला, ६०९ पालिका र चार हजार ३६३ वडामा नयाँ कार्यसमिति चयन भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रथम राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा देशव्यापी रूपमा सङ्गठन विस्तारलाई तीव्रता दिएको छ । वडा, पालिका, जिल्ला तथा प्रदेश तहमा लोकतान्त्रिक प्रक्रियामार्फत नयाँ नेतृत्व चयन गर्दै पार्टीले सङ्गठनात्मक पुनर्संरचना र संस्थागत सुदृढीकरणलाई तीव्र गतिमा अघि बढाएको हो।

यही असार ७ देखि ९ गतेसम्म चितवनमा आयोजना हुने प्रथम राष्ट्रिय महाधिवेशनअघि पार्टीले अधिकांश तहका अधिवेशन सम्पन्न गर्दै पाँच प्रदेशमा नयाँ नेतृत्व चयन गरिसकेको छ । पार्टीका महामन्त्री कवीन्द्र बुर्लाकोटीले हालसम्म देशभरका छ हजार ७४३ वडामध्ये चार हजार ३६३ वडामा अधिवेशन सम्पन्न भएको जानकारी दिनुभयो। उहाँका अनुसार हालसम्म ७५३ स्थानीय तहमध्ये ६०९ पालिकामा नयाँ नेतृत्व चयन भइसकेको छ । त्यसै गरी ७७ जिल्लामध्ये ६४ जिल्लामा अधिवेशन सम्पन्न गरी नयाँ कार्यसमिति गठन गरिएको छ।

महाधिवेशनपूर्व सम्पन्न प्रदेश अधिवेशन अन्तर्गत कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा नयाँ नेतृत्व चयन भइसकेको छ । कोशी प्रदेश सभापतिमा चन्द्र राई, बागमती प्रदेश सभापतिमा उत्सव अर्याल, गण्डकी प्रदेश सभापतिमा नवीन त्रिपाठी र लुम्बिनी प्रदेश सभापतिमा शालिकराम घिमिरे निर्वाचित हुनुभएको छ । सुदूरपश्चिम प्रदेशको नेतृत्वमा प्रकाश विष्ट पुनः निर्वाचित हुनुभएको छ । धनगढीमा सम्पन्न प्रदेश अधिवेशनमा विष्टले ३५८ मत प्राप्त गरी प्रतिनिधि सभा सदस्य जनकसिंह धामीलाई पराजित गर्नुभएको थियो।

बागमती प्रदेशमा भएको प्रतिस्पर्धात्मक निर्वाचनमा उत्सव अर्यालले निवर्तमान सभापति अच्युतम लामिछानेलाई दुई मतको अन्तरले पराजित गर्दै नेतृत्व समाल्नुभएको छ । गण्डकी प्रदेशमा नवीन त्रिपाठीको नेतृत्वसँगै नयाँ पुस्ताको सहभागिता थप सशक्त बनेको पार्टीको भनाइ छ।

लुम्बिनी प्रदेशमा प्रारम्भिक चरणमा कुनै उम्मेदवारले स्पष्ट बहुमत प्राप्त गर्न नसकेपछि पुनः मतदानमार्फत शालिकराम घिमिरे प्रदेश सभापतिमा निर्वाचित हुनुभएको थियो । कर्णाली प्रदेशमा अधिवेशन प्रक्रिया जारी छ भने मधेश प्रदेशको अधिवेशन केही प्राविधिक तथा प्रतिनिधित्वसम्बन्धी विषयमा छलफल भइरहेकाले स्थगित गरिएको पार्टीले जनाएको छ।

कर्णाली प्रदेशको डोल्पा र हुम्ला, लुम्बिनी प्रदेशको रुकुमपूर्व, गण्डकी प्रदेशको मनाङ र मुस्ताङ तथा मधेश प्रदेशको धनुषा, सप्तरी, बारा र सर्लाहीमा अधिवेशन हुन बाँकी रहेको छ। त्यसै गरी सिन्धुपाल्चोक, सिराहा, महोत्तरी र रौतहटमा सुरु भएको निर्वाचन प्रक्रिया विभिन्न कारणले स्थगित भएको जनाइएको छ।

रास्वपाले प्रदेश तथा जिल्ला अधिवेशनहरूलाई आन्तरिक लोकतन्त्रको अभ्यासका रूपमा सञ्चालन गर्दै प्रतिस्पर्धामार्फत नेतृत्व चयन गरेको जनाएको छ। पार्टीले ‘एक पद, एक व्यक्ति’ को सिद्धान्त अवलम्बन गर्दै पारदर्शी, विधिसम्मत र सहभागितामूलक ढङ्गले नेतृत्व हस्तान्तरणको प्रक्रिया अघि बढाएको जनाएको छ।

रास्वपाका केन्द्रीय निर्वाचन आयोगका संयोजक भुवन केसीका अनुसार बाँकी जिल्लामा पनि निर्वाचन प्रक्रिया अन्तिम चरणमा पुगेको छ। कर्णाली प्रदेश अधिवेशनमा पाँच सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको जनाइएको छ। पार्टीले अधिवेशन सम्पन्न हुन बाँकी रहेका संरचनाको नेतृत्व चयन महाधिवेशनपछि टुङ्ग्याउने तयारी गरेको छ।

यसैबिच चितवनमा हुने प्रथम राष्ट्रिय महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेको छ। महाधिवेशनमा देश तथा विदेशबाट करिब दुई हजार पाँच सय प्रतिनिधिको सहभागिता रहने छ।

» बाँकी पृष्ठ २ मा

## महानिर्देशक अर्याल न्यायिक हिरासतमा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनीलकुमार केसीलाई चार दिन न्यायिक हिरासतमा राख्न विशेष अदालतले अनुमति दिएको छ। राहदानी छपाइसम्बन्धी विषयमा अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अर्याल र केसीलाई नियन्त्रणमा लिएको थियो।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्यद्वय उमेश कोइराला र विदुर कोइरालाको इजलासले सोमबारदेखि लागु हुने गरी दुवै जनालाई हिरासतमा राख्न आयोगलाई अनुमति दिएको हो। विशेष अदालतका सूचना अधिकारी पार्वती हितानले सोमबारदेखि लागु हुने गरी चार दिन हिरासतमै राख्न अनुमति दिइएको जानकारी दिनुभयो।

### अग्रलेख



## लोक सेवाको साख

आयोगले हरेक आर्थिक वर्षमा घोषणा गर्ने आफ्नो वार्षिक कार्यतालिका र कार्यतालिका अनुरूप कार्यसम्पादन गर्न सक्ने सक्षम, प्रतिबद्ध, उत्प्रेरित र इमानदार कर्मचारीका कारण आयोग मुलुकको बलियो र सक्षम निकायका रूपमा जनताको मानसपटलमा रहेको छ।

• **शिवराम न्यौपाने**

» विचार पृष्ठ ४

# ‘मनसुन’ भित्रन आनाकानी

- सामान्यतया केरलाबाट नेपाल आइपुग्न बढीमा १० दिन लाग्नुपर्ने हो । तर १३ दिन बित्दै गर्दा पनि मनसुन नेपाल भित्रन सकेको छैन ।
- भूउपग्रहबाट प्राप्त तथ्याङ्क तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणको आधारमा मनसुन आगमन केही दिन ढिला हुने भएको छ ।


फाइल तस्बिर

**चाँदनी हमाल**
*काठमाडौँ, असार २ गते*

यस वर्षको मनसुन नेपाल भित्रन आनाकानी गर्दै नेपालको सीमापारि अड्किएर बसेको छ। छिमेकी भारतको सीमासम्म आइपुगेको मनसुन नेपाल भित्रन आनाकानी गर्दै सीमापार बसेको हो। विभिन्न प्रणालीले यतिबेला भारतको सिक्किम र बिहारसम्म मनसुन आइपुगेको देखाएको छ।

मनसुन भित्रने मिति जुन १३ बाट घर्किएर जुन १७ लागेको छ । तर पनि मनसुन नेपाल भित्रन नसकेको जल तथा मौसम विज्ञान विभागले औँल्याएको छ। भारतको केरलामा जुन ४ मा बास बस्न पुगेको थियो। त्यहाँबाट बङ्गालको खाडीको जलवाष्पसहित नेपालतिर आउन विगत झैँ निकै बेर लगाएको हो। सामान्यतया केरलाबाट नेपाल आइपुग्न बढीमा १० दिन लाग्नुपर्ने हो। तर १३ दिन बित्दै गर्दा पनि मनसुन नेपाल भित्रन नसकेको मौसमविद् रोजन लामिछानेले बताउनुभयो। उहाँका अनुसार नेपालको पूर्वी भूभागमा मनसुन प्रवेश गर्न अझै केही दिन लाग्ने अनुमान छ।

### ढिला किन आउँदै छ मनसुन ?

मनसुनको मिति घर्किएपछि प्रश्नको ओइरो लाग्न थालेपछि विभागले विगतको मनसुन भित्रँदाको प्रवृत्तिको विश्लेषण गर्दै विगतमा पनि यसरी मनसुन भित्रन ढिलाइ हुने गरेको जानकारी दिएको छ । विगतमा सन् १९७२ देखि २०२३ सम्मका वर्षका मनसुनी वर्षमध्ये ११ वटा वर्षमा नेपालमा मनसुन ढिला भित्रिएको थियो। विभागका प्रवक्ता विभूति पोखरेलका अनुसार भूउपग्रहबाट प्राप्त तथ्याङ्क तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणको आधारमा नेपालमा मनसुन आगमन केही दिन ढिला हुने भएको छ।

प्रशान्त महासागरमा वर्षा कम गराउन सघाउने प्रणाली एलनिनो विकसित भई तटस्थबाट बलियो हुँदै गएको वर्तमान अवस्था छ। जसले गर्दा नेपालको मनसुन आगमनमा समेत प्रभाव पर्नुका साथै दक्षिण एसियालगायत नेपालको मनसुन कमजोर हुन सक्ने सम्भावना पोखरेलले औँल्याउनुभएको छ। विगतमा पनि एलनिनोको विकास प्रशान्त महासागरमा बलियो हुँदा नेपालमा मनसुन आगमन ढिला भएको तर्क उहाँको छ।

### मनसुनको वर्तमान अवस्था

दक्षिण एसियाका विभिन्न मुलुकमा विचरण गरिरहेको मनसुनको प्रणाली आफैँमा कमजोर छ। अरब सागरबाट अगाडि बढेको मनसुन कमजोर भए पनि श्रीलङ्का तथा दक्षिण भारतका विभिन्न क्षेत्र हुँदै नेपालको सिमाना पार गरेर नेपाल भित्रने तरखरमा रहेको भारतीय मौसम पूर्वानुमान विभागले जनाएको छ।

मनसुनका प्रणालीको केही अंशले नेपालको सिमाना पार गरिसकेको दाबी भारतको छ। तराईको बिहार क्षेत्र छोएका नेपाली भूभागमा मनसुनको प्रणालीले असर थालेको उसको मनसुन अवलोकन गर्ने प्रारूपहरूले औँल्याएको छ।

नेपालको प्रारूपहरूले भने मनसुन भित्रने क्षेत्र नेपालको पूर्वी भूभाग अर्थात् कोशी प्रदेश रहेकाले त्यस क्षेत्रमा मनसुन भित्रने पूरै वातावरण बनिनसकेको औँल्याएको मौसमविद् लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार अहिलेको अवस्थामा नेपालमा मनसुनका लागि वातावरण निर्माण हुने क्रममै रहेको छ। नेपालमा अझै पनि पश्चिमी वायुको प्रभाव बलियो रहनुका साथै माथिल्लो वायुमण्डलमा पूर्वीय वायुसहितको वातावरण बन्न बाँकी छ।

त्यस्तै जलवाष्पयुक्त हावाको बहाव भने फैलने क्रममा रहेको छ। कतै सानो चरणको वर्षा हुने र कतै नहुने प्रक्रिया चलिरहेको छ। जसले मनसुनी प्रणाली पूरै सक्रिय नरहेको प्रस्ट सङ्केत गर्छ।

उहाँले भन्नुभयो, “निरन्तर अवलोकनको अवस्था हेर्दा नेपालको नजिकमै छ, अबको केही दिनमा मनसुन नेपाल भित्रने तरखरमा रहेको देखिन्छ, आजभोलि नै भने मनसुन नेपालमा आउँदैन ।” भारतको प्रणालीले बिहार छोएका केही क्षेत्रमा मनसुनको असर देखाए पनि त्यो नेपालको मनसुन भित्रने पद्धतिमा गणना नहुने उहाँले प्रस्ट पार्नुभयो।

### » अन्तर्राष्ट्रिय

## अमेरिकामा विमान दुर्घटना
# पाइलटसहित बिस जनाको मृत्यु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

अमेरिकामा दुई वटा विमान दुर्घटना हुँदा पाइलटसहित २० जनाको मृत्यु भएको छ। आइतबार मिसौरीमा निजी विमान र सोमबार क्यालिफोर्नियामा बी–५२ बमवर्षक सैनिक विमान दुर्घटनामा परेका हुन्।

दक्षिणी क्यालिफोर्नियाको मोजावे मरुभूमिमा रहेको एडवर्ड्स एयर फोर्स बेसमा परीक्षण उडानका क्रममा अमेरिकी वायु सेनाको बी–५२ बमवर्षक विमान दुर्घटनाग्रस्त हुँदा सवार सबै आठ जनाको मृत्यु भएको छ । टेकअफ गरेको केही समयमै भएको दुर्घटनापछि विमानमा आगलागी भएको र मरुभूमि क्षेत्रमा ठुलो क्षति पुगेको अधिकारीहरूले पुष्टि गरेको अमेरिकी समाचार संस्था एपीले जनाएको छ।

नियमित परीक्षण मिसनका क्रममा लस एन्जलसको उत्तरमा रहेको आधारको रनवे नजिकैको मरुभूमि क्षेत्रमा विमान खसेपछि ठुलो मात्रामा कालो धुवाँ उठेको र आपत्कालीन टोलीहरू तुरुन्तै परिचालन गरिएको थियो।

एडवर्ड्स एयर फोर्स बेसको ४१२ औँ टेस्ट विङका उपकमान्डर कर्नल जेम्स हेसका अनुसार विमानमा सरकारी ठेकेदार र बर्दीधारी सैनिक सवार थिए। विमान निर्माता बोइङले पनि आफ्ना दुई कर्मचारी विमानमा रहेको पुष्टि गरेको छ। अधिकारीहरूले सबै आठ जनाको ज्यान गएको र उनीहरूको परिवारलाई जानकारी दिने प्रक्रिया जारी रहेको बताएका छन्।

कर्नल हेसले पत्रकार सम्मेलनमा भन्नुभयो, “हामीले आठ जना महान् अमेरिकीहरू गुमाएका छौँ।” उहाँका अनुसार दुर्घटनाको कारण तत्काल स्पष्ट नभए पनि विस्तृत अनुसन्धान सुरु गरिएको छ। अनुसन्धानमा करिब छ महिना लाग्न सक्ने अनुमान गरिएको छ।

» बाँकी पृष्ठ २ मा

# छात्रवृत्ति अनुदान कार्यविधि स्वीकृत

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

चिकित्सा शिक्षा आयोगले 'छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरेको छ। प्रधानमन्त्री तथा आयोगका अध्यक्ष वालेन्द्र शाहको अध्यक्षतामा मङ्गलबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सम्पन्न आयोगको बैठकले कार्यविधि स्वीकृत गर्ने निर्णय गरेको हो।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्राडा श्रीकृष्ण गिरीले दिनुभएको जानकारी अनुसार नयाँ कार्यविधि लागु भएसँगै चिकित्सा शिक्षा क्षेत्रमा निःशुल्क छात्रवृत्ति उपलब्ध गराउने शिक्षण संस्थाहरूलाई अनुदान वितरण गर्ने कानुनी तथा प्रशासनिक आधार स्पष्ट भएको छ। यसले लामो समयदेखि देखिँदै आएको नीतिगत अन्योल र कानुनी अस्पष्टतालाई समेत अन्त्य गर्ने जानकारी उहाँले दिनुभयो।

"लामो समयदेखि छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि निष्क्रिय रहेको थियो," गिरीले भन्नुभयो, "अब कार्यविधि स्वीकृत भएपछि नियमित रूपमा छात्रवृत्ति जाने छ।" सरकारले आयोगमार्फत चिकित्सा शिक्षा अध्ययन गर्ने छात्रवृत्ति पाएका विद्यार्थीका लागि प्रत्येक तीन महिनामा २८ करोड रुपियाँ छात्रवृत्ति प्रदान गर्दै आएको छ।

नेपाल राजपत्रमा प्रकाशित 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३' मार्फत राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा दफा ५४ (ख) थपिएपछि आयोगलाई आवश्यक निर्देशिका तथा कार्यविधि निर्माण गर्ने अधिकार प्राप्त भएको थियो। त्यसैका आधारमा आयोगले नयाँ कार्यविधि तयार गरी कार्यान्वयनको प्रक्रिया अघि बढाएको हो। यसअघि विधायन ऐन, २०८१ को दफा ३५ कार्यान्वयनमा आएपछि आयोगले विगतमा जारी गरेका निर्देशिका तथा कार्यविधिहरू स्वतः निष्क्रिय भएको थियो। त्यसका कारण छात्रवृत्ति अनुदान वितरणलगायत विषयमा कानुनी रिक्तता सिर्जना भएको थियो। आयोगले सोही समस्यालाई समाधान गर्न सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गर्दै नयाँ कार्यविधि तयार गरेको हो।

अर्थ र शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्राप्त सहमतिपछि आयोगले कार्यविधिलाई अन्तिम रूप दिएको हो। कार्यविधि अनुसार सार्वजनिक शिक्षण संस्थाले विभिन्न तहमा प्रदान गर्ने निःशुल्क छात्रवृत्तिबापत अनुदान प्राप्त गर्न सक्ने छन्। स्नातकोत्तर तह अन्तर्गतका डिएम/एमसिएच कार्यक्रमहरूमा उपलब्ध गराइने निःशुल्क छात्रवृत्ति पनि अनुदानको दायराभित्र समेटिएको छ।

आयोगका उपाध्यक्ष प्राडा गिरीले नयाँ कार्यविधिले छात्रवृत्ति व्यवस्थापनलाई थप पारदर्शी, व्यवस्थित र कानुनी रूपमा बलियो बनाउने बताउनुभयो। आयोगले लामो समयदेखि समाधानको प्रतीक्षामा रहेको विषयलाई नीतिगत रूपमा टुङ्ग्याएको उल्लेख गर्दै उहाँले अब शिक्षण संस्थाहरूले निःशुल्क छात्रवृत्ति प्रदान गरेबापत अनुदान प्राप्त गर्ने प्रक्रिया स्पष्ट र सहज हुने बताउनुभयो। उहाँका अनुसार कार्यविधिले चिकित्सा शिक्षामा अवसरको समान पहुँच विस्तार गर्न सहयोग पुग्नुका साथै छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने छ। चिकित्सा शिक्षा क्षेत्रमा गुणस्तरीय र समावेशी पहुँच सुनिश्चित गर्ने आयोगको लक्ष्यलाई यो कार्यविधिले थप मजबुत बनाएको जानकारी उहाँले दिनुभयो।

प्रधानमन्त्री शाहको अध्यक्षतामा सम्पन्न बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको सहअध्यक्षता रहेको थियो। बैठकमा आयोगका उपाध्यक्ष, नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा. बद्री रिजाललगायतको सहभागिता थियो।



तस्बिर : सुजन गुरुङ

**काठमाडौँ महानगरपालिकाको 'टुँडिखेल हरियाली कार्यक्रम' अन्तर्गत सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व बोकेको टुँडिखेलमा दुबो रोप्ने काम गरिँदै छ। अत्यधिक धुलो उड्ने, घाँसविहीन रहने र कतिपय स्थानमा उजाड देखिने टुँडिखेलको स्वरूपलाई परिवर्तन गरी हराभरा बनाउन यो अभियान अघि बढाइएको हो।**

# चिनियाँ लगानीका लागि आह्वान

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

परराष्ट्रमन्त्री शिशिर खनाल र नेसनल कमिटी अफ दी चाइनिज पिपल्स पोलिटिकल कन्सल्टेटिभ कन्फरेन्स (सिपिपिसिसी) का अध्यक्ष वाङ हुनिङबिच मङ्गलबार बेइजिङमा भेटवार्ता भएको छ।

उक्त भेटवार्तामा नेपाल–चीनबिचको विकास सहयोग, व्यापार, लगानी, पर्यटन, र ाजनीतिक आदानप्रदान र जनसम्बन्धलगायत ने पाल–चीन सम्बन्धका विभिन्न पक्षमा छलफल भएको मन्त्री खनालले सामाजिक सञ्जालमार्फत जानकारी दिनुभएको छ। दुई देशबिचको लामो समयदेखिको गहिरो मित्रतालाई थप गहन बनाउने विषयमा अध्यक्ष हुनिङले धारणा राख्नुभएको पनि औँल्याउनुभएको छ।

यसैबिच परराष्ट्रमन्त्री खनालले चिनियाँ लगानी नेपालमा भित्र्याउने वातावरण निर्माण भएकाले लगानीका लागि आह्वान गर्नुभएको छ। चीनको लगानी प्रवर्धन गर्ने उद्देश्यले बेइजिङस्थित नेपाली दूतावासले आयोजना गरेको लगानी सम्मेलनमा सम्बोधन गर्दै उहाँले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी गर्न र हिमालयपार समृद्धिको अर्को अध्याय निर्माणमा योगदान पुऱ्याउन अनुरोध गर्नुभयो। उहाँले नेपालको आर्थिक अवसर र जनसाङ्ख्यिकीय शक्तिका बारेमा चर्चा गर्दै थप सक्षम र व्यवसायमैत्री वातावरण सुनिश्चित गर्न सरकारका तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो। सो सम्मेलनमा उहाँले चिनियाँ व्यवसायी, उद्यमी र लगानीकर्तासँग छलफल गर्नुभएको थियो। नेपाल लगानी बोर्डका प्रतिनिधिले नेपालमा लगानीका अवसरका बारेमा प्रस्तुति दिनुभएको थियो।

यसै गरी परराष्ट्रमन्त्री खनालले बेइजिङस्थित मियाओइङ परिसरमा रहेको सेतो प्यागोडा शैलीको मन्दिरको अवलोकन भ्रमण गर्नुभयो। नेपालका राष्ट्रिय विभूति अरनिकोद्वारा डिजाइन गरिएको यो सम्पदा नेपाल–चीन मित्रताको ऐतिहासिक प्रतीक मानिन्छ। नेपालको ऐतिहासिक सौम्य शक्तिका रूपमा नेपाली कारिगरहरूको अन्तर्राष्ट्रिय प्रवर्धनसहितको नेपाली वास्तुकलाको समृद्धिको प्रमाण पनि यस प्यागोडा शैलीको मन्दिर हो।

त्यस्तै मङ्गलबार दिउँसो मन्त्री खनालले चिनियाँ र अन्तर्राष्ट्रिय मिडिया प्रतिनिधिसँग अन्तर्क्रिया गर्नुभएको बेइजिङस्थित नेपाली दूतावासले जनाएको छ। दूतावासका अनुसार उक्त अन्तर्क्रियामा नेपालको परराष्ट्र नीति, नेपाल–चीन सम्बन्ध, नेपालमा नवगठित सरकारको प्राथमिकता तथा अन्तर्राष्ट्रिय समुदायसँग नेपालको संलग्नताबारेमा मन्त्री खनालले आफ्ना धारणा राख्नुभएको थियो। मन्त्री खनाल चार दिवसीय चीनको मैत्रीपूर्ण भ्रमण सम्पन्न गर्दै बुधबार स्वदेश फर्कनुहुने कार्यक्रम छ।

# सेवा बाहिरबाट डेपुटी गभर्नर नियुक्तिको प्रस्ताव

**नारायण काफ्ले**
*काठमाडौँ, असार २ गते*

नेपाल राष्ट्र बैङ्कको सेवाबाहिरबाट एक डेपुटी गभर्नर नियुक्तिको प्रस्तावसहित नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयकमा संशोधन दर्ता भएको छ। हाल केन्द्रीय बैङ्कमा रहेका दुई डेपुटी गभर्नरको सङ्ख्या थप गरी तीन पुऱ्याउने र नयाँ नियुक्ति सेवाबाहिरबाट ल्याउने प्रस्ताव गरिएको हो। सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तथा प्रतिपक्ष दलहरू नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदहरूले संशोधन दर्ता गरेका छन्। विधेयकमा कुल १८ संशोधन दर्ता भएका छन्।

रास्वपाका सुशील खड्का, नेकपाका रमेशकुमार मल्ल र राप्रपाका सांसद खुश्बु ओलीले डेपुटी गभर्नर थप गर्न संशोधन प्रस्ताव दर्ता गर्नुभएको हो। मूल ऐनको दफा १४ (ग) संशोधन गर्ने गरी सञ्चालक समितिको गठनसम्बन्धी व्यवस्थामा संशोधन दर्ता भएका छन्।

सांसद् खड्काको संशोधन प्रस्तावमा डेपुटी गभर्नरको सङ्ख्या दुईबाट तीन पुऱ्याउने र बढाएको एक पदमा राष्ट्र बैङ्कको सेवाभन्दा बाहिरबाट ल्याउने उल्लेख छ। यस्तै ओलीले दर्ता गर्नुभएको प्रस्तावमा तीन जना डेपुटी गभर्नर बनाउने र नियुक्तिका लागि सिफारिस गर्दा दुई जना बैङ्कका अधिकृतमध्ये कार्यक्षमताका आधारबाट र एक जना दफा २० बमोजिम योग्यता पुगेका लब्ध प्रतिष्ठित व्यक्तिबाट घटीमा दोब्बरमा सिफारिस गर्ने उल्लेख गरिएको छ। मल्लको प्रस्तावमा भने सङ्ख्या दुईबाट तीन पुऱ्याउने मात्र उल्लेख गरिएको छ।

सरकारले भने डेपुटी गभर्नरको योग्यतामा समेत संशोधनको प्रस्ताव गरेको छ। विशिष्ट श्रेणीको योग्यता चाहिने हालको व्यवस्था संशोधन गरेर कार्यकारी निर्देशकमध्येबाट डेपुटी गभर्नर सिफारिस गर्न सक्ने गरी संशोधन प्रस्ताव सरकारले गरेको छ। डेपुटी गभर्नरको पद रिक्त हुनुभन्दा ३० दिनअघि नै यस्तो सिफारिस हुनुपर्ने व्यवस्था विधेयकमा प्रस्ताव गरिएको छ। योग्यता हेरफेरको आवश्यकताबारे सरकारले पेस गरेको विधेयकमा कुनै पनि व्याख्यात्मक टिप्पणी लेखिएको छैन। सांसदहरूबाट प्राप्त दर्ता संशोधन अब सचिवालयले एकीकृत गर्ने छ। संशोधनहरू स्वीकृत भएपछि संशोधन दर्तासहितको विधेयक पुनः सभामा पेस हुने छ।

सभाले उक्त विधेयकलाई दफावार छलफलका लागि समितिमा पठाउन सक्ने छ। समितिमा नपठाई पूर्ण बैठकबाट नै छलफल गरेर विधेयक पारितको प्रक्रियासमेत अघि बढ्न सक्ने छ। नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक जेठ ११ गते प्रतिनिधि सभामा दर्ता भएको थियो।

## देशव्यापी...

नयाँ केन्द्रीय नेतृत्व चयनका लागि विद्युतीय मतदान प्रणालीको प्रयोग गरिने छ। विदेशमा रहेका करिब १७० प्रतिनिधिका लागि मोबाइल एपमार्फत मतदान गर्ने व्यवस्था मिलाइएको निर्वाचन आयोगले जनाएको छ।

पार्टीले महाधिवेशनलाई प्रविधिमैत्री, पारदर्शी र समावेशी बनाउने लक्ष्य लिएको जनाएको छ। सम्पूर्ण निर्वाचन प्रक्रिया विद्युतीय प्रणालीमार्फत सम्पन्न गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। रास्वपाले आफ्नो प्रथम राष्ट्रिय महाधिवेशनलाई सङ्गठनको संस्थागत विकास, नीति निर्माण तथा नेतृत्व चयनको महत्त्वपूर्ण अवसरका रूपमा लिएको केन्द्रीय सदस्य धनेज थापाले बताउनुभयो।

महाधिवेशनले पार्टीको भावी राजनीतिक कार्यदिशा तय गर्नुका साथै सङ्गठनलाई थप व्यवस्थित, सुदृढ र प्रभावकारी बनाउने उहाँले स्पष्ट पार्नुभयो।

# 'ओटिटी प्लेटफर्म' नियमनको दायरामा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

सरकारले 'ओभर दी टप' (ओटिटी) प्लेटफर्मलाई औपचारिक रूपमा दर्ता तथा नियमनको दायरामा ल्याएको छ। सूचना तथा सञ्चार मन्त्रालयले राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा संशोधन गरी डिजिटल प्रसारण प्रणाली अन्तर्गत सञ्चालन भइरहेका ओटिटी सेवाप्रदायकलाई कानुनी रूपमा नियमन गर्ने व्यवस्था गरेको हो।

मन्त्रालयले संशोधन गरेपछि सोमबार राजपत्रमा नियमावली प्रकाशन गरिएको छ। संशोधित नियमावलीबमोजिम अब नेपालभित्र सेवा दिने वा सामग्री प्रसारण गर्ने विदेशी तथा स्वदेशी ओटिटी प्लेटफर्मले अनुमति लिनुपर्ने छ। यससँगै बर्सौंदेखि अनौपचारिक रूपमा सञ्चालन भइरहेका डिजिटल स्ट्रिमिङ सेवा तथा ओटिटी प्लेटफर्म पहिलो पटक स्पष्ट कानुनी संरचनाभित्र आउने भएका छन्।

डिजिटल माध्यमको विस्तारसँगै परम्परागत प्रसारण प्रणालीभन्दा बाहिर रहेका प्लेटफर्मलाई पनि समान नियमनको दायरामा ल्याउनु आवश्यक रहेको सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले बताउनुभयो। उहाँले ओटिटी प्लेटफर्मलाई नियमनको दायरामा ल्याउन नीतिगत पहल थाल्नुभएको थियो।

मन्त्रालयले आन्तरिक गृहकार्यपछि नियमावली संशोधन गरेको हो। संशोधित व्यवस्था अनुसार अनुसूची–३ (क) मा 'डाउन लिङ्क गरिने ओटिटी विदेशी कार्यक्रम तथा ओटिटी प्लेटफर्म' सम्बन्धी विवरण अनिवार्य गरिएको छ। यस अन्तर्गत अब विदेशी ओटिटी सेवाप्रदायक वा डिजिटल कार्यक्रम वितरण गर्ने संस्थाले नेपालभित्र प्रसारण अनुमति लिनुपर्ने छ। यसअघि यस्ता ओटिटी प्लेटफर्म कुनै पनि सरकारी निकायमा दर्ता नभई स्वतन्त्र रूपमा सञ्चालन हुँदै आएका थिए।

नयाँ व्यवस्था अनुसार कुनै पनि विदेशी कार्यक्रम उत्पादकले आफ्नो देशमा उत्पादन गरेको ओटिटी डिजिटल कार्यक्रम नेपालमा डाउन लिङ्क गरी प्रसारण गर्न प्रतिप्लेटफर्म १० लाख रुपियाँ शुल्क तिर्नुपर्ने छ। डाउन लिङ्क अनुमतिप्राप्त विदेशी ओटिटी डिजिटल कार्यक्रमको सिग्नल वितरणका लागि प्रतिओटिटी प्लेटफर्म २५ लाख रुपियाँ तिर्नुपर्ने छ। ओटिटी प्रसारण सेवा सञ्चालनका लागि एक करोड रुपियाँ शुल्क निर्धारण गरिएको छ।

यसैबिच सूचना तथा प्रसारण विभागले अनलाइन सञ्चार माध्यमको दर्ता/नवीकरणको सम्पूर्ण सेवा तथा संस्था, सञ्चालक, सम्पादक परिवर्तनलगायतका विवरण परिवर्तन अनलाइन प्रणालीमा आबद्ध गरेपछि सोसम्बन्धी प्रमाणपत्रको डिजिटल कपी निवेदन पेस गरेको प्रणालीबाटै उपलब्ध हुने जनाएको छ। साथै विभागले आर्थिक वर्ष २०८३/८४ का लागि अनलाइन सञ्चार माध्यमको नवीकरण कार्य प्रारम्भ गरिएको जनाएको छ।

# आठ जनालाई भ्रष्टाचार मुद्दामा सफाइ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

विशेष अदालतले स्वास्थ्य सामग्री खरिद प्रकरणमा स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक सङ्गीताकौशल मिश्रासमेत आठ जनालाई सफाइ दिएको छ। न्यायाधीशद्वय नारायणप्रसाद पौडेल र उमेश कोइरालाको इजलासले उनीहरूलाई सफाइ दिएको हो। इजलासले खरिद प्रकरणमा प्रतिवादी कायम गरिएका छ जनालाई भने दोषी ठहर गरेको छ। सप्लायर्स कम्पनीका प्रतिनिधि पनि दोषी ठहर भएका छन्।

इजलासले मिश्राको भूमिका प्राविधिक तथा खरिद एकाइका कर्मचारीले पेस गरेको कागजात एवं टिप्पणीका आधारमा लागत अनुमान स्वीकृत तथा भुक्तानी आदेश सदरसम्म देखिएको भन्दै आरोपबाट सफाइ दिएको हो। विशेष अदालतको सङ्क्षिप्त फैसलामा भनिएको छ, "सम्बद्ध प्राविधिकले तयार गरेका कागजातको आधारमा टिप्पणी पेस गर्ने तथा रकम भुक्तानी गर्ने प्रक्रियामा संलग्न रहेको अवस्थासम्म देखिएको हुँदा प्रतिवादी सङ्गीताकौशल मिश्रा, विवेककुमार लाल, भुवनप्रसाद काफ्ले, दीपक अधिकारी, यादवप्रसाद सापकोटा, शम्भुप्रसाद ढकाल, सीता घिमिरे र तिलकराम ढकालउपरको आरोप दाबी प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादीले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ।"

अदालतले प्रतिवादी श्रवणकुमार थापा, सुरेन्द्रकुमार चौरसिया, आशिष चौहान, पद्मा सिंह, सञ्जयकुमार साहलाई दोषी ठहरेको छ। यस्तै मेक्सिम ट्रेडर्स इन्कर्पोरेसन प्रालि र कम्पनीका सञ्चालक सुन्दर भुसाललाई अदालतले दोषी ठहर गरेको छ। अदालतले दोषी ठहर भएकालाई जनही चार महिना कैद र पाँच लाख ४७ हजार ८१७ रुपियाँ जरिबानाको फैसला गरेको छ। अदालतले प्रतिवादीबाट अपराधपीडित संरक्षण कोषमा जनही २१ हजार ९१२ रुपियाँ क्षतिपूर्ति भराउनेसमेत फैसला गरेको छ।

# बङ्गलादेशको आँप कूटनीति

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

काठमाडौँस्थित बङ्गलादेश दूतावासले कूटनीतिक सद्भाव र मित्रतालाई थप प्रगाढ बनाउने उद्देश्यले बङ्गलादेशको आँप तीन सयभन्दा बढी विशिष्ट व्यक्तिलाई प्रदान गरेको छ। राष्ट्रपति, सभामुख, मन्त्रीपरिषद्का सदस्य, वरिष्ठ सरकारी अधिकारी, काठमाडौँस्थित राजदूत, कूटनीतिक नियोगका सदस्य, व्यावसायिक नेतृत्व, नागरिक समाजका प्रतिनिधि र बङ्गलादेशका शुभेच्छुकलाई उक्त आँप प्रदान गरिएको हो। प्रदान गरिएका आँप बङ्गलादेशको चर्चित 'खिरसापात' जातको आँप हो भने उक्त आँप भौगोलिक सङ्केत प्रमाणित छ र यसलाई दक्षिण एसियाकै उत्कृष्ट र स्वादिलो प्रजातिमध्ये एक मानिने दूतावासले जारी गरेको विज्ञप्तिमा जनाएको छ। बङ्गलादेश र नेपालबिचको दीर्घकालीन मित्रता तथा जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउने उद्देश्यले एक हजार ७५० किलोग्रामभन्दा बढी प्रिमियम गुणस्तरका आँप प्रदान गरेको हो।

## पाइलटसहित...

दुर्घटनाग्रस्त बी–५२ विमान राडार आधुनिकीकरण कार्यक्रमसँग सम्बन्धित परीक्षण उडानमा संलग्न रहेको बताइएको छ। बी–५२ स्ट्राटोफोर्ट्रेस अमेरिकी वायु सेनाको लामो दुरी बमवर्षक विमान हो। यो विमानले सन् १९५५ देखि सेवा दिँदै आएको छ। परम्परागत र आणविक हतियार बोक्न सक्ने क्षमता भएको यो विमान भियतनामदेखि मध्यपूर्वसम्मका विभिन्न सैन्य अभियानमा प्रयोग हुँदै आएको छ। यद्यपि बी–५२ जस्तो विमान दशकौँदेखि प्रयोगमा रहे पनि नयाँ राडार प्रणाली तथा आधुनिक परीक्षण उपकरणहरूको समावेशले परीक्षण उडानलाई अझ जटिल र जोखिमपूर्ण बनाउने विज्ञहरूको भनाइ छ।

त्यस्तै मिसौरी राज्यको बट्लर मेमोरियल विमानस्थलबाट उडान भर्नेबित्तिकै एउटा सानो निजी विमान दुर्घटनाग्रस्त भयो। विमानले आवश्यक उचाइ लिन नसकी अचानक बायाँ मोडिएर रनवेभन्दा दुई सय यार्ड टाढा चौरमा खसेर आगो लागेको थियो। सो घटनामा विमानमा सवार १२ जनाको मृत्यु भएको अमेरिकी टेलिभिजन संस्था सिएनएनले जनाएको छ। केही मृतकका परिवारका सदस्यहरूले विमानस्थलबाटै यो घटना प्रत्यक्ष देखेका थिए।

दुवै विमान दुर्घटनाको कारण अहिलेसम्म खुल्न सकेको छैन। मिसौरी दुर्घटनाको अनुसन्धान राष्ट्रिय यातायात सुरक्षा बोर्ड र सङ्घीय उड्डयन प्राधिकरणले गरिरहेका छन्। सैन्य विमान दुर्घटनाको अनुसन्धानका लागि वायुसेनाले अन्तरिम सुरक्षा बोर्ड गठन गरेको समाचारमा जनाइएको छ।

## सुशासनको...

यो सङ्ख्या टेलिफोनमार्फत प्राप्त भई तत्काल समाधान भएका गुनासाबाहेकको हो। यो तथ्याङ्कले पनि सार्वजनिक सेवा, सुशासन तथा उत्तरदायित्वका विषयमा नागरिकको चासो र सहभागिता उल्लेखनीय रूपमा बढेको देखिन्छ।

प्रधानमन्त्री कार्यालयका अनुसार २०८३ असार २ गतेसम्म 'हेलो सरकार' प्रणालीमा कुल एक लाख १६ हजार सात वटा गुनासा दर्ता भइसकेका छन्। तीमध्ये ६५ हजार ४६९ वटा अर्थात् कुल गुनासाको ५६.४४ प्रतिशत फर्स्योट भइसकेका छन्। सम्बन्धित निकायबाट हेरिए पनि कार्य प्रक्रियामा प्रवेश नगरेका गुनासा १७ हजार ३७९ अर्थात् १४.९८ प्रतिशत छन्। त्यस्तै प्रशोधन तथा अनुसन्धानका क्रममा रहेका गुनासा १६ हजार ५३२ अर्थात् कुल गुनासाको १४.२७ प्रतिशत रहेका छन्।

वर्तमान सरकार गठन भएको गत चैत १३ गतेपछि यही असार १ गते सोमबार दिउँसो १ बजेसम्म सात हजार १५० वटा गुनासो पूर्ण रूपमा फर्स्योट भइसकेका छन्। पाँच हजार ३३ वटा गुनासा समाधान भए पनि प्रशासनिक प्रक्रियाका कारण अन्तिम फर्स्योट हुन बाँकी रहेका छन्। उपसचिव सापकोटाका अनुसार १९ हजार २३९ वटा गुनासो विभिन्न निकायमा प्रक्रियागत चरणमा रहेका छन्। यो तथ्याङ्कले पनि गुनासो व्यवस्थापनलाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको देखाउँछ।

### प्रहरीसँग बढी गुनासो

'हेलो सरकार' मा प्राप्त गुनासामध्ये सबैभन्दा धेरै प्रहरी प्रधान कार्यालयसँग सम्बन्धित जनाइएको छ। प्रहरीसँग सम्बन्धित १० हजार ९७५ वटा गुनासा दर्ता भएका छन्। त्यसपछि नेपाल विद्युत् प्राधिकरणसँग सम्बन्धित पाँच हजार ४५, गृह मन्त्रालयसँग सम्बन्धित तीन हजार १२८, एकीकृत डाटा व्यवस्थापन केन्द्रसँग सम्बन्धित तीन हजार १२३, स्वास्थ्य तथा खाद्य स्वच्छता क्षेत्रसँग सम्बन्धित दुई हजार ९७२ एवं शिक्षा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित दुई हजार ७९६ वटा गुनासो प्राप्त भएका छन्। सडक विभाग, काठमाडौँ महानगरपालिका, त्रिभुवन विश्वविद्यालय, यातायात व्यवस्था विभागलगायत निकायसँग सम्बन्धित गुनासा पनि उल्लेख्य सङ्ख्यामा प्राप्त भएका देखिन्छ।

करिब ४७ प्रतिशत गुनासो हेलो सरकारको वेबसाइटमार्फत प्राप्त हुने गरेका छन् भने ४२ प्रतिशत गुनासो नागरिक एपमार्फत आउने गरेका छन्। यसबाहेक टोल फ्री नम्बरमा फोन गरेर, इमेलमार्फत, फेसबुक, एक्स (ट्विटर), भाइबर, ह्वाट्सएप, एसएमएस, पत्राचार, गुनासो निवेदन पठाएर तथा प्रत्यक्ष उपस्थित भएरसमेत गुनासो दर्ता गर्न सकिन्छ। निर्देशिका अनुसार गुनासोकर्ताले आफ्नो व्यक्तिगत विवरण, सम्पर्क नम्बर, इमेल, गुनासोको सङ्क्षिप्त विवरण तथा सम्बन्धित निकायको विवरण खुलाउनुपर्ने व्यवस्था छ। आवश्यक परे आफ्नो परिचय गोप्य राख्न सकिने सुविधा पनि उपलब्ध छ।

### ११७ वटा शीर्षकमा गुनासा दर्ता

अहिले 'हेलो सरकार' मा ११७ वटा शीर्षकमा गुनासो दर्ता गर्न सकिन्छ। सार्वजनिक सेवामा विभेद, सेवा प्राप्तिमा अवरोध, गैरकानुनी क्रियाकलापबाट भएको क्षति, संवैधानिक तथा कानुनी अधिकारको प्रयोगमा बाधा, भ्रष्टाचार, महिला हिंसा, जातीय विभेद, वातावरण प्रदूषण, सार्वजनिक सम्पत्तिको दुरुपयोग, विकास निर्माणका समस्या, संस्थागत सुधारका सुझाव तथा नीतिगत सुधारका प्रस्ताव जस्ता विषयमा गुनासो दर्ता हुने गरेका छन्।

गुनासोको प्रकृति हेरेर 'हेलो सरकार' ले तिनलाई तुरुन्त, अति जरुरी, जरुरी र साधारण गरी चार वर्गमा विभाजन गर्ने व्यवस्था गरेको छ। देशको शान्ति सुरक्षा, जिउज्यान तथा व्यक्तिगत सुरक्षासँग सम्बन्धित विषय, विपत् व्यवस्थापन तथा संवेदनशील प्रकृतिका विषय तुरुन्त वा अति जरुरी श्रेणीमा राखिन्छन्। यस्ता गुनासा तत्काल सम्बोधन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै जरुरी प्रकृतिका गुनासा सात दिनभित्र र साधारण प्रकृतिका गुनासा १५ दिनभित्र सम्बोधन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ।

प्रणालीमा गुनासो दर्ता भएपछि सम्बन्धित निकायका गुनासो सुन्ने अधिकारीलाई मोबाइल, एप, एसएमएस वा अन्य विद्युतीय माध्यमबाट स्वचालित सूचना पुग्ने व्यवस्था छ। सम्बन्धित निकायले समयसीमाभित्र प्रगति विवरण अद्यावधिक गर्नु पर्छ भने गुनासो सम्बोधन भएपछि सम्बन्धित कागजातसहित विवरण 'पोर्टल' मा 'अपलोड' गरी फर्स्योट गर्नु पर्छ। सम्बन्धित निकायका प्रमुखले समेत पोर्टलमार्फत नियमित अनुगमन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको छ।

### प्रणालीमा देखिएका चुनौती

यद्यपि उक्त प्रणाली सञ्चालनका क्रममा केही चुनौती पनि देखिएका छन्। अदालतमा विचाराधीन विषय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अनुसन्धानमा रहेको विषय तथा कानुनी प्रक्रियामा रहेका कतिपय उजुरी 'हेलो सरकार' बाट तत्काल फर्स्योट गर्न नसकिने जनाइएको छ। एउटै विषयमा पटक पटक गुनासो दर्ता हुने, अपूर्ण वा अपुष्ट विवरणसहितका उजुरी आउने, टुङ्गो लागिसकेका विषय पुनः उठाइने तथा कसैलाई हैरानी दिने उद्देश्यले समेत गुनासो आउने गरेका छन्। प्रधानमन्त्री कार्यालयका अनुसार केही पेसेवर गुनासोकर्ता तथा समूहबाट मात्रै दैनिक ठुलो सङ्ख्यामा उजुरी आउने प्रवृत्ति पनि देखिएको छ।

सङ्घीय सरकारसँगै प्रदेश सरकारले 'हेलो मुख्यमन्त्री' तथा स्थानीय तहहरूले 'हेलो मेयर' जस्ता कार्यक्रम सञ्चालन गरिरहेका छन्। एउटै प्रकृतिका सेवा फरक फरक प्रणालीबाट सञ्चालन हुँदा समन्वय र तथ्याङ्क व्यवस्थापनमा चुनौती देखिएको भन्दै प्रधानमन्त्री कार्यालयले यस्ता प्रणालीलाई क्रमशः एकीकृत गरी एउटै राष्ट्रिय गुनासो व्यवस्थापन संरचनामा आबद्ध गर्ने विषयमा अध्ययन र तयारी गरिरहेको छ।

नागरिकका गुनासोलाई राज्य संयन्त्र सुधारको आधार बनाउने, सेवा प्रवाहलाई थप उत्तरदायी बनाउने, प्रविधिमैत्री शासन प्रणाली विकास गर्ने तथा सुशासन प्रवर्धन गर्ने दिशामा सरकारले थालेका सुधारका प्रयास कार्यान्वयनमा सफल भए 'हेलो सरकार' आगामी दिनमा मुलुकमा नागरिक–सरकार सम्बन्ध सुदृढ गर्ने सबैभन्दा प्रभावकारी माध्यमका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ।

# सत्तरी वर्षमाथिका धेरै नेताले गरेनन् अद्यावधिक

**गोरखापत्र समाचारदाता**
*ललितपुर, असार २ गते*

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा र १४ औँ महाधिवेशनमा सभापतिमा पराजित नेता डा. शेखर कोइराला पक्षका धेरै नेताले क्रियाशील सदस्यता अद्यावधिक नगरेको पाइएको छ। २०८२ पुसमा सम्पन्न दोस्रो विशेष महाधिवेशनले रूपान्तरणको कार्यादेश दिए पनि ७० वर्षमाथिका नेताले केन्द्रीय कार्यसमितिमा आफ्नो भाग सुनिश्चित नभएसम्म क्रियाशील सदस्यता अद्यावधिक नगर्ने अडान राखेका हुन्।

**कांग्रेस क्रियाशील सदस्यता नवीकरण**

स्वास्थ्योपचारका लागि देशबाहिर रहेका पूर्वसभापति देउवा, उहाँकी पत्नी एवं पूर्वकेन्द्रीय सदस्य डा. आरजु राणा, पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेता डा. कोइराला, पूर्वउपसभापतिहरू विमलेन्द्र निधि, विजयकुमार गच्छदार र धनराज गुरुङले क्रियाशील सदस्यता अद्यावधिक गर्नुभएन। पूर्वमहामन्त्रीहरू प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, डा. शशाङ्क कोइराला, पूर्वसहमहामन्त्रीहरू महालक्ष्मी उपाध्याय डिना, बद्रीप्रसाद पाण्डे, उमाकान्त चौधरी, डा. प्रकाशशरण महतसहितका नेताले क्रियाशील सदस्यता अद्यावधिक गर्नुभएन।

त्यसै गरी पूर्वकेन्द्रीय सदस्यहरू बलबहादुर केसी, अम्बिका बस्नेत र ज्ञानेन्द्रबहादुर कार्कीले पनि क्रियाशील सदस्य नवीकरण एवं अद्यावधिक गर्नुभएन। नेताहरू मीनबहादुर विश्वकर्मा, रमेश लेखक, नारायणप्रकाश साउद, श्यामकुमार घिमिरे, शङ्कर भण्डारी, मोहनबहादुर बस्नेत, सुदूरपश्चिम प्रदेश सभापति वीरबहादुर बलायरसहितका धेरै पटक मन्त्री भएका नेताले पनि क्रियाशील सदस्यता नवीकरण गर्नुभएको छैन।

त्यसै गरी राष्ट्रिय सभाका सदस्य पार्टीका पूर्वमुख्य सचिव कृष्णप्रसाद पौडेल, पूर्वमहान्यायाधिवक्ता खम्बबहादुर खाती, जितजङ्ग बस्नेत, कृष्णबहादुर रोकाया, ललितजङ्ग शाही र जगत तिमिल्सिनाले पनि क्रियाशील सदस्यता अद्यावधिक गर्नुभएन।


मधेश प्रदेश सरकार
**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
मधेश प्रदेश, जनकपुरधाम, धनुषा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३।०३।०३**

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काका लागि पेश भएका बोलपत्रमध्ये तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्र दाता खरिद कम्पनीहरूका लागि ३ (तीन) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | सूचना प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको बोलपत्र दाताको नाम | सबैभन्दा कम कबोल अङ्क (VAT सहित) |
|---|---|---|---|---|
| १ | 29/04/2026 | MIHS/NCB/GOODS/2082-83/10, The Procurement of Supply, Installation and Testing of Hospital Elevators. | R.M.S. International Pvt. Ltd. | 58,81,560.16 |

**(रजिस्ट्रार)**

प्रतिनिधि सभा बैठक

# समसामयिक विषयमा ध्यानाकर्षण

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, असार २ गते*

प्रतिनिधि सभाको मङ्गलबारको बैठकको आकस्मिक समयमा सांसदहरूले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन्। सांसद जयपति रोकायाले प्रस्तुत बजेटले हुम्ला र समग्र कर्णालीलाई पछि पारेको बताउँदै कर्णाली क्षेत्रमा पनि पर्यटकीय संरचना निर्माण गर्न माग गर्नुभयो। सांसद आशिष गजुरेलले यस वर्षको मनसुन सुरु हुन लागेको अवस्थामा राहत प्रतिकार्यतर्फ सरकारको तयारीबारे जानकारी माग गर्नुभयो।

सांसद साजिदा खातुन सिद्धिकीले गृह मन्त्रालयले छ वर्षअघि गरेको सर्वेक्षण अनुसार सात प्रतिशत महिलासहित एक लाख ३० हजार युवाले वार्षिक लागुऔषध प्रयोग गर्ने गरेको तथ्यलाई दृष्टिगत गरी त्यस किसिमको कुलतबाट जोगाउनेतर्फ सरकारको ध्यान जाओस् भन्नुभयो।

सांसद नरेन्द्रकुमार गुप्ताले सुस्ता नेपालको भूमि हो, यसमा दुईमत नरहेको उल्लेख गर्दै यो समस्या कूटनीतिक रूपमा समाधान गरिनुपर्ने बताउनुभयो।

सांसद जनकराज गिरीले खप्तड क्षेत्रको बाजुरा खण्डमा चट्याङबाट पशुचौपायासहितको क्षति भएकाले यससम्बन्धी सचेतना कार्यक्रम चलाउन माग गर्नुभयो। सांसद जगदीश खरेल (ललितपुर) ले संविधानको धारा २५ ले सम्पत्तिको हक उपलब्ध गराएको उल्लेख गर्दै ग्वार्को–लामाटार–लाँकुरीभञ्ज्याङ जोड्ने ४५ किमी सडकखण्डमा मानव बस्ती बसेपछि अहिले केन्द्रविन्दुबाट दायाँबायाँ ३१–३१ गरी ६२ मिटर मापदण्ड कायम गरिनु गलत भएकाले सच्याउन माग गर्नुभयो। यही सडकखण्डमा 'लुभु' जस्तो ऐतिहासिक बस्ती रहेको जानकारी दिँदै उहाँले उक्त सडकलाई राष्ट्रिय राजमार्गमा नराखी राजमार्ग छेउछाउका बस्ती जोगाउन अनुरोध गर्नुभयो।

सांसद गणेश कार्कीले मोरङ–३ मा जग्गा किन्न आउने व्यक्तिले अझै पनि अनाहकमा दुःख झेल्नु परेको बताउँदै त्यस किसिमका आपराधिक गतिविधि अन्त्य गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गर्नुभयो। सांसद आशिका तामाङले धादिङको धुनीबेँसी नगरपालिका निवासी २१ वर्षीय उज्ज्वल बराल 'म्यानपावर' बाट पीडित भएको उल्लेख गर्दै उहाँको जीवनरक्षाका लागि सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभयो।

सांसद ऐनबहादुर महरले जापानको रोजगारीमा गएका बझाङको केदारेश्वरका दीपक थानीको निधन भई शव नेपाल ल्याउन नसकिएकाले ल्याउने व्यवस्था गर्न माग गर्नुभयो। सांसद शाहजान खातुनले रौतहट बैरगनिया सीमामा भारतले अग्लो सीमा बनाएको उल्लेख गर्दै दशगजा क्षेत्रको मापदण्ड अनुसार दुवै पक्षको सहमतिमा सीमा निर्माण गरिनुपर्नेमा एकपक्षीय रूपमा संरचना बनाएर नेपाली भूमि डुबानमा पार्न खोजिएको भनी सरकारको ध्यानाकर्षण गराउनुभयो।

यसै गरी बैठकमा सांसदहरूले सीमानाकाका सम्बन्धमा देखिएका विषयमा संवेदनशील भएर समाधानमा लाग्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ। बैठकमा नेपाली कम्युनिस्ट पार्टीका सांसद प्रमेशकुमार हमाल, नेपाली कांग्रेसका सांसद रेखाकुमारी यादव, नेकपा (एमाले) का सांसद टुकाभद्रा हमाल, श्रम संस्कृति पार्टीका सांसद हर्कराज राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सरस्वती लामाले सो विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

# वार्षिक प्रतिवेदन पेस

**मकवानपुर समाचारदाता**
*मकवानपुर, असार २ गते*

बागमती प्रदेश सभा अन्तर्गतका संसदीय समितिहरूले प्रदेश सभा बैठकमा वार्षिक प्रतिवेदन पेस गरेका छन्। प्रदेश सभाको बैठकमा प्रदेश सभाका छ वटा संसदीय समितिका सभापतिहरूले समितिले गरेका गतिविधि र सरकारलाई दिएको निर्देशनसहितको वार्षिक प्रतिवेदन पेस गरेका हुन्।

प्रदेश सभाको प्रदेश मामिला समितिका सभापति छिरिङदोर्जे लामाले समितिले गरेका कार्यसम्पादन र भावी योजनाहरूको वार्षिक प्रतिवेदन प्रदेश सभामा प्रस्तुत गर्नुभयो। अर्थ तथा विकास समितिका सभापति नुरज वज्राचार्यले समितिले प्रदेश सरकारबाट गरेका विकासनिर्माण र आर्थिक व्यवस्थापनका बारेमा गरेको अनुगमन र सुझावहरूसहितको प्रतिवेदन प्रस्तुत गर्नुभयो।

सार्वजनिक लेखा समितिका सभापति श्रीराम लामिछानेले वार्षिक प्रतिवेदन पेस गर्दै बागमती प्रदेशमा बेरुजुको अवस्था अन्य प्रदेशको तुलनामा कम भए पनि वित्तीय अनुशासन कमजोर रहेको बताउनुभयो।

शिक्षा स्वास्थ्य तथा कृषि समितिका सभापति ठाकुरप्रसाद ढकाल; उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठ र विशेषाधिकार समितिका सभापति मायादेवी शर्माले समितिका गतिविधिसहितका प्रतिवेदन पेस गर्नुभएको थियो।

# बिमा बन्द हुँदा सरकारी अस्पतालमा बिरामीको चाप



**भरतपुर अस्पतालमा बिरामीको भिड ।** *तस्बिर : शालिग्राम नेपाल*

**चितवन समाचारदाता**
*चितवन, असार २ गते*

चितवनका दुई ठुला निजी शिक्षण अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम बन्द भएपछि त्यसको प्रत्यक्ष प्रभाव भरतपुरका सरकारी अस्पतालहरूमा परेको छ। बिरामीको चाप अस्वाभाविक रूपमा बढेपछि अस्पताल प्रशासनलाई सेवा व्यवस्थापन गर्न कठिनाइ हुन थालेको छ।

चितवन मेडिकल कलेज र कलेज अफ मेडिकल साइन्सेस (पुरानो मेडिकल कलेज) मा स्वास्थ्य बिमा सेवा बन्द भएपछि बिमित बिरामीहरू उपचारका लागि भरतपुर अस्पताल र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा केन्द्रित हुन थालेका हुन्। भरतपुर अस्पतालमा पछिल्लो समय दैनिक करिब तीन हजार बिरामीले बहिरङ्ग सेवा लिइरहेका छन्। अस्पतालका स्वास्थ्य बिमा कार्यक्रम प्रमुख लीलाधर पौडेलका अनुसार गत सोमबार अस्पतालको बहिरङ्ग सेवामा तीन हजार १८७ जना बिरामी आएका थिए। तीमध्ये दुई हजार ३२३ जना स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गतका र ८६४ जना अन्य बिरामी थिए।

पौडेलका अनुसार निजी अस्पतालमा बिमा सेवा बन्द भएपछि सरकारी अस्पतालमा बिरामीको चाप उल्लेख्य रूपमा बढेको छ। भरतपुर अस्पतालमा स्वास्थ्य बिमाका बिरामीले सिधै सेवा लिन सक्ने भएकाले समेत बिरामीको सङ्ख्या बढेको हो। भरतपुर अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. विश्वबन्धु बगालेले दैनिक पाँच सयदेखि आठ सयसम्म बिरामी थपिएको बताउनुभयो। उहाँका अनुसार बिदापछिका दिनमा हुने नियमित चापसँगै अहिले बिमित बिरामी थपिँदा व्यवस्थापन चुनौतीपूर्ण बनेको छ।

"पहिलेदेखि नै बिदापछिका दिनमा बिरामीको चाप धेरै हुन्थ्यो। अहिले निजी अस्पतालबाट आएका बिमित बिरामीसमेत थपिएकाले सेवा प्रवाहमा कठिनाइ बढेको छ," उहाँले भन्नुभयो, "दीर्घकालीन समाधानका लागि आवश्यक व्यवस्थापनको तयारी गरिरहेका छौँ।" बढ्दो चाप व्यवस्थापन गर्न अस्पतालले सेवा प्रवाहलाई थप व्यवस्थित बनाउने विषयमा अध्ययन गरिरहेको जनाएको छ। भरतपुर महानगरपालिकासँग सहकार्य गरी नगर अस्पताल सञ्चालन गर्ने विषयमा पनि छलफल भइरहेको डा. बगालेले जानकारी दिनुभयो। सामान्य प्रकृतिका बिरामीलाई स्थानीय तहमा उपचारको व्यवस्था गर्न सके केन्द्रीय अस्पतालमाथिको दबाब कम हुने उहाँको भनाइ छ। छ सय शय्याको भरतपुर अस्पतालमा हाल बिरामी भर्ना गर्नसमेत कठिन रहेको उहाँले बताउनुभयो।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पनि बिरामीको अत्यधिक चापका कारण व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। कार्यकारी निर्देशक डा. उमेश नेपालका अनुसार पहिले दैनिक करिब ८५० बिरामीले बहिरङ्ग सेवा लिने गरेकामा अहिले यो सङ्ख्या बढेर एक हजार तीन सयसम्म पुगेको छ। बिरामीको चाप बढेसँगै टिकट काउन्टरदेखि उपचारका विभिन्न विभागसम्म सेवा प्रभावित हुन थालेको छ। हाल सञ्चालनमा रहेका आठ वटा टिकट काउन्टरमा थप दुई वटा काउन्टर सञ्चालन गर्ने तयारी भइरहेको छ।

# दुई सय अठचालिस किलोमिटर सडक निर्माण

**अनिल पराजुली**
*हेटौँडा, असार २ गते*



**हेटौँडा उपमहानगरपालिका क्षेत्रमा निर्माण गरिँदै सडक ।** *तस्बिर : अनिल पराजुली*

हेटौँडा उपमहानगरपालिकाले पछिल्लो पाँच वर्षमा २४८ किलोमिटर कङ्क्रिट (स्ल्याब ढलान) सडक निर्माण गरेको छ। आर्थिक वर्ष २०७७/७८ देखि २०८१/०८२ सम्म उपमहानगरमा पछि समावेश भएका हटिया, हर्नामाडी, चुरियामाई, पदमपोखरी र बसामाडी क्षेत्रका बासिन्दालाई सडक सञ्जालसँग जोड्न उक्त सडक निर्माण गरिएको हो। सोही अवधिमा ७.९७ किलोमिटर सडक कालोपत्रे, ५.८८ किलोमिटर सडक ट्र्याक खोल्ने, ११.१० किलोमिटर ग्राभेल तथा १३ वटा कलभर्ट निर्माण गरिएको छ।

उपमहानगरपालिकामा समायोजन भएका साबिकका गाउँ विकास समितिमा रहेका कच्ची सडकस्तरोन्नति गर्दै कङ्क्रिट सडक निर्माणलाई प्राथमिकता दिइएको योजना कार्यान्वयन शाखाले जनाएको छ। शाखाका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४१.७१ किलोमिटर, २०७८/७९ मा ५२.७१ किलोमिटर, २०७९/८० मा ७३.१९ किलोमिटर, २०८०/८१ मा ५६.२८ किलोमिटर र २०८१/८२ मा २५ किलोमिटर सडकमा कङ्क्रिट ढलान गरिएको छ। यसै गरी पाँच वर्षको अवधिमा विभिन्न सामाजिक तथा भौतिक पूर्वाधार निर्माणका कामसमेत सम्पन्न भएका छन्। उपमहानगरपालिकाका अनुसार ४४ वटा खानेपानी आयोजना, १४१ वटा शैक्षिक पूर्वाधार, ४८ वटा पर्यटन पूर्वाधार र २५ वटा स्वास्थ्य पूर्वाधार निर्माण गरिएको छ।

साथै ७९ वटा गुम्बा, २७२ वटा मन्दिर, ६१ वटा तटबन्ध, १९ वटा सिँचाइ आयोजना, ४५ वटा शौचालय र ६३ वटा सामुदायिक भवन निर्माण गरिएको छ। पानी निकास व्यवस्थापनका लागि ४५ वटा ढल तथा नाला निर्माण गरिएको योजना कार्यान्वयन शाखा प्रमुख किरण थापाले जानकारी दिनुभयो। नगरप्रमुख मिनाकुमारी लामाले उपमहानगरलाई व्यवस्थित, सुन्दर र सुदृढ बनाउन सडकसहित समग्र पूर्वाधार विकासका क्षेत्रमा काम भइरहेको बताउनुभयो। उहाँका अनुसार स्वास्थ्य र शिक्षाका पूर्वाधार विस्तारलाई विशेष प्राथमिकता दिइएको छ। जनशक्ति पर्याप्त भए पनि पूर्वाधार अभावका कारण देखिएका समस्या समाधानका लागि नगरपालिका सक्रिय रहेको उहाँको भनाइ छ। उहाँले खानेपानी व्यवस्थापनका लागि उपमहानगरपालिकाले आफ्नै लगानी तथा सहलगानीमा विभिन्न आयोजना सञ्चालन गरिरहेको जानकारी दिनुभयो।

# बन्दुकसहित पक्राउ

**नारायणगढ समाचारदाता**
*नारायणगढ, असार २ गते*

चितवन राष्ट्रिय निकुञ्ज सुरक्षाका लागि खटिएको नयाँ गोरख गण र निकुञ्ज प्रशासनको संयुक्त टोलीले वन्यजन्तु मार्ने तयारी गरिरहेका दुई जनालाई अत्याधुनिक हतियार कार्तोस बन्दुकसहित पक्राउ गरेको छ। निकुञ्जको पश्चिमी क्षेत्र अन्तर्गत नवलपरासी जिल्ला मध्यविन्दु नगरपालिका–३, सेतोपानी इलाकाबाट उनीहरूलाई अवैध हातहतियार र वन्यजन्तुका आखेटोपहार ओसारपसार गरेको अभियोगमा पक्राउ गरेको निकुञ्ज स्रोतले जनाएको छ। उनीहरू विगतमा पनि वन्यजन्तु अपराधमा संलग्न रहेको निकुञ्ज स्रोतले जनाएको छ। अनुसन्धानका क्रममा रहेको जनाउँदै दुवैको नाम सार्वजनिक गरिएको छैन। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुनले पक्राउ परेकाको अनुसन्धान भइरहेको बताउनुभयो।

# धुलिखेल 'पूर्ण खोप सुनिश्चित नगरपालिका'

**बनेपा समाचारदाता**
*बनेपा, असार २ गते*

काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका 'पूर्ण खोप सुनिश्चित नगरपालिका' घोषणा भएको छ।

एक कार्यक्रमबिच जिल्ला खोप समन्वय समितिका संयोजक एवं जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दीपककुमार गौतमले नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गर्नुभयो। पूर्ण खोप सुनिश्चितका लागि बालबालिकाले जन्मेदेखि १५ महिनाभित्र लगाउनुपर्ने सबै खोप प्राप्त गरेको हुनुपर्ने व्यवस्था छ।

धुलिखेल नगरपालिका स्वास्थ्य शाखा प्रमुख सन्दीप केसीका अनुसार नगरभित्रका ६१४ जना बालबालिकाले तोकिएको अवधिभित्र बिसिजी, रोटा, पोलियो, एफआइपिभी, पिसिभी, डिपिटी, हेप बी, हिब, दादुरा रुबेला, जेई, टाइफाइड तथा एचपिभीलगायतका सबै खोप प्राप्त गरेपछि नगरपालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएको हो।

उहाँले नगरपालिकामा एक हजार ६६२ जनालाई बिसिजी खोप, ५१३ जनालाई रोटा खोपको पहिलो मात्रा तथा ४९४ जनालाई दोस्रो मात्रा प्रदान गरिएको जानकारी दिनुभयो। त्यस्तै ५१३ जनालाई पोलियो खोपको पहिलो मात्रा, ५०१ जनालाई दोस्रो तथा तेस्रो मात्रा, ५०१ जनालाई एफआइपिभी र ५५२ जनालाई दोस्रो मात्रा प्रदान गरिएको छ। समन्वय समिति प्रमुख गौतमले खोप कार्यक्रमलाई अभियानका रूपमा मात्र नभई जीवनशैलीकै रूपमा स्थापित गर्नुपर्ने बताउनुभयो।

नगरपालिकाका निमित्त प्रमुख नीराजन जङ्गमले नगरभित्रका सबै वडाका बालबालिकाले तोकिएका खोप प्राप्त गरेपछि जनस्वास्थ्य कार्यालयबाट गरिएको सम्परीक्षणका आधारमा पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गरिएको बताउनुभयो। उहाँले धुलिखेल नेपालको पहिलो स्वस्थ सहर भएकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो।

प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद मरासिनी, वडा नं. ३ का वडाध्यक्ष गणेश आचार्यलगायतले पूर्ण खोप सुनिश्चितको अवस्थालाई दिगो बनाउन स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो। सो अवसरमा नगरपालिकाको वातानुकूलित खोप भण्डारण कक्षको समेत उद्घाटन गरिएको थियो।


**नेपाल सरकार**
## शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौँ, नेपाल

**काठमाडौँ विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/०३)

काठमाडौँ विश्वविद्यालयको रिक्त उपकुलपति पदका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिबाट मिति २०८३/०३/०१ मा स्वीकृत काठमाडौँ विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ बमोजिम दरखास्त आह्वान गरिएको छ । इच्छुक तथा योग्य व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० (दश) दिनभित्र शिक्षा तथा खेलकुद मन्त्रालयको वेबसाइट www.moest.gov.np मा दिइएको लिङ्कमा गई दरखास्त दिन सकिनेछ ।

**नोटः** उल्लिखित कार्यविधि मन्त्रालयको वेबसाइटमा राखिएको छ ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**
**आन्तरिक राजस्व कार्यालय लहान**

## अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशन मितिः** २०८३/०३/०३

तपसिलमा उल्लिखित करदाता कर परीक्षणको लागि छनौट भएकोमा करदातालाई पत्राचार एवं सम्पर्क गर्दा सम्पर्क स्थापित हुन नसकेको एवं कागजात पेश हुन नआएको उल्लिखित आर्थिक वर्षको आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरणको कर परीक्षण कार्यमा बाधा पर्न गएको हुँदा म्याद भित्र उक्त आर्थिक वर्षको सम्पूर्ण खाता, खरिद गरिएका पार्टीहरुको लेजर, क्यासबुक तथा भुक्तानीको विवरण, बिल-विजक लगायतका कागजात यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र पेश गर्नुहुन आयकर ऐन, २०५८ (सं.स.) को दफा ८३ तथा मूल्य अभिवृद्धि कर ऐन,२०५२ (सं.स.) को दफा २३ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यो सूचनामा तोकिएको म्यादभित्र कागजातसहित उपस्थित नभएमा आयकर ऐन, २०५८ (संशोधन सहित) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | स्थायी लेखा नं. | करदाताको नाम | फर्मको ठेगाना | प्रोप्राइटरकफ नाम | आर्थिक वर्ष |
|---|---|---|---|---|---|
| १. | ६०६३०४६३४ | देवि ट्रेडर्स एण्ड सप्लायर्स | लहान-न.पा.-१, सिरहा। | रंजीता देवी जयसवाल | २०७८/०७९ |
| २. | ३०१२७४६१२ | कुवेर भण्डार | कटारी न.पा-३, उदयपुर। | कुवेर नाथ जैसवाल कलवार | २०७८/०७९ |

## सप्तकोशी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**तुलसी चोक, सप्तरी, मधेश प्रदेश, नेपाल**

## दरभाउपत्र स्वीकृतिको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/०३**

यस कार्यालयबाट मिति २०८३/०२/०५ मा प्रकाशित सूचना अनुसार ठेक्का नं. 09/SMO/SQ/W/RBN/2082-083 Rastriya Ma. Vi. dekhi Bus Park Sammako Sadak Marmat सम्बन्धी विद्युतीय दरभाउपत्र आह्वानको सूचना अनुसार पर्न आएको एक थान दरभाउपत्रको प्रस्ताव कम मूल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृतिको लागि छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) को प्रयोजन बमोजिम सम्बन्धित सबैका जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम ठेगाना | कबोल अंक (मु.अ.कर र पि.एस. बाहेक) | कै. |
|---|---|---|---|---|
| १. | 09/SMO/SQ/W/RBN/2082-083 | श्री रियान्स निर्माण सेवा, गढी गाउँपालिका-३, सुनसरी | रु. १६९४८२४.८२।- | |

**प्रमुख प्रशासकीय अधिकृत**

## लोक सेवा आयोगका सूचनाहरु

### केन्द्रीय कार्यालय, कमलपोखरी
*सूचना तथा प्रकाशन शाखा*

**एकीकृत परीक्षा अन्तर्गत रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदको प्रथम चरणको लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी सूचना**

**सूचना नं. २३६८/२०८२-८३**

आयोगका कार्यालयहरुबाट एकीकृत परीक्षा अन्तर्गत रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदको लागि मिति २०८३।१।२६ मा सञ्चालन भएको प्रथम चरणको लिखित परीक्षाबाट देहायको संख्यामा द्वितीय चरणको परीक्षाका लागि उम्मेदवारहरु छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त परीक्षामा सम्मिलित केही उम्मेदवारहरुले आफ्नो उत्तरपुस्तिकामा "की" उल्लेख नगरेको हुँदा निजहरुको परीक्षा रद्द गरिएको छ। द्वितीय चरणको परीक्षाका लागि छनौट भएका उम्मेदवारहरुले साविककै प्रवेशपत्रबाट, प्रथम चरणको परीक्षा दिएकै आयोगका कार्यालयहरुले तोक्ने परीक्षा केन्द्रमा मात्र सहभागी हुन पाउने व्यहोरा जानकारी गराइन्छ। प्रथम चरणको नतिजा सम्बन्धी विस्तृत विवरण र जानकारी आयोगको वेभसाइट www.psc.gov.np तथा आयोगको सूचनापाटी एवं आयोगका सम्बन्धित कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।

| सूचना नं. | कार्यालय | विज्ञापन नं. | नतिजा प्रकाशन मिति | लि.प.मा सम्मिलित उम्मेदवार संख्या | द्वितीय चरण परीक्षाको लागि छनौट उम्मेदवार संख्या | "की" उल्लेख नगरेका उम्मेदवार संख्या |
|---|---|---|---|---|---|---|
| २३६३/०८२-८३ | लोक सेवा आयोग, सुर्खेत कार्यालय | १४७५७-१४७६०/०८२-८३ (खुला तथा समावेशी) | २०८३।२।२७ | ३३५२ | ८१६ | ४ |

## अन्तर्वार्ता सम्बन्धी सूचना

### केन्द्रीय कार्यालय, कमलपोखरी
लिखित परीक्षा नतिजा प्रकाशन शाखा

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको देहायका विज्ञापनमा लिइएको लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरु मध्ये वर्णानुक्रमानुसार देहायका रोल नम्बर तथा नाम, थर भएका उम्मेदवार उत्तीर्ण भई सामुहिक परीक्षण र अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। सामुहिक परीक्षण र अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरूले पासपोर्ट साइजको फोटो २ प्रति, आवश्यक न्यूनतम योग्यता एकीन हुने सम्पूर्ण प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरू र दरखास्त फारामको प्रथम र द्वितीय पाना २/२ प्रति भरी यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र यस आयोगको दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा उक्त प्रमाणपत्रहरूको प्रतिलिपि उम्मेदवार आफैले प्रमाणित गरी रुजू गराउनु पर्नेछ। आवश्यक न्यूनतम योग्यता तथा अन्य आवश्यक कागजातको प्रमाणपत्रहरू नपुऱ्याएमा जुनसुकै बखत दरखास्त रद्द हुनेछ। छनौट भएका उम्मेदवारले देहायको स्थान, मिति र समयमा हुने सामुहिक परीक्षण र अन्तर्वार्ता दिन आउँदा माथि उल्लिखित सक्कल कागजात र प्रवेशपत्र लिई १(एक) घण्टा अगावै आयोगको अन्तर्वार्ता तथा सिफारिस शाखामा अनिवार्य उपस्थित हुनुपर्नेछ। सामुहिक परीक्षण र अन्तर्वार्ताको दिन सार्वजनिक विदा पर्न गएमा पनि उक्त कार्यक्रम यथावत् सञ्चालन हुनेछ।

**सूचना नं. २३३६/०८२-८३**

**सेवा, समूह, उपसमूहः**- इञ्जि., सिभिल, हाइड्रोलोजी **पदः**- हाइड्रोलोजिष्ट इञ्जिनियर **श्रेणी/तहः**- रा.प. तृतीय
**लिखित परीक्षा सञ्चालन मितिः**- २०८३।१।२१ र २२ **नतिजा प्रकाशन गर्ने कार्यालयः**- लोक सेवा आयोग, केन्द्रीय कार्यालय।
**लिखित नतिजा प्रकाशन मितिः**- २०८३।२।२६

| विज्ञापन नं. (०८२-८३) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १७२५५ | खुला | ४ | १६७ | १३ |
| १७२५६ | महिला | २ | | ५ |
| १७२५७ | आ.ज. | १ | | ५ |
| १७२५८ | मधेसी | १ | | ६ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह | ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह |
|---|---|---|---|---|---|---|---|
| १ | ३१००२८ | अखिलेशप्रसाद यादव | मधेशी | २ | ३१०२१८ | अनुप पौडेल | खुला |
| ३ | ३१००१२ | आमुल श्रेष्ठ | आ.ज. | ४ | ३१०१९१ | आशिष उपाध्याय शर्मा | खुला |
| ५ | ३१०२०३ | आशिष शर्मा | खुला | ६ | ३१००२७ | उमाशंकर सिंह | मधेशी |
| ७ | ३१००८१ | करुणा पन्थी | महिला | ८ | ३१०१४५ | जयन्तराज पन्त | खुला |
| ९ | ४५०००८ | तारानाथ पौडेल | खुला | १० | ३१००५७ | दिया महर्जन | आ.ज. |
| ११ | ३१०३२३ | दीपा लामिछाने | महिला | १२ | ३१०१४३ | निखिलकुमार कर्ण | खुला, मधेशी |
| १३ | ५५००१८ | निहारीका पन्थी | महिला | १४ | ३१०२६७ | प्रविन सुनुवार | खुला, आ.ज. |
| १५ | ३१०२२० | बालकृष्ण झा | खुला, मधेशी | १६ | ३१०२५६ | योगेशकुमार श्रेष्ठ | खुला, आ.ज. |
| १७ | ३१०१७७ | रक्षा बराल | महिला | १८ | ३१०२४२ | सरोज कडरिया | खुला |
| १९ | ३१०२०१ | ससित साह | मधेशी | २० | ३१०००८ | सुदिन प्रधान | आ.ज. |
| २१ | ३१०१८२ | सुदीक्षा उप्रेती | खुला, महिला | २२ | ३१०१०० | सुभास सुवेदी | खुला |
| २३ | ३१०१६१ | हिरोजकुमार यादव | खुला, मधेशी | | | | |

**सामूहिक परीक्षण र अन्तर्वार्ता हुने मिति, समय र स्थानः** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी।

| सामूहिक परीक्षण र अन्तर्वार्ता कार्यक्रम | | | |
|---|---|---|---|
| ब.क्र.नं. | मिति | सामूहिक परीक्षण | अन्तर्वार्ता कार्यक्रम |
| १-१० | २०८३/३/२६ | दिनको १:३० बजे | दिनको २:३० बजे |
| ११-२३ | २०८३/३/२९ | दिनको १०:०० बजे | दिनको १०:३० बजे |

www.psc.gov.np

त्यही मानिस धार्मिक हो, जसले
अरूका निम्ति त्याग गर्न सक्छ ।
-गौतम बुद्ध



सम्पादकीय

# सात प्रदेशको बजेट

संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ । सङ्घीय सरकारसँगै सात प्रदेश र ७५३ स्थानीय सरकारको अभ्यास दोस्रो दशकमा अगाडि बढ्दै छ । संविधानले सबै सरकारलाई कामको जिम्मेवारी दिएको छ । तिनै तहका सरकारले नीति तथा कार्यक्रमका साथै बजेट सम्बद्ध विधायिकामा प्रस्तुत गरी पारित गर्नुपर्ने व्यवस्था छ । सङ्घीय सरकारका अर्थमन्त्रीले प्रत्येक वर्ष जेठ १५ गते नयाँ आर्थिक वर्षको बजेट सङ्घीय विधायिकाको संयुक्त बैठकमा प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ । त्यसै अनुरूप आगामी आव २०८३/८४ को बजेट निर्धारित समयमै प्रस्तुत भई अहिले विधायिकी प्रक्रियामा छ । सङ्घीय बजेटले प्रदेश र स्थानीय तहलाई ठुलो हिस्सा स्रोतको व्यवस्था गरेको हुन्छ । त्यसै स्रोतसमेतका आधारमा प्रदेश र स्थानीय सरकारले नीति तथा कार्यक्रम र बजेट तयार गर्छन् । विधि अनुसार देशका सातै प्रदेशले असार १ गते बजेट प्रदेश सभामा प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार सबै प्रदेशले सोमबार प्रदेशको बजेट प्रस्तुत गरेका छन् । प्रदेश सरकारले आन्तरिक स्रोतको ठुलो जोरजाम गर्न भने सकेका छैनन् । अझै पनि केन्द्र सरकारसमक्ष नै स्रोतसाधनमा बढी निर्भरता छ । यसो भए पनि समग्रमा चालु आवको तुलनामा आगामी वर्ष पाँच अर्ब रुपियाँभन्दा बढी अर्थात् दुई खर्ब ९२ अर्ब रुपियाँ हाराहारीको बजेट ल्याएका छन् ।

आवको ११ औँ महिना लाग्दा पनि पुँजीगत बजेट खर्चको राम्रो प्रगति देखिएको छैन । चालु आव २०८२/८३ मा कुल दुई खर्ब ८७ अर्ब ९८ करोड रुपियाँको बजेट ल्याइएको थियो । सङ्घीय सरकारसामुन्ने सामाजिक दायित्व धेरै छ । सामाजिक सुरक्षाका कार्यक्रम, कर्मचारीको तलब र भत्ता तथा ऋणको साँवाब्याज भुक्तानी जस्ता नियमित दायित्वका कारण बजेटको आकार ठुलो हुन्छ । प्रदेश सरकारसामु यस्ता दायित्व न्यून हुने हुँदा पुँजीगत खर्चको तुलनात्मक आकार बढी भए पनि खर्च गर्ने प्रवृत्तिमा भने ठुलो सुधार आउन सकेको छैन । सबै प्रदेश राजस्व परिचालनमा कमजोर नै देखिएका छन् । सबै प्रदेश सङ्घीय बजेटबाटै ठुलो अंशको वित्तमा निर्भर छन् । आगामी आवका निम्ति पनि अन्तरसरकारी वित्तीय हस्तान्तरणबापत प्राप्त कुल एक खर्ब नौ अर्ब ६५ करोड रुपियाँ प्रदेश बजेटमा समावेश गरिएको छ । सबै जसो प्रदेशले पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखेका छन् । त्यसै गरी कृषिको आधुनिकीकरणमा पनि बजेट राम्रै गरी विनियोजन गरिएको छ । स्वास्थ्य सेवामा सुधार र रोजगारी सिर्जनालाई समेत मुख्य प्राथमिकतामा राखिएको छ । सात प्रदेशमध्ये बागमती प्रदेशले सबैभन्दा बढी र गण्डकी प्रदेशले सबैभन्दा सानो आकारको बजेट ल्याएका छन् । बागमती प्रदेशले ६६ अर्ब ९३ करोडको बजेट ल्याएको छ भने गण्डकी प्रदेशले ३२ अर्ब ९९ करोड ९९ लाख रुपियाँको मात्र कार्यमूलक बजेट ल्याएको छ ।

कोशी प्रदेशले कुल ४० अर्ब ४४ करोड रुपियाँको बजेट ल्याएको छ । यो चालु आवको भन्दा १२.७४ प्रतिशतले बढी हो । कोशीको बजेटमा पुँजीगततर्फ २० अर्ब ७५ करोड र चालु खर्चतर्फ १३ अर्ब ९७ करोड रुपियाँ विनियोजन गरिएको छ । चालु खर्च कटौती गर्दै विकास बजेटमा २१.५ प्रतिशतको वृद्धि गरिएको छ । मधेश प्रदेशले भने बजेटको आकार घटाएको छ । चालु आवको तुलनामा १३ प्रतिशतले घटाएर ४१ अर्ब १३ करोड ८६ लाख रुपियाँको बजेट ल्याएको छ । बजेटमा पुँजीगततर्फ ६४.३६ प्रतिशत अर्थात् २६ अर्ब ४७ करोड र चालुतर्फ ३५.६४ प्रतिशत अर्थात् १४ अर्ब ६६ करोड छ । लुम्बिनी प्रदेशले ३७ अर्ब ३८ करोड रुपियाँको बजेट ल्याएको छ । त्यसै गरी कर्णाली प्रदेशले ३५ अर्ब ३९ करोड रुपियाँको बजेट ल्याएको छ । सुदूरपश्चिमले आन्तरिक विवादका कारण मध्यरातमा विरोधकै बिच बजेट ल्यायो । सो प्रदेशको कुल बजेट ३७ अर्ब ७० करोड रुपियाँको छ । सातै प्रदेशले ल्याएको बजेट प्रदेश सभामा छलफल भई विधायिकी प्रक्रियामा जाने छ । सङ्घीय प्रणालीलाई सफल बनाउन प्रदेश सरकारको भूमिका महत्त्वपूर्ण भए पनि सबै जसो प्रदेश सरकार राजनीतिक अस्थिरताको भुमरीमा परेका छन् । प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा कम र बढी सत्ताको खेलमा लागेको आलोचना पनि भइरहेको छ । परिवर्तित जनआकाङ्क्षा अनुरूप सबै प्रदेश सरकारले आर्थिक विकासमा अर्जुनदृष्टि दिए बजेट सार्थक हुने छ ।

## १०० वर्ष अधिको

गोर्खापत्र

१९८० साल ज्येष्ठ ८ गते सोमबार


भारत सरकारको
नया ऋण ।
लंडन ११ मे
भारत सरकारले २ करोड पौंड अ
र्थात् ३० करोड रुपिआको ऋण सयक-
डा साढे ४ रुपिआ ब्याजमा लिने घोष-
णा गरेका छन १०० का कागजको मू-
ल्य ९० रुपिआ छ.

**भारत सरकारको नया ऋण ।**

लंडन ११ मे भारत सरकारले २ करोड पौंड अर्थात् ३० करोड रुपियाको ऋण सयकडा साढे ४ रुपिया व्याजमा लिने घोषणा गरेका छन् १०० का कागजको मूल्य ९० रुपिआ छ .



चिन्तन

**जन्मतु द्रव्यरसयो:
अन्योन्यापेक्षिकं स्मृतम् ।
अन्योन्यापेक्षिकं जन्म
यथास्याद्देहदेहिनो: ।।**

प्राणी जन्मेदेखि नै देह (शरीर) र देही (आत्मा) को आपसमा नित्य सम्बन्ध हुन्छ, त्यसैगरी द्रव्य उत्पत्ति भएदेखि द्रव्य र रस (गुण) को सम्बन्ध हुन्छ ।

**- सुश्रुत सूत्त**

**लेखक तथा साहित्यकारहरूमा अनुरोध**

गोरखापत्र दैनिकको 'विचार' पृष्ठ तथा शनिबार परिशिष्टाङ्कका लागि लेख, रचना तथा पाठक प्रतिक्रिया तलको ठेगानामा पठाउनुहुन अनुरोध गर्दछौँ :

**विचार तथा पाठक पत्रका लागि :**
gopafeature@gmail.com
**शनिबार परिशिष्टाङ्कका लागि :**
gopashanibar@gmail.com

# लोक सेवाको साख



शिवराम न्यौपाने




लोक सेवा आयोग विगत सात दशकदेखिकै विश्वसनीय र प्रतिष्ठित संवैधानिक निकाय हो । विगत, वर्तमान र भविष्यको समेत जनभरोसाको आधार बनेको यो संस्थाले स्थापनाकालदेखि निरन्तर प्रशासनिक संयन्त्रका लागि आवश्यक योग्य, दक्ष र सक्षम जनशक्ति निष्पक्ष रूपमा आपूर्ति गरी देशमा सुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

मुलुकमा सुशासन कायम गर्न सरकारका नीति, योजना र कार्यक्रम कार्यान्वयन गुणस्तरीय रूपमा हुनु अपरिहार्य हुन्छ । यसका लागि सरकारको प्रमुख कार्यकारिणी प्रशासनिक संयन्त्रलाई प्रभावकारी रूपमा क्रियाशील गराइराख्न जरुरी हुन्छ । लोक सेवा आयोगबाट नियमित आपूर्ति हुने गरेको योग्य, सक्षम र गुणस्तरीय जनशक्ति परिचालनले प्रशासनिक संयन्त्रलाई सरकारको बलियो र विश्वसनीय निकायका रूपमा स्थापित गरेको छ । आयोगले मुलुकको प्रशासनिक संयन्त्रलाई आवश्यक योग्य जनशक्ति नियमित आपूर्ति गर्न आफ्नो लामो र भरपर्दो अनुभव, बलिया र पारदर्शी कानुनी एवं विधिगत आधार, इमानदार र लगनशील कर्मचारीका साथै वैज्ञानिक र विश्वसनीय छनोट प्रक्रियालाई आधार बनाएको छ । आयोगले उम्मेदवार छनोटका लागि आधार बनाउने गरेका विद्यमान विधि एवं प्रक्रिया प्रणालीबद्ध र वैज्ञानिक भएका कारण व्यक्ति वा समूहको मनोगत प्रभाव शून्य छ । विगत सात दशकयता आयोगले आफूलाई जनता एवं सरकारको निष्पक्ष, विश्वसनीय र भरपर्दो संस्थाका रूपमा चिनाइराख्न सफल भएको छ ।

सरकार वा राजनीतिक नेतृत्वको प्रभावबाट मुक्त रहेको लोक सेवा मुलुकको निष्पक्ष र विवादरहित संवैधानिक निकाय हो । आयोगले संस्थालाई राजनीतिक वा सरकारको हस्तक्षेपबाट मुक्त राख्न आफ्ना कार्य प्रक्रियालाई कानुनी एवं विधिगत रूपमा बलियो बनाएको छ । आफ्ना हरेक कार्यलाई स्पष्ट कार्यविधि र निर्देशिकाका आधारमा सञ्चालन गर्ने भएका कारण आयोगको कुनै पनि प्रक्रियागत कार्यमा आयोगको नेतृत्व वा अन्य बाह्य नेतृत्वको हस्तक्षेप हुन सक्दैन । लोक सेवाबाट प्रतिपादित विभिन्न सिद्धान्त, ऐन तथा नियमावली, आयोग (कार्य सञ्चालन) निर्देशिका, आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीको आचारसंहिता कार्यान्वयनमा छन् । सङ्गठित संस्थाका कर्मचारीका सेवाका सर्तसम्बन्धी कानुन, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, सुरक्षा निकाय, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रमसम्बन्धी मापदण्ड कार्यान्वयनमा छन् । आयोगबाट सञ्चालन गरिने प्रयोगात्मक तथा सिप परीक्षण परीक्षा (सञ्चालन र व्यवस्थापन) मापदण्ड, जारी विभिन्न निर्देशिका/कार्यविधि तथा आयोगका निर्णयबाट लोक सेवाका कामकारबाहीलाई बलियो गराइएको छ । कार्यसम्पादनसँग सम्बन्धित अन्य ऐन, नियम तथा निर्देशिका अद्यावधिक, पारदर्शी र व्यावहारिक भएका कारण आयोगको कार्यलाई गुणस्तरीय बनाउन र कार्यप्रति जनविश्वास मजबुत गराइराख्न टेवा पुगेको छ ।

आयोगले हरेक आर्थिक वर्षमा घोषणा गर्ने आफ्नो वार्षिक कार्यतालिका र कार्यतालिका अनुरूप कार्यसम्पादन गर्न सक्ने सक्षम, प्रतिबद्ध, उत्प्रेरित र इमानदार कर्मचारीका कारण आयोग मुलुकको बलियो र सक्षम निकायका रूपमा जनताको मानसपटलमा रहेको छ ।

सङ्घीय निजामती सेवा, सुरक्षा निकाय, अन्य सङ्घीय सरकारी सेवाका साथै सङ्गठित संस्थाको सेवामा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई प्रवर्धन गरी मुलुकको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन कर्तव्यनिष्ठ रहेको लोक सेवाले आफ्ना सिद्धान्त, उद्देश्य र कार्य प्रक्रियालाई पारदर्शी गराउँदै आएको छ । आयोगले मूलतः योग्यता, निष्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, द्विअन्ध, परिचय-शून्यता, असंलग्नता र गोपनीयताको सिद्धान्तका आधारमा आफ्ना कार्य सञ्चालन गर्ने गरेको छ । आयोगबाट सञ्चालन हुने परीक्षामा उच्चतम अङ्क प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई योग्य मानेर नियुक्तिका लागि सिफारिस गर्ने, सबै उम्मेदवारलाई छनोट प्रक्रियामा समान व्यवहार गर्ने, कुनै पनि उम्मेदवारलाई निजको व्यक्तिगत गुण र सम्बद्धताका आधारमा नभई निजको योग्यता र सक्षमताका आधारमा छनोट गर्ने गरिएको छ । आयोगबाट हुने विज्ञापनमा तोकिएको योग्यता पुगेका प्रत्येक नेपाली नागरिकलाई दरखास्त पेस गर्ने र परीक्षाको माध्यमबाट छनोट हुने समान अवसरको सुनिश्चितता गरिएको छ ।

> आयोगले हरेक आर्थिक वर्षमा घोषणा गर्ने आफ्नो वार्षिक कार्यतालिका र कार्यतालिका अनुरूप कार्यसम्पादन गर्न सक्ने सक्षम, प्रतिबद्ध, उत्प्रेरित र इमानदार कर्मचारीका कारण आयोग मुलुकको बलियो र सक्षम निकायका रूपमा जनताको मानसपटलमा रहेको छ ।

मुलुकको विद्यमान कानुन एवं सरकारको नीतिबमोजिम समावेशी समूहका लागि प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्ने र परीक्षाको माध्यमबाट समावेशी समूहका उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्ने गरिएको छ । आयोगले आफ्नो पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न नगराउने र सोको जानकारीसमेत दिन नपाउने व्यवस्था छ । उत्तरपुस्तिका परीक्षण गर्नुअघि दोहोरो सङ्केतीकरण गरिने कारण परीक्षकले उत्तरपुस्तिकाबाट उम्मेदवारको परिचय थाहा नपाउने कारण निष्पक्ष परीक्षण हुने तथ्यमा विश्वस्त हुन सकिन्छ । आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विषयविज्ञ/दक्षका नातेदार उम्मेदवार रहेमा त्यस्ता पदाधिकारी, कर्मचारी वा विषय विज्ञ/दक्षलाई उक्त परीक्षाको सुरुदेखि नतिजा प्रकाशनसम्मको सबै चरणको प्रक्रियाबाट अलग हुनुपर्ने र आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रको निर्माण, परिमार्जन र छनोटको कार्य पूर्ण गोप्य हुने बलियो विधिगत आधारलाई कडाइसाथ अवलम्बन गरिएको छ ।

लोक सेवाको उम्मेदवार छनोटको सिद्धान्त, स्वच्छ एवं निष्पक्ष कार्यशैली, कार्यसम्पादन क्षमता साथै संस्थागत विश्वसनीयताका कारण कार्यक्षेत्र विस्तार हुँदै गएको छ । आयोगले संवैधानिक व्यवस्था अनुरूप तोकिएको काम, कर्तव्य र अधिकारको जिम्मेवारीका अतिरिक्त विभिन्न विश्वविद्यालयका साथै न्याय सेवा आयोगको कार्यमा समेत सहयोग गर्दै आएको छ । आफ्नो कार्यका विरुद्ध पर्ने उजुरी, विभिन्न बढुवा समितिले गर्ने कार्यका विरुद्ध पर्ने उजुरी, विभिन्न अदालतसँग सम्बन्धित कार्यको सङ्ख्या बढ्दो भएका कारण आयोगका चुनौतीसमेत थपिँदै गएका छन् । जनताको अपेक्षा अनुरूप छिटो, छरितो र गुणस्तरीय कार्यसम्पादन गर्नुपर्ने अवस्थाका कारण आयोगले आफ्ना मौजुदा समस्या एवं कार्य सञ्चालनका कठिनाइको समाधानका लागि सरकारसँग नतिजामुखी समन्वय र सहकार्य गर्नु जरुरी छ । कार्यक्षेत्र विस्तारका साथै वार्षिक कार्यतालिका अनुरूप गुणस्तरीय एवं छरितो कार्यसम्पादनका लागि आयोगले संस्थागत भौतिक पूर्वाधारको आधुनिकीकरण र विस्तार गर्नु जरुरी छ ।

सरकारी प्रशासनिक संयन्त्रका लागि योग्य जनशक्ति आपूर्ति गर्ने महत्त्वपूर्ण कार्यमा अतुलनीय भूमिकामा रहेको लोक सेवालाई निरन्तर सुदृढ र सक्षम गराइराख्न जरुरी भएको छ । बढ्दो कार्य जिम्मेवारी निर्वाहका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन गर्न आयोगसँग वित्तीय एवं व्यवस्थापकीय स्वायत्तता कायम हुन नसक्नु, आयोगको परामर्श एवं सुझाव कार्यान्वयनमा उदासीनता हुनु, आयोगको अधिकारभित्रका विषयमा आयोगको राय परामर्शबिना निर्णय हुनु, आयोगको जनशक्ति व्यवस्थापनमा हस्तक्षेप हुनुलगायतका विषय कायमै छन् । यस्ता विषयको उपयुक्त व्यवस्थापनका लागि सरकार, आयोग र सरोकारवाला निकायका बिच आवश्यक समन्वय एवं सहकार्य हुनु जरुरी छ ।

आयोगले परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन गर्ने कार्यमा समयानुकूल सुधार एवं गुणस्तरीयता कायम गर्ने कार्यलाई प्राथमिकता दिनु जरुरी छ । पछिल्ला दुई वर्षमा आयोगमा दरखास्त दिने उम्मेदवारको सङ्ख्या ऋणात्मक हुँदै गएको, विभिन्न सेवा, समूहका आन्तरिक, खुला र समावेशी प्रतियोगिताका केही पद माग भएको सङ्ख्यामा लिखित परीक्षाबाट छनोट नै नहुने, तोकिएको आवश्यक सङ्ख्यामा छनोट नहुने, प्रयोगात्मक परीक्षामा अनुपस्थित र अनुत्तीर्ण हुनेलगायतका विषय छन् । पद रिक्त भएको लामो समयसम्म लोक सेवामा माग नपठाउने, रिक्त पदमा अस्थायी वा करारमा भर्ना गरी पद खाली राखिराख्नेलगायतका विषय पनि छन् । यस्ता विषयमा लोक सेवा र सरोकारवाला निकायका बिच समन्वय भई उपयुक्त व्यवस्थापन हुनु आवश्यक छ ।

सरकार नवीन सोच, नीति, योजना र कार्यक्रमका साथ मुलुकमा सुशासनको अनुभूति गराउने अभियानमा लागेको छ । सरकारको यस अभियानलाई प्रशासनिक संयन्त्रको दक्षता, लगनशीलता र नतिजाले मूर्तरूप दिन सक्छ । प्रशासनिक संयन्त्रका लागि आवश्यक योग्य जनशक्ति निरन्तर आपूर्ति गर्ने कार्यमा प्रतिबद्ध र लगनशील रहेको लोक सेवालाई सरकारले राज्यको महत्त्वपूर्ण निकायका रूपमा बलियो बनाउन आयोगसँगको समन्वय एवं सहकार्यलाई प्रगाढ गराउनु पर्छ । आयोगका भौतिक एवं व्यवस्थापकीय पुराना पूर्वाधारले नयाँ सोच र आवश्यकतालाई सम्बोधन गर्न नसक्ने भएकाले आधुनिक पूर्वाधार, प्रविधि र औजारबाट आयोगलाई बलियो गराउन सरकार र आयोगबिच निरन्तर सहकार्य हुनु जरुरी छ । आयोगले मुलुक एवं सरकारका लागि आगामी दिनमा निर्वाह गर्नुपर्ने भूमिकाको लेखाजोखा गरी दिशानिर्देश गर्न आवश्यक अध्ययन अनुसन्धानसमेत गरिनु पर्छ । लोक सेवाबाट भएगरेका कार्यको मूल्याङ्कन आयोगको प्रतिवेदनका आधारमा मात्र नगरी समग्र कामको गुणस्तर, आयोगको भूमिका र उपलब्धिबाट गरी सुधारका लागि नियमित रूपमा सुझाव दिन एक स्वायत्त संयन्त्र खडा गर्नु उपयुक्त हुन्छ । यसबाट आयोगको क्षमता र साख निरन्तर वृद्धि भई सुशासन कायम गर्न टेवा पुग्ने छ ।

# नेपालमा 'एल निनो' प्रभाव



नवराज पोखरेल

नेपालको जल तथा मौसम विज्ञान विभागले जारी गरेको मनसुन अवधिको मौसमी विवरणमा यस वर्ष देखिने 'एल निनो' प्रभावलाई प्रस्ट रूपमा उल्लेख गरिएको छ । यसको प्रभावले यस वर्षको मनसुन र वर्षाको अवस्था अघिल्ला वर्षमा देखिनेभन्दा फरक हुने प्रक्षेपण छ । 'एल निनो' भनेको एक प्राकृतिक जलवायु चक्र हो र यसले विश्वभरिको मौसम र तापक्रममा ठुलो फेरबदल ल्याउँछ । यो प्रशान्त महासागरको मध्य तथा पूर्वी भागको समुद्री सतहको तापक्रम सामान्यभन्दा बढी बढ्दा उत्पन्न हुन्छ । प्राकृतिक रूपमा हुने गरेका अनौठा र फरक प्रकृतिका घटना जस्तै यो पनि एक विशिष्ट प्राकृतिक घटना हो । यो 'एल निनो' दक्षिणी प्रशान्त महासागरमा हुने गरेको अस्वाभाविक चालका कारण सामुद्रिक तापक्रमको फरकपन हो । यसका कारण परिवर्तित तापक्रममा समुद्र र वायुमण्डलबिचको ऊर्जा तथा आर्द्रताको चक्रमा परिवर्तन आउँछ र विश्वका विभिन्न भागको मौसम र जलवायु प्रणालीलाई प्रभावित गर्छ । सामान्यतया यो प्रभाव हरेक वर्ष आउने खालको हुँदैन । दुई वर्षदेखि सात वर्षसम्मको फरकमा यो प्रभाव प्रशान्त महासागरमा देखिने गरेको छ । प्रशान्त महासागर नेपालसँग प्रत्यक्ष जोडिएको छैन र यसको प्रत्यक्ष प्रभाव नेपालमा हुँदैन तर नेपालको मौसमी अवस्था दक्षिण एसियाली मौसमसँग जोडिएको र दक्षिण एसियाली मौसम 'एल निनो' प्रभावसँग जोडिएको छ । त्यही भएर नेपालमा पनि यसको प्रभाव प्रत्यक्ष नभए पनि दक्षिण एसियाली मनसुन प्रणालीमार्फत परोक्ष रूपमा प्रभाव पर्ने देखिन्छ ।

सामान्य अवस्थामा प्रशान्त महासागरमाथि पूर्वबाट पश्चिमतर्फ चल्ने नियमित हावाले तातो पानीलाई पश्चिमी प्रशान्त क्षेत्रमा थुपार्ने गर्छ । यसले इन्डोनेसिया र वरपरका क्षेत्रमा बादल र वर्षाको मात्रा बढाउँछ तर 'एल निनो' को प्रभावले हावाको शक्ति कमजोर बन्छन् वा दिशा परिवर्तन गर्छन् । हावा कमजोर बनेको वा दिशा परिवर्तन गरेको अवस्थामा तातो पानी पूर्वी प्रशान्ततर्फ सर्छ र वायुमण्डलीय चाल प्रणाली कमजोर हुन्छ । यसले मूलतः प्रशान्त क्षेत्र तथा सम्पूर्ण वायुमण्डलको वर्षा र तापक्रमको औसत अवस्थामा परिवर्तन ल्याउँछ । नेपालको जलवायु मुख्य रूपमा दक्षिण-पश्चिम मनसुनमा निर्भर छ । नेपालमा वार्षिक वर्षाको करिब ८० प्रतिशत भाग असारदेखि असोजसम्मको मनसुनबाट प्राप्त हुन्छ । 'एल निनो' सक्रिय हुँदा मनसुनको समयमा पर्ने वातावरणीय अवस्थामा फरकपन आउँछ । यतिबेला मनसुन कमजोर हुने, ढिलो प्रवेश गर्ने वा समयभन्दा चाँडो अन्त्य हुने सम्भावना बढ्छ । यसको परिणाम नेपालका धेरै भागमा औसतभन्दा कम वर्षा हुन सक्छ ।

'एल निनो' ले विभिन्न जलवायुगत सूचकमा प्रभाव पार्छ । पहिलो, वर्षामा कमी आउँछ र वर्षा आउने क्षेत्र पहिलेभन्दा फरक र औसतभन्दा पनि कम हुन्छ । कतिपय क्षेत्रमा लामो समयसम्म वर्षा नहुने र अचानक छोटो अवधिमा अत्यधिक वर्षा हुने अवस्था सिर्जना हुन सक्छ । दोस्रो, तापक्रममा वृद्धि हुन्छ । कम बादल र कम वर्षाका कारण पृथ्वीको सतहमा बढी सौर्य विकिरण पुग्ने भएकाले अधिकतम तथा औसत तापक्रम बढ्न सक्छ । अध्ययनले देखाएबमोजिम 'एल निनो' को समयमा वा वर्षामा वायुमण्डलमा रहेको आर्द्रता घट्ने देखिएको छ । तापक्रम बढ्दा र वर्षा कम हुँदा वातावरण अझ सुक्खा बन्छ । यसको परोक्ष प्रभावले जलस्रोत र नदी प्रवाहको डिस्चार्ज प्रभावित हुन्छन् । 'एल निनो' का कारण सुक्खा अवधि लम्बिने प्रवृत्ति पनि देखिन्छ । हालका अध्ययनले काठमाडौँ उपत्यकामा लगातार सुक्खा दिनको सङ्ख्या बढ्दो क्रममा रहेको देखाएका छन्, जसले खडेरीको जोखिम बढाउने सङ्केत गर्दछ । साथै वन डढेलो, पानीको अभाव, जैविक विविधतामा ह्रास तथा मानव स्वास्थ्यमा समेत नकारात्मक प्रभाव पर्न सक्छ ।

सन् २०२६ मा विश्वका प्रमुख मौसम तथा जलवायु संस्थाहरूले 'एल निनो' को प्रभाव देखिइसकेको र आगामी समयमा यसको प्रभाव अझै धेरै हुन सक्ने सङ्केत दिएका छन् । हालका पूर्वानुमान अनुसार २०२६ को मनसुनदेखि २०२७ को मध्यसम्म 'एल निनो' को प्रभाव रहने सम्भावना उच्च छ । केही पूर्वानुमानले यसका कारण सामान्यदेखि धेरै मात्रामा पनि मौसम प्रभावित हुन सक्ने र मध्यमदेखि निकै धेरै विनाशका कारण बन्न सक्ने औँल्याएका छन् । 'एल निनो' सक्रिय हुँदा मनसुनको समयमा बङ्गालको खाडीबाट नेपालतर्फ आउने मनसुनी वायु कमजोर हुन सक्छ, जसका कारण वर्षा कम हुने, वर्षाको वितरण पहिलेको जस्तो नहुने तथा लामो समयसम्म खडेरी अवधि रहने सम्भावना बढ्छ । भारतमा समेत २०२६ को मनसुनमा मध्यमदेखि बलियो 'एल निनो' का कारण वर्षा प्रभावित हुन सक्ने चेतावनी दिइएको छ । यसको अप्रत्यक्ष प्रभाव नेपालमा पनि पर्न सक्छ ।

मनसुनी वर्षामा कमी आए पनि केही स्थानमा छोटो अवधिमा अत्यधिक वर्षा हुन सक्ने भएकाले जलवायुजन्य जोखिम झन् जटिल बन्न सक्छ । वर्षा कम हुँदा तापक्रम सामान्यभन्दा बढी हुने, तातो दिनको सङ्ख्या बढ्ने तथा लामो समयसम्म सुक्खा अवस्था रहने सम्भावना रहन्छ । यसले खडेरी तथा पानीको अभावको जोखिम बढाउनुका साथै वातावरणीय सन्तुलनमा समेत असर पुर्‍याउन सक्छ । अघिल्लो मनसुनको समयमा पनि तापक्रम वृद्धि र खडेरीले नेपालको तराईलाई पारेको प्रभाव जस्तै गरी यस वर्ष पनि खडेरीको समस्या रहन सक्ने देखिन्छ । उच्च तापक्रम र कम वर्षाका कारण माटोमा चिस्यानको मात्रा घट्ने, जलस्रोत सुक्ने तथा नदी खोलाको बहाब कम हुने अवस्था सिर्जना हुन सक्छ ।

'एल निनो' को असर कृषि, ऊर्जा र जनजीवनमा प्रत्यक्ष रूपमा देखिन सक्छ । नेपालमा धान, मकैलगायतका प्रमुख खाद्यान्न बाली मनसुनी वर्षामा निर्भर भएकाले वर्षा कमी हुँदा उत्पादन घट्ने जोखिम बढ्छ । सिँचाइका लागि आवश्यक पानीको अभाव हुँदा किसान थप समस्यामा पर्न सक्छन् । नदी तथा खोलाको बहाब घट्दा जलविद्युत् आयोजनाको उत्पादन क्षमता प्रभावित हुन सक्छ र ऊर्जा आपूर्तिमा चुनौती थपिन सक्छ । त्यसै गरी सुक्खापन बढ्दा वन क्षेत्रमा डढेलो लाग्ने सम्भावना उच्च हुन्छ, जसले जैविक विविधता, वन सम्पदा तथा मानव स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । खानेपानीका स्रोतमा पानीको मात्रा घट्न सक्ने भएकाले ग्रामीण तथा सहरी दुवै क्षेत्रमा खानेपानी र सिँचाइ व्यवस्थापन चुनौतीपूर्ण बन्न सक्छ । सम्भावित प्रभावलाई ध्यानमा राखी समयमै तयारी, जलस्रोत संरक्षण, जलवायु अनुकूल कृषि अभ्यास तथा प्रभावकारी विपत् व्यवस्थापन आवश्यक देखिन्छ । केही स्थानमा छोटो अवधिमा अत्यधिक वर्षा भएर बाढी, पहिरो र डुबानका घटना पनि हुन सक्छन् । त्यसैले यसको प्रभाव केवल सुक्खापनमा मात्र सीमित हुँदैन, यसले वर्षाको चरम असन्तुलन पनि निम्त्याउन सक्छ ।

नेपालका लागि यसको सबैभन्दा महत्त्वपूर्ण प्रभाव २०२६ को मनसुन, त्यसपछिको हिउँदे मौसम र २०२७ को वसन्त ऋतुसम्म देखिन सक्छ । त्यसैले कृषि, जलस्रोत, विपत् व्यवस्थापन तथा ऊर्जा क्षेत्रमा अग्रिम तयारी र जलवायु-अनुकूल योजना निर्माण अत्यन्त आवश्यक देखिन्छ । सन् २०२६ मा 'एल निनो' का कारण नेपालमा मनसुनी वर्षा औसतभन्दा कम हुने, तापक्रम बढ्ने, खडेरीको जोखिम बढ्ने तथा केही स्थानमा अत्यधिक वर्षाका कारण बाढीपहिरोको सम्भावना रहने पूर्वानुमान गरिएको छ । यस्तो अवस्थामा नेपालले 'एल निनो' सँग जुध्न तथा यसको प्रभाव न्यूनीकरण गर्न बहुआयामिक रणनीति अपनाउन आवश्यक छ । सबैभन्दा पहिले पूर्वसूचना तथा मौसम पूर्वानुमान प्रणालीलाई थप प्रभावकारी बनाउनु पर्छ । जल तथा मौसम विज्ञान विभागद्वारा जारी गरिने मोबाइल सन्देश, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालमार्फत जोखिम सूचना व्यापक रूपमा प्रवाह गर्न आवश्यक छ ।

जलवायु अनुकूल कृषि प्रणाली अपनाउन पनि उत्तिकै आवश्यक छ । यसका लागि कम पानी चाहिने बाली, खडेरी सहन सक्ने बिउबिजन तथा आधुनिक सिँचाइ प्रविधिको प्रयोग बढाउनु पर्छ । कृषि क्षेत्रका लागि मौसममा आधारित परामर्श सेवा प्रभावकारी बनाउँदै किसानलाई समयमै सूचना उपलब्ध गराउनुका साथै बाली बिमा कार्यक्रमलाई व्यापक बनाउनु पर्छ ।

विपत् जोखिम न्यूनीकरण तथा तयारीलाई सुदृढ बनाउनु अर्को महत्त्वपूर्ण कदम हो । उच्च जोखिम क्षेत्र पहिचान गरी उद्धार सामग्री, राहत सामग्री तथा जनशक्ति तयारी अवस्थामा राख्नु पर्छ । नदी किनार, पहिरो सम्भावित बस्ती तथा असुरक्षित क्षेत्रमा बसोबास गर्ने समुदायलाई विशेष निगरानीमा राख्नु पर्छ । अन्त्यमा, वैज्ञानिक जोखिम नक्साङ्कन र अनुसन्धानलाई प्राथमिकता दिनु पर्छ । कुन बस्ती, सडक, नदी तट वा पहाडी क्षेत्र बढी जोखिममा छन् भन्ने विस्तृत अध्ययन गरी स्थानीय तहलाई आवश्यक जानकारी उपलब्ध गराउनु पर्छ, जसले पूर्वतयारी तथा स्रोत परिचालनलाई प्रभावकारी बनाउँछ ।

## वस्तुगत प्रश्नोत्तर

१. **बागमती प्रदेश सरकारद्वारा विसं २०८३ असार १ गते आर्थिक वर्ष २०८३/८४ का लागि कति राशिको बजेट सार्वजनिक गरियो ?**

✍ रु. ६६ अर्ब ९३ करोड ३३ लाख

**विसं २०८३ असार १ गते सातै प्रदेशद्वारा प्रस्तुत बजेट**

| | |
|---|---|
| कोशी प्रदेश | |
| कुल बजेट | ४० अर्ब ४४ करोड ९८ लाख |
| चालु खर्च | १३ अर्ब ९७ करोड ६३ लाख (३४.५५ प्रतिशत) |
| पुँजीगत खर्च | २० अर्ब ७५ करोड ९९ लाख (५१.३२ प्रतिशत) |
| आन्तरिक राजस्व | पाँच अर्ब ५० करोड |
| मधेश प्रदेश | |
| कुल बजेट | ४१ अर्ब १३ करोड ८६ लाख |
| चालु खर्च | १४ अर्ब ६६ करोड ३२ लाख |
| पुँजीगत खर्च | २६ अर्ब ४७ करोड ५३ लाख |
| आन्तरिक राजस्व | ११ अर्ब २२ करोड ७५ लाख |
| बागमती प्रदेश | |
| कुल बजेट | ६६ अर्ब ९३ करोड ३३ लाख |
| चालु खर्च | २२ अर्ब ९६ करोड १९ लाख |
| पुँजीगत खर्च | ४३ अर्ब ९७ करोड १४ लाख |
| आन्तरिक राजस्व | ३० अर्ब १५ करोड |
| गण्डकी प्रदेश | |
| कुल बजेट | ३२ अर्ब ९९ करोड ९९ लाख |
| चालु खर्च | १२ अर्ब ७२ करोड ३८ लाख |
| पुँजीगत खर्च | २० अर्ब दुई करोड ६१ लाख |
| आन्तरिक राजस्व | पाँच अर्ब ८४ करोड १८ लाख |
| लुम्बिनी प्रदेश | |
| कुल बजेट | ३७ अर्ब ३८ करोड ४५ लाख |
| चालु खर्च | ११ अर्ब ११ करोड २७ लाख |
| पुँजीगत खर्च | २२ अर्ब ७१ करोड ६५ लाख |
| आन्तरिक राजस्व | छ अर्ब ६१ करोड ८५ लाख |
| कर्णाली प्रदेश | |
| कुल बजेट | ३५ अर्ब ३९ करोड ८५ लाख |
| चालु खर्च | आठ अर्ब ६० करोड ४५ लाख |
| पुँजीगत खर्च | २० अर्ब ७४ करोड ६७ लाख |
| आन्तरिक राजस्व | ८५ करोड पाँच लाख |
| सुदूरपश्चिम प्रदेश | |
| कुल बजेट | ३७ अर्ब ७० करोड |
| चालु खर्च | |
| पुँजीगत खर्च | |
| आन्तरिक राजस्व | ८५ करोड पाँच लाख |

२. **चुरे संरक्षण दिवस कहिले मनाइन्छ ?**

✍ असार २ गते

- राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति स्थापना (विसं २०७१ असार २) को अवसर पारेर हरेक वर्ष असार २ गते यो दिवस मनाउने गरिएको छ।
- विसं २०८३ असार २ गते १२ औँ चुरे संरक्षण दिवस मनाइएको छ।

३. **विश्व म्याराथन च्यालेन्ज अन्तर्गत सात महादेशमा सात दिन लगातार सञ्चालन भएको सात वटा म्याराथनमा नेपाली पोसाक दौरा सुरुवालमा दौडेर विश्व कीर्तिमान कायम गर्ने धावक को हुन् ?**

✍ बाल जोशी (नेपाली मूलका अमेरिकी धावक)

४. **नेपाललाई विश्वस्तरीय खेलकुद केन्द्रका रूपमा स्थापित गर्ने उद्देश्यका साथ 'नेपाल स्पोर्ट्स समिट २०२६' (एनएसएस २०२६) का लागि तय गरिएको मिति कुन हो ?**

✍ विसं २०८२ माघ २२ (सन् २०२६ फेब्रुअरी ५)

५. **चीनले हालै सार्वजनिक गरेको विश्वकै सबैभन्दा सस्तो ह्युमानोइड रोबोट कुन हो ?**

✍ बुमी

६. **अमेरिका र इरानबिच युद्धविरामसम्बन्धी प्रारम्भिक सहमति कहिले भएको हो ?**

✍ सन् २०२६ जुन १४

- सो शान्ति सम्झौतामा औपचारिक हस्ताक्षर आगामी सन् २०२६ जुन १९ मा स्विट्जरल्यान्डमा हुने बताइएको छ।

**अमेरिका–इरान सम्झौताका प्रमुख बुँदा**

- लेबनानसहित सबै मोर्चामा स्थायी युद्धविराम,
- इरानको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने अमेरिकी प्रतिबद्धता,
- ३० दिनभित्र अमेरिकी नौसेनाको नाकाबन्दी हट्ने,
- इरानबाट अमेरिकी सेना फिर्ता हुने,
- हर्मुज जलमार्ग खुल्ने,
- अमेरिका र उसका सहयोगीले इरानका लागि कम्तीमा तीन सय अर्ब डलरको पुनर्निर्माण योजना ल्याउने,
- इरानी तेल र ऊर्जा उत्पादनमाथिको अमेरिकी प्रतिबन्ध अन्त्य गरिने,
- आणविक हतियार उत्पादन नगर्ने प्रतिबद्धता इरानले दोहोऱ्याउने,
- इरान वरपरका क्षेत्रमा आफ्नो सेना नबढाउने र नयाँ प्रतिबन्ध नलगाउने अमेरिकी प्रतिबद्धता।

७. **बेलायतद्वारा १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने घोषणा कहिले गरियो ?**

✍ सन् २०२६ जुन

- सन् २०२७ सालको सुरुवातबाट लागु हुने गरी सो घोषणा गरिएको।
- अस्ट्रेलिया, क्यानडा, ब्राजिल र इन्डोनेसियाले बालबालिकाको सामाजिक सञ्जालमा नियन्त्रणसम्बन्धी कानुन तर्जुमा गरिसकेका छन्।

८. **प्राकृतिक प्रकोपबाट पीडित नागरिकलाई चिकित्सकीय सेवा उपलब्ध गराउन स्थानीय रूपमा सञ्चालित कार्यक्रमलाई के भनी चिनिन्छ ?**

✍ अपरेसन नाइटिङ्गेल

९. **जङ्गली जनावरबाट मानिस एवं खेतीपातीको रक्षा गर्न लगाइएको विद्युतीय तारलाई के भनी चिनिन्छ ?**

✍ एन्जाइवर

१०. **नेपाली वनस्पतिका पिता भनी कसलाई चिनिन्छ ?**

✍ बुखानन ह्यामिल्टन

११. **१२ बन्द १८ खण्डका रूपमा चिनिने प्रसिद्ध स्थान कुन हो ?**

✍ रामारोशन

- यो क्षेत्र २,०५० देखि ३,७९२ मिटरको उचाइमा फैलिएको छ।
- यहाँ नौ प्रकारका लालीगुराँस, लौठसल्लालगायत अनेकौँ बहुमूल्य जडीबुटी पाइन्छन्।
- पर्याप्त पर्यटकीय सम्भावना बोकेको यस ठाउँमा डाँफे, मुनाल र कस्तुरी जस्ता दुर्लभ वन्यजन्तु पाइन्छन्।

१२. **कृषि ज्ञान केन्द्र कहाँ स्थापना गरिने भएको छ ?**

✍ फक्ताङलुङ, ताप्लेजुङ

१३. **विश्वमा चिया उत्पादनमा नेपाल कति औँ स्थानमा रहेको छ ?**

✍ १४ औँ (पहिलो : चीन, दोस्रो : भारत र तेस्रो : केन्या)

१४. **हाल विश्वमा अति कम विकसित राष्ट्रको सङ्ख्या कति छ ?**

✍ ४४

१५. **आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार हाल नेपालमा मातृ मृत्युदर कति रहेको छ ?**

✍ १५१ प्रतिलाख (शिशु मृत्युदर : २७ प्रतिहजार)

१६. **एफएओको पछिल्लो तथ्याङ्क अनुसार हाल विश्वको कुल भूभागको कति प्रतिशत हिस्सा वनक्षेत्रले ओगटेको छ ?**

✍ ३२ प्रतिशत

१७. **हाल सरकारले हडताल गर्न निषेध गरेका अत्यावश्यक क्षेत्र कति छन् ?**

✍ २५

- सरकारले विसं २०८३ जेठ २५ को राजपत्रमा सूचना प्रकाशन गरी हडताल गर्न निषेध गरेका २५ अत्यावश्यक क्षेत्र निम्नानुसार रहेका छन् :

१ डाँक, तार वा टेलिफोन सेवा
२ जल, स्थल वा हवाईमार्गबाट यात्रु वा मालसामान ओसार पसार गर्ने यातायात सेवा
३ हवाई अड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा
४ हवाई ग्राउन्ड, रेलवे स्टेसन वा सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने वा राख्ने, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा
५ छापा वा सरकारी छापाखानासम्बन्धी सेवा
६ हातहतियार खरखजाना वा अरू कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा
७ सञ्चार सेवा
८ आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा
९ खानेपानीको सञ्चालन तथा वितरण सेवा
१० पर्यटन आवास, मोटेल, होटेल, रेस्टुराँ र रिसोर्टसम्बन्धी सेवा
११ पेट्रोलियम पदार्थ (एलपी ग्याससमेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवा
१२ अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालनसम्बन्धी सेवा (एम्बुलेन्स जस्ता सेवा)
१३ औषधी निर्माण तथा बिक्रीवितरणसम्बन्धी सेवा
१४ फोहोरमैला सङ्कलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा
१५ बैङ्किङ सेवा
१६ बिमा सेवा
१७ विद्युत् सेवा
१८ दैनिक उपभोग्य वस्तु (खाद्यान्न, दाल, चामल, नुन, तेल) को पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवा
१९ मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा
२० मास्कसम्बन्धी सेवा
२१ ह्यान्ड सेनिटाइजरसम्बन्धी सेवा
२२ भेटेरिनरी सेवा
२३ कन्सुलर सेवा विभागबाट प्रदान हुने सेवा
२४ राहदानी विभागबाट प्रदान हुने सेवा
२५ इन्टरनेट सेवा

१८. **हालसम्म सबैभन्दा बढी विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्ने राष्ट्र कुन हो ?**

✍ मेक्सिको

- मेक्सिकोको 'एस्टाडियो अज्टेका' रङ्गशालाले विश्वकपको इतिहासमा सबैभन्दा धेरै खेल आयोजना (सन् १९७०, १९८६ र २०२६) गर्ने कीर्तिमान बनाएको छ।
- यस विश्वकपको सबैभन्दा कान्छा खेलाडीका रूपमा मेक्सिकन मिडफिल्डर गिल्बर्टो मोरा रहेका छन्।
- मेक्सिकोले तीन पटक (सन् १९७०, १९८६ र २०२६) फुटबल विश्वकप आयोजना वा सहआयोजना गरेको छ।
- प्रतियोगितामा जम्मा १०४ वटा खेल हुने छन्।
- सहभागी टोली : ४८

| | |
|---|---|
| समूह ए | मेक्सिको, दक्षिण अफ्रिका, दक्षिण कोरिया, चेक |
| समूह बी | क्यानडा, बोस्निया–हर्जगोभिना, कतार, स्विट्जरल्यान्ड |
| समूह सी | ब्राजिल, मोरक्को, हाइटी, स्कटल्यान्ड |
| समूह डी | अमेरिका, पाराग्वे, अस्ट्रेलिया, टर्की |
| समूह ई | जर्मनी, कुरासाओ, आइभरी कोस्ट, इक्वेडर |
| समूह एफ | नेदरल्यान्ड्स, जापान, स्विडेन, ट्युनिसिया |
| समूह जी | बेल्जियम, इजिप्ट, इरान, न्युजिल्यान्ड |
| समूह एच | स्पेन, केप भर्डे, साउदी अरब, उरुग्वे |
| समूह आई | फ्रान्स, सेनेगल, इराक, नर्वे |
| समूह जे | अर्जेन्टिना, अल्जेरिया, अस्ट्रिया, जोर्डन |
| समूह के | पोर्चुगल, कङ्गो डिआर, उज्बेकिस्तान, कोलम्बिया |
| समूह एल | इङ्ग्ल्यान्ड, क्रोएसिया, घाना, पानामा |

**पहिलो पटक विश्वकपमा सहभागी मुलुक**

- **कुरासाओ** : एक लाख ५६ हजार मात्र जनसङ्ख्या भएको यो देश विश्वकप खेल्ने अहिलेसम्मकै सबैभन्दा सानो मुलुक बनेको छ।
- **केप भर्डे** : यो विश्वकप खेल्ने तेस्रो सानो देश हो।
- **जोर्डन** : पहिलो पटक छनोट भएको जोर्डनका प्रशिक्षक जमाल सेलामीलाई यो सफलताका लागि राजा अब्दुल्लाह द्वितीयले नागरिकता प्रदान गरेका छन्।
- **उज्बेकिस्तान** : इटालीलाई विश्वकप जिताउने कप्तान फाबियो कान्नाभारोको प्रशिक्षणमा उज्बेकिस्तान पहिलो पटक विश्वकपमा पुग्न सफल।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# भ्रष्टाचारजन्य कसुरहरूको सूची




१. **सार्वजनिक खरिद कार्यमा जिल्ला दररेटको महत्त्वबारे चर्चा गर्दै सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भएबमोजिम दररेट निर्धारण समितिको संरचना प्रस्तुत गर्नुहोस्। साथै यस समितिको जिम्मेवारी उल्लेख गर्नुहोस्।**

✍ सार्वजनिक खरिद प्रक्रियामा खरिद गरिने वस्तु, निर्माण कार्य वा सेवाको विश्वसनीय लागत अनुमान तयार पार्ने विषयलाई महत्त्वका साथ हेरिने गरिन्छ। सार्वजनिक निकायले तयार गरेको लागत अनुमानका आधारमा प्रतिस्पर्धात्मक विधिबाट योग्य निर्माण व्यवसायी, परामर्शदाता वा आपूर्तिकर्ता छनोट गरी खरिद कार्य सम्पन्न गरिन्छ। खरिद कार्यको लागत अनुमान तयार पार्न निर्माण सामग्रीको बजार दररेट, ढुवानीको दररेट, मेसिन तथा उपकरणको भाडादर र श्रमिकको ज्यालादर जस्ता कुरा यकिन हुनु आवश्यक हुन्छ। हरेक आर्थिक वर्षमा वस्तु तथा सेवाको मूल्यवृद्धि हुँदै जाने हुँदा सार्वजनिक निकायले अद्यावधिक लागत अनुमानका आधारमा खरिद कार्य अगाडि बढाउनु पर्छ। यसका लागि सार्वजनिक निकायलाई जिल्लाको भौगोलिक अवस्था र बजारको अवस्थालाई सम्बोधन गर्न सक्ने जिल्ला दररेटको आवश्यकता पर्दछ। सार्वजनिक खरिद कार्यमा जिल्ला दररेटको महत्त्वलाई निम्न बुँदाको सहायतामा बुझ्न सकिन्छ :

- खरिद कार्यको लागत अनुमान तयार गर्न,
- जिल्लाभित्रका सार्वजनिक निकायबाट हुने सार्वजनिक खरिद कार्यमा एकरूपता कायम गर्न,
- बजार मूल्य र छिमेकी जिल्लाको दररेटका आधारमा जिल्लाको दररेट कायम गरी सार्वजनिक खरिद कार्यलाई व्यवस्थित बनाउन,
- सार्वजनिक खर्च प्रक्रियालाई व्यवस्थित बनाई आर्थिक अनुशासन कायम गर्न,
- सार्वजनिक खरिद कार्यका लागि आवश्यक पर्ने बजेटको आकलन गर्न,
- जिल्लाको भौगोलिक अवस्थिति र बजारको अवस्था विचार गरी यथार्थपरक दररेट निर्धारण गर्न,
- कृत्रिम रूपमा लागत अनुमान बढाउने र मिलेमतो हुन सक्ने जोखिम नियन्त्रण गर्न,
- यथार्थपरक लागत अनुमान तयार गरी जिल्लाभित्र कार्यान्वयन हुने सम्पूर्ण आयोजना र खरिदको कामकारबाहीलाई प्रभावकारी रूपमा सम्पन्न गर्न।

**दररेट निर्धारण समितिको संरचना**

**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा दररेट निर्धारण समितिसम्बन्धी व्यवस्था रहेको छ। प्रत्येक जिल्लामा रहने दररेट निर्धारण समितिको संरचना यसप्रकार हुने व्यवस्था छ :**

क) **प्रमुख जिल्ला अधिकारी** – अध्यक्ष
ख) **जिल्ला समन्वय समितिले तोकेको जिल्ला समन्वय समितिको सदस्य एक जना** – सदस्य
ग) **जिल्ला समन्वय अधिकारी** – सदस्य
घ) **प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय** –सदस्य
ङ) **प्रतिनिधि, नेपाल निर्माण व्यवसायी महासङ्घ** – सदस्य
च) **प्रतिनिधि, उद्योग वाणिज्य सङ्घ** – सदस्य
छ) **प्रमुख जिल्ला अधिकारीले तोकेको प्राविधिक कर्मचारी** – सदस्यसचिव।

**समितिका जिम्मेवारीहरू :**

- प्रत्येक जिल्लामा पूरै जिल्लाभरि वा कुनै भागमा छुट्टै लागु हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेसिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्ने,
- दररेट निर्धारण गर्दा प्रचलित बजार दरका आधारमा निर्धारण गर्नुपर्ने,
- जिल्लासँग सिमाना जोडिएको जिल्लाको समितिले निर्धारण गरेको दररेटलाई समेत आधार लिई दररेट निर्धारण गर्नुपर्ने,
- हरेक वर्ष असार मसान्तभित्र जिल्ला दररेट निर्धारण गरिसक्नुपर्ने,
- समितिले प्रत्येक वर्ष जिल्लामा चलनचल्तीमा रहेका ढुवानीका साधनको ढुवानी दरसमेत तोकिदिनुपर्ने,
- समितिले निर्धारण गरेको दररेटको सूचना प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्रका सबै कार्यालयमा पठाई सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखा परीक्षकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिने,
- समितिको बैठकसम्बन्धी कार्यविधि निर्धारण गर्ने।
- अन्त्यमा, यथार्थपरक लागत अनुमान तयार गरी सार्वजनिक खरिद कार्यलाई प्रभावकारी बनाउन जिल्ला दररेटको भूमिका महत्त्वपूर्ण रहन्छ। यसले सार्वजनिक स्रोतको दुरुपयोग, चुहावट तथा अनियमितता नियन्त्रण गर्न सहयोग पुऱ्याउनुका साथै सार्वजनिक खर्चको प्रभावकारितासमेत अभिवृद्धि गर्दछ। जिल्लाको वस्तुस्थिति, बजार मूल्य तथा छिमेकी जिल्लाको दररेटलाई आधार मानी नियमित रूपमा दररेट निर्धारण गर्ने कानुनी व्यवस्थाको कार्यान्वयनले जिल्लाभित्रका विकास आयोजना तथा सार्वजनिक खरिद कार्यको सफल कार्यान्वयनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

२. **भ्रष्टाचार निवारण ऐन, २०५९ मा उल्लेख भएबमोजिम भ्रष्टाचारजन्य कसुरको सूची तयार गर्नुहोस्। साथै यस ऐनबमोजिम पदीय हैसियत दुरुपयोग गरेको मानिने कार्यहरू उल्लेख गर्दै सोबापत हुने सजायसमेत उल्लेख गर्नुहोस्।**

✍ व्यक्तिगत वा समूहविशेषको फाइदाका लागि सार्वजनिक पद, अधिकार र स्रोतसाधनको दुरुपयोग गर्ने कार्यलाई भ्रष्टाचार भनिन्छ। भ्रष्टाचारलाई श्वेतपोषी अपराध मानिन्छ, जुन राज्य र जनताका लागि अति नै घातक हुन्छ। नेपालमा भ्रष्टाचार निवारणका लागि नीतिगत, कानुनी तथा संस्थागत प्रबन्ध मिलाइएको हुन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारजन्य कसुर तथा सजाय निर्धारण गरी भ्रष्टाचार निवारण, सदाचार प्रवर्धन तथा आर्थिक अनुशासन कायम गर्न जोड दिएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ मा उल्लेख भएका भ्रष्टाचारजन्य कसुरहरूको सूची यसप्रकार छ :

क) रिसवत लिनेदिने,
ख) बिनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने,
ग) दानदातव्य, चन्दा वा उपहार लिने,
घ) कमिसन लिने,
ङ) राजस्व चुहावट गर्ने,
च) गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने,
छ) गलत लिखत तयार गर्ने,
ज) गलत अनुवाद गर्ने,
झ) सरकारी कागजात सच्याउने,
ञ) सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने,
ट) परीक्षासम्बन्धी कसुर गर्ने,
ठ) गैरकाननी व्यापार व्यवसाय गर्ने,
ड) नपाएको ओहदा पाए भन्ने,
ण) पदीय हैसियतको दुरुपयोग गर्ने,
त) झुटा विवरण दिने,
थ) सम्पत्तिको हिनामिना वा दुरुपयोग गर्ने,
द) निर्णय नगरी हानिनोक्सानी पुऱ्याउने,
ध) गलत प्रतिवेदन दिने,
न) गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने,
प) भ्रष्टाचारजन्य कसुर गर्न उद्योग गर्ने,
फ) भ्रष्टाचारजन्य कसुरमा मतियार हुने,
ब) सङ्गठित संस्थाबाट भएको कसुरमा मुख्य भई काम गर्ने व्यक्तिले गरेको कसुर।

**पदीय हैसियतको दुरुपयोग :**

**कुनै राष्ट्रसेवकले आफू वा अरू कसैलाई गैरकानुनी लाभ वा सार्वजनिक संस्थालाई हानिनोक्सानी पुऱ्याउने उद्देश्यले जानी जानी देहायको कुनै कार्य गरेमा निजले पदीय हैसियतको दुरुपयोग गरेको मानिन्छ :**

क) आफ्नो अधिकारक्षेत्र नभएको विषयमा प्रवेश गरी वा अर्को अधिकारीको अधिकारक्षेत्रमा हस्तक्षेप गरी निर्णय गरेमा,
ख) स्पष्ट रूपमा स्वार्थ बाझिने विषयमा कुनै निर्णय गरेमा वा आदेश दिएमा,
ग) आफ्नो पदीय हैसियतले प्राप्त हुने उन्मुक्ति, सुविधा वा छुटको दुरुपयोग गरेमा,
घ) आफ्नो मातहतमा रहेका कर्मचारी वा आफ्नो प्रभावमा रहेका व्यक्तिलाई अनुचित दबाब दिई वा प्रलोभनमा पारी कुनै काम गराएमा।

**पदीय हैसियतको दुरुपयोग गर्नेलाई हुने सजाय :**

- कुनै राष्ट्रसेवकले निज बहाल रहेको पदको पदीय हैसियत वा निजले सम्पादन गर्नुपर्ने कामको दुरुपयोग गरेमा कसुरको मात्रा अनुसार एक वर्षसम्म कैद वा पाँच लाखसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ।
- अन्त्यमा, भ्रष्टाचार सार्वजनिक पद, अधिकार तथा स्रोतसाधनको निजी स्वार्थका लागि दुरुपयोग गर्ने गम्भीर अपराध हो, जसले विधिको शासन र नागरिक विश्वासलाई कमजोर बनाउँछ। भ्रष्टाचार निवारण ऐनले पदीय हैसियतको दुरुपयोगलाई भ्रष्टाचारको महत्त्वपूर्ण स्वरूप मानेको छ। ऐनले भ्रष्टाजन्यजन्य कसुरमा संलग्न व्यक्तिलाई कसुरको गम्भीरता अनुसार कैद, जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ। अतः पदीय हैसियतको दुरुपयोग भ्रष्टाचारजन्य कसुर भएकाले सबै राष्ट्रसेवकले आफ्नो पदीय जिम्मेवारीलाई गम्भीरतासाथ लिई तोकिएको जिम्मेवारी निर्वाह गर्नु पर्छ।

३. **व्यक्तिगत घटना भनेको के हो ? व्यक्तिगत घटना दर्ताको महत्त्व उल्लेख गर्नुहोस्।**

✍ कुनै व्यक्तिको जीवनसँग सम्बन्धित जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइँसराइ जस्ता घटनालाई व्यक्तिगत घटना भनिन्छ। यी घटना नितान्त व्यक्तिको जीवनसँग सम्बन्धित भए तापनि मुलुकको सामाजिक, आर्थिक एवं जनसाङ्ख्यिक संरचनामा परिवर्तन ल्याउने सामर्थ्य राख्दछन्। यी घटनालाई तोकिएको समयावधिभित्र राज्यले तोकेको निकायमा गई दर्ता गराउनु पर्छ। यसप्रकार गरिने घटना दर्ता कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ। व्यक्तिगत घटनाको सूचना दिने व्यक्तिलाई सूचक भनिन्छ।

**व्यक्तिगत घटना दर्ताको आवश्यकता :**

**क) व्यक्तिको दृष्टिकोणबाट**

- व्यक्तिको कानुनी पहिचान स्थापित गर्न,
- व्यक्ति र राज्यबिचको सम्बन्ध स्थापित गर्न,
- राज्यबाट प्रदान गरिने सेवा सुविधा सहज रूपमा प्राप्त गर्न,
- मौलिक हक तथा नागरिक अधिकारको उपभोग गर्न,
- पारिवारिक मुद्दामामिलाको छिनोफानो गर्न, कानुनी प्रमाणका रूपमा पेस गर्न,

**ख) राज्यको दृष्टिकोणबाट**

- आफ्ना देशका नागरिक पहिचान गरी नागरिकता, राहदानी, मतदाता परिचयपत्र जस्ता कागजात प्रदान गर्न,
- जनसाङ्ख्यिक तथ्याङ्क प्राप्त गर्न,
- कुनै निश्चित अवधिमा जनसङ्ख्याको संरचनामा आएको फेरबदल पत्ता लगाउन,
- जनसाङ्ख्यिक तथ्याङ्क एवं सूचनाका आधारमा आर्थिक, सामाजिक एवं विकासात्मक नीति तथा कार्यक्रम तर्जुमा गर्न,
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन।

अन्त्यमा, व्यक्तिगत घटना व्यक्तिको जीवन र राज्यको जिम्मेवारीसँग सम्बन्धित घटना हुन्। यस्ता घटना राज्यले तोकेका निकायमा दर्ता गरी अभिलेख सुरक्षित राख्ने गरिन्छ। नेपालमा व्यक्तिगत घटना दर्तालाई प्रशासनिक प्रक्रियाका रूपमा हेरिए तापनि स्थानीय पञ्जिकाधिकारीले स्थानीय समुदाय र जनप्रतिनिधिको सहयोगमा घटनाको वास्तविकता यकिन गरी तोकिएको समयभित्र घटना दर्ता गर्नुपर्ने देखिन्छ।

४. **निर्माण कार्य गर्दा निर्माण व्यवसायीले खरिद सम्झौता उल्लङ्घन गरेमा के कस्तो कानुनी परिणाम सिर्जना हुन सक्छ ? उल्लेख गर्नुहोस्।**

✍ सार्वजनिक निर्माणका लागि गरिने खरिद सम्झौता कार्यान्वयनमा सार्वजनिक निकाय र निर्माण व्यवसायी गरी मुख्य दुई पक्ष जिम्मेवार रहन्छन्। दुवै पक्ष खरिद सम्झौताका सर्त, दायित्व र उपचारप्रति जानकार र एकअर्काप्रति जवाफदेही रहनु पर्छ। सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा उल्लेख भए अनुसार निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कार्यसम्पादन नगर्दा देहायका कानुनी परिणाम सिर्जना हुन्छ :

- सम्झौताबमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छाडेमा वा सम्झौताबमोजिमको प्रगति नगरेमा सार्वजनिक निकायले जुनसुकै बेला सम्झौता अन्त्य गर्न सक्ने,
- सम्झौता अन्त्य भएमा कार्यसम्पादन जमानत जफत हुने,
- पूर्वनिर्धारित क्षतिपूर्ति प्राप्त गर्ने,
- सम्झौताबमोजिमको बाँकी काम दोस्रो पक्षको खर्चमा सम्पन्न गराउने,
- बाँकी काम पूरा गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुलउपर गर्न सकिने,
- त्रुटिपूर्ण कार्य अस्वीकार गर्ने,
- त्रुटिपूर्ण मालसामान तत्काल हटाउने, प्रतिस्थापन गर्न लगाउने,
- अन्य सान्दर्भिक क्षतिपूर्ति भराउने,
- खरिद सम्झौताबमोजिम उपलब्ध हुने अन्य उपचार।

यसरी सार्वजनिक निकायले निर्माण कार्य गर्दा तोकिएको परिमाण, गुणस्तर, लागत र समयावधिमा कार्यसम्पन्न गर्नका लागि माथि उल्लेख भएबमोजिम कानुनप्रदत्त अधिकारको प्रयोग गर्न सक्छन्।

५. **वित्तीय हस्तान्तरण भनेको के हो ? यसको महत्त्व उल्लेख गर्नुहोस्।**

✍ कुनै एक तहको सरकारबाट अर्को तहको सरकारमा हुने वित्तीय स्रोतको हस्तान्तरणलाई वित्तीय हस्तान्तरण भनिन्छ। सामान्यतयाः कमजोर वित्तीय स्रोतसाधन रहेका सरकारलाई तिनीहरूको कार्य सञ्चालन, सेवा प्रवाह र विकासनिर्माणका लागि अर्को तहको सरकारबाट वित्तीय हस्तान्तरण हुने गर्दछ। सङ्घीयता तथा विकेन्द्रीकरणको अभ्यास गरेका मुलुकमा विशेष गरेर सङ्घबाट प्रदेश/राज्य सरकार वा स्थानीय सरकारमा वित्तीय हस्तान्तरण हुने गरेको पाइन्छ। नेपालमा विभिन्न प्रकारका अनुदान र राजस्व बाँडफाँटका रूपमा वित्तीय हस्तान्तरण हुने गरेको छ।

**वित्तीय हस्तान्तरणको महत्त्व :**

- तहगत सरकारको खर्च जिम्मेवारी र राजस्व क्षमताबिचको अन्तर सम्बोधन गर्न,
- बृहत् राष्ट्रिय तथा तहगत सरकारले निर्धारण गरेका नीति तथा प्राथमिकता कार्यान्वयनका लागि स्रोतको व्यवस्था गर्न,
- राष्ट्रियस्तरमा निर्धारित वा प्रदेश तथा स्थानीय तहले निर्धारण गरेका लक्ष्य वा उद्देश्य हासिल गर्न,
- एकल र साझा अधिकारका रूपमा संविधानमा उल्लिखित जिम्मेवारी सम्पादन गर्न,
- नागरिकलाई गुणस्तरीय सेवा सुविधा उपलब्ध गराई राज्यको जिम्मेवारी पूरा गर्न,
- दिगो, सन्तुलित र समावेशी विकासलाई प्रोत्साहन गर्न,
- प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय मानक स्थापित गर्न,
- तहगत अन्तरसम्बन्धलाई सुमधुर बनाउन,
- प्रदेश र स्थानीय तहको स्वायत्तताको सम्मान गर्दै विनियोजन दक्षता अभिवृद्धि गर्न,
- सङ्घले सङ्कलन गरेको वित्तीय स्रोतलाई स्थानीय आवश्यकता र प्राथमिकता अनुरूप विनियोजन गरी स्थानीय विकास र सेवा प्रवाहमा खर्च गर्न,
- सङ्घीय व्यवस्थाप्रति आमनागरिकको अपनत्व सिर्जना गरी सङ्घीयताको सफल कार्यान्वयन गर्न,
- अन्त्यमा, नेपालको वित्तीय सङ्घीयताको ढाँचामा वित्तीय हस्तान्तरण एक महत्त्वपूर्ण अवयवका रूपमा रहेको छ। सङ्घीयता कार्यान्वयनको प्रमुख साधनका रूपमा वित्तीय हस्तान्तरणलाई लिने गरिन्छ।
- माथिल्लो तहको सरकारबाट हुने वित्तीय हस्तान्तरणका कारण नै तल्ला तहका सरकार चलायमान भएको देख्न सकिन्छ। वित्तीय हस्तान्तरणलाई थप समन्यायिक, पारदर्शी र तथ्यमा आधारित बनाउन नीतिगत तथा कानुनी सुधार र संस्थागत क्षमता विकासमा जोड दिनु आवश्यक छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**

# नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

तामाङ भाषा पृष्ठ

# ཏ་མང་ སྐྱེ་དྲུང་ལ་ ཀུང་ཙོ་ཧོ་ རམ་གྲིས་ན་ ལྷོན་ ཏ་མང་ དམ་ཛེ།།

## སྐྱེ་དྲུང་ལ་ ཀུང་ཙོ་ཧོ་ཐྲི་རི་ རམ་གྲིས་ ལྷོན་ ཏ་མང་།

✍ཨ་ཛིཏ་མན་ ཡོཔ་ཅན་ ཏ་མང་།



༼ཉེ་པལ་ ཏ་མང་ སྐྱེ་དྲུང་ལ་ སེ་ཕོ་ ཏ་བུ་ལྷོ་ ༢༨༧༢ དིང་ ༢༨ ཚེ་པ་ ཀུ་ཏུ་ དམ་སི་ ཁ་བ་ ཀུང་ཙོ་ཧོ་ ཐེན་ ཀུང་ཁྲེན་ གཡུ་རང་ཡི་ ཐེན་ སུན་དོ་ གྱུ་ཁེན་ཀ་དེ།།༽

वाल्मीकि विद्यापीठका तपसिलमा उल्लिखित पसलकबलहरू जे–जस्तो अवस्थामा छन्, सोही अवस्थामा छुट्टाछुट्टै रूपमा भाडामा लगाउनुपर्ने भएकाले तपसिलअनुसारको न्यूनतम भाडामा नघट्ने गरी बढाबढमा भाडामा लिन इच्छुक आयकरमा दर्ता भएका व्यक्ति, फर्म/कम्पनी वा अन्य निकायले आफूले लिन चाहेको पसलकबल नम्बर र तिर्न सक्ने भाडादर स्पष्ट खुलाई बोलपत्र फारम दर्ता गराउनुहुन सूचित गरिन्छ। इच्छुक बोलपत्रदाताहरूले आफूले लिन चाहेको पसलकबलका लागि बेग्लाबेग्लै बोलपत्र पेस गर्नुपर्ने छ। प्रति बोलपत्र फाराम रु.५,०००।- (अक्षरेपि पाँच हजार) मात्र (फिर्ता नहुने गरी) तिरी वाल्मीकि विद्यापीठ काठमाडौँबाट खरिद र सोही स्थानमा दर्ता गर्न सकिने छ। बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशन भएका मितिले एक्काइसौँ दिनको कार्यालय समयभित्र खरिद गरिसक्नुपर्ने छ र बाइसौँ दिन (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) दिउँसो २:०० बजेभित्र दर्ता गरिसक्नुपर्ने छ। निर्धारित मितिसम्ममा दर्ता भएका बोलपत्रहरू प्रथम पटक सूचना प्रकाशित भएको मितिबाट बाइसौँ दिनको दिउँसो ३ बजेपश्चात् वाल्मीकि विद्यापीठ काठमाडौँमा खोलिने छ। विस्तृत जानकारीका लागि वाल्मीकि विद्यापीठको वेबसाइट https://balmeekicampus.edu.np/ वा सूचनापाटीमा हेर्नुहुन वा विद्यापीठको प्रशासन शाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ। **तपसिलः**

१. पसलकबल नं. २८ – न्यूनतम भाडा रु. ३८,२९०।-
२. पसलकबल नं. ० (क) – न्यूनतम भाडा रु. ३२,३९०।-

---

## काठमाडौँ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ
**बुढानिलकण्ठ–७, हेपाली हाइट, काठमाडौँ**
KIOCH **फोन नः** ०१ ४३७०३७३, email: info@kioch.org.np, website: www.kioch.org

**आ.व.०८३।८४ का लागि आवश्यक Reagent and instruments for Pathology Lab and Blood Blank खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०७)
(बोलपत्र नं. ०३–२०८३/८४)

यस इन्स्टिच्युटमा आ.व. २०८३/८४ का लागि आवश्यक Reagent and instruments for Pathology Lab and Blood Blank खरिद गर्नुपर्ने भएकोले सो कार्य गर्न योग्यता पुगेका इच्छुक उत्पादक, फर्म/सप्लायर्स/कम्पनीबाट दर्ता प्रमाणपत्र, अद्यावधिक गरेको आधिकारिक इजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धिकर प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि, फाराम खरीद दस्तुरबापत प्रति बोलपत्र रु १,००० (एक हजार) इन्स्टिच्युटको सानिमा बैंक, नक्साल शाखामा रहेको खाता नं. ००१०१००१०००२०६३ मा जम्मा गरेको बैंक भौचर संलग्न राखी मितिः २०८३/०३/३२ गते कार्यालय समयभित्र इन्स्टिच्युटको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्ने तथा बोलपत्र फाराममा उल्लेखित कागजात तथा कबोल अंकको ३ प्रतिशतले हुन आउने धरौटी बापतको रकम इन्स्टिच्युटको सिद्धार्थ बैंक लिमिटेड, हात्तीसार शाखामा रहेको खाता नं. ५५५०७६३७१२७ मा जम्मा गरेको बैंक भौचर वा बैंक ग्यारेन्टीको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि गणना हुनेगरी कम्तीमा १२० (एक सय बीस) दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी पत्रसहित २०८३/०४/०१ गते दिनको १२:०० बजेसम्म इन्स्टिच्युटको कार्यालयमा आ–आफ्नो सिलबन्दी बोलपत्रहरू पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त बोलपत्रहरू मितिः २०८३/०४/०१ गते दिउँसो २:०० बजे इन्स्टिच्युटको कार्यालयमा खोलिने छ। बोलपत्र बुझाउने र खोल्ने दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट सो कार्य गरिनेछ।

अन्य विस्तृत जानकारीका लागि यस इन्स्टिच्युटको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

यो सूचना इन्स्टिच्युटको website: www.kioch.org.np मा पनि हेर्न सकिने छ।

---

## काठमाडौँ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ
**बुढानिलकण्ठ–७, हेपाली हाइट, काठमाडौँ**
KIOCH **फोन नः** ०१ ४३७०३७३, email: info@kioch.org.np, website: www.kioch.org

**आ.व.०८३।८४ देखि ३ आर्थिक वर्षका लागि आवश्यक Biochemistry Lab Reagents खरिदसम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/०३)
(बोलपत्र नं. ०२–२०८३/८४)

यस इन्स्टिच्युटमा आ.व. २०८३/८४ देखि ३ आर्थिक वर्षका लागि आवश्यक Biochemistry Lab Reagents खरिद गर्नुपर्ने भएकोले सो कार्य गर्न योग्यता पुगेका इच्छुक उत्पादक, फर्म/सप्लायर्स/कम्पनीबाट दर्ता प्रमाणपत्र, अद्यावधिक गरेको आधिकारिक इजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धिकर प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि, फाराम खरिद दस्तुर बापत प्रति बोलपत्र रु ५,००० (पाँच हजार) इन्स्टिच्युटको सानिमा बैंक, नक्साल शाखामा रहेको खाता नं. ००१०१००१०००२०६३ मा जम्मा गरेको बैंक भौचर संलग्न राखी मिति २०८३/०३/३२ गते कार्यालय समयभित्र इन्स्टिच्युटको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्ने तथा बोलपत्र फाराममा उल्लेखित कागजात तथा कबोल अंकको ३ प्रतिशतले हुन आउने धरौटी बापतको रकम इन्स्टिच्युटको सिद्धार्थ बैंक लिमिटेड, हात्तीसार शाखामा रहेको खाता नं. ५५५०७६३७१२७ मा जम्मा गरेको बैंक भौचर वा बैंक ग्यारेन्टीको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि गणना हुनेगरी कम्तीमा १२० (एक सय बीस) दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी पत्रसहित २०८३/०४/०१ गते दिनको १२:०० बजेसम्म इन्स्टिच्युटको कार्यालयमा आ–आफ्नो सिलबन्दी बोलपत्रहरू पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त बोलपत्रहरू मिति २०८३/०४/०१ गते दिउँसो २:०० बजे इन्स्टिच्युटको कार्यालयमा खोलिने छ। बोलपत्र बुझाउने र खोल्ने दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट सो कार्य गरिनेछ।

अन्य विस्तृत जानकारीका लागि यस इन्स्टिच्युटको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

यो सूचना इन्स्टिच्युटको website: www.kioch.org.np मा पनि हेर्न सकिने छ।

# बजेटले छोएन कालीकोटको पर्यटन क्षेत्र

**कालीकोट समाचारदाता**
*कालीकोट, असार २ गते*

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेटमा कालीकोटका महत्त्वपूर्ण पर्यटकीय स्थल प्राथमिकतामा नपरेको भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।

प्रदेशका विभिन्न जिल्लाका प्रमुख पर्यटकीय गन्तव्यलाई प्राथमिकता दिइएको छ तर कालीकोटका कुनै पनि प्रमुख पर्यटन गन्तव्यका लागि छुट्टै कार्यक्रम वा बजेट समावेश गरिएको छैन। बजेटमा मुगुको रारा, सुर्खेतको काँक्रेविहार, सल्यानको कुपिण्डे दह तथा रुकुमपश्चिमको स्यार्पुतालको पूर्वाधार विकासका लागि भने बजेट विनियोजन गरिएको उल्लेख गरिएको छ।

प्रदेशको बजेटले कालीकोटको पर्यटन क्षेत्रलाई सम्बोधन नगरेकाले स्थानीय निराश भएका छन्। ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाले भरिपूर्ण कालीकोटमा लुहारेकोट, कोटदरबार पचालझरना, रास्कोट क्षेत्रको देउरा पटन, धार्मिक स्थल तथा कर्णाली कोरिडोर आसपासका पर्यटकीय सम्भावना बोकेका क्षेत्रको प्रवर्धनका लागि कुनैमा पनि बजेट विनियोजन गरिएको छैन।



*तस्बिर : प्रेमराज सिम्खडा*
**नेपालकै लामो मानिने कालीकोटमा रहेको पचालझरना।**

प्रदेश सरकारले पर्यटन विकासको नाममा अन्य जिल्लाका योजनालाई प्राथमिकता दिँदा कालीकोट उपेक्षामा परेको स्थानीय सरोकारवालाको गुनासो छ।

स्थानीय पर्यटन व्यवसायी तथा नागरिक समाजका अगुवा अम्लराज शाहीले कालीकोटमा पर्यटन पूर्वाधार निर्माण, पदमार्ग विकास, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रचारप्रसारका लागि बजेट आवश्यक रहे पनि प्रदेश सरकारले त्यसतर्फ ध्यान नदिएको गुनासो गर्नुभयो। कर्णाली प्रदेश सरकारले पर्यटन क्षेत्रका लागि करोडौँ रुपियाँ बजेट विनियोजन गरेको दाबी गरे पनि त्यसको प्रत्यक्ष लाभ कालीकोटले नपाउने अवस्था देखिएको छ। पर्यटन क्षेत्रलाई आर्थिक समृद्धिको आधार मानिएको अवस्थामा कालीकोटका पर्यटकीय सम्भावनालाई बेवास्ता गरिएको भन्दै स्थानीयवासीले आगामी संशोधित कार्यक्रम तथा योजनामार्फत बजेट सुनिश्चित गर्न माग गरेका छन्।

स्थानीय तहका जनप्रतिनिधिले समेत कालीकोटका पर्यटन क्षेत्रको पहिचान, संरक्षण र प्रवर्धनका लागि प्रदेश सरकारसँग विशेष पहल गर्ने बताएका छन्।

पर्यटनको अथाह सम्भावना हुँदाहुँदै बजेटमा स्थान नपाउनु कालीकोटका लागि दुर्भाग्यपूर्ण भएको उनीहरूको भनाइ छ। तिलाकर्णाली बहुमुखी क्याम्पसका प्राध्यापक डिल्लीबहादुर सिंहले बजेटमा त्यही महाबै पालिकासम्म सडक सञ्चालन विकासको कुरा मात्र गरेर नहुने भन्दै पर्यटकीय क्षेत्रको विकासमा उदासीन भएको पाइएको बताउनुभयो। पचाझरना नेपालकै सबैभन्दा ठुलो झरना भएको दाबी गरिएको छ।

## स्वयंसेविकालाई निःशुल्क उपचार

**हुम्ला समाचारदाता**
*हुम्ला, असार २ गते*

स्वास्थ्यसेवा कार्यालय अन्तर्गतका जिल्ला अस्पतालले राष्ट्रिय महिला सामुदायिक स्वयंसेविकाको सबैखाले उपचार निःशुल्क गर्ने भएको छ। यसका लागि स्वास्थ्य सेवा कार्यालय र सिमकोट गाउँपालिकाबिच सम्झौता भएको छ।

सिमकोट गाउँपालिकाका आठ वटा वडामा हाल सेवा प्रदान गर्दै आएका सामुदायिक स्वयंसेविकाको सबै रोगका उपचार निःशुल्क गरिने स्वास्थ्य सेवा कार्यालयका प्रमुख डा. उमाकान्त तिवारीले बताउनुभयो।

यसका लागि कार्यालय र सिमकोट गाउँपालिकाबिच सम्झौतापत्रमा हस्ताक्षरसमेत भएको छ। सोमबारदेखि सो कार्यक्रम लागु भइसकेको छ। सिमकोट गाउँपालिकामा ४५ जना महिला महिला सामुदायिक स्वयंसेविका विभिन्न बस्तीमा काम गर्दै आउनुभएको छ।

उनीहरूलाई जिल्ला अस्पतालमा गर्न सकिने रोगको उपचारमा पूर्ण रूपमा निःशुल्क उपचार हुने छ। स्वास्थ्य क्षेत्रमा करिब चार दशकदेखि स्वयंसेवा गरी जिल्लामा मातृ तथा शिशु मृत्युदर कम गर्न र स्वास्थ्य क्षेत्रमा जनचेतना फैलाउन उहाँहरूको अमूल्य योगदान रहँदै आएको छ। सिमकोट गाउँपालिकाले ती स्वयंसेविकालाई जिल्ला अस्पताल हुम्लामा उपलब्ध हुने सम्पूर्ण सेवा निःशुल्क प्रदान गर्ने जनाएको छ।

## प्रसूति केन्द्र सञ्चालन नहुँदा घरमै सुत्केरी

**रलिङ समाचारदाता**
*रलिङ (हुम्ला), असार २ गते*

हुम्लाको ताँजाकोट गाउँपालिका–३ स्थित मासपुर आधारभूत स्वास्थ्य सेवा केन्द्रमा प्रसूति केन्द्र अर्थात् बर्थिङ सेन्टर सञ्चालन नहुँदा स्थानीय जोखिमपूर्ण अवस्थामै घरमै सुत्केरी हुन बाध्य छन्।

जिल्लाकै दुर्गम स्वास्थ्य संस्थामध्ये मासपुर गाउँ अझ बढी दुर्गमका रूपमा चिनिन्छ। स्थापना भएको लामो समय बितिसक्दा पनि स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको स्थानीयको गुनासो छ। कार्यालय सहयोगीसहित तीन जना स्वास्थ्यकर्मीको दरबन्दी भए पनि अधिकांश समय एक जना स्वास्थ्यकर्मीले मात्रै सो संस्थामा सेवा दिइरहेको स्थानीयले बताएका छन्।

२६ घरधुरी रहेको मासपुर गाउँका साथै नजिकै कुवाडीखोलापारिको बाजुराको बौडी गाउँका नागरिकसमेत औषधी उपचारका लागि यही स्वास्थ्य केन्द्रमा आउने गर्छन् तर स्वास्थ्य संस्थामा प्रायः एक जना मात्रै स्वास्थ्यकर्मी भेटिने गरेको स्थानीयको भनाइ छ। सिप नेपाल र ट्रस नेपालको साझेदारीमा २०७४ सालमै स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर स्थापना गरी आवश्यक बेड, औषधी तथा उपकरण उपलब्ध गराइएको थियो। केन्द्रमा अनमी करुणा कुँवरलाई खटाइएको छ। सरकारी स्वीकृति नपाउँदा बर्थिङ सेन्टर सञ्चालनमा आउन नसकेको स्थानीयको गुनासो छ। परिणामस्वरूप गाउँका महिला अझै पनि घरमै सुत्केरी हुन बाध्य छन्।

स्थानीय धनरूपा भण्डारीका अनुसार स्वास्थ्य संस्थामा स्विपरको व्यवस्थासमेत छैन भने बर्थिङ सेन्टर सञ्चालन नहुँदा गर्भवती महिलालाई जोखिमपूर्ण अवस्थामा घरमै सुत्केरी गराउनु परेको छ। नवजात शिशु र आमाको ज्यान जोगाउन घरमै हुने सुत्केरीलाई शून्यमा झार्ने अभियान चलाइए पनि गाउँमा त्यो सम्भव हुन सकेको छैन।

स्वास्थ्य सेवा केन्द्रका प्रमुख पदम बुढाका अनुसार गर्भवती महिलाले कम्तीमा आठ पटक गर्भ जाँच गराउनुपर्ने व्यवस्था भए पनि मासपुरमा सामान्य रक्तचाप परीक्षण, आइरन चक्की वितरण तथा नियमित खोप सेवा मात्रै उपलब्ध छ। गर्भवती महिलालाई आवश्यक दुई वटा खोप लगाउने गरेका छौँ र आइरन चक्की उपलब्ध गराउने गरेका छौँ। उहाँले भन्नुभयो, "चालु आवमा गाउँका छ जना महिला घरमै सुत्केरी भएका छन्। स्वास्थ्य संस्थामा पहुँच नहुँदा यस्तो जोखिमपूर्ण अवस्थालाई सामना गर्न गर्भवती महिला बाध्य भएका हुन्।" जतिसक्दो छिटो प्रसूति केन्द्र सञ्चालनमा ल्याउन सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

स्वास्थ्य कार्यालय हुम्लाका प्रमुख डा. उमाकान्त तिवारीले ताँजाकोट गाउँपालिकामा घरमै सुत्केरी हुने सङ्ख्या जिल्लामै बढी रहेको स्वीकार गर्नुभयो। उहाँका अनुसार मासपुर जस्ता दुर्गम बस्तीमा स्वास्थ्य संस्थासम्म पहुँच कठिन भएकाले संस्थागत सुत्केरी बढाउन चुनौती रहेको बताउनुभयो।

## आश्रम निर्माणका लागि बजेट

**बुलबुले समाचारदाता**
*सुर्खेत, असार २ गते*

कर्णाली प्रदेशलाई सात वर्षअघि 'सडक मानवमुक्त' घोषणा गरिएको थियो तर समयमै आवश्यक पूर्वाधार निर्माणको काम नहुँदा अहिलेसम्म पनि यहाँको सडक मानवमुक्त हुन सकेको छैन।

मानवसेवा आश्रमको पूर्वाधार निर्माणका लागि कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि एक करोड ५० लाख रुपियाँ बजेट विनियोजन गरेको छ। आश्रमको भवन निर्माणका लागि प्रदेश सरकारले प्रत्येक वर्ष बजेट विनियोजन गर्दै आएको छ। चालु आवमा पनि एक करोड ५० लाख नै बजेट विनियोजन भएको थियो तर कुनै पनि काम भएको छैन। सडक मानवमुक्त प्रदेश कार्यान्वयन गर्न मानव सेवाआश्रमलाई सहयोग गरिएको प्रदेश सरकारले जनाएको भए पनि कार्यान्वयन नभएकोप्रति स्थानीयको ध्यानाकर्षण भएको छ।

बेसहारा, अभिभावकविहीन भई सडकमा जीविकोपार्जन गरिरहेकालाई घरपरिवार वा आश्रममा पुनर्स्थापना गर्ने उद्देश्यले वीरेन्द्रनगर नगरपालिका–११ को चारकुनेमा मानव सेवाआश्रम भवन निर्माण गर्न लागिएको हो।


मधेश प्रदेश सरकार
**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
जनकपुरधाम, धनुषा
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
प्रकाशित मितिः २०८३।०३।०३

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको ठेक्काका लागि पेश भएका बोलपत्रहरूमध्ये एकाइ दररेटमा मूल्याङ्कनबाट तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरी उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरूको कार्यमा सहभागी सबै बोलपत्र दाताहरूका लागि ३ (तीन) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | सूचना प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको बोलपत्र दाताको नाम | एकाइ दररेटमा सबैभन्दा कम कबोल अङ्क रु. |
|---|---|---|---|---|
| 1 | 12/05/2026 | MIHS/NCB/GOODS/2082-83/16;The Procurement of Supply and delivery of Surgical equipment/Machine for Arthopedic OT | Global Medico Pvt. Ltd.,Naya Baneshwor Thapagaun-10 | 64,94,110.00 |

रजिस्ट्रार

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल
महाराजगञ्ज, काठमाडौँ
**बोलपत्र छनोट गर्ने आशयको सूचना**
प्रकाशित मिति २०८३।०३।०३

यस अस्पतालबाट निम्न मितिमा प्रकाशित बोलपत्रको सूचना बमोजिम तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरूको नियमानुसार बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद नियम २०५० (संशोधन सहित) को ५२ ञ (१) बमोजिम सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको रूपमा छनोट गरी सोही नियमको ५२ ञ (२) प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Description | Notice Publish Date (B.S.) | Awarded Bidder's Name & Address | Awarded Total Amount Nrs. (With VAT) |
|---|---|---|---|---|
| 1. | PB-24/2082/083, Procurement of Renovation of Plastic Surgery Ward | 2082/09/29 | Charak Enterprises Pvt. Ltd., Basundhara, Ktm. | 1,09,25,256.59 |

थप जानकारीको लागि यस अस्पतालको योजना शाखामा सर्म्पक राख्न सकिनेछ।
योजना, निर्माण तथा कार्यक्रम शाखा

मधेश प्रदेश सरकार
**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
जनकपुरधाम, धनुषा
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
सूचना प्रकाशित मिति : २०८३।०३।०३

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काका लागि पेश भएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रहरू स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरूको कार्यमा सहभागी सबै बोलपत्र दाताहरू/आपूर्ति कर्ताहरूका लागि ३ दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | प्रकाशन मिति | ठेक्का नं. | आइटम नं. हरू | छनोट भएका दरभाउपत्र दाताको नाम | सबैभन्दा कम कबोल अङ्क (VAT बाहेक) |
|---|---|---|---|---|---|
| 1 | 26/03/2026 | MIHS/PH/NCB/GOODS/2082-083/02, The procurement of supply and Delivery of Medical and Surgical Goods For Dialysis Ward. | 7 | Aaditya International | 1,32,000 |
| | | | 4 | Pari Enterpises Pvt. Ltd. | 40,60,200 |
| | | | 1,6,8,9 | Himalaya Exim Pvt. Ltd. | 66,70,000 |
| | | | 2,3,5 | Medplus Pharma Distributors | 34,14,400 |

(रजिस्ट्रार)

त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय, बल्खु
**सम्पर्कमा आउने बारेको सूचना**
(प्रकाशित मितिः२०८३।०३।०३)

यस कार्यालयको मिति २०८३।०१।११ गते प्रकाशित चमेना गृह सञ्चालन सम्बन्धी सूचना अनुसार तोकिएको म्याद भित्र प्राप्त हुन आएका ३ थान शिलवन्दी दरभाउपत्रमध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार उच्च समान अङ्क प्राप्त गर्ने देहायका दुई दरभाउपत्रदाताहरूलाई मिति २०८३ असार ११ गते विहिवार दिनको ११:०० वजे यस कार्यालयमा उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ।

**दरभाउपत्रदाताहरू**

| | | |
|---|---|---|
| १ | बेष्ट क्वालिटी फूड एण्ड क्यान्टिन | बाफल, काठमाडौँ |
| २ | हल्दे कालिका एण्ड चमेना गृह, | बोहराटार–१६, काठमाडौँ |

परीक्षा नियन्त्रक

**Kathmandu Metropolitan City**
यें महानगरपालिका
Office of the Municipal Executive
Kathmandu Plaza, Kamaladi, Kathmandu
**Notice for Opening of Financial Proposal**
Date of Publication: 2083-03-03
नेपाल सम्वतः 1146 तछलाथ्व तृतिया

This is to notify all the qualified bidder for the opening of financial proposal as per schedule mentioned below:

| IFB No. | Description of work | Financial Proposal Opening Date and Time | Qualified Bidders |
|---|---|---|---|
| 01--01-082-83-NCBW-EDU-KMC | Construction Works of Academic Block of Shree Janabikash Secondary School, Balkhu, KMC-14 | 2083-03-10 14:00 hours 2026-06-24 | 1. Orbit Engineering and Builders<br>2. Surendra-Regmi JV<br>3. RM-Surak-Platinum JV<br>4. Thalding Devi Nirman Sewa Pvt. Ltd.<br>5. Bajra Mansh/Abhiyanta JV<br>6. Ishwori – Sapana and Swikriti JV<br>7. Bacha Construction-S.K.G. Engineering JV<br>8. Tripura Sundari-Anjuma JV |
| 03-03-082-83-NCBG-WARD10-KMC | Installation of CCTV& Maintenance Works at Different Marg of Ward No. 10, KMC | 2083-03-10 14:00 hours 2026-06-24 | 1. All Nepal Sales And Service Pvt. Ltd. |

Procurement Unit

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
**पक्लिहवा क्याम्पस, भैरहवा, नेपाल**
**विषयः बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।**
प्रकाशित मिति २०८३।०३।०३

यस क्याम्पसको सेवा करार सम्बन्धी कार्यको लागि "गोरखापत्र" पत्रिकामा बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरे अनुसार तपशिल बमोजिम बोलपत्र यस क्याम्पसको बोलपत्र मूल्याङ्कन समितिको मिति २०८३।०३।०२ गतेको निर्णय अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृत भै जाने देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१),(२) अनुसार तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि सिफारिस भएकोले त्रि. वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को परिच्छेद १२ बोलपत्र सम्बन्धी व्यवस्थाको नियम ५२ "ञ" को नियम २ उप नियम (१) प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | बोलपत्र नं. | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कार्यको विवरण र स्थान | कबोल अंक मू. अ. कर समेत मासिक जम्मा रु. |
|---|---|---|---|---|
| १. | ०२।२०८०।०८१ | श्री फ्रन्टियर फोर्स सेक्यूरिटी गार्ड प्रा.लि. सि.न.पा. रुपन्देही। | ठेक्कामा जनशक्ति उपलव्ध गराउने | रु.३,३१,३७२।५० (तीन लाख एकतिस हजार तीन सय बहत्तर रुपैयां पचास पैसा मात्र) |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**सडक विभाग**
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन सुर्खेत
**धरौटी फिर्ता लिन आउने बारेको अत्यन्त जरुरी सूचना**
प्रथम पटक प्रकाशित मिति :२०८३/०३/०३

प्रस्तुत विषयमा यस डिभिजनमा विगत आ.व. २०७६/०७७ सम्म आम्दानी बाधिएका, प्रयोजन तथा म्याद समाप्त भएका विभिन्न फर्म तथा व्यक्तिको नाममा रहेका धरौटी रकम फिर्ताका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र धरौटी जम्मा गरेको प्रमाण, मूअकर समायोजन र कर चुक्ता प्रमाण पत्र संलग्न गरि धरौटी रकम फिर्ताको निवेदन यस डिभिजनमा पेश गर्न हुन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६७(२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ। म्याद भित्र आवश्यक कागजात सहितको निवेदन पेश नभएमा सोही नियम ६७ को उपनियम ३ बमोजिम राजश्व खातामा जम्मा गरिने व्यहोरा समेत जानकारी गराइन्छ। उक्त धरौटीको विस्तृत विवरण यस डिभिजनको Website: https://www.dor.gov.np/surkhet, Facebook Page: road division surkhet तथा कार्यालयको सूचना पाटीमा समेत राखिएको व्यहोरा अनुरोध छ।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था
**राष्ट्रिय वाणिज्य बैंक लि.**
केन्द्रीय कार्यालय
सामान्य सेवा विभाग
फोन– ४२५२५९५ एक्सटेन्सन नं.– २४११,१३१७
**चमेना गृह सञ्चालनका लागि दरभाउपत्र आह्वान सम्बन्धी सूचना ॥**
प्रथम पटक प्रकाशित मितिः २०८३/०३/०३

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, केन्द्रीय कार्यालयका लागि आवश्यक चमेना गृह संचालन सेवा उपलब्ध गराउन इच्छुक, दर्ता भएका र योग्य व्यावसायिक फर्म/संस्थाहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

**मुख्य विवरणहरूः**
१. दरभाउपत्र फारामः बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागबाट बैंकको खाता नं. ५०५०१०००००१२६२ मा रु. १,०००।० (फिर्ता नहुने) जम्मा गरेको भौचर पेश गरी प्राप्त गर्न सकिनेछ।
२. दरभाउपत्र पेश गर्ने अन्तिम मितिः २०८३ असार १८ गते, दिउँसो १२:०० बजेसम्म।
३. दरभाउपत्र खोल्ने मिति र समयः २०८३ असार १८ गते, दिउँसो १२:३० बजे।
४. जमानत रकम (Bid Security): रु. २,००,०००।– (दुई लाख रुपैयाँ) बैंकको थापाथली शाखाको खाता नं. १००१०१००००००११२० मा जम्मा गरेको भौचर वा सोही रकम बराबरको १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

**आवश्यक न्यूनतम योग्यता (Eligibility Criteria):**
चमेना गृह, होटल/केटरिङ व्यवसाय सञ्चालनका लागि नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भई नवीकरण भएको हुनुपर्ने।
स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको।
आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्र।
सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको प्रमाणपत्र।
न्यूनतम वार्षिक कारोबार रु. २५,००,००० (पच्चीस लाख) पुगेको हुनुपर्ने।
कानुनी रूपमा अयोग्य नरहेको स्व–घोषणा पत्र।

**अन्य सर्तहरूः**
१. दरभाउपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टको कार्यालय समयलाई अन्तिम मिति मानिनेछ। यस्तो अवस्थामा बोलपत्र जमानतको म्याद भने सुरुमा तोकिएको मिति अनुसार नै कायम रहनेछ।
२. कुनै वा सबै सिलबन्दी दरभाउपत्रहरू बिना कुनै कारण पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा सुरक्षित रहनेछ।
इच्छुक फर्महरूले तोकिएको समयभित्र रितपूर्वकको दरभाउपत्र बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागमा दर्ता गराउनुहुन सूचित गरिन्छ। विस्तृत जानकारीका लागि बैंकको सामान्य सेवा विभागमा सम्पर्क गर्न सकिनेछ।

**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय**
दैलेख
**खरिद सम्झौता अन्त्य गरिएको सम्बन्धि सार्वजनिक सूचना**
प्रकाशित मितिः- २०८३/०३/०३

तत्कालिन मध्यपहाडी पश्चिम (पुष्पलाल) राजमार्ग आयोजना तुल्सिपुर दाङबाट संचालन भई यस कार्यालयमा हस्तान्तरण भएको तपसिलको ठेक्काको निर्माण कार्यका सम्बन्धमा पटक – पटक ताकेता र सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्पर्क बिहिन भई सम्झौता बमोजिमको कार्य नगरेको तथा लामो अवधिसम्म पनि कार्य शुरु गर्ने तर्फ कुनै अग्रसरता समेत नदेखिएको, विभिन्न समयमा पेश गरेको संशोधित कार्य तालिका र प्रतिबद्धता अनुसार कार्य नगरेको साथै कुनै पनि चित्त बुझ्दो प्रतिक्रिया र कार्य सम्पन्न गर्ने विश्वसनीय आधार पेश नगरेको हुँदा ठेक्का सम्झौताको GCC Clause 57 को प्रावधान तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) बमोजिम खरिद सम्झौता अन्त्य गरिएको व्यहोरा जानकारी गराईन्छ। साथै सोहि ऐनको दफा ५९ (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ बमोजिमको कारबाही प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक नियमावली, २०६४ तथा ठेक्का सम्झौता बमोजिम Post Termination Evaluation भई स्थापित हुने रकम सरकारी बाँकी सरह असुल उपर हुने कानूनी व्यवस्था भएकाले यो सूचना प्रकाशित गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र निर्माण व्यवसायीलाई यस कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध छ।

तपसिल

| ठेक्का नं. | कार्य विवरण | निर्माण व्यवसायी |
|---|---|---|
| MIDHLDNG/3371384/2072/73-011 | Upgrading of Patihalne – Rukumkot Road section (Km 0+000 to Km 13+000) | Bharat –Mahadev Khimti – Siddi Sai JV, Kathmandu |

योजना प्रमुख

" बीमाको क्षेत्रमा विश्वसनीय नाम"
**राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड**
प्रधान कार्यालय, रामशाहपथ, काठमाडौँ
**जीवन बीमा अभिकर्ताको आधारभूत तालिम सञ्चालनको सूचना।**

यस कम्पनीबाट काठमाडौँमा तपसिल अनुसार जीवन बीमा अभिकर्ताको आधारभूत तालिम संचालन हुन गइरहेको हुँदा जीवन बीमा अभिकर्ता भई काम गर्न इच्छुक महानुभावहरूले नजिकैको शाखा कार्यालय वा बजार व्यवस्थापन विभागमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौँ।

तपसिल

| | |
|---|---|
| तालिम हुने मिति | २०८३ असार २२ गते देखी २४ गते सम्म |
| निवेदन दिने अन्तिम मिति | २०८३/०३/१८ गते |
| सम्पर्क नम्बर | ०१-५३६२५२० (Ext. No. 212) |

तालिम शुल्क : रु. ५००।– मात्र,

**आवश्यक कागजातहरूः**
१. नेपाली नागरिकताको प्रतिलिपी,
२. १०+२ तहको शैक्षिक योग्यताको प्रतिलिपी,
३. हालसालै खिचेको Passport Size फोटो २ प्रति,
४. PAN Card को प्रतिलिपी।

# कर्णाली नदी नियन्त्रण

# तटबन्ध निर्माणले बस्ती सुरक्षित

**गुलरिया समाचारदाता**
*गुलरिया (बर्दिया), असार २ गते*

कर्णाली नदीमा तटबन्ध हुँदा बर्दियाका राजापुर र गेरुवा गाउँपालिकाका बस्ती सुरक्षित भएका छन्। बर्सेनि कटान र डुबानको जोखिममा रहका बस्ती तटबन्ध निर्माण भएपछि सुरक्षित भएका हुन्।

कर्णाली नदीको व्यवस्थापनका लागि २०७१ सालमा सिँचाइ तथा नदी व्यवस्थापन कार्यालय स्थापना भएको थियो। कार्यालयले राजापुरको २१ किलोमिटर तटबन्ध निर्माण गरेको छ। कर्णाली नदीको पश्चिम भँगालोमा पानीको बहाब बढ्दै गएपछि राजापुर नगरपालिका–१, ३ र ४ तथा गेरुवा गाउँपालिका–१, २ र ३ मा तीव्र कटान भइरहेको थियो। ती वडामा हाल कटान रोकिएको छ। गेरुवा गाउँपालिका–१, राजीपुरका घुमलाल सोनाहाले तटबन्ध निर्माण भएपछि बस्ती सुरक्षित भएको बताउनुभयो। आयोजनाको २०७६ मा १२ अर्ब ८० करोड ७४ लाख रुपियाँको लागतसहितको गुरुयोजना स्वीकृत भएको थियो।

आयोजनाका सूचना अधिकारी सञ्जीवकुमार शाहले गुरुयोजना स्वीकृत हुनुपूर्व एक अर्ब ४५ करोड २९ लाख रुपियाँ र गुरुयोजना स्वीकृतपश्चात् एक अर्ब ६२ करोड ४३ लाख गरी हालसम्म तीन अर्ब सात करोड रकम खर्च भइसकेको बताउनुभयो। आर्थिक वर्ष २०८२/८३ मा काम सम्पन्न गर्ने कार्ययोजना बने पनि बजेट अभावमा आयोजना सुस्त गतिमा काम भइरहेको छ।

यस वर्ष कार्ययोजनाको म्याद थप गरेर आव २०८९/९० सम्म पुर्‍याइएको छ। उहाँले

> तटबन्ध निर्माण गरेको स्थानमा बस्ती सुरक्षित भएको छ तर न्यून बजेट विनियोजन भएको हुनाले गुरुयोजना अनुसार प्रगति भने हुन सकेको छैन।

बजेट अभाव हुँदा गेरुवा नदीतर्फ तटबन्धको काम हुन नसकेको बताउनुभयो।

सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाका निर्देशक सुदिन मोक्तानले आयोजनाले तटबन्ध निर्माण गरेको स्थानमा बस्ती सुरक्षित भएको बताउनुभयो। उहाँले न्यून बजेट विनियोजन भएको हुनाले गुरुयोजना अनुसार प्रगति नभएको बताउनुभयो। उहाँका अनुसार गुरुयोजना अनुसार हालसम्म आयोजनाको प्रगति १३ प्रतिशत मात्र भएको छ।

राजापुर नगरपालिका–१, दौलतपुरका लोकराज ढुङ्गानाले सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाले काम राम्रो गरेको बताउनुभयो। अब नयाँ निर्माणसँगै भत्किन लागेको ठाउँमा मर्मतसम्भारतर्फ पनि ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

कार्यालयका लागि पर्याप्त बजेट विनियोजन गरेर नदी व्यवस्थापनको काम तीव्र गतिमा अगाडि बढाउनुपर्ने देखिएको छ। १२ वर्षको अवधिमा कार्यालयले २१ किलोमिटर तटबन्ध निर्माण गरेको छ भने अझै ५० किलोमिटर तटबन्ध गर्न बाँकी रहेको छ। गेरुवा गाउँपालिका र राजापुर नगरपालिकाको नदी तटीय क्षेत्रका स्थानीयवासी बाढी र नदी कटानबाट बर्सेनि पीडित बनेपछि २०७१ सालमा कार्यालय स्थापना भएको थियो।

## बयालिस वर्षपछि पक्राउ

**रेसुङ्गा** (गोरखापत्र), असार २ गते। गुल्मीमा कर्तव्य ज्यान मुद्दामा फरार प्रतिवादी ४२ वर्षपछि पक्राउ परेका छन्।

जिल्लाको चन्द्रकोट गाउँपालिका–६, हरेवाका तेजबहादुर थापालाई जिल्ला प्रहरी कार्यालय गुल्मीले पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी प्रहरी वीरेन्द्रवीर विश्वकर्माले प्रतिवादी थापाले २०४१ साल भदौ २ गते स्थानीय जैसरा गलामी र लालमती काला घर्तीमगरको घरमा प्रवेश गरेर सुन तथा नगद रकमसमेत लुटपाट गरी बीभत्स हत्या गरेर फरार भएको जानकारी दिनुभयो।

---

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशन मिति : २०८३।०३।०३)**

यस नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय, पोखराबाट मिति २०८३।०१।०९ गते आह्वान गरिएको सिलबन्दी दरभाउपत्र नं. NDCL/PD-PKR/SQ-01/082-83 for Supply and Delivery of Optical Network Tools and Accessories को सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएका सिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित ठहर हुन आएको देहाय बमोजिमको दरभाउपत्र स्वीकृतिका लागि छनोट भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विवरण | सिलबन्दी दरभाउपत्र दाताको नाम | कबोल गरेको रकम (मू.अ. कर सहित) रु. |
|---|---|---|
| NDCL/PD-PKR/SQ-01/082-83 for Supply and Delivery of Optical Network Tools and Accessories | M/s Kritika International Trade Concern Pvt.Ltd., Lalitpur, Nepal | 70,00,519.50 |

**नेपाल टेलिकम**
**प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेश**
**महेन्द्रपुल, कास्की, फोन नं. ०६१–५८९६६६**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**नेपाल आयल निगम लिमिटेडको**
**कार्यकारी निर्देशक नियुक्तिका लागि गठित सिफारिस समिति**

### भूलसुधार

मिति २०८३।०३।०२ गते गोरखापत्र दैनिकको पृष्ठ १३ मा प्रकाशित नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशक नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशन मिति २०८३।०३।०२ हुनुपर्नेमा अन्यथा भई प्रकाशित भएकोले सच्याइएको छ।

---

### नाम परिवर्तन सम्बन्धी सूचना

**कम्पनी ऐन, २०६३ को दफा ५ बमोजिम स्थापना भएको प्रा.लि.नं. ३०७६२६/७९/८० रहेको साविक अस्त्र सोलुसन प्रा. लि. कम्पनीको नाम परिवर्तन भई अब उपरान्त अस्त्र सोलुसन्स प्रा. लि. कायम हुने गरी कम्पनी रजिस्ट्रारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भइसकेको हुँदा सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**अस्त्र सोलुसन्स प्रा. लि.**
**ललितपुर महानगरपालिका–१५, खुमलटार, ललितपुर, नेपाल**

---

### प्रमाणपत्र नर्सिङ्ग पूर्ण शुल्कीय तर्फको रिक्त सिटहरुमा निवेदन दिने सम्बन्धि जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/०३

उपरोक्त विषयमा यस मनमोहन मेमोरियल इन्स्टिच्युट अफ मेडिकल साइन्स, काठमाण्डौमा तपशिलको उल्लेखित कार्यक्रममा केहि कोटा रिक्त हुन गएकोले CTEVT को NURSING कार्यक्रममा प्रवेश परीक्षा उत्तिर्ण भइ भर्नाको लागि इच्छुक विद्यार्थीहरुले नो–अब्जेक्सन पत्र सहित यस कलेजमा २०८३/०३/०३ गते देखि २०८३/०३/०८ गते भित्र रितपूर्वक निवेदन दर्ता गर्न अनुरोध छ। यसै कलेजको प्रतिक्षा सुचिमा रहेको विद्यार्थी मात्र भर्ना गरिने छ।

| सि.नं | कार्यक्रम | रिक्त बर्ग कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ्ग (Nursing) | पूर्ण शुल्कीय खुल्ला | ६ |
| | | पुरुष | ३ |

**मनमोहन मेमोरियल इन्स्टिच्युट अफ मेडिकल साइन्स**
काठमाण्डौं, फोन नं ०१–५९१७३२४/२५

---

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**शाखा कार्यालय, टेकु (१७०)**

### निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना।

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०३।०३**

गोरखा जिल्ला, शहीद लखन गा.पा.–७ बस्ने लोक बहादुर गुरुङको मिति २०८२।१२।१६ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी श्रीमती नाता पर्ने गोरखा, शहीद लखन गा.पा.–७ बस्ने उषा गुरुङले यस बैंकमा मिति २०८३/०२/०१ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय, टेकुमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**

### जिल्ला प्रशासन कार्यालय, सिन्धुली

**(बढुवा समितिको सचिवालय)**

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरीको मिति २०८२/११/२७ गतेको बढुवा सूचना नं. १०५७/२०८२–०८३ बमोजिम नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार पदमा बढुवाका लागि मिति २०८३/०३/०१ गते बसेको बढुवा समिति बैठकबाट देहायका उम्मेदवारहरूलाई बढुवा गर्ने निर्णय भएकोले निजामती सेवा ऐन २०४९ को दफा २४ (च) र निजामती सेवा नियमावली २०५० को नियम ८४ (१) तथा ८४ (१क) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको योग्यता क्रम**
**बढुवा सूचना नं. ३७६/२०८२–०८३**
**सेवा, समूहः नेपाल प्रशासन/सामान्य प्रशासन**
**श्रेणी/पदः रा.प.अनं. द्वितीय/खरिदार** **माग पद सङ्ख्याः १ (एक)**
**सिफारिस उम्मेदवारः १ (एक)** **निर्णय मितिः २०८३/०३/०१**

| योग्यता क्रम | कर्मचारी सङ्केत नं. | उमेदवारको नाम, थर |
|---|---|---|
| १. | १५३०५१ | इन्द्र प्रसाद पौडेल |

**प्रशासकीय अधिकृत**

---

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

### परीक्षा नियन्त्रण कार्यालय

**सानोठिमी, भक्तपुरको**

**विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत प्रि–डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा निःशुल्क अध्ययन गर्न भर्ना प्रक्रियाका लागि अनलाइन आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना।**

**(सूचना प्रकाशित मिति : २०८३।०३।०३ गते)**
**"सक्नेले छोडौँ नसक्नेलाई जोडौँ"**

नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम दलित, मुस्लिम, विपन्न, सीमान्तकृत समुदाय र प्राविधिक शिक्षाको पहुँच नपुगेका ७८ पालिकामा स्थायी बसोबास गर्ने छात्रछात्राहरूबाट डिप्लोमा/प्रमाणपत्र तहमा ४५७ र प्रि–डिप्लोमा तहमा २३ जना गरी जम्मा निर्धारित ४८० वटा कोटाहरूमा देहायका कार्यक्रमहरूमा प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत **निःशुल्क** प्राविधिक शिक्षा अध्ययन गर्नका लागि योग्य नेपाली नागरिकहरूबाट भर्ना प्रक्रियाका लागि अनलाइन आवेदन फाराम भरी Submit गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सीमान्तकृत समुदायको हकमा नेपाल सरकारबाट सूचीकृत सुविधाबञ्चित २२ वटा आदिवासी जनजाति समूहहरू (वनकरिया, बराम, बोटे, चेपाङ, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा (ल्होमी), सियार, सुरेल, थामी र थुनम) र हलिया र कमैया समेतलाई मात्र बुझाउनेछ।

**विस्तृत सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**

---

**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पूर्वाधार बिकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**रुकुम पश्चिम, नेपाल**

### प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(प्रकाशित मिति: २०८३/३/३)**

यस कार्यालयबाट तपशिल बमोजिमका कार्यको लागि मिति २०८२/१२/२५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम मिति २०८३/०१/२५ सम्ममा E-Bidding मार्फत रीतपूर्वक दर्ता हुनआएका तपसिलको तालिकामा उल्लेख भएका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा योग्य रहेको देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम तपसिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल**

| सि. नं. | योजनाको नाम र ठेक्का नं. | प्राविधिक मूल्यांकनमा छनोट भएका बोलपत्रदाताहरू |
|---|---|---|
| १. | Construction Work of Chaurjhari Bijayswori Bairagethati Sadak Work at Chaurjhari Municipality, Rukum West (IDO/RKM/NCB/W/2082/83/53 | 1. M/S Applied Engineering Pvt. Ltd, Lalitpur Metro.-18, Lalitpur |
| | | 2. M/S Sameer Construction, Ramgram-5, Nawalparasi |
| | | 3. M/S Yeti Builders Pvt. Ltd. Satdobato-15, Lalitpur |
| | | 4. M/S Shishir & Basanta – Om JV, Chingad-2, surkhet |
| | | 5. M/S -JD - DLaligurans- Chandani JointVenture, Madhyapur Thimi 7 |
| | | 6. M/S CNPLHPNS-S.R.P JV, Banepa-7, Kavreplanchok |
| | | 7. M/S Tirupate Nirman Sewa, Ghorahi, 16 Dang |
| | | 8. M/S Sisne Himal/ Rambole JV, Banphikot 10, Rukum |
| | | 9. M/S GT/D .G J.V., Birendranagar-06, Surkhet |
| | | 10. M/S Keshav Shah Construction Sewa Pvt Ltd. Naubasta Banke |
| | | 11. M/S Sharada Shree - Nepal - Jenisha JV Gulariya- 6, Bardiya |
| | | 12. M/S Naulo Safal/Thanapati Mahadev/Kaleshwor JV, Manthali 1, Ramechhap |
| | | 13. M/S M.B.-Hamal J.V., Chaurjahari-2, Rukum |

**आर्थिक प्रस्ताव खोल्ने मिति: २०८३/३/१० (२०२६/६/२४) समय: १३:०० बजे,**
**स्थान: पूर्वाधार विकास कार्यालय, चौरजहारी रुकुम पश्चिम**

---

**रंगेली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
रंगेली, मोरङ, कोशी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोलिने आसयको सूचना

**मिति : २०८३।०३।०३**

रंगेली अस्पतालको OT Equipment सप्लाई गर्ने कार्य ठेक्का नं. RSQ/RangeliHospital/Goods/21/082/83 को निम्न बमोजिमका ई–सिलबन्दी दरभाउपत्रदाताको प्राविधिक प्रस्ताव मूल्यांकन समितिबाट निर्णय भए अनुसार सारभूतरूपमा प्रभावग्राही रहेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज को उपनियम ५ बमोजिम आर्थिक प्रस्ताव मिति २०८३/०३/१० गते बिहान को १० बजे रंगेली नगरपालिकाको कार्यालयमा खोलिने व्यहोरा सरोकारवालाहरूको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। **निम्नः**

| सिं. नं. | ठेक्का नं. | योजनाको नाम | ई–शिलन्दी दरभाउपत्र दाताको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | RSQ/ Rangeli Hospital/Goods/ 21/082/83 | रंगेली अस्पतालको लागि OT Equipment सप्लाई | BIOMED INTERNATIONAL PVT.LTD. | प्राविधिक प्रस्ताव सफल |

---

**त्रिभुवन विश्वविद्यालय**
**इन्जिनियरिङ अध्ययन संस्थान**
**प्रवेश परीक्षा बोर्ड-२०८३**

### प्रवेश परीक्षा सम्बन्धी अत्यन्त जरुरी सूचना

इ.अ.सं. स्नातक (B.E./BArch) तहको प्रवेश परीक्षा २०८३ को तालिकामा प्राविधिक कारणवश संशोधन गर्नु पर्ने भई इ.अ.सं. विद्यापरिषद्को मिति २०८३ आषाढ २ गतेको निर्णयानुसार, इ.अ.सं. प्रवेश परीक्षा बोर्ड २०८३ ले मिति २०८३/०३/०२ गते गोरखापत्रमा प्रकाशित प्रवेश परीक्षा तालिकामा तपसिल बमोजिम संशोधन हुने गरी यो संशोधित कार्यतालिका प्रकाशित गरिएको छ।

- Online form भर्ने संशोधित मिति: २०८३/३/२३ देखि २०८३/४/१ सम्म
- प्रवेश परीक्षा सुरु हुने संशोधित मिति: २०८३/४/११ देखि

---

### हिमा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**कालिकाखेतु, जुम्ला, कर्णाली प्रदेश, नेपाल**
**कार्यालय कोडः ८०६६२५०७३००**

**आशयको सूचना गरिएको सम्बन्धमा**

**सूचना प्रकाशित मिति : २०८३।०३।०३**

यस हिमा गाउँपालिकाबाट तपसिल बमोजिमको मितिमा तपसिल बमोजिमको सामग्री खरिदको बोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहर हुन आएकोले, स्वीकृतिका लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | सूचना प्रकाशित मिति | स्वीकृत बोलपत्र दाता | कबोल अङ्क (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | HRM/NCB/GOODS/2082/83/01 | Supply and delivery of ICT Lab and Science Lab Materials | २०८३।०२।०८ | Global Science and Surgical Center, Tarkeshwar-11, kathmandu | ७४,६१,१०७.५० |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Janak Education Materials Centre Limited**
Head Office, Sanothimi, Bhaktapur, Phone No.: 6630787

### Notice for the Letter of Intent

**(Publication Date: 17th June, 2026)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the IFB no. mentioned below as per the Invitation for Bids Published in PPMO's e-GP system on 15th May, 2026 that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

**IFB No.:-** JEMC/NCB/Works/28-2082/083
**Name of Work:-** Procurement of Construction of Warehouse Building
**Lowest Evaluated Substantially Responsive Bidder:-** Lopchan Construction Pvt. Ltd., Chabahil, Kathmandu
**Bid Price Excluding VAT:-** NRs. 1,02,08,744.06

---

### NOTICE FOR LETTER OF INTENT (LOI)

**(First Date of Publication: 03rd Aashad 2083)**

Pursuant to clause 27(2) of Public Procurement Act 2063, this is to notify all the bidders that, the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Sealed Quotation published on 2083/02/13 in the Gorkhapatra National Daily Newspaper. Nepal Oil Corporation Limited intends to award the contract to the same.

| Contract ID | Description | Name and Address of Successful Bidder | Total Amount (With VAT) NPR |
|---|---|---|---|
| CHARALI/GOODS/NOC/01/082/83 | "Invitation for Sealed Quotation for the procurement of Purchase of 62.5KVA Generator" | M/s Universal Construction and Equipment Trading Pvt. Ltd, Hattiban, Lalitpur Gwarko, Lalitpur | 10,25,000.00 |

**Nepal Oil Corporation Limited**
Branch Office, Charali, Jhapa
Tel: +977 023461083

---

**मधेश प्रदेश सरकार**
**गृह, सञ्चार तथा कानुन मन्त्रालय**
**जनकपुरधाम, धनुषा, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः- २०८३।०३।०३ गते**

यस मन्त्रालयबाट मिति २०८३।०२।०५ गते विद्युतीय खरिद प्रणाली मार्फत प्रकाशित सूचना अनुसार निम्न बमोजिमको खरिद कार्यको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम छनोट भएकोले ऐ. ऐनको दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिलः-**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको कार्य विवरण | छनोट भएको बोलपत्रदाताको नाम/ठेगाना | कबोल रकम रु. (मु.अ.क.बाहेक) |
|---|---|---|---|---|
| 1 | MoHCL/NCB/EV/2082-083/24 | The Procurement of Supply and Delivery of Electric Car for Ministry of Home Affairs, Communication and Law, Janakpurdham, Dhanusha | M/S MAW Vriddhi Autocorp Pvt.Ltd., Naxal, Kathmandu. | ९६,४६,०७१।७० |

---

**कृषि तथा वन विज्ञान विश्वविद्यालय**
**केन्द्रीय कार्यालय**
**रामपुर, चितवन**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८३/०३/०३**

यस विश्वविद्यालयको गोरखापत्र राष्ट्रिय दैनिक र सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp बाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रहरू मध्ये यस विश्वविद्यालयको निर्णयानुसार देहायको बोलपत्र सारभूत रूपमा प्रभावग्राही न्यूनतम भई स्वीकृतीको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **देहायः**

| सि. नं. | बोलपत्र आह्वानको सूचना प्रकाशित मिति | ठेक्का नं | ठेक्काको विवरण | छनोटका लागि सिफारिश भएको बोलपत्रदाताको नाम र ठेगाना | कुल रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | २०८३।०१।०४ | 01/NCB/AFU/2082/083 | Renovation of Red Guest House | Sonish Engineering Pvt. Ltd, Kathmandu | २९,८०,०८०।८५ |

**रजिष्ट्रार**

# ‘ट्राफिक सचेतना जरुरी’




तस्बिर : रमेश पौडेल

**कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे ।**

**पोखरा समाचारदाता**
*पोखरा, असार २ गते*

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बढ्दो सवारी दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षालाई प्रभावकारी बनाउन सवारीचालकलाई यससम्बन्धी पूर्ण ज्ञान दिनुपर्ने बताउनुभएको छ।

‘प्रदेशस्तरीय ट्राफिक व्यवस्थापन’ सम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अधिकांश दुर्घटना सवारीचालकका कारण हुने भएकाले निजी वा सार्वजनिक सवारी चलाउने जोसुकै चालकलाई पनि ट्राफिकसम्बन्धी सचेतना जरुरी भएको बताउनुभयो। सुरक्षित सडकमा यात्रा गर्न पाउनु हामी सबैको अधिकार हो। उहाँले भन्नुभयो, “चालकले सडकमा यात्रुको सुरक्षालाई ध्यान दिएर सवारी नचलाएकै कारण ठुला ठुला दुर्घटना हुने गरेका छन् ।” सडक सुरक्षाका लागि सचेतनामा ध्यान दिनुपर्ने पनि उहाँले बताउनुभयो।

कार्यक्रममा गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री गोविन्दबहादुर नेपालीले सडक सुरक्षा सुदृढीकरण, दुर्घटना न्यूनीकरण, जनचेतना अभिवृद्धि, नवीनतम प्रविधिको प्रयोगले ट्राफिक व्यवस्थापन अझ सशक्त हुने बताउनुभयो।

त्यसै गरी पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखराको पार्किङ प्रणालीलाई व्यवस्थित गर्न थालिएको भन्दै ट्राफिक प्रहरीलाई सबल र सक्षम बनाउन महानगरको सहयोग रहने बताउनुभयो। पोखरामा पशुचौपायाबाट हुने दुर्घटना न्यूनीकरण भएको र अब छाडा कुकुर व्यवस्थापनमा पनि महानगर लागि पर्ने जानकारी दिनुभयो।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ऐनकुमार शाहीले नेपालको यातायात क्षेत्रमा निजी क्षेत्रको लगानीलाई सरकारले उपेक्षा गरेको आरोप लगाउनुभयो।

गण्डकी प्रदेशका प्रहरी नायब महानिरीक्षक दीपेन्द्र जिसीको अध्यक्षतामा भएको कार्यक्रममा कार्य विभागका प्रमुख अरुण पौडेल, कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत सिग्देल, नेपाल पत्रकार महासङ्घ गण्डकीका अध्यक्ष रमेश पौडेल, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कास्कीका प्रहरी उपरीक्षक गोविन्द काफ्ले, पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीलगायतले यातायात व्यवस्थालाई प्रभावकारी तथा परिणाममुखी ट्राफिक व्यवस्थापनका लागि सुरक्षा निकाय, यातायात व्यवसायी तथा सरोकारवाला निकायबिच समन्वय र सहकार्य बढाउन आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा प्रस्तुत तथ्याङ्क अनुसार गण्डकी प्रदेशमा अघिल्लो आर्थिक वर्षमा ३९५ वटा सवारी दुर्घटना भएका थिए भने १७७ जनाको मृत्यु भएको थियो। ३१२ जना भने गम्भीर घाइते भएका थिए।

# एक सय आठ कुण्ड सङ्कटमा

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), असार २ गते*

भृकुटी हिमालको काखमा देखिने एक सय आठ वटा कुण्ड जलवायु परिवर्तनका कारण पछिल्लो समय सङ्कटमा पर्दै गएपछि स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

मनाङ र मुस्ताङ जिल्लाको चीन–तिब्बतको सिमानामा छ हजार ४७६ मिटरको उचाइमा अवस्थित यहाँको ताल क्षेत्रमा तापक्रम बढेसँगै हिमपहिरोसहित ढुङ्गा र गेग्यान खस्दा ताल पुरिएर सङ्कटमा परेका छन्। दामोदरकुण्डमा तीर्थालु र भृकुटी हिमाल क्षेत्रमा पर्यटक लिएर जाने दामोदरकुण्ड गाउँपालिका–४, सुर्खाङका टुरिस्ट गाइड पासाङ गुरुङ अहिले साना साना कुण्डहरू सबै पुरिएको र केही मात्रै देखिने गरेको बताउनुहुन्छ।

पवित्र तीर्थस्थल दामोकर कुण्डबाट घोडामा करिब ३ घण्टाको यात्रापछि हिमालको फेदमा पुगिन्छ। भुकुटी हिमालमा जलवायु परिवर्तनको असरका कारण हिउँ पग्लिने, हिउँपहिरोका कारण साना आकारका ताल सङ्कटमा परेको प्रस्ट देख्न सकिन्छ।

लोघेकर दामोदरकुण्ड–४ वडाध्यक्ष झयाङ छेसा गुरुङका अनुसार यहाँको हिमाली क्षेत्रमा जलवायु परिवर्तनले जमिनदेखि हिमालसम्म असर गरेको छ। पहिले देखिने तालहरू अहिले हराएका छन्। त्यस क्षेत्रमा अत्यधिक लेक लाग्ने समस्या हुन्छ। जलवायु परिवर्तनको असरले सिर्जित प्राकृतिक सम्पदाको विनाशको अवस्थालाई न्यूनीकरण गर्न के गर्न सकिन्छ भन्नेतर्फ सरोकारवालाको ध्यान जानुपर्ने वडाध्यक्ष गुरुङको भनाइ छ।

हालै भृकुटी हिमालको अवलोकन गरी फर्किनुभएका अन्नपूर्ण संरक्षण क्षेत्र इलाका कार्यालय ल्होमन्थाङका प्रमुख उमेश पौडेलले साना केही ताल मात्रै अवलोकन गर्न पाएको बताउनुभयो। पौडेलले भन्नुभयो, “तालहरू पुरिएको अवस्थामा देखिन्छ, केही सुक्खा अवस्थामा रहेकाले हिमपहिरो खसेपछि पुनः पुरानै स्वरूपमा फर्किन्छन्।”

# मनासलु हिमाल आरोहण गर्ने बढ्दै



**सुलीकोट समाचारदाता**
*सुलीकोट, असार २ गते*

विश्वको आठौँ तथा नेपालको सातौँ अग्लो मानिएको मनासलु हिमाल आरोहण गर्नेको सङ्ख्या बढीरहेको छ।

आठ हजार १६३ मिटर उचाइमा रहेको यो हिमाल सन् १९५६ मे ९ मा जापानी नागरिक तोसियो इमानिसी र भारतीय नागरिक ज्याल्जेन नोर्बु शेर्पाले पहिलो पटक सफल आरोहण गरेका थिए। मनासलु हिमाल विश्व पर्वतारोहण इतिहासमा अलग पहिचान स्थापित गर्दै आएको छ। पर्यटन विभागको सन् २०२५ सम्मको अभिलेख अनुसार हालसम्म तीन हजार ६४३ जनाले मनासलु हिमालको सफल आरोहण गरिसकेका छन्।

मनासलु आरोहणको ७० औँ वर्षगाँठ अर्थात् हीरक जयन्तीका अवसरमा केही दिनअघि गोरखामा विशेष कार्यक्रम आयोजना गरिएको थियो। हिमालको पर्यटकीय सुन्दरताका कारण स्थानीय पर्यटन व्यवसाय, होटेल, यातायात तथा रोजगारीमा समेत सकारात्मक प्रभाव पारेको बारे कार्यक्रममा चर्चा गरिएको थियो।

गाउँपालिकाका अध्यक्ष निमा लामाका अनुसार नेपाल पर्वतारोहण सङ्घ र मनासलु संरक्षण क्षेत्र आयोजनाको सहकार्यमा चुमनुब्री गाउँपालिकाको आयोजनामा गरेको समरोहमा प्रथम आरोही तोसियो इमानिसी तथा प्रथम नेपाली आरोही उर्गेन छिरिङ शेर्पाको सालिक बनाएर अनावरण गरिएको थियो।

पछिल्ला वर्षमा मनासलु हिमाल साहसिक पर्यटनका लागि आकर्षण गन्तव्य बन्दै गएको छ। विशेष गरी शरद ऋतुमा ठुलो सङ्ख्यामा विदेशी तथा नेपाली आरोही मनासलु आरोहणका लागि उत्तरी गोरखाको चुमनुब्री पुग्ने गरेको मनासलु संरक्षण क्षेत्र आयोजना कार्यालय गोरखाले जनाएको छ। मनासलु हिमाल रहेको क्षेत्र प्राकृतिक, सांस्कृतिक तथा जैविक विविधताले समेत समृद्ध मानिन्छ। हिमाल आरोहणसँगै मनासलु पदमार्गमा पदयात्रा गर्ने पर्यटकको सङ्ख्या पनि उल्लेखीय रूपमा बढ्दै गएको चुमनुब्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेको भनाइ छ।

गोरखाको उत्तरी क्षेत्रमा अवस्थित मनासलु हिमाल नेपालका प्रमुख हिमालमध्ये एक मानिन्छ। पहिलो आरोहणको सात दशक पूरा हुँदा यस हिमालले विश्वभरका पर्वतारोहीको ध्यान आकर्षित गरिरहेको छ। मनासलु क्षेत्रको पर्यटन विकास, स्थानीय अर्थतन्त्रको सुदृढीकरण तथा नेपालको पर्वतीय पर्यटन प्रवर्धनमा यस हिमालले महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको पर्यटन व्यवसायी सानेबहादुर गुरुङको भनाइ छ।

# उपल्लो मुस्ताङको गुम्बामा छात्रावास

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), असार २ गते*

उपल्लो मुस्ताङको ल्होमन्थाङ गाउँपालिका–१, छोसेरमा भारतीय दूतावासको सहयोगमा सुविधासम्पन्न विद्यालयको छात्रावास उद्घाटन गरिएको छ। नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव र ल्होमन्थाङ गाउँपालिकाका अध्यक्ष टसी न्हर्बु गुरुङले छात्राबास भवन उद्घाटन गर्नुभएको हो।

विसं २०८१ असारमा नेपाल–भारत विकास सहकार्य अन्तर्गत नेपालस्थित भारतीय दूतावासद्वारा चार करोड ७२ लाख तीन सय रुपियाँ आर्थिक सहयोगमा शान्ता निर्माण सेवाद्वारा उक्त छात्रावास निर्माण गरिएको हो।

भारतीय राजदूत श्रीवास्तवले भारत र नेपालबिच असल छिमेकीको सम्बन्ध रहेको बताउँदै भारत सरकारबाट हिमाल, पहाड र तराईमा शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारसहित विभिन्न क्षेत्रमा सहयोग गरिएको र गरिरहने अवगत गराउनुभयो।

हिमाली क्षेत्रका बालबालिका तथा बालभिक्षुलाई बुद्धधर्मसम्बन्धी धर्मशास्त्र,अनुष्ठान कला, मण्डलाका साथै नेपाल सरकारको पाठ्यक्रम (नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान) अध्यापन हुने गुम्बामा मुस्ताङसहित नेपाल र भारतबाट अध्ययनका लागि आउने विद्यार्थीको सहजताका लागि गाउँपालिकाको पहलमा छात्रावास भवन निर्माण गरिएको गाउँपालिका अध्यक्ष गुरुङले बताउनुभयो। अध्यक्ष गुरुङले भन्नुभयो, “भारतीय सरकारबाट उपल्लो मुस्ताङमा भएको सहयोगले सहज भएको छ, आगामी दिनमा पनि सहकार्यका लागि प्रतिबद्ध छौँ।” छात्राबास भवन उद्घाटन कार्यक्रममा लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्पेल विष्ट, स्थानीय राजनीतिक दलका प्रतिनिधि, गुम्बा विद्यालय व्यवस्थापन, अभिभावकलगायतको उपस्थिति थियो।

# चार पटक म्याद थप तर भएन काम

**तनहुँ समाचारदाता**
*तनहुँ, असार २ गते*

दमौलीस्थित नमुना पशु अस्पताल भवन निर्माणको काम चार पटकसम्म म्याद थप गर्दासमेत सम्पन्न नभएपछि ठेक्का सम्झौता रद्द गर्ने प्रक्रिया सुरु गरिएको छ।

गण्डकी प्रदेश सरकारको प्राथमिकतामा रहेको उक्त निर्माण कार्य लामो समयदेखि ठप्प रहँदा भेटेरिनरी अस्पताल तथा पशुसेवा कार्यालय, तनहुँले मङ्गलबार सातदिने सार्वजनिक सूचना जारी गर्दै निर्माण व्यवसायीसँग स्पष्टीकरण मागेको हो।

भेटेरिनरी अस्पताल तथा पशुसेवा कार्यालय तनहुँका प्रमुख रविनसन अधिकारीले पटक पटकको ताकेता र म्याद थपका बाबजुद निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो नदेखाएकाले कानुन अनुसार ठेक्का रद्द गर्ने प्रक्रिया अघि बढाइएको बताउनुभयो।

उहाँका अनुसार निर्माण कम्पनीलाई सहजीकरणका लागि चार पटकसम्म म्याद थप गरी २०८३ जेठ १० गतेसम्मको समय दिइएको थियो तर उक्त अवधिमा पनि उल्लेख्य प्रगति नभएपछि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ को उपनियम (२) को खण्ड (घ) तथा ठेक्का सम्झौताका प्रावधानबमोजिम ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइएको हो।

कार्यालयले जारी गरेको सूचना अनुसार ठेक्का सम्झौता रद्द गर्नु नपर्ने कुनै कारण भए सात दिनभित्र विश्वसनीय प्रमाणसहित निर्माण व्यवसायी स्वयं उपस्थित हुनुपर्ने छ। तोकिएको अवधिभित्र चित्तबुझ्दो जवाफ प्राप्त नभए प्रचलित कानुनबमोजिम ठेक्का सम्झौता रद्द गरी कम्पनीलाई कालो सूचीमा राख्न सिफारिस गरिने जनाइएको छ।

> साबिक भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र र इको विल्डर्स प्रालि, खैरहनी चितवनबिच २०७८ साउन १२ गते भ्याटबाहेक चार करोड ९० लाख रुपियाँमा भवन निर्माण सम्झौता भएको थियो ।

यसै गरी कार्यसम्पादन जमानतबापत राखिएको धरौटी रकम जफत गर्नुका साथै बाँकी काम सम्पन्न गर्न लाग्ने अतिरिक्त खर्चसमेत सरकारी बाँकीसरह निर्माण व्यवसायीबाट असुलउपर गरिने कार्यालयले चेतावनी दिएको छ।

साबिक भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र र इको विल्डर्स प्रालि, खैरहनी चितवनबिच २०७८ साउन १२ गते भ्याटबाहेक चार करोड ९० लाख रुपियाँमा भवन निर्माण सम्झौता भएको थियो। सम्झौता अनुसार २०७९ पुस १२ गतेभित्र निर्माण सम्पन्न हुनुपर्ने भए पनि हालसम्म आयोजनाको भौतिक प्रगति ७७ प्रतिशत र आर्थिक प्रगति ५४.३४ प्रतिशतमा मात्र सीमित रहेको कार्यालयले जनाएको छ। साढे दुई तले अत्याधुनिक भवन निर्माण अलपत्र पर्दा एक्सरे, शल्यक्रिया र प्रयोगशाला जस्ता सेवाका लागि आवश्यक उपकरण उपलब्ध हुँदाहुँदै पनि सेवा सञ्चालन हुन सकेको छैन। यसबाट तनहुँ, लमजुङ, गोरखा तथा आसपासका जिल्लाका पशुपालक कृषक विशेषज्ञ सेवाबाट वञ्चित हुनु परेको छ।

सोही अवधिमा कास्कीमा सुरु गरिएको नमुना पशु अस्पताल सेवा सञ्चालनमा आइसकेको भए पनि तनहुँमा भने निर्माण व्यवसायीको ढिलासुस्तीका कारण आयोजना अझै अधुरै रहेको अधिकारीले बताउनुभयो ।

**काठमाडौँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद एकाइ**
**काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना।**

**प्रकाशित मिति : २०८३।०३।०३**
**नेपाल संवत तछलाथ्व तृतिया**

काठमाडौं महानगरपालिका खरिद एकाइले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मुल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक (रु.) |
|---|---|---|---|---|
| 1 | 25-42-082-83-NCBG-KMC(Re-1) | Supply, Delivery and Installation work of CCTV at Different Location of Ward-01, KMC | Naya Kiran Energy Solution Pvt. Ltd. | ५९,७१,९००.०० (मु.अ.कर बाहेक) |
| 2 | 03-03-082-83-NCBG-WARD32-KMC | Supply, Delivery and Installation of CCTV Camera at Different Locations of KMC-32 | Naya Kiran – All Nepal JV | ४८,४३,५००.०० (मु.अ.कर बाहेक) |
| 3 | 03-06-082-83-NCBW-WARD13-KMC | RCC of Road and Maintenance Work at Bhimsen Thapa Marga (Ganesh Galli) | N.G.S. Pokhari Nirman Sewa Pvt. Ltd. | २२,४९,६९५.४२ (मु.अ.कर र पि.एस. बाहेक) |
| 4 | 03-07-082-83-SQW-WARD13-KMC(Re-Notice) | Supplying, Delivery and Laying of Speed Breaker at Different Places | Maliniya Nirman Company Pvt. Ltd. | १५,१६,५१५.०० (मु.अ.कर बाहेक) |

**खरिद एकाइ**

**कोशी प्रदेश सरकार**
**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय**
**कोशी प्रदेश, इनरुवा, सुनसरी**
**सूचना प्रकाशन मिति : २०८३/०३/०३**

**संस्था खारेज अगावै सफाइ पेश गर्ने मौका सम्बन्धी सूचना !**

यस कार्यालयको नियमन क्षेत्राधिकारभित्रका तपसिल अनुसारका निष्क्रिय सहकारी संस्थाहरूलाई सूचना प्रकाशन गरी अध्यावधिक हुने समय दिइएकोमा निर्धारित समयमा अद्यावधिक हुन नआएको तथा यस कार्यालयले स्थलगत अनुगमन गर्दा समेत संस्था सञ्चालनमा रहेको नपाईएकोले तत् तत् संस्थालाई प्रदेश सहकारी ऐन २०७६ (संशोधनसहित) को दफा ७३ बमोजिम खारेज किन नगर्ने ? भनी ऐ. ऐनको दफा ७३ (४) बमोजिम सरोकारवाला सबैको जानकारीको लागि १५ दिने सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. |
|---|---|---|---|
| १ | मोफसल प्रकासन सहकारी सं. लि. | साविक पथरी १ मोरङ | ५५०(५६)०६५/६६ |
| २ | कोशेली बचत तथा ऋण स. सं. लि. | बेलबारी ११ मोरङ साविक डागिहाट ५ मोरङ | ५६२(२९०)०६५/६६ |
| ३ | नवजागरण बहुउद्देश्यीय स. सं. लि. | साविक मृगौलिया ५ मोरङ | १९/०५७/०५८ |
| ५ | युवा कृषि सहकारी संस्था लिमिटेड | सुन्दरहरैचा ११ मोरङ | ५२३(५१)०६५/६६ |
| ६ | निलकण्ठ कृषि सहकारी सं. लिमिटेड | दुहवी २, साविक सिमरिया २ | १९(४८२)०६९/७० |
| ७ | आरोग्य स्वास्थ्य सेवा (अस्पताल) सहकारी सं. लि. | दुहवी ४ सुनसरी | १८/०६७/०६८ |
| ८ | जब्दी महिला कृषक बचत तथा ऋण स. सं. लिमिटेड | साविक हाँसपोसा ६ हाल इटहरी १९ | ४१/०६२/६३ |
| ९ | आदर्श कृषि सहकारी स. सं. लि. | साविक एकम्बा २ हाल इटहरी १६ | ७९/०६२/०६३ |
| १० | तिनकुने महिला बचत तथा ऋण स. सं. | डुम्राहा ३ हाल रामधुनी ८ | ४९(५१२)०६९/७० |

**नेपाल राष्ट्र बैंक**
**वीरगञ्ज कार्यालय**

**लिलाम बिक्री सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित : २०८३।०३।०३)**

यस कार्यालयमा काम नलाग्ने पुराना कबाडी सामानहरू जहाँ जे अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति (नागरिकताको प्रमाणपत्र सहित) र सङ्घ/संस्था, फर्महरूले दर्ता प्रमाणपत्रको प्रतिलिपि राखी सूचना प्रकाशित भएको मितिले १५औँ दिनको कायालय समयभित्र यस कार्यालयको आम्दानी खाता १७०००००-०३०-०१२-५२४ मा नगद रु. ५००।- दस्तुर बुझाई बोलपत्र फाराम खरिद गरी १६औँ दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। दर्ता हुन आएका बोलपत्र फारामहरू १६औँ दिनको २:०० बजे यस कार्यालयमा नियमानुसार खोलिनेछ। दस्तुर बुझाएको सक्कल भौचर र आफूले कबोल गरेको रकमको (भ्याट सहित) १० प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको धरौटी खाता १७०९९९९-०११-००४-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर बोलपत्रका साथ संलग्न गर्नुपर्नेछ। प्राप्त भएका बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै, यस सम्बन्धी विस्तृत सूचना यस बैंकको वेबसाइट (**www.nrb.org.np**) मा समेत प्रकाशित गरिएको छ।

**निर्देशक**
**फोन नं.: ०५१-५९११५३, ५९१२७२**

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**शाखा कार्यालय, सल्लेरी (२०२)**

**निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०३।०१**

कोशी प्रदेश, सोलुखुम्बु जिल्ला, सोलुदूधकुण्ड न.पा. ०४ स्थायी घर भई हाल ऐ.ऐ. बस्ने ना.प्र.नं. ५१२९-३७१ भएको श्री छिरिङ तेन्जीङ लामाको मिति २०८३।०२।२१ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं. २०२०१०००००५४८११८ र २०२०१०००११९६५०१० खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको भाइ नाता पर्ने ऐ.ऐ. बस्ने ना.प्र.नं. ५१२८/३७० भएका श्री दावा नुर्वु लामाले यस बैंकमा मिति २०८३।०२।०१ मा निवेदन दिनुभएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ-आफ्नो सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय, सल्लेरीमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय**
**दमौली, तनहुँ।**

**ठेक्का किन नतोड्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशन मिति:२०८३।०३।०३**

साविकको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँ तथा इको विल्डर्स प्रा.लि.खैरहनी चितवनबीच ठेक्का नं VHLSEC/TANAHUN/WORKS/077-78/NCB–01 Construnction of Model Veterinary Hospital at Damauli,Tanahun योजनाको सम्झौता बमोजिम कार्य प्रगति नगरेको र कार्य सम्पन्न गर्ने तर्फ तदारुकता नदेखाएकोमा कार्यालयबाट विभिन्न मितिमा मौखिक तथा लिखित ताकेता हुँदा पनि लामो समयदेखि निर्माण कार्य ठप्प रहेको र निर्माण कार्य सम्पन्न गर्नेतर्फ कुनै चासो नदेखाएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ को उपनियम (२) को खण्ड (घ) र सार्वजनिक खरिद सम्झौताको GCC Clause 72.1(c) र 72.3(b) र 72.3(g) मा प्रावधान भएबमोजिम ठेक्का सम्झौता किन नतोड्ने ? ठेक्का सम्झौता तोड्नुनपर्ने कुनै मनासिव कारण भएमा सूचना प्रकाशनको मितिले ७ (सात) दिनभित्र विश्वसनिय स्पष्टीकरणसहित यस कार्यालयमा निर्माण व्यवसायी स्वयं उपस्थित हुन सूचित गरिन्छ। अन्यथा माथि उल्लेखित ठेक्का सम्झौताका शर्त तथा प्रचलित ऐन, नियम, कानुन बमोजिम ठेक्का तोडी कालोसूचीमा राख्न सिफारिस गर्ने, कार्यसम्पादन जमानत धरौटी वापतको रकम जफत गर्नुका साथै वाँकी कार्य गर्न लाग्ने थप खर्च सरकारी वाँकी सरह असुल उपर गर्नेतर्फ कारवाही अगाडि बढाइने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**कार्यालय प्रमुख**

**कोशी प्रदेश सरकार**
**खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय**
**जलश्रोत तथा सिँचाइ विकास डिभिजन**
**भोजपुर, नेपाल**
जलस्रोत तथा सिंचाइ विकास डिभिजन, भोजपुरको

**क्याटलग/ब्रोसर सपिङ विधिबाट सवारी साधन खरिदसम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः– २०८३/०३/०३

यस डिभिजनको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार देहायको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरूबीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सवारी साधनको उत्पादक वा आधिकारिक बिक्रेताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०८३/०८४ सम्मको लागि फर्म नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, उत्पादकको आधिकारिक स्पेसिफिकेसन, मूल्य, गुणस्तर तथा सुविधासहितको विवरण (क्याटलग/ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८३/०३/०९ गते १२:०० बजेसम्म यस डिभिजन कार्यालयमा निवेदन दर्ता गराउन यो सूचना आह्वान गरिएको छ। दर्ता गरिएका सिलबन्दी प्रस्तावहरू सोही दिन दिनको १:०० बजे खोलिनेछ। सिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको १२:०० बजेसम्म यस कार्यालयमा आवेदन/प्रस्ताव पेश गर्न सकिनेछ।

| सि. नं. | ठेक्का नं. | सवारी साधनको नाम | संख्या | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | DCPU 082/83-01 | Double Cab Pickup 4WD | १ | Water cooled diesel engine, Engine power not less than 2100CC developing Maximum rated power output not less than 140 HP at governed RPM with torque Min. 320 NM@ governed RPM, engine fully equipped with accessories for efficient full load operation of the vehicle at operating conditions, cold starting device, heavy duty fuel filter. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत टेक्निकल स्पेसिफिकेसन बमोजिम हुनेछ। |

नोटः विस्तृत जानकारी यस डिभिजनको Email: bhojpur.irrigation@gmail.com सम्पर्क नं. ०२९-४२०१०९ मा सम्पर्क गर्न सकिनेछ।

बर्दीबासको बजेट

# बालविवाह न्यूनीकरण प्राथमिकतामा

**रवीन्द्र उप्रेती**
*बर्दीबास, असार २ गते*

बर्दीबास नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि एक अर्ब ११ करोड ६९ हजार पाँच सय रुपियाँको अनुमानित बजेट सार्वजनिक गरेको छ। यो पाँचबर्से कार्यकालको अन्तिम नगर सभा भएकाले यस पटकको प्रस्तावित बजेटमा आगामी स्थानीय तह निर्वाचनको स्पष्ट चुनावी छनक पाइएको छ।

नगरपालिकाको अठारौँ नगर सभामा नगर मङ्गलबार उपप्रमुख तारादेवी महतोले उक्त बजेट प्रस्तुत गर्नुभएको हो।

नगरप्रमुख क्षेत्रीले बालविवाह न्यूनीकरणका लागि आगामी आव २०८३/८४ देखि २० वर्ष उमेर पूरा गरी विवाह गर्ने नगरक्षेत्रका छोरीहरूलाई प्रोत्साहनस्वरूप ५१ हजार प्रदान गरिने भएको छ।

यो बजेट चालु आव २०८२/८३ सालको तुलनामा ११ करोड ३९ लाख ४० हजार रुपियाँले कम छ। चालु आवमा आन्तरिक राजस्व सङ्कलन निराशाजनक रहेकाले त्यस्को प्रभाव नीति कार्यक्रम तथा बजेट बाँडफाँटमा परेको छ। प्रस्तुत बजेट अनुसार आगामी आवमा आन्तरिक आयबाट २० करोड १५ लाख रुपियाँ प्राप्त हुने अनुमान गरिएको छ। यसै गरी सङ्घीय सरकारबाट विभिन्न शीर्षकमा ८६ करोड ४० लाख रुपियाँ र प्रदेश सरकारबाट चार करोड ४५ लाख रुपियाँ आय हुने अनुमान गरिएको छ।

नगरपालिकाको कुल विनियोजनमध्ये कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि चालु र पुँजीगत गरी २४ करोड ३१ लाख रुपियाँ प्रस्ताव गरिएको छ। गएको नगर सभाले कृषिलाई पहिलो प्राथमिकतामा राखेकोमा यस पटकको १८ औँ नगर सभाले स्वास्थ्य सेवालाई पहिलो प्राथमिकतामा राखेको छ। स्वास्थ्य बजेटतर्फ कर्मचारी तलबभत्ता, स्वास्थ्य उपकरण र औषधी खरिदसमेतका लागि कुल छ करोड ५० लाख रुपियाँ विनियोजन गरिएको छ। दोस्रो प्राथमिकतामा परेको शिक्षा तथा युवा खेलकुद विकासका लागि दुई करोड ४० लाख तथा कृषि र पशुपन्छी क्षेत्रका लागि दुई करोड विनियोजन गरिएको छ। नगरपालिकाले विभिन्न विकासनिर्माण तथा सामाजिक क्षेत्रका लागि गरिएको बजेट बाँडफाँट अनुसार सडक कालोपत्रे, ढलान तथा स्तरोन्नति र निर्माणतर्फ तीन करोड विनियोजन गरिएको छ।




तस्बिर : रवीन्द्र उप्रेती

**बर्दीबास नगरपालिकाको नगर सभा।**

बर्दीबासमा स्वच्छ खानेपानी आपूर्ति र फोहोरमैलाको दिगो व्यवस्थापनका लागि ९० लाख, सिँचाइका लागि ५० लाख, आन्तरिक पर्यटन प्रवर्धन गिद्ध संरक्षणकामा ४० लाख विनियोजन गरिएको छ। महिला बालबालिका एवं लक्षितवर्गको सशक्तीकरण एवं लैङ्गिक समावेशीकरणका लागि ७५ लाख ७० हजार विनियोजन गरिएको छ। नगर सभालाई सम्बोधन गर्दै मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री शारदा थापाले पर्यटन, पारवहन तथा पुरातात्त्विक महत्त्व बोकेको बर्दीबासको समृद्धिका लागि सबैको सहयोग, सकारात्मक भूमिका र योगदान महत्त्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो। नगरप्रमुख प्रह्लाद क्षेत्रीले आव २०८३/८४ का लागि १२ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यसले नगरको सर्वाङ्गीण विकासमा सही दिशानिर्देश गर्ने विश्वास व्यक्त गर्नुभयो।

# ‘विद्युतीय चुलोको प्रयोग बढाउनु पर्छ’

**ढल्केबर समाचारदाता**
*ढल्केबर, असार २ गते*

मधेश प्रदेशका प्रमुख प्राडा सुरेन्द्रलाभ कर्णले विद्युतीय चुलोको प्रयोग बढाउनुपर्ने बताउनुभएको छ। धनुषाको लालगढमा आयोजित ‘विद्युतीय चुलो नमुना परियोजनाको सिकाइ तथा उपलब्धि’ विषयक छलफल तथा अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नेपालमा विद्युत् उत्पादन उल्लेखनीय रूपमा वृद्धि भएकाले विद्युतीय चुलोको प्रयोग बढाउनुपर्ने बताउनुभयो।

उहाँले नेपालमा बढ्दो जलविद्युत् उत्पादनको प्रभावकारी उपयोग गर्दै मधेश प्रदेशलाई विद्युतीय चुलो प्रयोगमा देशकै नमुना प्रदेश बनाउन सकिने धारण व्यक्त गर्नुभयो। प्रदेश प्रमुख कर्णले विद्युत्लाई ऊर्जाको स्रोत मात्र नभई समाज रूपान्तरणको महत्त्वपूर्ण माध्यमका रूपमा लिनुपर्नेमा समेत जोड दिनुभयो। उहाँले विद्युतीय चुलोको प्रयोगले महिलाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नुका साथै दाउरा, गुइँठा तथा एलपी ग्यासमा निर्भरता घटाउने उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, “विद्युतीय चुलो प्रत्यक्ष रूपमा आमा, दिदीबहिनी र घरपरिवारको स्वास्थ्यसँग जोडिएको विषय हो। पहिले धुवाँयुक्त चुलोका कारण महिला आँखा तथा श्वासप्रश्वाससम्बन्धी समस्याबाट पीडित हुन्थे। अहिले विद्युत्को पहुँच बढेसँगै सुरक्षित र स्वच्छ खाना पकाउने विकल्प उपलब्ध भएको छ।” उहाँले नेपालले वार्षिक रूपमा ग्यास आयातमा ठुलो रकम खर्च गरिरहेको उल्लेख गर्दै विद्युतीय चुलोको व्यापक प्रयोगबाट विदेशी मुद्रा बचत हुने र ऊर्जा आत्मनिर्भरता बलियो बन्ने बताउनुभयो।



तस्बिर : विजयकुमार साह

**कार्यक्रममा प्रदेश प्रमुख प्राडा सुरेन्द्रलाभ कर्ण।**

प्रदेश प्रमुख कर्णले मधेश प्रदेशका करिब सबै घरधुरीमा विद्युत्को पहुँच पुगिसकेको उल्लेख गर्दै आगामी दुई/तीन वर्षभित्र प्रदेशलाई विद्युतीय चुलोको प्रयोगमा देशकै अग्रणी क्षेत्रका रूपमा स्थापित गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा ऊर्जाविज्ञ पुरुषोत्तम घिमिरेले विद्युतीय चुलो खरिद गर्दा गुणस्तरमा विशेष ध्यान दिन आग्रह गर्दै सस्तोभन्दा पनि प्रमाणित सामग्रीको प्रयोग गर्न उपभोक्तालाई सुझाव दिनुभयो। गुणस्तरीय उपकरणको प्रयोगले दीर्घकालीन रूपमा सुरक्षित र भरपर्दो सेवा प्राप्त हुने उहाँको भनाइ थियो।

गणेशमान चारनाथ नगरपालिकाका नगरप्रमुख जितनारायण यादवले विकासलाई सडक, पुल र भवन निर्माणमा मात्र सीमित गर्न नहुने बताउँदै महिलाको स्वास्थ्य र जीवनस्तरसँग प्रत्यक्ष जोडिएको ‘स्वच्छ भान्सा’ अभियानलाई नगरपालिकाले प्राथमिकतामा राखेको बताउनुभयो। परम्परागत चुलोबाट निस्कने धुवाँले महिलाको स्वास्थ्यमा गम्भीर असर पार्ने भएकाले विद्युतीय चुलो प्रवर्धनलाई नगरपालिकाले अभियानकै रूपमा अघि बढाएको उहाँको भनाइ थियो।

उहाँले नगरपालिकाले नवीकरणीय ऊर्जा नीति पारित गरी विद्युतीय चुलो प्रवर्धनका लागि बजेट विनियोजन गरेको जानकारी दिँदै हालसम्म पाँच सयभन्दा बढी गृहिणीलाई निःशुल्क विद्युतीय प्रेसर कुकर वितरण गरिएको बताउनुभयो। आगामी आर्थिक वर्षमा थप एक हजारभन्दा बढी विद्युतीय चुलो वितरण गर्ने तयारी रहेको उहाँले जानकारी दिनुभयो। कार्यक्रममा मधेश प्रदेशका ३० भन्दा बढी स्थानीय जनप्रतिनिधि, ऊर्जा क्षेत्रका विज्ञ, विकास साझेदार संस्था तथा विभिन्न पालिकाका प्रतिनिधिको सहभागिता रहेको थियो।

# ‘आचारसंहिता पालना अपरिहार्य’

**कलैया समाचारदाता**
*बारा, असार २ गते*

पत्रकारिताको विश्वसनीयता, निष्पक्षता र व्यावसायिक मर्यादा कायम राख्न सञ्चारकर्मीले आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। मिडिया काउन्सिल मधेश प्रदेशको आयोजनामा मङ्गलबार बाराको कलैयामा सम्पन्न ‘स्वच्छ, विश्वसनीय र मर्यादित पत्रकारिताका लागि आचारसंहितासम्बन्धी अभिमुखीकरण कार्यक्रम’ मा पत्रकारितामा देखिएका चुनौती, बदलिँदो प्रविधि र पत्रकारको जिम्मेवारीबारे चिन्ता व्यक्त गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि एवं मधेश प्रदेशका पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले बारा जिल्लामा खोजमूलक पत्रकारिताको कमी रहेको बताउँदै तथ्य र प्रमाणमा आधारित अनुसन्धानात्मक पत्रकारितालाई प्राथमिकता दिन सञ्चारकर्मीलाई आग्रह गर्नुभयो। खोजमूलक समाचारले विकृति, विसङ्गति र बेथितिलाई उजागर गर्नुका साथै सञ्चार माध्यमप्रतिको जनविश्वाससमेत बढाउने उहाँको तर्क थियो।

उहाँले पत्रकारले तथ्यमा आधारित खोजमूलक समाचारलाई प्राथमिकता दिन सके बारा जिल्लाको पत्रकारिताले ठुलो फड्को मार्न सक्ने बताउनुभयो। उहाँले भन्नुभयो, “पत्रकारिता केवल सूचना प्रवाह गर्ने माध्यम मात्र होइन, समाज परिवर्तनको प्रभावकारी साधन पनि हो। उहाँले सञ्चारकर्मीलाई कलमको शक्ति जिम्मेवारीपूर्वक प्रयोग गर्न आग्रह गर्दै कुनै पनि समाचार प्रकाशन तथा प्रसारण गर्दा सत्य, निष्पक्षता र जनउत्तरदायित्वलाई केन्द्रमा राख्नुपर्ने बताउनुभयो।” पत्रकारिताको मूल धर्म नै सत्य तथ्य उजागर गर्नु भएकाले व्यक्तिगत आग्रह–पूर्वाग्रह र स्वार्थभन्दा माथि उठेर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। पूर्वमुख्यमन्त्री सोनलले वर्तमान सरकार लोकतान्त्रिक मूल्य, मान्यता र जनभावना अनुसार अघि बढ्न नसकेको आरोपसमेत लगाउनुभयो। विशेष गरी तराई–मधेसका सीमावर्ती क्षेत्रका नागरिकमा निराशा बढ्दै गएको दाबी गर्दै उहाँले राज्यले सीमावर्ती क्षेत्रका जनताको अपेक्षा सम्बोधन गर्न नसकेको टिप्पणी गर्नुभयो।



तस्बिर : शिवशङ्कर मिश्रा

**मधेश प्रदेशका पूर्वमुख्यमन्त्री जितेन्द्रप्रसाद सोनललगायत।**

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष धर्मेन्द्र झाले पत्रकारिताको गुणस्तर खस्किनुको प्रमुख कारण अध्ययन र अनुसन्धान संस्कृतिमा आएको ह्रास रहेको बताउनुभयो। उहाँले व्यावसायिक दक्षताबिना गुणस्तरीय पत्रकारिता सम्भव नहुने धारणा राख्नुभयो। प्रविधिको तीव्र विकाससँगै कृत्रिम बौद्धिकता (एआई) को प्रयोग बढ्दै गएको उल्लेख गर्दै उहाँले यसको प्रयोगमा विशेष सावधानी अपनाउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, “एआईलाई सहयोगी उपकरणका रूपमा प्रयोग गर्न सकिन्छ तर तथ्य परीक्षण र सम्पादकीय जिम्मेवारीलाई बेवास्ता गरियो भने भोलिको पत्रकारिता गम्भीर सङ्कटमा पर्न सक्छ।” झाले पछिल्लो समय पत्रकारिताको मूल उद्देश्य सामाजिक उत्तरदायित्वभन्दा टाढिँदै गएको सङ्केत देखिन थालेको टिप्पणी गर्नुभयो। केही सञ्चार माध्यम र पत्रकार निजी तथा व्यक्तिगत स्वार्थपूर्तिमा केन्द्रित हुन थालेको भन्दै उहाँले पत्रकारिताको मूल मर्म र मूल्य जोगाउन सम्पूर्ण सञ्चारकर्मी सचेत हुनुपर्नेमा जोड दिनुभयो।

नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाराले पत्रकारिताको विश्वसनीयता जोगाउन आचारसंहिताको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताउनुभयो। मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष वन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पत्रकारितामा देखिएका समसामयिक चुनौती, डिजिटल सञ्चार माध्यमको प्रभाव, पत्रकारको आचारसंहिता, प्रेस स्वतन्त्रता तथा जिम्मेवार पत्रकारिताका विषयमा पत्रकारको बिचमा छलफल गरिएको थियो।

## फरार दुई प्रतिवादी एघार वर्षपछि पक्राउ

**भारदह समाचारदाता**
*भारदह (सप्तरी), असार २ गते*

सप्तरी प्रहरीले अपहरण गरी मारेर कर्तव्य ज्यान मुद्दामा फरार रहेका दुई जना प्रतिवादी ११ वर्षपछि पक्राउ परेका छन्। सप्तरीको सुरुङ्गा नगरपालिका–९ बस्ने अन्दाजी ६९ वर्षीय दाउद मियाँ र सिराहा लहान नगरपालिका–११ का ६० वर्षीय नसिर भन्ने बसिर मियाँ पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी एवं प्रहरी प्रवक्ता हेमराज घिमिरेले जानकारी दिनुभयो।

स्थानीय ऐनुल मियाँलाई २०७२ साल भदौ २९ गते आफ्नै घरबाट अपहरण गरी बन्धक बनाई बलानखोलादेखि पूर्व रहेको पैनीबाटोमा लगी मुख थुनेर डुबाएर मारेर फरार भएपछि मृतककी बुहारी रोशन खातुनको जाहेरीको आधारमा पक्राउ गरिएको हो।

# कुटपिटको आरोपमा वडाध्यक्ष पक्राउ

**सर्लाही समाचारदाता**
*सर्लाही, असार २ गते*

सर्लाहीको गोडैता नगरपालिका–५, रामवनका वडाध्यक्ष प्रकाशप्रसाद गुप्तालाई प्रहरीले पक्राउ गरेको छ।

केही दिनअघि सर्लाही जिल्ला अदालतको फैसला कार्यान्वयन गर्न पुगेका कर्मचारी तथा प्रहरी टोलीमाथि आक्रमण भएको घटनालाई लिएर प्रहरीले वडाध्यक्ष गुप्तालाई नियन्त्रणमा लिएको हो। सर्लाही प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले वडाध्यक्ष गुप्ताविरुद्ध उजुरी परेकाले सोमबार बेलुका नियन्त्रणमा लिइएको पुष्टि गर्नुभयो।

वडाध्यक्ष गुप्तालाई सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा राखिएको छ। प्रहरीले गुप्तासहित जनता समाजवादी पार्टी नेपाल गोडैता नगरपालिका–५ का वडा कार्यसमिति अध्यक्ष सुरेन्द्र यादवलाई समेत नियन्त्रणमा लिएको छ।

गोडैता नगरपालिकाका प्रमुख देवेन्द्र यादवले वडाध्यक्ष गुप्ता निर्दोष रहेको दाबी गर्नुभएको छ। अदालतका कर्मचारीमाथि हातपात हुँदा वडाध्यक्ष गुप्ता भारतमा रहेका भए पनि प्रहरीले दुःख दिने नियतले पक्राउ गरेको नगरप्रमुख यादवको आरोप छ। अदालतका कर्मचारीमाथि वडाध्यक्षको समूहले नभई गाउँका केही महिलाले हातपात गरेको प्रमुख यादवको भनाइ रहेको छ। प्रहरीले भने वडाध्यक्ष गुप्तासहितका व्यक्तिमाथि उजुरी परेकाले पक्राउ गरिएको जनाएको छ।

**कर्जा बुझाउन बाँकीको ३५ दिने सूचना**

यस पालिजास्वा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट विभिन्न समयमा विभिन्न शीर्षक अन्तर्गत ऋण लिनुभई संस्थामा साँवा तथा ब्याज रकम जम्मा नगरी भाखा नाघी ऋण चुक्ता नगर्नु भएका ऋणी सदस्यज्यूहरूलाई यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको ३५ दिनभित्र आफूले तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम बुझाउनुहोला। यो सूचनालाई बेवास्ता गरी ऋण नतिर्ने सदस्यहरूको तीनपुस्ते नामावली र ऋणीको फोटोसहितको विवरण सार्वजनिक पत्रपत्रिका मार्फत प्रकाशन गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।
सार्वजनिक पत्रपत्रिकामा तीनपुस्ते नामावली र फोटोसहितको विवरण प्रकाशित पश्चात् कसैको सामाजिक प्रतिष्ठामा आँच पुग्न गएमा संस्था कुनै पनि जिम्मेवार नहुने व्यहोरा यसै सूचना मार्फत सबैलाई जानकारीका लागि अनुरोध छ। संस्थाको आग्रह अटेर गरी ऋण चुक्ता नभएको खण्डमा सहकारी ऐन बमोजिम असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ।

**पालिजास्वा बचत तथा ऋण सहकारी संस्था लिमिटेड,**
**न्युरोड, काठमाडौँ।**
**फोन नं. ५७१३२४५**

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**शाखा कार्यालय तुलसीपुर (४१६)**

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०३।०३)**

दाङ जिल्ला, **दंगीशरण गाउँपालिका**, वडा नं. ६ बस्ने **टेक बहादुर डाँगी**को मिति **२०८३।०२।०३** मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी **बुहारी** नातापर्ने दाङ जिल्ला, **दंगीशरण गाउँपालिका**, वडा नं. ६ बस्ने **जयन्ता कुमारी डाँगी**ले यस बैंकमा मिति **२०८३।०२।२७** मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बधी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक **३५ (पैंतीस)** दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय **तुलसीपुर**मा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

**अधिकृत वारेसनामा बदर गरिएको सूचना**

म स्वस्तिका शाहले मिति २०७४।८।२६ गतेका दिन श्री बर्दिया जिल्ला अदालतमा उपस्थित भई जिल्ला बर्दिया, गुलरिया वडा नं. १ को कि.नं. ५१०, २६००, २२००, २६५८, २६५९, ऐ. को वडा नं. ५ख को कि.नं. ९३४, ९८०, २३४, २५६, २३३, ९७३ र ३१ का जग्गा मुलुकी ऐन अ.वं. ७१ख र रजिस्ट्रेसनको ११(क) अनुसार बिक्री वितरण गरी हक हस्तान्तरण गर्ने गरी बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ८ बस्ने वर्ष ४६ को सुधिर जंग शाहलाई अधिकृत वारेस नियुक्त गरेकोमा उक्त अधिकृत वारेसनामा आजकै मितिदेखि कायम नरहने गरी बदर हुने गरी मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५ को उपदफा १ बमोजिम बदर गरिएको छ।

**त्रिभुवन विश्वविद्यालय**
**अध्ययन बिदा सुव्यवस्थापन कार्यान्वयन समिति**

**त्रिभुवन विश्वविद्यालय अध्ययन बिदा उपभोग गरे पश्चात् नियमानुसार फर्की सेवा नगर्ने शिक्षक/कर्मचारीहरूलाई अत्यन्त जरुरी सूचना।**

**मिति : २०८३।०३।०३**

त्रिभुवन विश्वविद्यालयबाट अध्ययन बिदा उपभोग गरे पश्चात् विश्वविद्यालयको नियमानुसार सेवामा नफर्केका र फर्की पूरा अवधि सेवा नगर्ने शिक्षक तथा कर्मचारीहरूलाई सम्पर्कमा आउन सूचना प्रकाशित गरिएकोमा हालसम्म सम्पर्कमा आउनु नभएकाहरूको हकमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र समितिको कार्यालयमा वा studyleave@tu.edu.np मार्फत सम्पर्क राख्नुहुन पुनः जानकारी गरिन्छ। अन्यथा विश्वविद्यालयसँग गरिएको कबुलियतनामा एवं नियमानुसार कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**अध्ययन बिदा सुव्यवस्थापन कार्यान्वयन समिति, कीर्तिपुर।**

**भूमि प्रशासन कार्यालय टोखा काठमाडौँबाट जारी हकदाबी सम्बन्धी ३५ दिने सूचना।**

काठमाडौँ जिल्ला, का.म.न.पा. ७ बस्ने सत्य नारायण मानन्धरले सर्भे नापीका समयमा पिता लङ्गडो मानन्धर भन्ने नातीमान मानन्धरको नाममा नाप नक्सा भई फिल्डबुक स्रेस्ता कायम रहेकोमा फिल्डबुक दर्तावाला पिता नातीमान मानन्धरको मिति २०५०।०८।२९ मा, आमा पुर्ण कुमारी मानन्धरको मिति २०१६।०४।१५ मा आ–आफ्नै कालगतिले मृत्यु भएकाले अबको हकदार म निवेदक सत्य नारायण मानन्धर मात्र भएको भनी मौजा धर्मस्थली हा.नं. १२७८ बाजे अष्टमान मानन्धरको नाउँको लगत भिडाई का.म.न.पा. वडा नं. ७ को किटानी सिफारिस, नाता प्रमाणपत्र समेत संलग्न गरी छुट जग्गा दर्ता/ना.सा. गरी पाऊँ भनी निवेदन गरेकाले निवेदकको माग बमोजिम उक्त कित्ता जग्गा दर्ता/ना.सा. हुनु नपर्ने कारण भए, सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी, कानूनले दर्ता नामसारी गर्ने बन्देज लगाएको वा निवेदक बाहेक अरू कोही हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जानेछ। **तपसिल**

| क्र.सं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाम | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | साङ्ला | ५/क | २३५ | १–३–२–० | मोती बहादुर खत्री का.ई. ठोसुटुसाल। सही | का.ई. झोसे लाईकोसाल बस्ने लङ्गडो मानन्धरको भई कुतमा कमाएको छु। सही |

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**सिद्धार्थनगर, रुपन्देही, फोन नं: ०७१–५९७०२६**

**व्यावसायिक गतिविधिहरू सञ्चालन गर्ने सम्बन्धी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०८३/०३/०३ गते)**

यस कार्यालयको मिति २०८३/०१/२९ तथा मिति २०८३/०२/०५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विमानस्थलको विभिन्न स्थानमा तपसिल बमोजिमका व्यावसायिक गतिविधिहरू सञ्चालन गर्ने सम्बन्धी खुला बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र रीतपूर्वक दाखिला हुन आएका बोलपत्रको मूल्याङ्कन गर्दा देहाय बमोजिमका बोलपत्र अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले ७ (सात) दिने बोलपत्र स्वीकृतिका लागि छनोट गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

| सि.नं. | विवरण | क्षेत्रफल (वर्गमिटर) | अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाताको नाम, ठेगाना | २ (दुई) वर्ष अवधिको लागि कबोल गरेको जम्मा बहाल रकम |
|---|---|---|---|---|
| १. | आन्तरिक टर्मिनल भवन (Departures)को बाहिर सवारीसाधन विसान क्षेत्रको छेउमा रहेको Restaurant | ५५.५० (पचपन्न दशमलव पचास) | सोल्टी होटल लिमिटेड ताहाचल, काठमाडौँ | रु. २७,००,०००/– (अक्षरुपी सत्ताइस लाख रुपैयाँ मात्र) |
| २. | आन्तरिक टर्मिनल भवनको चेक इन एरियामा रहेको Restaurant | ७०.७९ (सत्तरी दशमलव उनासी) | सोल्टी होटल लिमिटेड ताहाचल, काठमाडौँ | रु. ६०,१०,१०१/– (अक्षरुपी साठी लाख दश हजार एक सय एक रुपैयाँ मात्र) |
| ३. | आन्तरिक टर्मिनल भवनको स्टेराइल एरियामा Tea/ Coffee, Confectionery & Snacks Shop | १२ (बाह्र) | सोल्टी होटल लिमिटेड ताहाचल, काठमाडौँ | रु. २४,००,०००/– (अक्षरुपी चौबीस लाख रुपैयाँ मात्र) |

| सि.नं. | विवरण | क्षेत्रफल (वर्गमिटर) | अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाताको नाम, ठेगाना | ५ (पाँच) वर्ष अवधिका लागि कबोल गरेको जम्मा बहाल रकम |
|---|---|---|---|---|
| १. | आन्तरिक आगमन (Domestic Arrival) भवनको बाहिर ATM Lounge | २ (दुई) | Global IME Bank Limited Kamaladi, Kathmandu | रु. १,९३,०००/– (अक्षरुपी एक लाख त्रियानब्बे हजार रुपैयाँ मात्र) |

**महाप्रबन्धक**

**भूमि प्रशासन कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. १९ बस्ने शंकर प्रसाद दर्शनधारीले मेरी अविवाहित फुपूबज्यै हिरा माया कपाली (कुस्ले)को नाममा नापनक्सा भई निज नापीवालाको नाममा हालसम्मै अ–प्रमाणित स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गा दर्ता नहुँदै नापीवाला हिरा माया कपाली (कुस्ले) को मिति २०४३।१।१९ मा र निज नापीवालाको पिता जित बहादुर कपालीको मिति २००० सालभन्दा पहिले नै, आमा सेती कपालीको मिति २०१७ सालमा, दाजु वखत बहादुर कपालीको २००० सालभन्दा पहिले नै, र दाजुको छोरा गुण बहादुर कपालीको मिति २०५०।६।१६ मा र निजकी पत्नी काली कपालीको मिति २०४३।३।१ मा मृत्यु भई निज गुण बहादुरको हकदारमा छोरा हरिहर प्रसाद कपाली (दर्शनधारी)–१ र छोरी सुश्री शारदा दर्शनधारी–१ समेत जना २ भएकोमा छोरी सुश्री शारदा दर्शनधारी (कपाली) को मिति २०७४।११।०२ मा र छोरा हरिहर प्रसाद कपाली (दर्शनधारी) को मिति २०७१।११।२ मा र निजकी पत्नी मिश्री कपालीको मिति २०६७।११।१ मा मृत्यु भई हकदारमा छोराहरू श्याम कृष्ण (दर्शनधारी)–१, शंकर प्रसाद दर्शनधारी–१ र छोरी शान्ती देवि नेपाली–१ समेत जना ३ भएकोमा छोरा श्याम कृष्ण दर्शनधारीको मिति २०८०।९।२० मा मृत्यु भई हक खाने हकदारमा निजकी पत्नी बिना दर्शनधारी (कपाली) भएको हुँदा हकदारमा शंकर प्रसाद दर्शनधारी–१, विना दर्शनधारी (कपाली)–१ र शान्ति नेपालि–१ समेत जना ३ भएको र हामी बाहेक अन्य हकदार नभएकोमा साबिक मौजा साँखु हा.नं. ६३५ का हिरामाया कुसलेनी का.जि., प्याफुलको नाममा लगत भिडी दर्ता हुन बाँकी रहेको तपसिलमा उल्लिखित जग्गा हाम्रो नाउँमा दर्ता/नामसारी गरिपाऊँ भनी एवं नापीवालाको नाम फिल्डबुक एवं स्रेस्तामा हिरा माया कुस्ले र अन्य कागजातहरूमा हिरा माया कपाली (कुस्ले) भएको उल्लिखित व्यक्ति फरक फरक नभई एकै व्यक्ति भएको भनी समेत स्थानीय तह का.म.न.पा. वडा नं. १९ को च.नं. १०५३ मिति २०८३।१।३ को सिफारिस सहित शंकर प्रसाद दर्शनधारीको द.नं. ४७४७ मिति २०८२।१०।९ मा माग निवेदन पेश गरेको साथै उल्लिखित नाम, थर भएको व्यक्ति फरक फरक भए वा उक्त जग्गामा हक लाग्ने अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, बिर्ता, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित भूमि प्रशासन कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **फिल्डबुकको व्यहोरा तपसिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| इन्द्रायणी | ९ | २८२ | ०–५–१–० | मोहन लाल राजवहा का.ई., ईन्द्रयाणीमध्ये लाखिला | यो जग्गा कुसलेलाई २ पाथी कुत तिरी जोती खाएको। |
| इन्द्रायणी | ९ | २८६ | १–०–०–० | मोहन लाल राजवहा का.ई. ईन्द्रयाणीमध्ये लाखिला | यो जग्गा कुसलेलाई १ मुरी कुत तिरी जोती खाएको। |

**पुनश्च** : मोठ स्रेस्तामा ज.द.मि.नं. २५३, ०८२।९।२४ भिडेको देखिन्छ।

# अस्थायी लाइसेन्सको खर्चमाथि प्रश्न

**शशिधर पराजुली**
*विराटनगर, असार २ गते*

कोशी प्रदेश सरकारले कानुनमै व्यवस्था नभएको अस्थायी चालक अनुमतिपत्र छपाइको नाममा प्रदेश सरकारको लाखौँ रुपियाँ खर्चिएर अनावश्यक व्ययभार थपेको भन्दै संसदीय समितिमा प्रश्न उठेको छ। कोशी प्रदेश सार्वजनिक लेखा समितिको बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आर्थिक वर्ष २०८०-८१ को लेखा परीक्षण प्रतिवेदनमाथि छलफल हुँदा यो विषयले मुख्य चर्चा पाएको हो।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार, मन्त्रालयले ४७ लाख १३ हजार रुपियाँ खर्च गरेर एक लाख ८७ हजार पाँच सय थान अस्थायी लाइसेन्स कार्ड छापेको थियो। त्यसमध्ये २१ हजार थान मात्र वितरण गरी बाँकी एक लाख ६६ हजारभन्दा बढी कार्ड कार्यालयमै थन्क्याएर राखेको भन्दै प्रश्न उठाएको थियो। यसलाई समितिका सदस्यले गम्भीर आर्थिक लापर्बाहीका रूपमा लिएका छन्। समितिका सदस्य भूपेन्द्र राईले 'यो विषय अत्यन्तै गम्भीर र राज्यकोषको दोहन भएको' बताउनुभयो। समितिले यस विषयमा थप स्पष्टताका लागि वर्तमान र तत्कालीन मन्त्री, सचिव तथा आवश्यकता परे मुख्यमन्त्रीलाई समेत बोलाएर छलफल गर्ने निर्णय गरेको छ।

बैठकमा सङ्घीय एकाइका लागि प्रदेशले गरिरहेको खर्चमाथि पनि चर्को प्रश्न उठेको छ। समितिका सदस्य दुर्गाप्रसाद चापागाईंले सुशासनको प्रश्न उठाउँदै भन्नुभयो, "सङ्घीय एकाइलाई प्रदेशले खर्च गर्न मिल्दैन, महालेखाले पनि त्यसमा प्रश्न उठायो, यो सरासर अनियमित खर्च हो भने किन बेरुजु नलेख्ने।"



तस्बिर : शशिधर पराजुली
**लेखा समितिको बैठकमा छलफल गर्नुहुँदै समितिका सदस्य तथा सम्बन्धित मन्त्रालयका अधिकारी।**

यसको जवाफमा पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले प्रदेश सुरक्षा समिति र विपत् व्यवस्थापन समितिमार्फत हुने व्यावहारिक आवश्यकताका कारण यस्तो खर्च हुने गरेको तर्क गर्नुभयो। समितिका अन्य सदस्यले भने प्रहरी समायोजन नहुँदा यस्तो समस्या देखिएको भन्दै समायोजनका लागि केन्द्रलाई दबाब दिन पनि नयाँ भौतिक संरचना निर्माणमा लगानी रोक्नुपर्ने धारणा राखे। समितिले 'प्रहरी समायोजन नभएसम्म सङ्घीय सरकार मातहतको प्रहरीका लागि नयाँ भवन निर्माणमा बजेट विनियोजन नगर्ने र केवल मर्मत तथा टालटुलमा मात्र सहयोग गर्ने' भनी नीति बनाउन सरकारलाई निर्देशन दिने निर्णय गरेको छ।

बैठकले प्रदेश सरकारलाई जवाफदेही बनाउन अन्य महत्त्वपूर्ण निर्देशन पनि दिएको छ। जस अन्तर्गत राहत तथा सहयोगका नाममा वितरण गरिने रकमको विवरण अनिवार्य रूपमा सार्वजनिक गर्न सरकारलाई निर्देशन दिइएको छ। साथै सरकारी रकम हिनामिना गर्ने वा असुलउपर गर्नुपर्ने व्यक्तिको स्पष्ट विवरण र नामनामेसी तत्काल उपलब्ध गराउन मन्त्रालयलाई निर्देशन दिइएको छ। उक्त मन्त्रालयको नाममा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले एक करोड १६ लाख रुपियाँ बेरुजु कायम गरेको छ। त्यसमध्ये असुलउपर गर्नुपर्ने बेरुजु रकम २० लाख रुपियाँ बराबर रहेको छ।

छलफलका क्रममा मन्त्रालयका तर्फबाट उपसचिव अर्जुन निरौला र लेखा अधिकृत तुलसी श्रेष्ठले उठाइएका प्रश्नको जवाफ दिनुभएको थियो। महालेखा परीक्षकको कार्यालयका निर्देशक नन्दप्रसाद भट्टराईले आर्थिक मापदण्ड र बेरुजुका विषयलाई आवश्यकताका आधारमा प्राविधिक रूपमा प्रस्ट पार्नुभएको थियो। समितिले सुशासन कायम गर्न र आर्थिक अनुशासन उल्लङ्घन गर्ने परिपाटीलाई निरुत्साहित गर्न सरकारलाई जवाफदेही र जिम्मेवार बनाउने निष्कर्ष निकालेको छ।

# ट्र्याक खोलेको साढे दुई दशकपछि कालोपत्रे

**सन्तोष सुवेदी**
*पाख्रीबास, असार २ गते*

धनकुटाको हिले-चोक्रोक-भिरगाउँ-मधुगङ्गा सडकखण्ड ट्र्याक खोलेको करिब २६ वर्षपछि कालोपत्रेको काम सुरु भएको छ। धनकुटा नगरपालिकाको चक्रपथ अवधारणा अन्तर्गत रहेको सडकखण्ड यतिबेला कालोपत्रे काम सुरु भएको हो।

यस ठाउँका स्थानीयवासीको जनश्रमदानबाट २०५७ सालमा ट्र्याक खोल्ने काम सुरु भएको थियो। ट्र्याक खोलेको करिब छब्बिस वर्षपछि बल्ल कालोपत्रेको काम सुरु भएको छ। कालोपत्रेको काम सुरु भएसँगै स्थानीयसमेत खुसी भएका छन्।

विश्व बैङ्कको ३६ करोड रुपियाँ अनुदान सहयोगमा उक्त सडकको कालोपत्रेको काम धमाधम भइरहेको छ। धनकुटा नगरपालिका-१ स्थित हिले, चोक्रोक र भिरगाउँ हुँदै धार्मिक तथा पर्यटकीय महत्त्व बोकेको मधुगङ्गा धामसम्म सडक कालोपत्रेको काम भइरहेको हो करिब करिब ७.२ किलोमिटर सडक स्तरोन्नति तथा कालोपत्रे काम अहिले धमाधम भइरहेको छ।

सुरुमा ३२ करोड रुपियाँमा सम्झौता भएको परियोजनाको लागत थप संरचना निर्माण र प्राविधिक सुधारका कारण बढेर ३६ करोड रुपियाँ पुगेको धनकुटा नगरपालिकाका प्रशासन, योजना तथा अनुगमन अधिकृत सीताराम गौतमले बताउनुभयो। उहाँका अनुसार कुल ७.२ किलोमिटर सडकमध्ये ३.३ किलोमिटर खण्डमा ढलान गरिएको छ भने बाँकी चार किलोमिटर सडकमा अस्फाल्ट कालोपत्रे भइरहेको छ। निर्माण कम्पनीले आगामी असार १६ गतेभित्र काम सम्पन्न गर्ने सम्झौता भएको थियो। मौसमले साथ दिए असारको पहिलो साताभित्रै कालोपत्रेको काम सक्ने लक्ष्य रहेको अधिकृत सीताराम गौतमले बताउनुभयो।

सडक कालोपत्रे भएपछि त्यसपछि सडक सौन्दर्यीकरण, नाली व्यवस्थापन र सङ्केत चिह्न राख्ने काम हुने जनाइको छ। सडक निर्माणपछि स्थानीय करिब पाँच सय घर प्रत्यक्ष लाभान्वित हुने छन्। थापाले भन्नुभयो 'सडक कालेपत्रे साथै निर्माणपश्चात् स्थानीयले उत्पादन गरेका कृषि जन्य वस्तु सहज तरिकाले बजारसम्म पुऱ्याउन सहज हुने स्थानीय ईश्वर थापाले बताउनुभयो। सडक स्तरोन्नति नहुँदा करिब दुई घण्टा हिँडेर बजारसम्म पुग्नुपर्ने हुन्थ्यो अब भने सहज भएको छ।

सडकको ट्र्याक खोल्न तत्कालीन भिरगाउँ गाविसका स्थानीयले करिब ९६ दिनसम्म निःशुल्क श्रमदान गरेका थिए। सो समय डोजर र बजेटको अभावबिच स्थानीयले आफ्नै बलबुतामा सडक विस्तार गरेको स्थानीय फुर्वा तामाङले बताउनुभयो। सडक कालोपत्रे हुन थालेपछि गाउँको विकासले नयाँ गति र गाउँको मोहसमेत बढेको उहाँको भनाइ छ।

चोक्रोक, भिरगाउँ, किन्ताङ र मधुगङ्गा क्षेत्र गाजर, मूला, आलु, हरियो तरकारी तथा दुग्ध उत्पादन क्षेत्र रहेको छ। सडक बनेपछि बजारसम्म पुऱ्याउन सहज हुने धनकुटा नगरपालिका-२ का वडाध्यक्ष चन्द्रलाल तामाङले बताउनुभयो। त्यसो त धनकुटा नगरपालिकाले भिरगाउँलाई गाजर उत्पादन पकेट क्षेत्रका रूपमा समेत घोषणा गरेको छ। वडाध्यक्ष तामाङले भन्नुभयो, "सडक स्तरोन्नतिपश्चात् किसानले उत्पादनको उचित मूल्य पाउने सम्भावनासमेत बढ्ने छ।"

स्थानीय कृषकका अनुसार अहिले कच्ची सडकका कारण वर्षायाममा तरकारी र दुध बजारसम्म पुऱ्याउन समस्या हुने गरेको छ। कालोपत्रे सडक सञ्चालनमा आएपछि कृषि उपजको बजारीकरण थप प्रभावकारी हुने अपेक्षा गरिएको छ। त्यसो त धार्मिक पर्यटनको आकर्षक गन्तव्य बन्दै गएको मधुगङ्गा धामसम्मको पहुँच सहज हुने छ। जसले गर्दा आन्तरिक पर्यटकको आगमन बढ्ने र स्थानीय होटेल तथा व्यवसायलाई समेत प्रत्यक्ष लाभ पुग्ने छ।

दोस्रो खण्ड स्तरोन्नति तथा कालोपत्रेका लागि विश्व बैङ्कसमक्ष प्रस्ताव पेस गरिएको भए पनि हालसम्म स्वीकृति प्राप्त नभएको पालिकाले जनाएको छ। यसबिच नगरपालिकाले विभिन्न स्थानमा पर्खाल निर्माण, कलभर्ट जडान, नाली व्यवस्थापन तथा माटो कटिङको काम गर्दै आएको छ। धनकुटा नगरपालिकाको ग्रामीण क्षेत्रलाई सदरमुकामसँग जोड्दै कृषि, पर्यटन, व्यापार तथा सेवा प्रवाहलाई थप सहज बनाउने छ।

## बाइस जना पक्राउ

**रानी समाचारदाता**
*रानी, असार २ गते*

कोशी प्रदेश प्रहरीले सञ्चालन गरेको लागुऔषधविरुद्धको महाअभियान अन्तर्गत विभिन्न जिल्लाबाट २२ जनालाई पक्राउ गरेको छ। पक्राउ परेकाको साथबाट १८ ग्राम १५० मिलिग्राम ब्राउन सुगर, ५०२ चक्की प्रतिबन्धित औषधी, एक मोटरसाइकल, एक स्कुटर र एक सिटी सफारी बरामद गरिएको छ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी उपरीक्षक योगेन्द्र सिंह थापाका अनुसार लागुऔषधमुक्त समाज निर्माण गर्ने उद्देश्यले प्रदेशभर परिचालित प्रहरी टोलीले विभिन्न स्थानमा चेकजाँच तथा निगरानीका क्रममा उनीहरूलाई पक्राउ गरेको हो।

वडा प्रहरी कार्यालय भद्रपुरले बिर्तामोड-६ का देवेन्द्र विकलाई एक ग्राम ४२० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ। दमक-३ का विकास भुजेल र भद्रपुर-७ की सरिता राजवंशीलाई छ ग्राम ९० मिलिग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएको छ। प्रहरीले वीरगन्ज आङ्दम्बेलाई स्पारेक्स्ट एक सय ट्याब्लेट र ट्रमाडोल एक सय ट्याब्लेटसहित पक्राउ गरेको छ।

# चौदण्डीगढीमा माटो परीक्षण

**गाईघाट समाचारदाता**
*गाईघाट, असार २ गते*

कृषि क्षेत्रमा लगानी बढाएर कृषिजन्य वस्तुको उत्पादनमा वृद्धि गर्ने उद्देश्यले उदयपुरको चौदण्डीगढी नगरपालिकाले किसानलक्षित विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको छ। पालिकाले पहिलो पटक माटो परीक्षण शिविरमा झन्डै दुई सय किसान सहभागी भएका छन्। नगरपालिकाको कृषि विकास शाखाले आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन गरेको उक्त 'माटो परीक्षण शिविर' सम्पन्न भएको छ। माटो तथा मल परीक्षण प्रयोगशाला, झुम्काको प्राविधिक सहयोग तथा कृषि विकास शाखाको आयोजनामा सञ्चालन गरिएको सो शिविरबाट नगरपालिकाभित्रका १९७ जना कृषक प्रत्यक्ष रूपमा लाभान्वित भएको नगरपालिकाले जनाएको छ।

कृषि उत्पादनको गुणस्तर र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यसहित सञ्चालन गरिएको शिविरमा फलफूल, खाद्यान्न, तरकारी, मसलालगायत विभिन्न बालीका लागि आवश्यक माटो परीक्षण गरिएको थियो। दुई दिनसम्म चलेको सो शिविरमा विशेष गरी धानबाली र तरकारी खेती गर्ने कृषकको उल्लेखनीय सहभागिता रहेको चौदण्डीगढी नगरपालिका कृषि विकास शाखाले जनाएको छ।

शिविरमा सहभागी कृषकले आफ्ना खेतबारीको माटो परीक्षण गराई माटोको वास्तविक अवस्था तथा आवश्यक सुधारका उपायबारे जानकारी प्राप्त गरेका थिए। परीक्षणका क्रममा माटोमा आवश्यक प्रमुख खाद्यतत्त्व नाइट्रोजन, फस्फोरस र पोटासको मात्रा अपेक्षाकृत कम रहेको पाइएको प्राविधिकले बताए।

यसले उत्पादनमा प्रत्यक्ष असर पार्ने भएकाले सन्तुलित मल प्रयोग र माटो सुधारमा विशेष ध्यान दिनुपर्ने प्राविधिकबाट सुझाव आएको किसानले बताएका छन्। त्यसै गरी खेतीका लागि सबैभन्दा उपयुक्त मानिने माटोको पिएचस्तर ६.५ देखि ७.५ सम्म हुनुपर्ने भए पनि परीक्षण गरिएका अधिकांश माटोमा त्योभन्दा कम रहेको पाइएको थियो। यसले यहाँको माटो अम्लीय तथा कमजोर अवस्थामा रहेको सङ्केत गरेको कृषि प्राविधिकको भनाइ छ।

अम्लीय माटोका कारण बालीले आवश्यक पोषकतत्त्व पूर्ण रूपमा ग्रहण गर्न नसक्ने हुँदा उत्पादन घट्ने जोखिम बढ्ने हुन्छ। सोमबार सम्पन्न दुई दिने शिविरमार्फत कृषकलाई माटो परीक्षणको रिपोर्टसमेत वितरण गरिएको थियो। साथै माटोको अवस्था अनुसार कुन बाली लगाउने, कस्तो मल प्रयोग गर्ने तथा माटोको अम्लीयपन घटाउन अपनाउनुपर्ने उपायबारे प्राविधिक परामर्श पनि प्रदान गरिएको वडा नं. १० का किसान भुपेन चौधरीले बताउनुभयो। नगरपालिकाले आगामी दिनमा पनि कृषकलक्षित यस्ता प्राविधिक तथा व्यावहारिक कार्यक्रमलाई निरन्तरता दिने नगरप्रमुख कालुमान लामाले बताउनुभयो। उहाँका अनुसार माटो परीक्षण शिविरले माटोको स्वास्थ्य संरक्षणसँगै दिगो कृषि विकास र उत्पादन वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

### कारागारमा कैदी हत्या प्रकरण

## सात प्रहरीसहित पन्ध्र जनालाई जन्मकैद

**खाँदबारी समाचारदाता**
*खाँदबारी, असार २ गते*

सङ्खुवासभा जिल्ला कारागार खाँदबारीमा दुई कैदीको हत्या प्रकरणमा संलग्न सात प्रहरीसहित १५ जनालाई जिल्ला अदालत सङ्खुवासभाले जन्मकैदको सजाय सुनाएको छ।

जिल्ला अदालतका स्रेस्तेदार उज्वल न्यौपानेका अनुसार न्यायाधीश राजकुमार कोइरालाको इजलासले मुलुकी अपराध संहिता, २०७४ को दफा १७१(१०) बमोजिम दोषी ठहर गर्दै जन्मकैदको फैसला गरेको हो। अदालतले मृतकका नजिकका हकदारलाई प्रतिवादीबाट जनही ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने आदेशसमेत दिएको छ।

२०८० साल साउन २४ गते कारागारको शौचालयको झ्यालको रड काटेर भाग्न खोजेको आरोपमा नियन्त्रणमा लिइएका मादी नगरपालिका-५ का विनोद तोलाङ्गी र नुवाकोटको ककनी गाउँपालिका-७ का आकाश बलामीमाथि सुरक्षाकर्मी तथा केही कैदीबन्दीले सामूहिक कुटपिट गर्दा उनीहरूको मृत्यु भएको अनुसन्धानबाट खुलेको थियो। उक्त घटनामा कारागार सुरक्षा व्यवस्थामा खटिएका प्रहरी तथा कैदीबन्दी गरी १५ जनालाई अदालतले हत्या कसुरमा दोषी ठहर गर्दै जन्मकैदको सजाय सुनाएको हो।

## होल्डिङ सेन्टर बन्दै सुधार केन्द्र

**दमक समाचारदाता**
*दमक, असार २ गते*

झापाको मेचीनगर नगरपालिका-१४, दुहागढीमा कोभिड-१९ महामारीका बेला २५ करोड रुपियाँ लागतमा निर्माण गरिएको हाल बेवारिसे अवस्थामा रहेको कोशी प्रदेशस्तरीय होल्डिङ सेन्टर अब सुधारगृह तथा पुनर्स्थापना केन्द्रका रूपमा सञ्चालन गरिने भएको छ।

एक हजार जनालाई एकै पटक आवासीय सेवा दिन सक्ने क्षमता रहेको उक्त सेन्टर निर्माण सम्पन्न भएको लामो समयसम्म प्रयोगविहीन बनेको थियो। कोभिड सङ्क्रमित वा शङ्कास्पद व्यक्तिलाई व्यवस्थापन गर्ने उद्देश्यले बनाइएको सेन्टर सञ्चालनको जिम्मेवारी कसले लिने भन्ने अन्योलका कारण प्रयोगमा आउन सकेको थिएन।

यो प्रयोगमा आउन नसकेपछि राज्यको करोडौँको लगानी भएको संरचना बेवारिसे भएको भन्दै बारम्बार कुरा उठ्दै आएको थियो। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले यसको उच्चतम सदुपयोग गरिने बताउँदै आउनुभएको थियो। उहाँले यसलाई सुधार केन्द्रका रूपमा अघि बढाउन पटक पटक सरोकारवालासँग छलफल पनि गर्नुभएको जनाइएको छ।

यसै अनुसार सोमबार कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक गर्दै मेचीनगरस्थित होल्डिङ सेन्टरलाई सुधारगृह तथा पुनर्स्थापना केन्द्रमा रूपान्तरण गर्ने घोषणा भएको छ। बजेटमा रङ्गेलीस्थित होल्डिङ सेन्टरलाई समेत पुनर्स्थापना केन्द्रका रूपमा सञ्चालन गर्ने उल्लेख गरिएको छ।

चार बिघा क्षेत्रफलमा फैलिएको सेन्टरमा २२ वटा अत्याधुनिक भवन, १४ क्वारेन्टाइन ब्लक, स्वास्थ्यकर्मी आवास, डाइनिङ हल, भान्सा र शौचालय भवन रहेका छन्। यसै गरी खानेपानी, विद्युत्, सडक तथा अन्य आधारभूत पूर्वाधारसमेत तयारी अवस्थामा रहेकाले आवश्यक परे तत्काल सञ्चालन गर्न सकिने अवस्था रहेको छ।

वर्षौंदेखि प्रयोगविहीन बनेको संरचनालाई अब सुधारगृह तथा पुनर्स्थापना केन्द्रका रूपमा उपयोग गर्ने निर्णयसँगै करोडौँको सरकारी लगानी सदुपयोग हुने अपेक्षा गरिएको मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले बताउनुभयो। यसमा स्थानीय सरकार पनि लागि पर्ने उहाँको भनाइ छ।

**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सहकारी तथा रोजगार प्रवर्द्धन शाखा**
**भरतपुर, चितवन, नेपाल।**

**सहकारी संस्था खारेजी गरिएको सम्बन्धी जरुरी सूचना**

**मिति : २०८३।०३।०३**

भरतपुर महानगरपालिकाभित्र कार्य क्षेत्र रही सञ्चालनमा रहेका सहकारी संस्थाहरूले गरेका कारोबारलाई वार्षिक तथा मासिक रूपमा सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा अद्यावधिक गर्नुपर्ने र प्रत्येक आ.व. शुरु भएको ३ महिनाभित्र लेखा परीक्षण गर्नुपर्ने, ६ महिनाभित्र वार्षिक साधारण सभा सम्पन्न गरी सोको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन लगायत अनुमोदित नीति र नियमहरू साधारण सभा भएको मितिले १५ दिनभित्र नियामक निकाय भरतपुर महानगरपालिकामा बुझाइसक्नुपर्ने कानूनी व्यवस्था रहेकोमा सहकारी संस्थाहरूले साधारण सभा तथा लेखा परीक्षण नगरेको र प्रतिवेदनहरू समेत नबुझाएकोले भरतपुर महानगरपालिकाभित्र कार्य क्षेत्र रही सञ्चालनमा रहेका सहकारी संस्थाहरूले गरेका कारोबारलाई वार्षिक तथा मासिक रूपमा सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा अद्यावधिक गर्नुपर्ने र प्रत्येक आ.व. शुरु भएको ३ महिनाभित्र लेखा परीक्षण गर्नुपर्ने, ६ महिनाभित्र वार्षिक साधारण सभा सम्पन्न गरी सोको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन लगायत अनुमोदित नीति र नियमहरू साधारण सभा भएको मितिले १५ दिनभित्र नियामक निकाय भरतपुर महानगरपालिकामा बुझाइसक्नुपर्ने कानूनी व्यवस्था रहेकोमा सहकारी संस्थाहरूले साधारण सभा तथा लेखापरीक्षण पनि नगरेको र प्रतिवेदनहरू समेत नबुझाएकोले सम्बन्धित जनप्रतिनिधिहरूको रोहबरमा यस कार्यालयबाट स्थलगत अनुगमन गर्दा संस्थाको कार्यालय नभेटिएको, सञ्चालक समितिहरू समेत सम्पर्कमा नआएकोले सहकारी ऐन अनुसार लगातार २ वर्षभन्दा बढी कुनै कारोबार नगरी निष्क्रिय रहेकाले भरतपुर महानगरपालिका सहकारी ऐन २०७५ को परिच्छेद १४ को दफा ६६ को उपदफा ३ अनुसार सहकारी संस्था दर्ता खारेजी प्रक्रिया अघि बढाउन मिति २०८३।०१।१७ गते दैनिक पत्रिका किरणपुञ्जमा संस्था दर्ता खारेजी गर्नुनपर्ने मनासिव कारण तथा प्रमाण भएमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र भरतपुर महानगरपालिका, आर्थिक विकास महाशाखा, सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा विवरण पेश गर्न जानकारी गराइएकोमा तपसिल अनुसारका सहकारी संस्थाहरूले विवरण पेश नगरेको र सम्पर्कमा समेत नआएकोले भरतपुर महानगरपालिकाको मिति २०८३।०३।०१ गतेको निर्णय अनुसार दर्ता खारेजी गरिएकोले त्यस्ता सहकारी संस्थाहरूको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सहकारी संस्थाले तिर्नु बुझाउनुपर्ने कुनै दायित्व रहे भएमा सम्बन्धित सहकारी संस्थाका सञ्चालक लगायतका जिम्मेवार पदाधिकारी/व्यक्तिहरूले तिर्नु बुझाउनुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**पुनश्च:** सहकारी संस्थासँग कुनै लिनुदिनुपर्ने दायित्व भएमा सम्बन्धित सहकारी संस्थाका सञ्चालक/पदाधिकारीसँग सम्पर्क राख्नुहुन सम्बन्धित शेयर सदस्य लगायत सम्पूर्ण सरोकारवालाहरूलाई सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | सहकारीको नाम | ठेगाना | दर्ता नं. |
|---|---|---|---|
| १ | ठिमुरा दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-१ | ७७७।२०६५।५।६ |
| २ | धौलाश्री कृषि सहकारी संस्था लि. | भरतपुर-४ | १०१०।२०६८।१२।१२ |
| ३ | सालघारी जडिबुटि उत्पादक सहकारी संस्था लि. | भरतपुर-६ | १००९।२०६८।१२।१२ |
| ४ | कृष्ण दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-७ | २२०।२०४९।९।२४ |
| ५ | सुरभि कृषि सहकारी संस्था लि. | भरतपुर-८ | १०६८।२०६९।११।१७ |
| ६ | क्रियाशील कृषि सहकारी संस्था लि. | भरतपुर-९ | ९५५।२०६७।१२।८ |
| ७ | समर्पण दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-१४ | ९३०।२०६७।७।१० |
| ८ | संयुक्त दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-२३ | |
| ९ | नमूना दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-१५ | २४२।२०४९।१०।१६ |
| १० | मगलपुर साना किसान कृषि सहकारी संस्था लि. | भरतपुर-१६ | |
| ११ | प्रशिद्ध जडिवुटि सहकारी संस्था लि. | भरतपुर-१८ | ८८८।२०६६।१२।२ |
| १२ | सहज कृषि सहकारी संस्था लि. | भरतपुर-१८ | ११५९।२०७२।३।२१ |
| १३ | हस्तविर हिमाल दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-१८ | २९।२०५१।२।१५ |
| १४ | भुवनवस्ती दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-१८ | १०८।२०६८।१२।१ |
| १५ | आदर्श दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-१८ | ४७९२०५२।६।६ |
| १६ | शारदानगर दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-१८ | ७।२०४९।५।१७ |
| १७ | शखर दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-२० | १७४।२०५७।८।६ |
| १८ | स्वयं सहायता कृषि सहकारी संस्था लि. | भरतपुर-२० | १०९९।२०७०।२।२९ |
| १९ | त्रिगाऊँ कृषि सहकारी संस्था लि. | भरतपुर-२१ | ७६२।२०६५।२।२६ |
| २० | रगिला दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-२१ | १०२४।२०६९।२।१७ |
| २१ | केरुङ्गा दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-२२ | १३६।२०६४।६।२७ |
| २२ | पौरखी महिला कृषि सहकारी संस्था लि. | भरतपुर-२३ | १०२२।२०६९।१।१७ |
| २३ | सुर्यरत्न दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-२३ | १७३।२०५७।८।६ |
| २४ | सुनौलो विहानी महिला दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-२४ | ९९०।२०६८।९।११ |
| २५ | सृजनशील मौरी पालन सहकारी संस्था लि. | भरतपुर-२५ | ७३६।२०६४।५।३१ |
| २६ | शुक्रनगर दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-२५ | २०२२।२०४९।९९२४ |
| ३७ | मनोकामना कालीका दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-२६ | ३४०।२०६१।७।१ |
| २८ | दिव्य ताजा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्था लि. | भरतपुर-२६ | ८३०।२०६६।२।१ |
| २९ | तेलौली दुग्ध उत्पादक सहकारी संस्था लि. | भरतपुर-२७ | १८३।२०५७।१०।२५ |

**सिम्बुवा रेमिट हाइड्रो लिमिटेड**
**नागरिक लगानी कोष भवन, B Block नयाँ बानेश्वर, काठमाण्डौं, नेपाल**

**सुरक्षाकर्मीहरुको आवश्यकता**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/०३)**

यस सिम्बुवा रेमिट हाइड्रो लिमिटेड, नागरिक लगानी कोषको पुरानो भवन, B Block नयाँ बानेश्वर, काठमाण्डौमा २४सै घण्टा सुरक्षा प्रदान गर्न सुरक्षाकर्मीहरुको आवश्यकता भएको हुँदा इच्छुक दर्तावाल सुरक्षा सेवा प्रदायक कम्पनीहरुलाई मिति २०८३/०३/१७ गते, बुधवार अपरान्ह १२:०० बजे भित्र पेश गर्ने गरी सिलबन्दी बोलपत्र आह्वान गरिएको छ। प्रस्ताव पेश गर्दा प्रस्ताव सम्वन्धी कागजातमा उल्लेखित सेवागत शर्त, कार्य विवरण र प्रस्ताव साथ पेश गर्नपर्ने न्यूनतम कागजातहरु अध्ययन गरी प्रस्ताव पेश गर्नु पर्नेछ। यो सूचना प्रकाशित गरेको मितिले १५औं दिन २०८३/०३/१७ गते भित्र कम्तिमा ३ बर्षको अनुभव हासिल गरेको प्रस्तावदाताले कम्पनीको कार्यालयमा प्रस्ताव सम्वन्धी थप जानकारीको लागि सम्पर्क गर्न सकिने छ। मिति २०८३/०३/१८ को २.३० बजे प्रस्ताव खोलिने व्यहोरा पनि जानकारी गराईन्छ।

**आवेदनसाथ पेश गर्नपर्ने विवरणहरु :**

१. कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि,
२. मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. गृह मन्त्रालय, क्षेत्रिय प्रशासन कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
५. सुरक्षा सेवा प्रदायकवाट सेवा प्राप्त गरेको ग्राहकको विवरण,
६. श्रम इजाजत पत्र,
७. ३ बर्षे कार्यको अनुभव,
८. व्यक्तिगत विवरण,
९. नागरिकता तथा शैक्षिक प्रमाणपत्रको छाँया कपी।

**सुरक्षाकर्मीहरुको लागि तोकिएको योग्यता :**

१. सैनिक वा प्रहरी सेवावाट तत्सम्बन्धी तालिम प्राप्त गरी अवकाश पाएका वा तत्सम्बन्धी तालिम प्राप्त नेपाली नागरिक कुनै वात कसुर नलागेको हुनपर्ने। कक्षा ८ पास गरेको हुनपर्ने।
२. कम्तिमा ३ बर्ष सुरक्षाकर्मीको कार्य गरेको कार्य अनुभव हुनपर्ने।
३. उमेर २५ बर्ष देखि ५० बर्ष ननाघेको हुनुपर्ने।

यस सम्वन्धमा थप जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ।

**नागरिक लगानी कोष भवन**
**पुरानो भवन, बी व्लक, नयाँ बानेश्वर, काठमाडौ।**
**फोन नं. : ०१-४४८१७७५**
email : info@srhl.org.np

**बागमती विश्वविद्यालय**
**केन्द्रीय कार्यालय**

**स्नातक तह प्रथम सत्रको भर्ना कार्यक्रम**

**शैक्षिक वर्ष २०८३/०८४**
**प्रकाशित मिति : २०८३।०३।०३**

बागमती विश्वविद्यालय, व्यवस्थापन तथा कानुन, विज्ञान तथा प्रविधि एवं शिक्षा शास्त्र तथा सामाजिक विज्ञान सङ्कायका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक वर्ष २०८३/०८४ का लागि स्नातक तह प्रथम सत्रमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम निम्नानुसार हुने भएकाले सम्बन्धित सम्पूर्ण विद्यार्थीहरू तथा सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विश्वविद्यालयका क्याम्पसहरू | शैक्षिक कार्यक्रमहरू |
|---|---|---|
| १. | कपन क्याम्पस, कपन काठमाडौँ। | BBA, BIT, BE-Computer, B.Ed. with Vocational Subjects |
| २. | जनमैत्री क्याम्पस, कुलेश्वर काठमाडौँ। | BBA, BPM, BALLB, BIT, B.Ed. with Vocational Subjects |
| ३. | भुवानीशङ्कर क्याम्पस, खैरहनी चितवन। | BBA, BALLB, BIT, B.Ed. with Vocational Subjects |
| ४. | माडी क्याम्पस, माडी चितवन। | BBA, B.Ed. with Vocational Subjects |
| ५. | हेटौँडा क्याम्पस, हेटौँडा मकवानपुर। | BBA, BALLB, BIT, B.Ed. with Vocational Subjects |
| ६. | चैतन्य क्याम्पस, बनेपा काभ्रेपलाञ्चोक। | BBA, BIT, B.Ed. with Vocational Subjects |

**कार्यक्रम :**

१. **आवेदन फाराम वितरण र बुझाउने समय** : २०८३ असार पहिलो सातादेखि मसान्तसम्म,
२. **प्रवेश परीक्षा** : २०८३ साउन पहिलो साता,
३. **भर्ना** : २०८३ साउन दोस्रो साता,
४. **कक्षा सञ्चालन** : २०८३ साउन तेस्रो सातादेखि
५. **अन्तिम परीक्षा** : २०८३ पुस अन्तिम साता,
६. **नतिजा प्रकाशन** : २०८४ माघ पहिलो साता,
७. विद्यार्थीले प्रवेश चाहेको प्रत्येक शैक्षिक कार्यक्रमका लागि क्याम्पसमा बेग्ला-बेग्लै आवेदन फाराम बुझाउनुपर्नेछ।
८. विस्तृत जानकारी सम्बन्धित क्याम्पसबाट प्राप्त गर्न सकिनेछ।

**पुनश्च** : प्रकाशित शैक्षिक तालिका अनुसार विद्यार्थी भर्ना, कक्षा सञ्चालन र परीक्षा सञ्चालन समेत गर्न गराउन सम्बन्धित छ वटै क्याम्पसहरूलाई जानकारी गराइन्छ।

**बागमती विश्वविद्यालय**
**हेटौँडा, मकवानपुर।**

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,९८,५०० ▲ |
| चाँदी | : | ४९९० ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७०५.४५ (-६.३१) ▼ |
| कारोबार रकम | : | ४,०४७,८५८,०८४ ▲ |
| कारोबार भएका सेयर | : | १०,७०८,५९६ |
| कारोबार सङ्ख्या | : | ४८,११६ |
| कारोबार भएका कम्पनी | : | ३५५ |

## चियाको राम्रो विकल्प तेस्रो मुलुक



तस्बिर : कोकिला ढकाल

टिप्न ठिक्क भएको चिया ।

**कोकिला ढकाल**
*इलाम, असार २ गते*

भारतमा चिया निकासी बर्सेनि ठप्प हुन थालेपछि चिया किसान र व्यवसायीले अबको समाधान तेस्रो मुलुक निकासी हुन सक्ने बताएका छन् । भारतबाट नेपाली चिया निर्यातमा पटक पटक कडाइ गरेर अघोषित रूपमा निर्यात ठप्प बनाउने काम भइरहँदा त्यसको विकल्प तेस्रो मुलुक नै भएको व्यवसायीको भनाइ छ।

किसान, उद्योगी र सरकारले भारतमा चिया ठप्प भएको विषयलाई समस्याभन्दा पनि अवसरका रूपमा लिनु पर्छ । किनकि सधैँ नेपालको बजार भारत नै हो भन्ने भ्रम चिर्ने समय अहिले आएको छ । इलामको जसबिरेस्थित जसबिरे चिया उद्यागका सञ्चालक गृष्म सुब्बाले भन्नुभयो । उहाँले पटक पटक आउने यो समस्याको दीर्घकालीन समाधान खोज्नुपर्ने बताउनुभयो।

चीन, जर्मन, रुसलगायतका सातभन्दा बढी मुलुकमा चिया पठाउने सुब्बाले अबको मुख्य र सजिलो बाटो चीनसँग 'जीटुजी' सम्झौता सरकारले गर्नुअघि बढ्नुपर्ने बताउनुभयो। चीनमा नेपाली चिया मन पराइने र राम्रोसँग बिक्री हुने हुँदा सोही बाटो भएर विश्वभर जान सक्ने उहाँको बुझाइ छ । चिनियाँ व्यापारी नेपाल आउन खोजिरहेको तर त्यसका लागि आधिकारिक व्यापार सम्झौता नहुँदा समस्या रहेको भन्दै सुब्बाले अहिले साना पोका बनाएर कुरियरमार्फत चिया पठाउनु परेको बाध्यता सुनाउनुभयो।

सन् २००९ देखि तेस्रो मुलुकमा चिया निर्यात गरिरहनुभएका इलामको सूर्योदय नगरपालिकाको सुन्दरपानी टी स्टेटका सञ्चालक उदय चापागाईं पनि तेस्रो मुलुक नै नेपाली चियाको विकल्प भएको बताउनुहुन्छ । स्विट्जरल्यान्डको संस्था आइओएमबाट अर्गानिक प्रमाणीकरण भएर नौ मुलुकमा निकासी भइरहेको चियामा पछिल्लो पटक भारतले अपजस लगाएको उहाँको बुझाइ छ। प्रमाणीकरण भएर तेस्रो मुलुक जाने तर भारतको ल्याबमा त्यही चियाको परीक्षण रिपोर्ट फेल हुने ? भन्ने प्रश्न गर्दै उहाँले यो त भारतले नेपाली चिया रोक्न खोजेको प्रत्यक्ष प्रमाण रहेको दाबी गर्नुभयो।

नेपाल-भारत सीमाक्षेत्रमा भारतीय उद्योगले नेपाली हरियो पत्ती लगेर उनीहरूका नामबाट चिया उत्पादन गर्ने, त्यही हरियो पत्ती नेपालमा तयार भएर भारत जाँदा सटिफाई नहुने चिया रोक्नुको अर्को प्रमाण भएको चापागाईं बताउनुहुन्छ।

जर्मनी, बेल्जियम, लक्जेम्बर्ग, हल्यान्ड र बेलायतमा एकमहिने लामो चियासम्बन्धी कार्यक्रममा सहभागी भएर हिजो मात्र नेपाल फर्कनुभएका चापागाईंले सरकारले आर्थिक कूटनीति अवलम्बन गरेर तेस्रो मुलुकमा चिया निर्यातको विकल्प दिनुपर्ने बताउनुहुन्छ।

अहिले रोकिएको नेपाली चियाको बजार पनि सहज रहेको तर सरकारले आर्थिक कूटनीतिक पहल गर्न आवश्यक रहेको चापागाईं बताउनुहुन्छ । "अहिले रोकिएको चियाको बजार टर्की, पाकिस्तान, इरानसहित खाडी मुलुक राम्ररी निकासी हुन सक्छ तर उद्योगीको पहलले मात्र हुँदैन सरकारको अग्रसरता हुनु पर्छ," चापागाईंले भन्नुभयो।

"भारतको भन्दा नेपाली चियाको गुणस्तर राम्रो छ, भारतले आफ्नो चियाको गुणस्तर कम भएको र नेपाली चियाको माग उच्च भएकाले बजार छेक्ने रणनीति लिएको हो। त्यो चिर्न नेपाल सरकार लाग्नु पर्छ," उहाँको भनाइ छ।

कोभिड-१९ को समयमा समेत चिया उद्योग सञ्चालन गरेका चापागाईं भने पूर्ण अर्गानिक रहेका आफ्ना किसानको बगान र गोर्खा टी स्टेट चियाको मुख्य समयमा बन्द नहुने अडानमा हुनुहुन्छ। "मैले पटक पटक सरकार, अर्थ, परराष्ट्र, कृषि मन्त्रालय र मन्त्री, सचिवसँग छलफल गरेको छु, नेपाली चियालाई तेस्रो मुलुक कसरी पठाउन सकिन्छ भन्नेमा अब पनि छलफल हुन्छ। सरकारलाई एउटै मात्र आग्रह नेपाली चिया हाम्रो मुलुकको दीर्घकालीन सम्पत्ति हो भनेर सरकारले लिइदिनु पर्छ," चापागाईंले भन्नुभयो।

किसानहरूको संस्था केन्द्रीय चिया सहकारी सङ्घले नेपाली चियाको बजार व्यवस्थापन गर्न र बन्द भएका उद्योग खोल्ने वातावरण तयार गर्न सरकारलाई आग्रह गरेको छ। चियाको मुख्य सिजनमा उद्योग बन्द हुँदा साना किसानको जीवन निर्वाहमा थप ठुलो समस्या भएको भन्दै सङ्घले एक अपिलमार्फत सरकारलाई नेपालमै चियाको अक्सन सेन्टर स्थापना गर्न आग्रहसमेत गरेको छ। सङ्घले पनि तेस्रो मुलुकका लागि चियाको बजारको ढोका खोल्न सरकारलाई आग्रह गरेको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका प्रतिनिधि इन्द्र अधिकारीले अहिलेको समस्याको समाधान सरकारबाटै सम्भव रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "वर्षमा ३६ देखि ४० पटक चिया टिप्नु पर्छ, दुई दिन ढिलो हुँदा गुणस्तर खस्किन्छ, त्यस कारण चियाको समाधान चाँडो खोजियोस् भनेर हामीले माथि पनि भनिरहेका छौँ।"

सरकारले भने चियाको विषयमा के गर्दै छ भन्ने किसान र उद्योगीलाई खास जानकारी छैन। प्रधानमन्त्रीको सचिवालयबाट फोनमार्फत उद्योगीलाई चियाको समाधान के हुन सक्छ लेखेर पठाउन भनियो। हामीले हिजो मात्र सबै कुरा लेखेर पठाएका छौँ। त्यसपछि के हुन्छ भन्ने जानकारी छैन।

असार १ गतेदेखि चिया उद्योग बन्द हुँदा हजारौँ किलो हरियो पत्ती किसानको बगानमै नष्ट हुने अवस्थामा छ।

## विकास खर्च अत्यन्त कमजोर

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

सरकारले विकासनिर्माणका लागि छुट्याउने पुँजीगत बजेटको खर्च अवस्था अत्यन्त कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ पूरा हुन एक महिना बाँकी रहँदा कुल विकास बजेटको केवल ३२.५३ प्रतिशत मात्र खर्च भएको छ।

महालेखाका अनुसार चालु वर्षका लागि छुट्याइएको चार खर्ब सात अर्ब ८८ करोड रुपियाँ विकास बजेटमध्ये जेठ पूरा हुँदासम्म एक खर्ब ३२ अर्ब ६६ करोड रुपियाँ मात्र खर्च भएको छ। गत आवको सोही अवधिमा एक खर्ब ४३ अर्ब रुपियाँभन्दा बढी पुँजीगत खर्च भएको थियो। गत वर्षको तुलनामा यस वर्ष जेठसम्म करिब ११ अर्ब रुपियाँ कम पुँजीगत खर्च भएको तथ्याङ्ले देखाउँछ। पुँजीगत खर्च भनिने यस्तो बजेट विकासनिर्माण, रोजगारी सिर्जनामार्फत थप पुँजी सिर्जना गर्ने काममा उपयोग गरिन्छ।

जेठसम्म सरकारको कुल खर्च भने सुरु विनियोजनको तुलनामा ६८.५६ प्रतिशत मात्रै पुगेको छ । चालु आवमा १९ खर्ब ६४ अर्ब ११ करोड रुपियाँ बजेट खर्च गर्ने लक्ष्य लिएको सरकारले ११ महिनासम्म १३ खर्ब ४६ अर्ब ६५ करोड रुपियाँ मात्रै खर्च गरेको कार्यालयको तथ्याङ्क छ। जसमध्ये चालु प्रकृतिका कामका लागि नौ खर्ब आठ अर्ब र वित्तीय व्यवस्थाका लागि तीन खर्ब पाँच अर्ब ७१ करोड रुपियाँ खर्च भएको छ।

कर्मचारीको तलबभत्तादेखि दैनिक प्रशासनमा हुने चालु खर्चका लागि सरकारले ११ खर्ब ८० अर्ब ९८ करोड रुपियाँ विनियोजन गरेकोमा जेठसम्म करिब ७७ प्रतिशत खर्च भएको हो। त्यस्तै सार्वजनिक ऋणको साँवा भुक्तानीका लागि गरिने वित्तीय खर्चतर्फ तीन खर्ब ७५ अर्ब २४ करोड रुपियाँ विनियोजन भएकोमा ८१ प्रतिशत खर्च भएको हो।

आम्दानीले पुग्दैन खर्च

सरकारको खर्चभन्दा आम्दानी दुई खर्ब ३८ अर्ब रुपियाँले कम देखिएको छ। अर्थात् सरकारको आम्दानीले खर्च थेग्न नसकेको तथ्याङ्कले देखाउँछ। कार्यालयका अनुसार जेठसम्म सरकारले कर, अनुदान र बक्यौतासहित ११ खर्ब आठ अर्ब ८१ करोड रुपियाँ आम्दानी गरेको छ।

कुल आम्दानीमध्ये करबाट १० खर्ब ८१ अर्ब ३१ करोड रुपियाँ सरकारले प्राप्त गरेको छ। त्यस्तै यो अवधिसम्म २२ अर्ब ८८ करोड रुपियाँ अनुदान प्राप्त भएको महालेखाले जनाएको छ। विभिन्न किसिमका बक्यौतासहित अन्य प्राप्ति अन्तर्गत सरकारले छ अर्ब २९ करोड रुपियाँ प्राप्त गरेको छ। सरकारले आम्दानीले नपुग्ने खर्चका लागि आन्तरिक र विदेशी ऋण लिने गर्छ।

## स्वदेशी विमानस्थल प्रयोग गर्न निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

सरकारले इजाजतपत्रवाला संस्थालाई वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) कम्पनीलाई वैदेशिक रोजगारीमा श्रमिक पठाउँदा अनिवार्य रूपमा स्वदेशी विमानस्थल प्रयोग गरेर मात्रै पठाउन निर्देशन दिएको छ।

वैदेशिक रोजगारीमा दोस्रो/तेस्रो देशको विमानस्थल प्रयोग गरेर पठाउने र त्यसरी जाँदा ठगीका घटना बढेको पाइएपछि वैदेशिक रोजगार विभागले मङ्गलबार सूचनामार्फत इजाजतपत्रवाला संस्थालाई यस्तो निर्देशन दिएको हो।

विभागका अनुसार वैदेशिक रोजगार ऐनमा भएको व्यवस्था वैदेशिक रोजगारीका लागि श्रमिक पठाउँदा स्वदेशी विमानस्थल नै प्रयोग गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ। कुनै विशेष कारणवश विदेशी विमानस्थल प्रयोग गर्नुपर्ने अवस्था आएमा विभागको अनुमति लिई तोकिएको प्रक्रिया पूरा गर्नुपर्ने विभागले जनाएको छ।

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत लिएका सम्पूर्ण संस्थालाई वैदेशिक रोजगार ऐनमा भएको व्यवस्थाबमोजिम श्रमिकहरूको उडान गर्न विभागले निर्देशन दिएको छ।

वैदेशिक रोजगार ऐन र कानुनको प्रक्रिया पालना नगरेको खण्डमा कानुनबमोजिम हदैसम्मको कारबाही गर्ने चेतावनी विभागले दिएको छ।

**देवघाट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, देवघाट, तनहुँ**
**सेवाबाट हटाइएको सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशन मिति : २०८३/०३/०३**

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत १ नं. वडा कार्यालयमा स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, पाँचौं तह, सब-इन्जिनियर पदमा कार्यरत स्थायी कर्मचारी राम परियारले मिति २०८२/०२/०५ बाट बिदा स्वीकृत नगराई बिना सूचना कार्यालयलाई जानकारी नै नगराई गैरहाजिर हुनुभएकोले यस कार्यालयबाट मिति २०८२/०२/२२, २०८२/०३/०८ र २०८२/०३/२२ मा ७/७ दिन स्पष्टीकरण पेश गर्न पत्राचार गरिएकोमा सो अवधिभित्र निजले स्पष्टीकरण पेश नगर्नुभएको र लगातार ९० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित रहनुभएको सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/१०/०४ गते सौर्य दैनिक राष्ट्रिय पत्रिकामा ३० दिने सूचना प्रकाशन गरी स्पष्टीकरण माग गरिएकोमा सो म्यादभित्र स्पष्टीकरण पेश नगरेकोले विभागीय सजायका लागि प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशमा परामर्श माग गरी पठाइएकोमा आयोगबाट स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ९६ (ङ) बमोजिमको कसुरमा सब-इन्जिनियर राम परियारलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सम्बन्धी विभागीय सजायको प्रस्ताव कानूनी प्रक्रिया पूरा गरेको मिलेकै देखिएकोले प्रक्रिया अगाडि बढाउन भनी परामर्श प्राप्त भइआएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ९३ को खण्ड 'ख' (१) बमोजिम विशेष सजायका लागि देवघाट गाउँपालिकाको मिति २०८३/०३/०१ को निर्णय अनुसार सब-इन्जिनियर राम परियारलाई मिति २०८३/०३/०१ गतेदेखि लागू हुने गरी भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## तीन दशकयताकै उच्च ब्याजदर

**रासस/एएफपी**
*टोकियो, असार २ गते*

पश्चिम एसिया युद्धका कारण बढ्दो मुद्रास्फीति, महँगो ऊर्जा आयात र कमजोर येनमाथिको दबावबिच बैङ्क अफ जापान (बिओजे) ले मङ्गलबार ब्याजदर बढाएर ३१ वर्षयताकै उच्च पुऱ्याएको छ। अमेरिका र इरानबिच युद्ध अन्त्य गर्ने सहमति भए पनि विश्व अर्थतन्त्रमा अनिश्चितता कायम रहेकाले जापानले मौद्रिक नीतिलाई थप कडा बनाएको हो।

जापानको केन्द्रीय बैङ्कले आफ्नो प्रमुख नीतिगत ब्याजदर २५ आधारविन्दुले बढाएर १.० प्रतिशत पुऱ्याएको छ। यो सन् १९९५ पछिको उच्चतम स्तर हो भने डिसेम्बरयताको पहिलो वृद्धि पनि हो। विश्वको चौथो ठुलो अर्थतन्त्र जापानका लागि यो निर्णयलाई मुद्रास्फीति नियन्त्रण र मुद्रा स्थिरताको प्रयासका रूपमा हेरिएको छ। पश्चिम एसियामा तीन महिनासम्म चलेको द्वन्द्वले विश्वव्यापी ऊर्जा बजारमा ठुलो असर पारेको थियो। युद्धका कारण तेलको मूल्य बढ्दा धेरै देशमा महँगी चुलिएको छ। यही पृष्ठभूमिमा गत साता युरोपेली केन्द्रीय बैङ्क र इन्डोनेसियाको केन्द्रीय बैङ्कले पनि ब्याजदर बढाएका थिए।

अमेरिकामा मुद्रास्फीति तीन वर्षयताकै उच्च पुगेपछि अमेरिकी फेडरल रिजर्भले पनि आगामी दिनमा ब्याजदर वृद्धि गर्न सक्ने अनुमान बढेको छ। यद्यपि नयाँ नेतृत्वमा रहेको फेडले यस साताको बैठकमा तत्काल निर्णय गर्ने अपेक्षा गरिएको छैन।

अस्ट्रेलियाको रिजर्भ बैङ्कले यस वर्ष तीन पटक ब्याजदर बढाइसकेको छ भने बैङ्क अफ इङ्ग्ल्यान्डले पनि आगामी दिनमा कडा मौद्रिक नीति अपनाउन सक्ने विश्लेषण गरिएको छ।

## पेट्रोलियम पाइप लाइन परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन हुँदै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*



फाइल तस्बिर

सरकारले दोस्रो चरणको पेट्रोलियम पाइप लाइन परियोजनाको प्रक्रिया अगाडि बढाएको छ । सिलिगुडी-झापा पेट्रोलियम पाइप लाइन र अत्याधुनिक टर्मिनल निर्माण गर्न वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) का लागि सुझाव मागेको हो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा कृषि, वन तथा पर्यावरण मन्त्रालयले इआइए प्रतिवेदनका लागि प्रस्ताव माग गरेको हो ।नेपाल सरकार र भारत सरकारबिचको जिटुजी सम्झौता अन्तर्गत इन्डियन आयल कर्पोरेसन आइओसीको आर्थिक र प्राविधिक सहयोगमा पाइप लाइन परियोजना निर्माण हुन लागेको छ।

चारआली-सिलिगुडीको पाइप लाइन निर्माण गर्न दुई अर्ब ७८ करोड भारु रकम लाग्ने र भण्डारणगृह निर्माण गर्न पाँच अर्ब भारु लाग्ने प्रारम्भिक अनुमान छ। दुवैको निर्माण गर्नका लागि १२ अर्ब ४४ करोड ७३ लाख नेपाली रुपियाँ लगानी लाग्ने नेपाल आयल निगमले जनाएको छ । आयोजना अन्तर्गत मेचीनगर-१३ स्थित चारआलीमा निर्माण हुने अत्याधुनिक 'ग्रिन फिल्ड टर्मिनल' हुने छ। २३ बिघा तीन कट्ठा १३ धुर जग्गामा फैलिने यो टर्मिनलको कुल भण्डारण क्षमता १८ हजार नौ सय किलोलिटर रहने छ।

यस टर्मिनलमा डिजेलको भण्डारण क्षमता १२ हजार तीन सय किलोलिटर र पेट्रोलको भण्डारण क्षमता छ हजार छ सय किलोलिटर रहने निगमले जनाएको छ। यस्तै तीन हजार ७१९ किलोलिटर क्षमताका दुई वटा अग्नि नियन्त्रण पानी फोम ट्याङ्की प्रणाली हुने छ।

प्रस्तावित सिलिगुडी-झापा पेट्रोलियम पाइप लाइन (एसजेपिएल) को कुल लम्बाइ करिब ४९.६ किलोमिटर छ, जसमध्ये १४.६ किलोमिटर खण्ड नेपालको भूभागमा पर्ने छ।

प्राविधिक हिसाबले यो पाइपलाइन आठ इन्च व्यासको कार्बन स्टिलबाट निर्माण गरिने छ। सुरक्षालाई ध्यानमा राखी यसलाई जमिनको सतहबाट कम्तीमा १.२ मिटरको गहिराइमा गाडिने प्रतिवेदनमा उल्लेख छ।

पाइप लाइनको सुरक्षा र चुहावट नियन्त्रणका लागि अत्याधुनिक 'स्काडा' प्रणाली, 'क्याथोडिक प्रोटेक्सन' र 'फाइबर अप्टिक सेन्सिङ' जस्ता उच्च प्रविधि जडान गरिने छ। अहिले ट्याङकरबाट इन्धन ढुवानी गरिँदै आएको छ।

**नेपाल राष्ट्र बैंक**
**मुद्रा व्यवस्थापन विभाग**
**रूपैयाँ ५०० दरको बैंकनोट प्रचलनमा ल्याउने बारेको सूचना**

यस बैंकले रूपैयाँ ५०० दरको साविककै आकार तथा रङ्गमा, सङ्केत नं. झ३८ ००००01 देखि ट८३ ९९९९९९ सम्म भएको देहाय बमोजिमका विशेषताहरू भएको नोट संवत् २०८३ साल असार महिना ३ गतेदेखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**नोटको अग्र भागमा :**

१. नोटको मध्य खण्डमा "श्री नेपाल राष्ट्र बैंक, नेपाल सरकारको जमानत प्राप्त यसको रूपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रूपैयाँ ५०० रूपैयाँ पाँच सय रूपैयाँ तुरुन्त पाइने छ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश उल्लेख भएको।
२. नोटको बायाँतर्फ सगरमाथा हिमालको चित्र तथा दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको र तल्लो खण्डमा सिरिज नम्बर "वि.सं. २०८२" लेखिएको। साथै, पानीछापको बायाँतर्फ फरक क्षमता भएका (दृष्टिविहीन) हरूले स्पर्श गरेर नोटको दर पहिचान गर्नका लागि दुईवटा कालो थोप्लाहरू रहेका।
३. सगरमाथा हिमालको दायाँतर्फ अण्डाकार आकृतिभित्र सिधा हेर्दा सुनौलो र ढल्काएर हेर्दा हरियो देखिने कुबेरको चित्र रहेको।
४. नोटमा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको दस्तखत रहेको।
५. नोटमा ३.५ मि.मि. चौडा भएको सिधा हेर्दा रातो र ढल्काएर हेर्दा हरियो देखिने सुरक्षण धागो रहेको।

**नोटको पृष्ठ भागमा :**

१. नोटको मध्य खण्डमा पाटेबाघको चित्र र सोको माथि "**NEPAL RASTRA BANK**" लेखिएको।
२. नोटको तल्लो खण्डमा "**RUPEES FIVE HUNDRED**" र सिरिज नम्बर "**2025 A.D.**" लेखिएको।

**पुनश्च:**

यस अघि मिति २०७८ साल पुस ९ गतेदेखि रूपैयाँ ५०० दर (**Series** २०२०) को बैंक नोट सङ्केत न. छ३८ ००००0१ देखि झ४२ ९९९९९९ सम्म चलनचल्तीमा ल्याइने भनी सूचना प्रकाशित गरिएकोमा सङ्केत न. छ३८ ००००0१ देखि झ३७ २४८००० सम्म मात्र चलनचल्तीमा ल्याइएको व्यहोरा सूचित गरिन्छ।

**मिति : २०८३-०३-०३**

**"नोट राष्ट्रको सम्पत्ति हो, यसको जतन गरौं।"**

# विनियोजन विधेयक पेस नगरी नै बजेट



**धनगढी समाचारदाता**
*धनगढी, असार २ गते*

सत्तारूढ दलभित्रैको विवाद र दबाबबिच सोमबारको मध्यराति प्रदेश सभामा आगामी आर्थिक वर्षको बजेट वक्तव्य प्रस्तुत गरेको सुदूरपश्चिम प्रदेश सरकारले विनियोजन विधेयक सभामा पेस नगरी बजेट सार्वजनिक गरेको छ।

बिहानैदेखि मध्यरातसम्मको प्रयासले सहयात्री दल नेकपा (एमाले) सँग सहमति जुटेपछि संवैधानिक समय सीमा सकिन केही मिनेट मात्रै बाँकी रहेका बेला हतारमा राति बजेट प्रस्तुत गरेको हो। आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले आगामी आव २०८३/८४ का लागि ३७ अर्ब ७० करोडको बजेट सार्वजनिक गर्नुभयो। बजेट वक्तव्यमा स्रोत सुनिश्चित खुलाइए पनि चालु खर्च, पुँजीगत खर्च र मन्त्रालयगत विनियोजन छुट्याइएको छैन।

प्रदेश सरकारले सुदूरपश्चिम प्रदेशको इतिहासमै पहिलो पटक चालु, पुँजीगततर्फको बजेट र मन्त्रालयगत विनियोजन नछुट्याई बजेट सार्वजनिक गरेको छ। यो विधि, प्रक्रिया कुनै नमिलेको, 'छेऊटुप्पै' नमिलेको बजेट रहेको प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिस्ट पार्टीका प्रदेश सभा सदस्य अक्कलबहादुर रावलले टिप्पणी गर्नुभयो। "यो बजेट ठिक ढङ्गले आएको छैन । कतै मिलेको देखिँदैन," उहाँले थप्नुभयो, "हिसाबकिताबै मिलेको छैन। प्रदेशको इतिहासमै यो भ्रमपूर्ण बजेट हो। बजेटप्रति हामी खेद प्रकट गर्छौं।"

प्रदेश सरकारले आर्थिक अनुशासन कायम गर्नुपर्नेमा सिलिङ थप्न रस्साकस्सी गर्ने, बार्गेनिङ गर्ने कार्य भएकाले बजेटप्रति धेरै प्रश्न खडा भएको रावलको ठम्याइ छ। उहाँले भन्नुभयो, "सरकारले परिपक्व ढङ्गले बजेट ल्याउनु पर्दथ्यो तर छेऊटुप्पै नमिलेको बजेट आएको छ । यसको सवालमा सदनमा गम्भीर रूपले छलफल गर्छौं । बजेट विधिसम्मत नगरिएमा त्यसलाई फेल गर्नेतर्फ हामी कदम चाल्ने छौं।" अहिलेसम्म प्रदेश सभामा बजेट वक्तव्य अगाडि विनियोजन विधेयक पेस गरेको अभ्यास छ। यस पटक विनियोजन विधेयक सभामा पेस नभएकाले बजेटको चालु, पुँजीगत खर्च, मन्त्रालयगत विनियोजन बजेट वक्तव्यमा नसमेटिएको नीति तथा योजना आयोगका सदस्य नृप सुनारले बताउनुभयो। "यी सबै कुरा विस्तृतमा विनियोजन विधेयकमा समेटिएको छ," उहाँले भन्नुभयो, "सरकारले नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकताका आधारमा बजेट ल्याएकाले अक्षरमा थोरै कुरा राख्ने गरी सङ्क्षिप्त बजेट वक्तव्य आएको हो।"

अर्को बैठकमा प्रदेश सरकारले विनियोजन विधेयक सभामा पेस गर्ने सुनारले बताउनुभयो । "विनियोजन विधेयक पेस नभएसम्म बजेटको रातो किताब नै आउँदैन," उहाँले भन्नुभयो।

# बागमतीको बजेटमा नारैनारा

**मकवानपुढी समाचारदाता**
*मकवानपुरगढी, असार २ गते*

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा विभिन्न नारा समेटेको छ। प्रदेश सरकारले सोमबार सार्वजनिक गरेको बजेटमा प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले विकास र सेवा प्रवाहलाई जनमुखी बनाउन विभिन्न नारासहितको बजेट प्रस्तुत गर्नुभएको हो । बजेट 'सुशासन, प्रविधि र उत्पादन' लाई केन्द्रमा राखेर दर्जन बढी नारा राखिएका छन्।

बजेटमा 'समृद्ध बागमतीको अभियान : सुशासन, प्रविधि र उत्पादन' लाई अघि सारिएको छ। सरकारी संरचनालाई चुस्त बनाउने, प्रविधिको प्रयोग बढाउने र उत्पादनमार्फत स्वरोजगारी सिर्जना गर्ने लक्ष्यसहित बजेटमा उक्त नारा समावेश गरिएको हो।

'प्रदेशका कोही जनता खान नपाएर भोकै रहन नपरोस्, शिक्षा नपाएर अन्धकारमा रहन नपरोस् र उपचार नपाएर दुःखी हुन नपरोस्' भन्ने उद्देश्यले बजेट तयार पारिएको छ । यस नीति अन्तर्गत सरकारले विपन्न आवास, निःशुल्क हवाई उद्धार र मिर्गौला तथा क्यान्सर बिरामीलाई सहुलियतका कार्यक्रम ल्याएको छ।

सेवा प्रवाहमा सुधार ल्याउन 'प्रविधि र पारदर्शिता : सेवा प्रवाहको नयाँ परिभाषा' भन्ने नारा तय गरिएको छ । यातायात कार्यालयबाट प्रदान गर्ने सेवाहरू क्रमशः अनलाइन माध्यमबाट प्रवाह गर्न आवश्यक पूर्वाधार विकास, पुराना कागजी फाइलको विद्युतीय अभिलेख सिर्जना, सवारीचालक अनुमतिपत्र र सवारी दर्ता प्रणालीमा सुधारात्मक पाटोमा सरकार अगाडि बढेको छ।

कृषिक्षेत्रको सम्मान र विकासका लागि सरकारले 'कृषकको सम्मान : कृषिमा अनुदान' र माटोको उर्वराशक्ति बढाउन 'प्राङ्गारिक मल : माटोको बल' भन्ने नारा तय गरेको छ। वनक्षेत्रलाई आयआर्जनसँग जोड्न 'हरियो वन : समृद्धिको साधन' भन्ने नारालाई बजेटमा समावेश गरिएको छ। सडक दुर्घटना न्यूनीकरण र सुरक्षित यात्राका लागि 'सुरक्षित सडक : सुनिश्चित यात्रा' भन्ने नाराका साथ 'ब्ल्याक स्पट' पहिचान र सुधारको योजना ल्याइएको छ।

शिक्षाक्षेत्रलाई पहुँचयोग्य र गुणस्तरीय बनाउन सरकारले 'शिक्षाका लागि सामाजिक न्याय र सामाजिक न्यायका लागि शिक्षा' भन्ने नारा तय गरेको छ । स्वास्थ्यतर्फ खानपान र जीवनशैलीलाई जोड्दै 'पोषणयुक्त खानपान : स्वास्थ्यको पहिचान' भन्ने नाराका साथ सुत्केरी पोषण कार्यक्रम सञ्चालन गरिने भएको छ।

युवाहरूलाई उद्यमशीलतामा जोड्न 'युवाहरूमा सिर्जनशीलता : रोजगारी र उद्यमशीलता' भन्ने नारा तय गरिएको छ। प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी पुर्‍याउन 'सुरक्षित पिउने पानी : स्वस्थ जिन्दगानी' भन्ने नाराका साथ 'एक घर : एक धारा' कार्यक्रमलाई तीव्रता दिइने बजेटमा उल्लेख छ।

'सुरक्षित सडक : सुरक्षित यात्रा' भन्ने अवधारणालाई प्रदेश सरकारले आत्मसात् गरेको छ । 'घुमौं बागमती : बुझौं बागमती' अभियान अन्तर्गत प्रदेशका प्रमुख तथा ओझेलमा परेका पर्यटकीय गन्तव्यलाई प्रवर्धन गर्न एक निर्वाचन क्षेत्र : एक प्रमुख पर्यटकीय गन्तव्य अवधारणा अघि सारेको छ।

# किसान सधैं पीडामा



*तस्बिर : तिलाचन पाण्डे*

**जङ्गली जनावरले नष्ट गरिदिएको मकैबाली ।**

**तम्घास समाचारदाता**
*तम्घास (गुल्मी), असार २ गते*

गुल्मीमा जङ्गली जनावरका कारण किसान सधैं पीडामा पर्ने गरेका छन् । वर्षभरि दुःखसाथ लगाएको बालीनाली घरमा ल्याउने समयमा जङ्गली जनावर बाँदर र बँदेलले नष्ट गरिदिने गरेका कारण किसान सधैं मर्कामा पर्ने गरेका हुन्।

केही दिनअघि जिल्लाको रेसुङ्गा नगरपालिका-६, सिमाघाटका कृषक प्रेम नेपालीले करिब पाँच रोपनी क्षेत्रफलमा लगाएको मकै बँदेलले नष्ट गरेपछि आफू निकै दुःखी भएको बताउनुभयो। उहाँले गत वर्ष सोही क्षेत्रफलमा लगाएको हरियो मकै बिक्रीबाट दुई लाख रुपियाँ आम्दानी गरेको बताउँदै यस वर्ष आम्दानी गरौँला भन्ने समयमा बँदेलले नष्ट पारिदिएपछि थप पीडा थपिदिएको बताउनुभयो। उहाँले किसान कृषि पेसाबाट कहिल्यै पनि सुरक्षित हुन नसकेको बताउँदै राज्यले कृषक सुरक्षित हुने नीति ल्याउनुपर्नेमा जोड दिनुभयो।

डिभिजन वन कार्यालय गुल्मीमा गएर आफूले राहतका लागि निवेदन दिए पनि विगत दुई वर्षदेखि प्रदेशस्तरबाट राहतका लागि केही रकम नआएको कर्मचारीबाट सुनेपछि वास्तविक किसानको पीडामा राज्य पनि नभएको आभाष भएको उहाँले दुःखेसो पोख्नुभयो।

इस्मा गाउँपालिका-१ का कृषक बाबुराम पन्थीको करिब दुई रोपनी क्षेत्रफलमा पाक्न थालेका मकैका बोट बाँदरले सखाप पारेपछि उहाँले पनि दुःख व्यक्त गर्नुभएको छ। आफ्नो बारीमा लगाएको मकै बाँदरले एकै दिनमा नष्ट गरिदिएपछि आफूले गरेको मेहनत सबै खेर गएको उहाँले बताउनुभयो। ग्रामीण क्षेत्रमा प्रेम नेपाली र बाबुराम पन्थी उदाहरण मात्रै हुनुहुन्छ। उहाँहरू जस्तै सयौँ किसान जो बाँदर र बँदेलको आतङ्कबाट पीडित छन्। डिभिजन वन कार्यालय गुल्मीका नायबसुब्बा मेघलाल पाण्डेले बालीनालीको क्षतिमा राहत नआएको र कृषकको निवेदन दर्ता गरी सुरक्षित राखिएको बताउनुभयो।

गत वर्षको जिल्ला सभामा पनि स्थानीय जनप्रतिनिधिले बाँदर र बँदेल नियन्त्रणबारे सङ्घीय सरकारलाई अनुरोध गर्नका लागि आवाज उठेको थियो। ग्रामीणस्तरमा खेतबारीमा रातभरि बस्ने, ड्रम बजाउने, कुकुर पाल्ने र विभिन्न उपाय अपनाउने गरेका छन्। वन्यजन्तुको वृद्धि हुँदै गएपछि ती उपाय पनि प्रभावकारी हुन सकेका छैनन्।

### पर्यटन सुरक्षामा कडाइ

# विदेशी नागरिकको गतिविधि अभिलेखीकरण गर्न नयाँ प्रणाली



**भैरहवामा आयोजित अभिमुखीकरण कार्यक्रमका सहभागी ।**

**भैरहवा समाचारदाता**
*भैरहवा, असार २ गते*

नेपाललाई सुरक्षित पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सरकारले विदेशी नागरिकको गतिविधि अभिलेखीकरणलाई थप व्यवस्थित बनाउने अभियान थालेको छ । अध्यागमन विभागले सञ्चालनमा ल्याएको विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (एफएनएमआइएस) लाई देशभर विस्तार गर्ने क्रममा सोमबार सरोकारवालासँग अभिमुखीकरण तथा अन्तर्क्रियाको आयोजना गरिएको छ।

कार्यक्रममा अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीले पर्यटन प्रवर्धन र राष्ट्रिय सुरक्षा एकअर्काका परिपूरक विषय भएको बताउँदै सुरक्षित वातावरणबिना पर्यटन उद्योगको दिगो विकास सम्भव नहुने विचार व्यक्त गर्नुभयो।

"जहाँ सुरक्षा प्रणाली बलियो र भरपर्दो हुन्छ, त्यहीं पर्यटक आकर्षित हुन्छन्," उहाँले भन्नुभयो, "पर्यटनबाट अर्थतन्त्रलाई टेवा पुग्छ तर राष्ट्रिय सुरक्षाका आधारभूत विषयमा कुनै सम्झौता गर्न सकिँदैन।"

महानिर्देशक तिवारीले नेपाल आउने सबै विदेशी नागरिक सकारात्मक उद्देश्यले मात्र नआउने भएकाले उनीहरूको गतिविधिबारे तथ्याङ्क र अभिलेख राख्नु आवश्यक रहेको बताउनुभयो । उहाँले विदेशी नागरिकले अवाञ्छित गतिविधि, गैरकानुनी धार्मिक प्रचारप्रसार वा आपराधिक कार्यमा संलग्नता देखाएमा विभागले पक्राउदेखि निष्कासनसम्मका कारबाही गर्दै आएको जानकारी दिनुभयो।

उहाँका अनुसार एफएनएमआइएस प्रणालीले नेपाल प्रवेश गर्ने विदेशी नागरिकको बसाइ, आवतजावत र गतिविधिको विवरण व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने छ । यसले पर्यटकको सुरक्षा, सेवा प्रवाह, विपत्का बेला खोज तथा उद्धार र राष्ट्रिय सुरक्षामा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले अब प्रणालीलाई व्यवहारमा प्रभावकारी रूपमा लागु गर्नुपर्ने चरणमा पुगेको बताउँदै होटेल, ट्राभल एजेन्सी र अन्य सेवाप्रदायक संस्थालाई प्रणालीमा आबद्ध हुन आग्रह गर्नुभयो।

लुम्बिनी विकास कोषका सूचना तथा जनसम्पर्क प्रमुख डा. हरिध्वज राईले पर्यटकको सन्तुष्टि र बसाइ अवधि बढाउन सुरक्षा पहिलो सर्त भएको बताउनुभयो।

कार्यक्रममा सहभागी निजी क्षेत्रका प्रतिनिधिले प्रणालीको उद्देश्य सकारात्मक भए पनि यसको कार्यान्वयन व्यवसायमैत्री हुनुपर्नेमा जोड दिएका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले सरकारी योजना कार्यान्वयनमा निजी क्षेत्रको सहयोग रहने बताउँदै भविष्यमा अनावश्यक प्रशासनिक झन्झट सिर्जना हुन नहुने बताउनुभयो।

पर्यटन व्यवसायीले विशेष गरी भारतीय पर्यटकको पनि व्यवस्थित अभिलेखीकरण आवश्यक रहेको बताएका छन् । नाट्टा लुम्बिनी प्रदेशका अध्यक्ष चन्द्रबहादुर थापाले सूचना प्रणालीलाई प्रभावकारी बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो भने लुम्बिनी प्रदेशका अध्यक्ष सञ्जय बजिमयले भारतीय पर्यटकको तथ्याङ्क व्यवस्थापनलाई समेत प्राथमिकता दिनुपर्ने सुझाव दिनुभयो।

सिद्धार्थ उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष दिलीपकुमार कान्दुले पर्यटकले सुरक्षित महसुस गरेपछि नै पर्यटक आगमन बढ्ने उल्लेख गर्दै सुरक्षा र पर्यटनलाई सँगसँगै अघि बढाउनुपर्ने बताउनुभयो।


नेपालको पहिलो बैंक
**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**
स्थापित वि.सं. १९९४
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रधान कार्यालय**
**कर्जा असुली विभाग**

## नेपाल बैंक लिमिटेडको धितोमा रहेको सुरक्षण गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना ।

**(प्रकाशित मिति : २०८३/०३/०३)**

नेपाल बैंक लिमिटेडको तपसिलमा उल्लिखित शाखाहरूबाट कर्जा पार्टीहरूले उपभोग गरेका कर्जाहरूको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि पटक-पटक तरताकेता गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता नभएको हुँदा सुरक्षण बापत बैंकलाई लेखिदिएको तपसिलमा उल्लिखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो चल अचल सम्पत्ति खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के-कति मूल्य तिरी लिने हो सोको मूल्य खोली सम्बन्धित शाखा वा यस विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८३/०३/१७ गते) भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन निम्नानुसारको शर्तनामा पालना गरी गोप्य सिलबन्दी बोलपत्र सम्बन्धित शाखा वा यस विभागमा पेश गर्नुहुन आह्वान गरिएको छ ।

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि सम्बन्धित शाखा वा प्रधान कार्यालय कर्जा असुली विभागबाट उपलब्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफूले लिन चाहेको "सम्बन्धित जग्गा, घर, टहरा, मिल मेसिनरी र सवारीसाधन खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।
बोलपत्र पेश गर्ने अन्तिम मिति (अर्थात् मिति २०८३/०३/१७ गते) को भोलिपल्ट (अर्थात् मिति २०८३/०३/१८ गते) वा लगत्तै अफिस खुलेको दिनको ११:०० बजे सम्बन्धित शाखा र प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्र दाताहरू वा निजका प्रतिनिधिहरूको उपस्थिति तथा अन्य प्रतिनिधिहरूको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस बैंकको सन्ड्री क्रेडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा कम्तीमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानत पत्र वा Managers Cheque/Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।
४. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरू आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्र दातालाई दिइनेछैन ।
६. जग्गा, घर टहरा, मिल मेसिनरी र सवारीसाधनसँग सम्बन्धित कागजात हेर्न चाहनेले सम्बन्धित शाखा वा प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।
७. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ ।
८. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयंले व्यहोर्नुपर्नेछ ।
९. निम्न उल्लिखित जग्गा, घर टहरा छुट्टाछुट्टै वा संयुक्त खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्ने भए सो फर्म/कम्पनी दर्ता/नवीकरण प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
११. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरू स्पष्ट रूपमा केरमेट नगरी लेख्नुपर्नेछ, अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
१२. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरू राखी पेश भएको बोलपत्रहरू उपर कुनै कारबाही हुनेछैन ।

**तपसिल**

**काठमाडौं बैंकिङ अफिस शाखा**

१. **ऋणीको नाम :- विकोई विल्डर्स प्रा.लि. सञ्चालकहरू हुमनाथ कोइराला, होलिस्का कोइराला र नृपेश कोइराला ठेगाना : काठमाडौँ-५, काठमाडौँ**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल | | |
| होलिस्का कोइराला | काठमाडौँ जिल्ला, साबिक काठमाडौँ-५ | ६४, ६६ १५१ | ०-२-३-१ रोपनी १-३-३-० रोपनी ०-२-२-० रोपनी | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/- |
| होलिस्का कोइराला | काठमाडौँ जिल्ला, साबिक थानकोट-४ | ७९ १२६ १२७ १०५ | ३-३-०-० रोपनी ०-१-३-० रोपनी ०-१-३-० रोपनी ३-८-०-० रोपनी | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/- |
| निर्मला शर्मा | काठमाडौँ जिल्ला, साबिक महांकाल-६ | ९० | ३४८०.७२ व.मि. | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/- |
| हुमनाथ कोइराला | काठमाडौँ जिल्ला, साबिक काठमाडौँ-५ | ६३, २४, १६४, १६५, २६० २६२ | १-१-१-२ रोपनी ०-६-२-३, रोपनी ०-४-३-० रोपनी ०-११-०-० रोपनी ३९७.३८ व.मि. ३०९.९६ व.मि. | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/- |

**सिरहा शाखा**

१. **ऋणीको नाम :रोशन फेन्सी जेनरल स्टोर्स प्रोप्राइटरः अब्दुल कैयुम, ठेगानाः सिराहा न.पा.-७, सिराहा**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| अब्दुल कैयुम | सिरहा जिल्ला, साबिक मौजा महिसोथा | ३३२ | ०-०-६ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १,०००/- |
| | | ३२२८ | ०-०-४½ | | |

**गोदार शाखा**

१. **ऋणीको नाम : राशी खाद्य उद्योग तथा सप्लायर्स प्रा.लि, सञ्चालक/ऋणीको विवरण राज किशोर मण्डल, ठेगाना** : कर्जन्हा न.पा. ०३, बन्दीपुर सिरहा
२. **ऋणीको नाम : राशी ट्रेडस एण्ड सप्लायर्स** प्रोप्राइटर : **सिमा कुमारी मण्डल, ठेगाना** : कर्जन्हा न.पा.-२, **सिरहा**
३. **ऋणीको नाम : ह्वाईट हाउस विल्डर्स प्रा.लि सञ्चालक : राज किशोर मण्डल, ठेगाना** : का.म.न.पा.-१०, नयाँ बानेश्वर काठमाडौँ

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल बिगाहा | | |
| राज किशोर मण्डल | सिरहा जिल्ला, साबिक राघोपुर-१, | ३२९६ | ०-५-६-० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | रु. ५,०००/- |
| | सिरहा जिल्ला फुलबरिया-७ख | ३३७५ | ०-०-१०-० | | |
| राज किशोर मण्डल | धनुषा जिल्ला, साबिक सखुवा-५क, | ६७ ८९८ | ०-१२-१-० ०-२-१२-८ | | रु. ३०००/- |
| राज किशोर मण्डल | सिरहा जिल्ला, साबिक लबटोली-५च | ३०२५ | ०-३-८.७५-० | | रु. १०००/- |
| | सिरहा जिल्ला, साबिक लबटोली-५ख | ३९५१ | ०-१-०-० | | |
| सिमा कुमारी मण्डल | सिरहा जिल्ला, साबिक लबटोली-५ख | ४३१३ ४३१४ ४३१५ | ०-०-७-० ०-०-७-१ ०-०-८-१ | | रु. ५,०००/- |
| सिमा कुमारी मण्डल | सिराहा जिल्ला, साबिक बडहरामाल-४क | ३१३० | ०-३-०-० | | रु. ३०००/- |
| राशी खाद्य उद्योग तथा सप्लायर्स प्रा.लि | सिरहा जिल्ला, साविक बडहरामाल-७क | २९५ ३२०२ | ०-४-१७-० ०-१-८-० | | रु. ५,०००/- |

**महाराजगञ्ज शाखा**

१. **ऋणीको नाम :- सफल वस्त्रालय प्रा.लि, सञ्चालक : श्रीहरि थापा, ठेगाना : वार्ड नं. २४, वटु, काठमाडौँ**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| श्रीहरि थापा | काठमाडौँ जिल्ला, साविक गोठाटार-८ | १०६६ | २५४.४० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | ५,०००/- |

**समनपुर शाखा**

१. **ऋणीको नाम :- रामलाल गल्ला भण्डार प्रो. रामलाल साह ठेगाना :गरुडा वैरिया-५, रौतहट**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| रामलाल साह | रौतहट जिल्ला, साबिक गरुडा बैरीया-९, | ७९० ७८८ ८७९ ८८१ | ०-०-१०¼ ०-०-३¼ ०-०-५ ०-२-१५¾ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/- |
| | रौतहट जिल्ला, साबिक गरुडा बैरीया-१, | ६० | ०-१५-५ | | |

२. **ऋणीको नाम : ईन्द्रेणी राईस मिल साझेदार : ईद महमद मंसुरी र समिर राही मंसुर ठेगाना : सखुअवा धमौरा-७, रौतहट**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल | | |
| ईद महमद मंसुरी | रौतहट जिल्ला, साबिक सखुअवा धमौरा-७ | २१३५ | ०-२-६½ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/- |
| | रौतहट जिल्ला, साबिक डुमरीया मटियौन-४ | १२२२ | ०-३-०-० | | |
| | रौतहट जिल्ला, साबिक सखुअवा धमौरा-९ | ११३६ | ०-०-१८-० | | |

३. **ऋणीको नाम : शिवानी ट्रेडर्स प्रो. संगीता कुमारी ठेगाना : ब्रह्मपुरी-७, सर्लाही**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल | | |
| शैलेन्द्र कुशवाहा | सर्लाही जिल्ला, साबिक ईश्वरपुर-२/क | ३१५२ ३१५३ | ०-१-९-० ०-१-४-४ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ३,०००/- |

४. **ऋणीको नाम : फिरोज किराना पसल प्रो. नसिरा खातुन ठेगाना :स. धमौरा-९,वृन्दावन-६, रौतहट**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल | | |
| जैबुन खातुन | रौतहट जिल्ला, साबिक स.धमौरा-९, | १५३७ | ०-१-०-० बिगाहा | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १,०००/- |

५. **ऋणीको नाम : माँ वैष्णवी वस्त्रालय प्रो. सुनिता कुमारी ठेगाना : गरुडा वैरिया-६,रौतहट**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल बिगाहा | | |
| रामराजि देवी | रौतहट जिल्ला, गरुडा-६, | २४८९ २४९० | ०-१-११¼ ०-०-१० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १,०००/- |

**सि.अ. नारायणगढ शाखा**

१. **ऋणीको नाम : क) प्रसान्त मेडी कन्सर्न, प्रोप्राइटरः परशुराम पौडेल, ठेगानाः भरतपुर म.न.पा.-१२, चितवन ख) शान्ती बराल, ठेगानाःसाबिक पोखरा-५, कास्की**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| शान्ती बराल पौडेल | चितवन जिल्ला, साबिक भरतपुर-६/क | ३०४ | ८२९.६३ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/- |






# कङ्गोसँगको खेलअघि रोनाल्डोको चर्चा

**न्युयोर्क,** असार २ गते । विश्वकप फुटबलको उपाधि जितको खोजीमा अमेरिका पुगेको क्रिस्टियानो रोनाल्डोको टिम पोर्चुगलले समूह 'के' मा आफ्नो पहिलो खेल बुधबार कङ्गोविरुद्ध खेल्ने छ । सधैँ उपाधि दाबेदारका रूपमा प्रस्तुत भए पनि पोर्चुगलले अहिलेसम्म विश्वकप जित्न सकेको छैन । यसपालि पनि पोर्चुगललाई दाबेदारका रूपमा लिइएको छ ।

सन् १९९६ मा तेस्रो स्थान पोर्चुगलको विश्वकपमा सबभन्दा उत्कृष्ट प्रदर्शन हो । सन् २००६ मा पोर्चुगलले चौथो स्थान बनायो । यस टिममा सधैँ एक सेए क खेलाडीको उपस्थिति हुने हुँदा पोर्चुगललाई विश्वकपमा 'अन्डर एचिभर' भनिन्छ । हुन त पोर्चुगलले युरो–२०१६ जितेर आफ्नो क्षमता देखाइसकेको छ तर रोनाल्डोले साँच्चिकै चाहेको ट्रफी विश्वकप हो । यद्यपि प्रभावशाली खेलाडीहरू भरमार रहेको पोर्चुगलमा ४१ वर्षीय रोनाल्डोले पहिलो रोजाइमै स्थान पाउँछ भन्नेमा शङ्का छ ।

विश्वकपअघि तीन मैत्री खेलमा अमेरिका, चिली र नाइजेरियालाई हराएको पोर्चुगलले विश्वकप छनोटको अन्तिम खेलमा आर्मेनियालाई ९–१ ले पराजित गरेको थियो तर सोही खेलअघि पोर्चुगलले आयरल्यान्डसँग पराजय पनि बेहोरेको थियो । त्यसैले पोर्चुगलको विश्वकप उपाधिमा दाबेदारीमा प्रश्नचिह्न पनि देखिएको छ । यद्यपि कङ्गोले पोर्चुगललाई हराएमा सो विश्वकपकै स्तब्धकारी नतिजा हुने छ । विश्वकपअघिको वार्मअप खेलमा कङ्गोले डेनमार्कसँग गोलरहित बराबरीमा खेलेको थियो भने चिलीसँग २–१ ले पराजय बेहोरेको थियो । कङ्गोले ५२ वर्षपछि विश्वकपमा पुनरागमन गर्दै छ । हालै भएको अफ्रिकन कप अफ नेसन्समा अन्तिम १६ सम्मको यात्रा गर्ने कङ्गोले पछिल्ला चार खेलमा एक हार मात्र बेहोरेको छ ।

### इङ्ग्ल्यान्ड–क्रोएसिया

प्रशिक्षक टोमस टुचेल इङ्ग्ल्यान्डको विश्वकप जित्ने महत्त्वाकाङ्क्षाबारे खुलिसक्नुभएको छ । समूह 'एल' मा क्रोएसिया जस्तो परम्परागत प्रतिद्वन्द्वी भए पनि इङ्ग्ल्यान्डलाई समूह विजेताको प्रबल दाबेदार मानिएको छ । सन् १९६६ को विजेता इङ्ग्ल्यान्ड विश्वकप उपाधि दाबेदारमध्ये एक पनि हो । विश्वकप छनोट चरणमा बिनागोल बेहोरी आठै खेल जितेर इङ्ग्ल्यान्ड यस प्रतियोगितामा आएको हो । प्रशिक्षक टुचेलले अनपेक्षित रूपमा फिल फोडेन र कोल पाल्मर जस्ता खेलाडीलाई बेवास्ता गर्नुभएको छ तर पनि हेरी केन, युड बलिङघम, बुकायो साका, डेक्लन राइस जस्ता सुपर स्टार खेलाडीका कारण इङ्ग्ल्यान्ड निकै बलियो देखिन्छ । यद्यपि यो टिम धेरै कीर्तिमान गोल स्कोरर केनमा निर्भर पनि छ । यसै गरी विश्वकप छनोटमा क्लिनसिट राखे पनि इङ्ग्ल्यान्डको डिफेन्सलाई बलियो मानिएको छैन ।

पछिल्ला दुई युरोपेली च्याम्पियनसिपमा फाइनल खेलेकोले पनि इङ्ग्ल्यान्ड यस पटक उपाधि जितेर सो पीडा मेटाउने दाउमा छ । यद्यपि पहिलो खेलमै क्रोएसियालाई हराउनु इङ्ग्ल्यान्डलाई सहज हुने छैन । सन् २०१८ को विश्वकपको सेमिफाइनलमा क्रोएसियाले इङ्ग्ल्यान्डलाई हराएर उपाधि भिडन्त गरेको थियो । ४० लाख मात्र जनसङ्ख्या भएको क्रोएसिया विश्व वरीयतामा ११ औँ स्थानमा रहेको टिम हो । सन् १९९८ मा विश्वकपमा पदार्पणमै तेस्रो स्थान हात पारेर क्रोएसियाले विश्वलाई आश्चर्यचकित बनाएको थियो । त्यसपछि सन् २०१८ मा फाइनल खेलेको क्रोएसियाले पछिल्लो संस्करणमा पनि तेस्रो स्थान हासिल गरेको थियो । विश्वकप छनोटमा पनि क्रोएसिया अपराजित रहेको थियो । उसले आठमध्ये सातमा जित र एक बराबरीमा खेलेको हो । क्रोएसियाको टिममा ४० वर्षीय भेट्रान मिडफिल्डर लुका मोड्रिचलगायत इभान पेरिसिच, जोस्को ग्वार्डियोल र माटियो कोभासिच जस्ता विश्वस्तरीय फुटबलर रहेको छ ।

### घाना–पनामा

विश्वकप फुटबल–२०२६ अन्तर्गत समूह 'एल' मा घानाले आफ्नो पहिलो खेलमा बुधबार पनामाको सामना गर्ने छ । विश्व वरीयतामा ७४ औँ स्थानमा रहेको घानासँग सन् २०१० मा विश्वकपको क्वाटरफाइनल खेलेको अनुभव छ । यद्यपि घाना सन् २०१४ र २०२२ मा समूह चरणबाटै बिदा भएको थियो । यस पटक म्यान्चेस्टर सिटीका विन्गर एन्टोनी सेमेन्योको साथमा यो टिम बलियो देखिन्छ ।

यसै गरी फिफा वरीयतामा ३३ औँ स्थानमा रहेको कन्केकाफको टिम पनामाले एक पटक मात्र विश्वकप खेलेको छ । सन् २०१८ मा विश्वकप खेल्दा उसले समूह चरणमै तीनै खेल हारेको थियो । जसमध्ये इङ्ग्ल्यान्डसँगको ६–१ को लज्जास्पद पराजय पनि छ । पनामा कन्केकाफ छनोटको दोस्रो चरणमा खेलेका छ खेलमा तीन जित र तीन बराबरी सहित अविजित रहेर विश्वकपमा चयन भएको हो । पनामालाई कन्केकाफ क्षेत्रमा हेभिवेट फुटबल टिमका रूपमा लिइन्छ ।

### उज्बेकिस्तान–कोलम्बिया

एसियाको उज्बेकिस्तानले यसपालि लामो समयदेखिको पर्खाइलाई अन्त्य गर्दै विश्वकपमा स्थान बनाएको छ । उसले आफ्नो ऐतिहासिक खेल मेक्सिको सिटीमा बुधबार कोलम्बियाविरुद्ध खेल्ने छ । यी दुवै टिमले पोर्चुगल र कङ्गो पनि भएकोसमूहबाट उपविजेताका रूपमा अगाडि बढ्ने लक्ष्य लिएका छन् ।

नवप्रवेशी उज्बेकिस्तानको सामना गर्ने कोलम्बिया भने विश्वकपको अनुभवी टिम हो । सातौँ पटक विश्वकप खेल्न लागेको कोलम्बिया कोपा अमेरिकाको उपविजेता पनि हो । कोलम्बियाले यसपालि १२ वर्षअघिको विश्वकपमा राखेको गौरव दोहोर्‍याउने लक्ष्य राखेको छ । सो समय कोलम्बिया क्वाटरफाइनलमा ब्राजिलसँग पराजित भएको थियो ।

सन् २०१४ र २०१८ मा पनि कोलम्बियाले समूह चरणमा निकै राम्रो खेलेको थियो । यी दुई विश्वकप अन्तर्गत समूह चरणमा खेलेका छमध्ये कोलम्बियाले पाँच खेल जितेको थियो तर पछिल्लो संस्करणमा भने कोलम्बिया छनोट हुन सकेन । यसपालि छनोटमा ब्राजिललाई समेत हराएर कोलम्बिया दक्षिण अमेरिकी समूहमा तेस्रो स्थानमा रहेर विश्वकपमा खेल्न योग्य भएको हो । लुइस डियाज र हामेस रोड्रिगेज जस्ता खेलाडीको साथमा विश्व वरीयतामा १३ औँ स्थानमा रहेको कोलम्बिया यसपालि बलियो देखिन्छ । एजेन्सी



तस्बिर : एपी

**पोर्चुगलका क्रिस्टियानो रोनाल्डो कङ्गोसँगको खेलअघि मङ्गलबार अभ्यासमा ।**

# स्पेनसँग केप भेर्डेको अप्रत्याशित बराबरी



तस्बिर : एपी

**स्पेनलाई बराबरीमा रोकेपछि खुसी मनाउँदै केप भेर्डेका खेलाडी ।**

**एट्लान्टा,** असार २ गते । प्रमुख उपाधि दाबेदार स्पेनलाई मङ्गलबार नवप्रवेशी केप भेर्डेले गोलरहित बराबरीमा रोकेर विश्वकप फुटबल २०२६ मा अहिलेसम्मकै स्तब्धकारी नतिजा निकालेको छ ।

अफ्रिकाको पश्चिम तटमा रहेको सुन्दर टापु केप भेर्डे मात्र पाँच लाख जनसङ्ख्या भएको देश हो । कुराकाओ र आइसल्यान्डपछि विश्वकप फुटबल खेल्ने तेस्रो सबभन्दा सानो राष्ट्र केप भेर्डे यसअघि विश्व फुटबलमा खासै सुनिएको नाम थिएन । त्यसैले सन् २०१० का विश्वविजेता र युरो च्याम्पियन स्पेनका लागि पहिलो खेल सहज हुने अनुमान गरिएको थियो तर ४० वर्षीय गोलकिपर भिजिना र डिफेन्सको अविस्मरणीय प्रदर्शनले स्पेन गोल गर्न सफल भएन । दोस्रो हाफमा मैदान प्रवेश गरेका सुपर स्टार लामिने यमालले पनि केही गर्न सक्नुभएन ।

यो बराबरी हाम्रो देशका लागि सबै थोक हो । हाम्रो देशलाई विश्वले हेरोस् भन्ने हामी चाहन्थ्यौँ । आज विश्व फुटबलको सबभन्दा ठुलो मञ्चमा यो देश के हो भन्ने देखाएको छ, केप भेर्डेका प्रशिक्षक पेड्रो लाइटो ब्रिटोले भन्नुभयो । यसै गरी केप भेर्डेका डिफेन्डर स्टेभन मोरियराले 'सपना' भनी खुसी व्यक्त गर्नुभयो ।

गोलरक्षक भिजिनाले फेरान टोरेज, पेड्री र एमेरिक लापोर्तेको शृङ्खलाबद्ध आक्रमणलाई रोक्नुभएको थियो । मध्यान्तरअघि नै टोरेजको एक प्रहार गोलपोस्टमा लागेर फर्केपछि स्पेनलाई भाग्यले पनि साथ दिएन । खेलको अन्तिम समयमा केप भेर्डेसमक्ष खेल जित्ने मौका पनि मिलेको थियो तर डाइनी बोर्ग्सको हेडरलाई स्पेनका गोलरक्षक उनाई सिमनले जोगाउनुभयो ।

खेल जित्न नसके पनि केप भेर्डे विश्वकपमा क्यामरुन, सेनेगल र साउदी अरब जस्तै स्तब्धकारी नतिजा ननिकाल्ने टिमको सूचीमा परेको छ । सन् १९९० मा क्यामरुनले पहिलो खेलमा च्याम्पियन अर्जेन्टिना, सन् २००२ मा सेनेगलले आफ्नो पहिलो विश्वकपको पहिलो खेलमै च्याम्पियन फ्रान्सलाई र चार वर्षअघि साउदी अरबले लियोनेल मेसीको टिमलाई हराएर स्तब्धकारी नतिजा निकालेका थिए । केप भेर्डेको प्रदर्शनले यसपालि विश्वकप ४८ टिममा विस्तारित गर्दा स्तर कम हुन्छ भन्ने आलोचनालाई पनि जवाफ दिएको छ ।

### इरानको उत्कृष्ट पुनरागमन

विश्वकप फुटबल–२०२६ मा राजनीतिक कारणले हेर्नलायक टिमका रूपमा रहेको इरानले मङ्गलबार न्युजिल्यान्डसँग २–२ ले बराबरीमा खेलेको छ । इरान दुई पटक पछाडि परेर पनि अङ्क प्राप्त गर्न सफल भएको हो । खेलको सातौँ मिनेटमै कप्तान क्रिस उडको पासमा इलिजा जस्टले गोल गरी रङ्गशालालाई शान्त पार्नुभएको थियो । खेलको ३२ औँ मिनेटमा रेजाइनले गोल गरी स्कोर १–१ बनाउनुभयो । खेलको ५४ औँ मिनेटमा जस्ले नै उडको पासमा गोल गरी न्युजिल्यान्डलाई पुनः अगाडि पार्नुभयो तर १० मिनेटपछि मोहेबीको सानदार हेड गोलबाट इरानले पुनः बराबरी गोल गर्‍यो । त्यसपछि दुवै टिमले जितको खोजीमा लगातार आक्रामक खेल खेलेको थियो । अझ इरान बढी खतरनाक देखिएको थियो । यस बराबरीपछि विश्वकपमा न्युजिल्यान्डको जितविहीन यात्रा लम्बिएको छ ।

### बेल्जियम र इजिप्ट बराबर

रोमेल लुकाकुले स्थानापन्न खेलाडीका रूपमा मैदान प्रवेश गरेको २३ सेकेन्डमै प्रभाव पारेपछि बेल्जियमले विश्वकप फुटबल–२०२६ मा आफ्नो पहिलो खेलमा इजिप्टलाई १–१ ले बराबरीमा रोकेको छ । समूह 'जी' को खेलमा इजिप्टले खेलको १९ औँ मिनेटमै अग्रता बनाएको थियो । इमाम असुरले डिबक्सबाहिरबाट सानदार प्रहारमार्फत गोल गर्नुभएको हो । उहाँको यो पहिलो अन्तर्राष्ट्रिय गोल भएको छ । त्यसपछि बेल्जियमले लगातर प्रयासका बाबजुद गोल फर्काउन सकेको थिएन । खेलको ६६ औँ मिनेटमा बेल्जियमका सर्वाधिक स्कोरर लुकाकुको आगमनसँगै बेल्जियमले गोल फर्कायो । मैदानको बायाँ भागबाट आएको क्रसमा गोलपोस्टनजिक रहेका लुकाकुले बल ट्याप गर्न खोज्नुभयो । उहाँको खुट्टामा बल त लागेन तर लुकाकुको दबाबले इजिप्टका डिफेन्डर मोहम्मद हेनीले गोल आफ्नै गोलपोस्टमा छिराउनुभयो । पछिल्लो संस्करणमा उपाधि विजेताको दाबेदारका रूपमा रहे पनि बेल्जियम समूह चरणबाटै बिदा भएको थियो ।

### साउदी अरबसँग उरुग्वे जोगियो

विश्वकप फुटबल–२०२६ अन्तर्गत समूह 'एच' मा साउदी अरब र उरुग्वेले १–१ को बराबरीमा खेलेका छन् । निर्धारित समय सकिन १० मिनेट बाँकी छँदा म्याक्सी अराउजोले गोल गरेपछि मात्र दुई पटकको विश्वविजेता उरुग्वेले खेल बराबर गर्न सकेको हो । यस गोलले साउदी अरब लगातार दोस्रो विश्वकपमा पहिलो खेलमै स्तब्धकारी नतिजा निकाल्नबाट चुक्यो । पछिल्लो संस्करणमा साउदी अरबले अर्जेन्टिनालाई २–१ ले स्तब्ध पारेको थियो ।

खेलको ४१ औँ मिनेटमा अब्दुलेला अल–आम्रीले रिबाउन्डमा गोल गरी साउदी अरबलाई अग्रता दिलाउनुभएको थियो । पहिलो हाफमा अपेक्षा अनुरूप नखेलेको उरुग्वेले मध्यान्तरपछि भने स्वाभाविक प्रदर्शन गर्‍यो । त्यसपछि शृङ्खलाबद्ध आक्रमण गरेको उरुग्वेले साउदी अरबको गोलपोस्टमा २९ पटक प्रयास गरेको थियो तर पनि अन्तिम समयसम्म उरुग्वे पछाडि नै पर्‍यो । एपी

# खेलकुदमन्त्रीद्वारा कर्णाली रङ्गशाला अनुगमन

**काठमाडौँ** (गोरखापत्र), असार २ गते । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले कर्णाली रङ्गशालाको अनुगमन गर्नुभएको छ । १० औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीमा रहेको कर्णाली प्रदेश रङ्गशालाको अनुगमनका क्रममा मन्त्री पोखरेलले राष्ट्रिय खेलकुदको मिति चाँडै तोक्ने योजना भएको बताउनुभयो ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव रवीन्द्र चन्दले मन्त्री पोखरेललाई रङ्गशालाको हालको अवस्थाबारे जानकारी गराउनुभएको थियो । निरीक्षणका क्रममा मन्त्री पोखरेलले कर्णालीको खेलकुदमा भौतिक संरचनाको कमी भएकोले सरकारले यसमा ध्यान दिने बताउनुभयो ।

# राजनले अस्ट्रेलियामा खेल्ने

**काठमाडौँ** (गोरखापत्र), असार २ गते । तेक्वान्दोका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी राजन भण्डारी डब्लुटी प्रेसिडेन्ट कप ओसियाना र अस्ट्रेलिया ओपन तेक्वान्दो च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न मङ्गलबार अस्ट्रेलिया प्रस्थान गर्नुभएको छ । अस्ट्रेलियाको गोल्कोस्ट कुजल्यान्डमा जुन १८ देखि २१ तारिखसम्म प्रतियोगिता आयोजना हुँदै छ । यसअघि राजनले सन् २०२३ मा दुवैको फुजुरामा भएको वर्ल्ड रेडकिङ जिटु प्रतियोगिता खेल्नुभएको थियो ।

अन्तर्राष्ट्रिय लेभल वान प्रशिक्षक र अन्तर्राष्ट्रिय निर्णायकका रूपमा समेत चिनिएका राजन राष्ट्रिय खेलकुद परिषद्बाट समेत सम्मानित भइसक्नुभएको छ ।

# एसियाली पौडी छनोटमा धाँधली भएको खेलाडीको आरोप

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

नेपालका नम्बर एक पौडी खेलाडी इर्भिन श्रेष्ठलगायत अन्य दुई खेलाडीले जापानमा हुने २० औँ एसियाली खेलकुद प्रतियोगितामा पौडी खेलाडी छनोट प्रक्रियामा असहमति जनाएको छ ।

इर्भिनका साथै मेधावी केसी र निर्णय थापाले मङ्गलबार नेपाल पौडी सङ्घले पूर्वसूचना र स्थापित नियमविपरीत रातारात छनोटको मापदण्ड बदलेर खेलाडीको मनोबल गिराउने काम गरेको आरोप लगाउनुभएको छ । यी तीन खेलाडीले संयुक्त रूपमा पत्रकार सम्मेलन गरी प्रतियोगितामा योग्यता अनुरूप पौडी खेलाडीलाई समावेश नगरेको भन्दै छनोटमा धाँधली गरेको बताउनुभयो ।

नेपाल पौडी सङ्घले गत जेठ २३ र २४ गते तेस्रो नेपाल एक्वाटिक च्याम्पियनसिपको आयोजना गर्ने सूचना वैशाख १० गते जारी गरेको थियो । यसलाई एसियन गेम्सको 'प्रिक्वालिफिकेसन' (प्रारम्भिक छनोट) का रूपमा घोषणा गरेको थियो । सूचना अनुसार उक्त प्रतियोगिताबाट महिला र पुरुषतर्फ आठ/आठ जना खेलाडी छनोट गरी असारको तेस्रो साता अन्तिम छनोट प्रतियोगिता हुने प्रावधान थियो ।

तर जेठ २३ गते पहिलो दिनको खेल सकिएपछि २४ गते बिहान बिनाछाप र हस्ताक्षरको सूचना सामाजिक सञ्जाल र खेल स्थलमा टाँसेर सोही च्याम्पियनसिपलाई नै 'अन्तिम छनोट' भनियो र दुई/दुइ खेलाडी मात्र चयन गर्ने जानकारी दिइयो ।

इर्भिनले यस खेलको मापदण्ड नै बदल्नु ठुलो षड्यन्त्र र चलखेल भएको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "मेरो जीवनको १२ वर्ष पौडीलाई नै दिइसकेँ । मेरो सपना भनेको देशका लागि स्वर्ण जित्नु नै हो तर यसरी अन्तर्राष्ट्रिय प्रतियोगिताबाट वञ्चित गरेपछि कसरी खेलप्रति समर्पित हुने ?" उहाँले प्रश्न गर्नुभयो ।

अर्का राष्ट्रिय पौडी खेलाडी मेधावीले खेलकुद क्षेत्रको यस्तै बेथिति र विसङ्गतिका कारण देशका प्रतिभावान् खेलाडी विदेश पलायन भइरहेको बताउनुभयो । पौडी प्रशिक्षक मेघ लामाले खेल तालिका र मापदण्ड घरी घरी बदल्दा खेलाडीको मानसिकता र तयारीमा गम्भीर असर पुग्ने बताउनुयभो । उहाँले भन्नुभयो, "आठ/आठ खेलाडीको सट्टा दुई/दुई खेलाडी छनोट गर्ने हुने जानकारी हामीले बिहानको खेलपछि मात्र पायौँ । आधाभन्दा बढी खेल सकिएपछि मापदण्ड नै बदल्ने चालबाजी भयो । यो घटनाले छनोटमा सहभागी खेलाडी विचलित भएका छन् । त्यसैले सत्यतथ्यको जानकारी गर्न अनुरोध गर्नुभएको छ ।

यी खेलाडी आफ्नो भविष्य र खेल भावनामाथि खेलबाड भएको भन्दै प्रमाणसहित सर्वोच्च अदालत पुगेका छन् ।

# शान्तिलाई चेस उपाधि

**काठमाडौँ** (गोरखापत्र), असार २ गते । थापाथली चेस पार्ककी शान्ति धिमालले मङ्गलादेवी स्मृति बुद्धिचाल प्रतियोगिताको उपाधि जित्नुभएको छ । धिमालले नौ चरणको खेलमा आठ अङ्क हात पार्नुभयो । सो खेलमा राधिका पौडेल ७.५ अङ्कसहित दोस्रो स्थान र सात अङ्क बनाएकी चितवनकी लक्ष्मी कर्णेलले तेस्रो हुनुभयो ।

काठमाडौँ महानगरपालिका–२७ को आयोजनामा भएको प्रतियोगितामा १०२ जना खेलाडीको सहभागिता थियो ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम् ।

**मेष** – कार्यक्षेत्र कम प्रभावकारी रहने छ । अपराह्नसम्म स्वास्थ्य पनि प्रतिकूल रहन सक्ने देखिन्छ ।

**वृष** – भौतिक वस्तु लाभका योग देखिन्छन् । आर्थिक उन्नतिका साथै पारिवारिक सुख मिल्ने छ ।

**मिथुन** – वित्तीय लाभ हुने छ । अध्ययनमा सफलताका साथै मित्र मिलनका योग देखिन्छन् ।

**कर्कट** – खेल क्षेत्रमा चाख बढ्ने छ । कार्य लाभका साथै मनमा प्रसन्नता छाउने छ ।

**सिंह** – दिन मध्यम फलदायी रहने छ । अपराह्नपूर्व खर्चिलो र पछि लाभप्रद रहने छ ।

**कन्या** – व्यवसाय मध्यम रहने छ । शत्रु भयका साथै अपराह्नपछिको समय कार्यदायी रहन सक्ने छ ।

**तुला** – वित्तीय लाभ हुने छ । कार्यक्षेत्रमा उन्नतिका साथै यात्राका योग देखिन्छन् ।

**वृश्चिक** – द्रव्य लाभ हुने छ । कान्ति वृद्धिका साथै पारिवारिक सुख मिल्ने छ ।

**धनु** – दिन मिश्रित रहने छ । अपराह्नपूर्व शत्रु भय रहे पनि पछिको समय लाभदायी रहने छ ।

**मकर** – व्यापारमा वृद्धि हुने छ । कार्यक्षेत्रमा उन्नतिका साथै प्रेमिल यात्राका योग देखिन्छन् ।

**कुम्भ** – कुम्भ राशि : कलात्मक पक्ष सुखद रहने छ । वैदेशिक क्षेत्रबाट लाभका साथै मित्र सुख मिल्ने छ ।

**मीन** – गृह सुख मिल्ने छ । कान्ति वृद्धिका साथै जलीय वस्तुबाट लाभ रहने छ ।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल असार ३ गते (जुन १७, २०२६) बुधबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५१।०० | १५१।६० |
| युरो | १ को रु. | १७५।३० | १७५।९९ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०२।६९ | २०३।४९ |
| स्विस फ्रैङ्क | १ को रु. | १९०।०९ | १९०।८५ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०६।८० | १०७।२३ |
| क्यानेडियन डलर | १ को रु. | १०७।८६ | १०८।२९ |
| सिङ्गापुर डलर | १ को रु. | ११७।८४ | ११८।३० |
| जापानी येन | १० को रु. | ९।४२ | ९।४५ |
| चिनियाँ युआन | १ को रु. | २२।३५ | २२।४४ |
| साउदी अरब रियाल | १ को रु. | ४०।२४ | ४०।४० |
| कतारी रियाल | १ को रु. | ४१।४४ | ४१।६० |
| थाई भाट | १ को रु. | ४।६४ | ४।६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।११ | ४१।२८ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३७।१२ | ३७।२७ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।०२ | १०।०६ |
| स्विडिस क्रोनर | १ को रु. | १६।०८ | १६।१५ |
| डेनिस क्रोनर | १ को रु. | २३।४५ | २३।५५ |
| हङ्कङ डलर | १ को रु. | १९।२८ | १९।३५ |
| कुवेती दिनार | १ को रु. | ४९१।९४ | ४९३।८९ |
| बहराइन दिनार | १ को रु. | ४००।४८ | ४०२।०७ |
| ओमानी रियाल | १ को रु. | ३९२।२३ | ३९३।७९ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

**गोरखापत्र संस्थान**का लागि निमित्त प्रमुख **उमेशकुमार ओझा**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः। gorkhapatraonline.com








विराटनगर संस्करण | अर्थबजार | चियाको राम्रो विकल्प तेस्रो मुलुक | कङ्गोसँगको खेलअघि रोनाल्डोको चर्चा १६



वर्ष १२६ | अङ्क ४२ | २०८३ साल असार ३ गते बुधबार | शुद्ध ज्येष्ठ शुक्ल तृतीया | नेपाल संवत् ११४६ तछलाथ्व ३ | 2026 June 17 Wednesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


## 'हेलो सरकार'

# सुशासनको महत्त्वपूर्ण औजार

- वर्तमान सरकारले शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूचीमा नै समावेश गरेपछि अहिले नागरिकका गुनासो दर्ता र समस्या समाधान दुवै क्षेत्रमा उल्लेख्य प्रगति देखिएको छ।
- अहिले विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा तीन हजार ७६९ वटा सरकारी तथा सार्वजनिक निकाय आबद्ध छन्। उक्त प्रणाली सञ्चालनका लागि २६ जना कर्मचारी तीन चरणमा चौबिसै घण्टा खटिएका छन्।




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

'हेलो सरकार' प्रणाली पछिल्लो समय सरकारी निकाय र नागरिकबिच संवादको प्रभावकारी केन्द्रीय 'प्लेटफर्म' बन्दै गएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित हेलो सरकार गुनासो व्यवस्थापन प्रणालीमा बहुच्यानल प्रणाली, चौबिसै घण्टा सेवा र आधुनिक प्रविधिको प्रयोगसँगै उजुरी तथा गुनासो व्यवस्थापनमा उल्लेख्य सुधार आएको छ।

सेवा प्रवाहमा नागरिकका गुनासा, सुझाव, जिज्ञासालाई राज्य संयन्त्रसम्म सहज रूपमा पुर्‍याई तिनको प्रभावकारी सम्बोधन गर्ने उद्देश्यले सञ्चालनमा रहेको 'हेलो सरकार' प्रणाली सार्वजनिक प्रशासन र सुशासनको महत्त्वपूर्ण औजारका रूपमा स्थापित हुँदै गएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित यो विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा नागरिकको पहुँच विस्तार भएसँगै उजुरी तथा गुनासोको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ। सरकारले यो प्रणालीलाई गुनासो सुनुवाइको माध्यममा सीमित नराखी नागरिक–सरकार संवाद, नीतिगत सुधार तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर मापन गर्ने एकीकृत 'प्लेटफर्म' का रूपमा विकास गर्ने रणनीतिसहित अगाडि बढाएको सो कार्यालयले जनाएको छ।

शासकीय सुधारसम्बन्धी सरकारको सयदिने कार्यसूचीको बुँदा नम्बर २४ मा २४ घण्टा नै राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्ने लक्ष्य राखिएको थियो। त्यसलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गतको 'हेलो सरकार' शाखामार्फत कार्यान्वयनमा ल्याइएको छ। कार्यसूचीको सोही बुँदामा रहेको फोन, मोबाइल एप, वेबपोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्न सकिने 'बहुच्यानल' प्रणाली स्थापना गर्ने काम अन्तिम चरणमा पुगेको हेलो सरकार शाखाका उपसचिव कृष्णप्रसाद सापकोटाले जानकारी दिनुभयो।

बहुच्यानल प्रणाली कार्यान्वयनमा आउनेबित्तिकै विभिन्न माध्यमबाट हेलो सरकारमा आएका उजुरी तथा गुनासाहरू स्वचालित रूपमा सम्बन्धित कार्यालयसम्म जाने मात्र नभई त्यसको निगरानीसमेत प्रभावकारी ढङ्गले हुने र नतिजा प्राप्तिमा समेत सहज हुने अपेक्षा गरिएको छ।

त्यस्तै बुँदा नम्बर २५ मा 'हेलो सरकार' लाई स्तरोन्नति गरी नागरिक संवादको 'प्लेटफर्म' का रूपमा विकास गर्ने, एकीकृत 'ड्यासबोर्ड' मार्फत सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय गर्ने तथा गुनासो समाधानको प्रगति वास्तविक समयमा अनुगमन गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ। सोही अनुसार अहिले सरकारले 'हेलो सरकार' मा आउने गुनासोलाई नीतिगत बहसको आधार बनाउने तयारी गरिरहेको जनाइएको छ। नागरिकका गुनासा र सुझावबाट प्राप्त सूचना विश्लेषण गरी आवश्यक नीति निर्माणसहित सुधार प्रक्रियामा उपयोग गर्ने अवधारणा विकास भइरहेको उपसचिव सापकोटाले बताउनुभयो।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले समेत 'हेलो सरकार' लाई 'सरकार–नागरिक' संवादको केन्द्रीय प्लेटफर्मका रूपमा विकास गर्ने नीति लिएको छ। बजेटमा सरकारी कार्यालयहरूमा 'डिजिटल टाइमकार्ड' लागु गर्ने तथा हेलो सरकारमार्फत प्राप्त गुनासो निश्चित समयसीमाभित्र सम्बोधन गर्नुपर्ने व्यवस्था गर्ने उल्लेख छ। गुनासो सम्बोधनको अवस्थालाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग समेत जोड्ने तयारी भइरहेको छ। यसबाट सार्वजनिक प्रशासनमा उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिको विकास हुने उपसचिव सापकोटा बताउनुहुन्छ।

प्रविधिको उपयोगलाई थप विस्तार गर्दै हेलो सरकारले कृत्रिम बौद्धिकता (एआई) आधारित प्रणाली विकासको तयारी पनि गरिरहेको छ। अब गुनासो दर्ता हुनेबित्तिकै स्वचालित रूपमा सम्बन्धित कार्यालयमा पुग्ने, गुनासोकर्तालाई जानकारी गराउने तथा प्रगति अवस्थाबारे नियमित सूचना दिने प्रणाली लागु हुने छ। टेलिफोनमार्फत प्राप्त हुने गुनासोलाई समेत एआईको सहयोगमा स्वतः शब्दमा रूपान्तरण गरी प्रणालीमा प्रविष्ट गर्ने प्रविधि विकास गर्ने तयारी गरिएको छ। यसबाट हाल प्रणालीमा दर्ता नभई टेलिफोनबाटै समाधान हुने कतिपय गुनासो पनि अभिलेखीकरणको दायरामा आउने अपेक्षा गरिएको छ।

अहिले 'हेलो सरकार' को विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा तीन हजार ७६९ वटा सरकारी तथा सार्वजनिक निकाय आबद्ध छन्। उक्त प्रणाली सञ्चालनका लागि २६ जना कर्मचारी तीन चरण (सिफ्ट) मा चौबिसै घण्टा खटिएका छन्। प्रधानमन्त्री कार्यालयले 'हेलो सरकार' लाई प्रत्यक्ष गुनासो फर्स्योट गर्ने निकायभन्दा पनि नीतिगत सहजीकरण, स्रोत व्यवस्थापन र अनुगमन गर्ने निकायका रूपमा विकास गर्ने रणनीति लिएको छ।

### दर्ता र फर्स्योटमा उच्च आँकडा

२०६८ कात्तिक १७ गतेबाट 'हेलो सरकार' सेवा सञ्चालनमा आएको भए पनि त्यसलाई प्रभावकारी बनाउन सकिएको थिएन। वर्तमान सरकारले शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूचीमा नै यो विषय समावेश गरेपछि अहिले नागरिकका गुनासा दर्ता र समस्या समाधान दुवै क्षेत्रमा उल्लेख प्रगति देखिएको छ।

पछिल्ला तीन वर्षको तथ्याङ्क हेर्दा आव २०८०/८१ मा ११ हजार ९३२ वटा गुनासा तथा उजुरी प्राप्त भएका थिए। आव २०८१/८२ मा यो सङ्ख्या बढेर १७ हजार ९७७ पुगेको थियो तर चालु आव २०८२/८३ को जेठ मसान्तसम्ममा उल्लेख्य वृद्धि भई ४५ हजार ६२३ वटा गुनासा तथा उजुरी दर्ता भइसकेका छन्।


» बाँकी पृष्ठ २ मा


## रास्वपा प्रथम महाधिवेशन

# देशव्यापी सङ्गठन विस्तार

**मित्र भण्डारी**
*काठमाडौँ, असार २ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रथम राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा देशव्यापी रूपमा सङ्गठन विस्तारलाई तीव्रता दिएको छ। वडा, पालिका, जिल्ला तथा प्रदेश तहमा लोकतान्त्रिक प्रक्रियामार्फत नयाँ नेतृत्व चयन गर्दै पार्टीले सङ्गठनात्मक पुनर्संरचना र संस्थागत सुदृढीकरणलाई तीव्र गतिमा अघि बढाएको हो।

यही असार ७ देखि ९ गतेसम्म चितवनमा आयोजना हुने प्रथम राष्ट्रिय महाधिवेशनअघि पार्टीले अधिकांश तहका अधिवेशन सम्पन्न गर्दै पाँच प्रदेशमा नयाँ नेतृत्व चयन गरिसकेको छ। पार्टीका महामन्त्री कवीन्द्र बुर्लाकोटीले हालसम्म देशभरका छ हजार ७४३ वडामध्ये चार हजार ३६३ वडामा अधिवेशन सम्पन्न भएको जानकारी दिनुभयो। उहाँका अनुसार हालसम्म ७५३ स्थानीय तहमध्ये ६०९ पालिकामा नयाँ नेतृत्व चयन भइसकेको छ। त्यसै गरी ७७ जिल्लामध्ये ६४ जिल्लामा अधिवेशन सम्पन्न गरी नयाँ कार्यसमिति गठन गरिएको छ।

महाधिवेशनपूर्व सम्पन्न प्रदेश अधिवेशन अन्तर्गत कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा नयाँ नेतृत्व चयन भइसकेको छ। कोशी प्रदेश सभापतिमा चन्द्र राई, बागमती प्रदेश सभापतिमा उत्सव अर्याल, गण्डकी प्रदेश सभापतिमा नवीन त्रिपाठी र लुम्बिनी प्रदेश सभापतिमा शालिकराम घिमिरे निर्वाचित हुनुभएको छ। सुदूरपश्चिम प्रदेशको नेतृत्वमा प्रकाश विष्ट पुनः निर्वाचित हुनुभएको छ। धनगढीमा सम्पन्न प्रदेश अधिवेशनमा विष्टले ३५८ मत प्राप्त गरी प्रतिनिधि सभा सदस्य जनकसिंह धामीलाई पराजित गर्नुभएको थियो।

बागमती प्रदेशमा भएको प्रतिस्पर्धात्मक निर्वाचनमा उत्सव अर्यालले निवर्तमान सभापति अच्युतम लामिछानेलाई दुई मतको अन्तरले पराजित गर्दै नेतृत्व समाल्नुभएको छ। गण्डकी प्रदेशमा नवीन त्रिपाठीको नेतृत्वसँगै नयाँ पुस्ताको सहभागिता थप सशक्त बनेको पार्टीको भनाइ छ।

लुम्बिनी प्रदेशमा प्रारम्भिक चरणमा कुनै उम्मेदवारले स्पष्ट बहुमत प्राप्त गर्न नसकेपछि पुनः मतदानमार्फत शालिकराम घिमिरे प्रदेश सभापतिमा निर्वाचित हुनुभएको थियो। कर्णाली प्रदेशमा अधिवेशन प्रक्रिया जारी छ भने मधेश प्रदेशको अधिवेशन केही प्राविधिक तथा प्रतिनिधित्वसम्बन्धी विषयमा छलफल भइरहेकाले स्थगित गरिएको पार्टीले जनाएको छ।

कर्णाली प्रदेशको डोल्पा र हुम्ला, लुम्बिनी प्रदेशको रुकुमपूर्व, गण्डकी प्रदेशको मनाङ र मुस्ताङ तथा मधेश प्रदेशको धनुषा, सप्तरी, बारा र सर्लाहीमा अधिवेशन हुन बाँकी रहेको छ। त्यसै गरी सिन्धुपाल्चोक, सिराहा, महोत्तरी र रौतहटमा सुरु भएको निर्वाचन प्रक्रिया विभिन्न कारणले स्थगित भएको जनाइएको छ।

रास्वपाले प्रदेश तथा जिल्ला अधिवेशनहरूलाई आन्तरिक लोकतन्त्रको अभ्यासका रूपमा सञ्चालन गर्दै प्रतिस्पर्धामार्फत नेतृत्व चयन गरेको जनाएको छ। पार्टीले 'एक पद, एक व्यक्ति' को सिद्धान्त अवलम्बन गर्दै पारदर्शी, विधिसम्मत र सहभागितामूलक ढङ्गले नेतृत्व हस्तान्तरणको प्रक्रिया अघि बढाएको जनाएको छ।

रास्वपाका केन्द्रीय निर्वाचन आयोगका संयोजक भुवन केसीका अनुसार बाँकी जिल्लामा पनि निर्वाचन प्रक्रिया अन्तिम चरणमा पुगेको छ। कर्णाली प्रदेश अधिवेशनमा पाँच सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको जनाइएको छ। पार्टीले अधिवेशन सम्पन्न हुन बाँकी रहेका संरचनाको नेतृत्व चयन महाधिवेशनपछि टुङ्ग्याउने तयारी गरेको छ।

यसैबिच चितवनमा हुने प्रथम राष्ट्रिय महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेको छ। महाधिवेशनमा देश तथा विदेशबाट करिब दुई हजार पाँच सय प्रतिनिधिको सहभागिता रहने छ।


» बाँकी पृष्ठ २ मा


आन्तरिक लोकतन्त्रको अभ्यासका रूपमा प्रतिस्पर्धामार्फत पाँच प्रदेश, ६४ जिल्ला, ६०९ पालिका र चार हजार ३६३ वडामा नयाँ कार्यसमिति चयन भएको छ।

## महानिर्देशक अर्याल न्यायिक हिरासतमा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनीलकुमार केसीलाई चार दिन न्यायिक हिरासतमा राख्न विशेष अदालतले अनुमति दिएको छ। राहदानी छपाइसम्बन्धी विषयमा अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अर्याल र केसीलाई नियन्त्रणमा लिएको थियो।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्यद्वय उमेश कोइराला र विदुर कोइरालाको इजलासले सोमबारदेखि लागु हुने गरी दुवै जनालाई हिरासतमा राख्न आयोगलाई अनुमति दिएको हो। विशेष अदालतका सूचना अधिकारी पार्वती हितानले सोमबारदेखि लागु हुने गरी चार दिन हिरासतमै राख्न अनुमति दिइएको जानकारी दिनुभयो।

### अग्रलेख



#### लोक सेवाको साख

आयोगले हरेक आर्थिक वर्षमा घोषणा गर्ने आफ्नो वार्षिक कार्यतालिका र कार्यतालिका अनुरूप कार्यसम्पादन गर्न सक्ने सक्षम, प्रतिबद्ध, उत्प्रेरित र इमानदार कर्मचारीका कारण आयोग मुलुकको बलियो र सक्षम निकायका रूपमा जनताको मानसपटलमा रहेको छ।

• **शिवराम न्यौपाने**


» विचार पृष्ठ ४


# 'मनसुन' भित्रन आनाकानी

- सामान्यतया केरलाबाट नेपाल आइपुग्न बढीमा १० दिन लाग्नुपर्ने हो। तर १३ दिन बित्दै गर्दा पनि मनसुन नेपाल भित्रन सकेको छैन।
- भूउपग्रहबाट प्राप्त तथ्याङ्क तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणको आधारमा मनसुन आगमन केही दिन ढिला हुने भएको छ।



*फाइल तस्बिर*

**चाँदनी हमाल**
*काठमाडौँ, असार २ गते*

यस वर्षको मनसुन नेपाल भित्रन आनाकानी गर्दै नेपालको सीमापारि अड्किएर बसेको छ। छिमेकी भारतको सीमासम्म आइपुगेको मनसुन नेपाल भित्रन आनाकानी गर्दै सीमापार बसेको हो। विभिन्न प्रणालीले यतिबेला भारतको सिक्किम र बिहारसम्म मनसुन आइपुगेको देखाएको छ।

मनसुन भित्रने मिति जुन १३ बाट घर्किएर जुन १७ लागेको छ। तर पनि मनसुन नेपाल भित्रन नसकेको जल तथा मौसम विज्ञान विभागले औँल्याएको छ। भारतको केरलामा जुन ४ मा बास बस्न पुगेको थियो। त्यहाँबाट बङ्गालको खाडीको जलवाष्पसहित नेपालतिर आउन विगत झैँ निकै बेर लगाएको हो। सामान्यतया केरलाबाट नेपाल आइपुग्न बढीमा १० दिन लाग्नुपर्ने हो। तर १३ दिन बित्दै गर्दा पनि मनसुन नेपाल भित्रन नसकेको मौसमविद् रोजन लामिछानेले बताउनुभयो। उहाँका अनुसार नेपालको पूर्वी भूभागमा मनसुन प्रवेश गर्न अझै केही दिन लाग्ने अनुमान छ।

### ढिला किन आउँदै छ मनसुन ?

मनसुनको मिति घर्किएपछि प्रश्नको ओइरो लाग्न थालेपछि विभागले विगतको मनसुन भित्रँदाको प्रवृत्तिको विश्लेषण गर्दै विगतमा पनि यसरी मनसुन भित्रन ढिलाइ हुने गरेको जानकारी दिएको छ। विगतमा सन् १९७२ देखि २०२३ सम्मका वर्षका मनसुनी वर्षमध्ये ११ वटा वर्षमा नेपालमा मनसुन ढिला भित्रिएको थियो। विभागका प्रवक्ता विभूति पोखरेलका अनुसार भूउपग्रहबाट प्राप्त तथ्याङ्क तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणको आधारमा नेपालमा मनसुन आगमन केही दिन ढिला हुने भएको छ।

प्रशान्त महासागरमा वर्षा कम गराउन सघाउने प्रणाली एलनिनो विकसित भई तटस्थबाट बलियो हुँदै गएको वर्तमान अवस्था छ। जसले गर्दा नेपालको मनसुन आगमनमा समेत प्रभाव पर्नुका साथै दक्षिण एसियालगायत नेपालको मनसुन कमजोर हुन सक्ने सम्भावना पोखरेलले औँल्याउनुभएको छ। विगतमा पनि एलनिनोको विकास प्रशान्त महासागरमा बलियो हुँदा नेपालमा मनसुन आगमन ढिला भएको तर्क उहाँको छ।

### मनसुनको वर्तमान अवस्था

दक्षिण एसियाका विभिन्न मुलुकमा विचरण गरिरहेको मनसुनको प्रणाली आफैँमा कमजोर छ। अरब सागरबाट अगाडि बढेको मनसुन कमजोर भए पनि श्रीलङ्का तथा दक्षिण भारतका विभिन्न क्षेत्र हुँदै नेपालको सिमाना पार गरेर नेपाल भित्रने तरखरमा रहेको भारतीय मौसम पूर्वानुमान विभागले जनाएको छ।

मनसुनका प्रणालीको केही अंशले नेपालको सिमाना पार गरिसकेको दाबी भारतको छ। तराईको बिहार क्षेत्र छोएका नेपाली भूभागमा मनसुनको प्रणालीले असर थालेको उसको मनसुन अवलोकन गर्ने प्रारूपहरूले औँल्याएको छ।

नेपालको प्रारूपहरूले भने मनसुन भित्रने क्षेत्र नेपालको पूर्वी भूभाग अर्थात् कोशी प्रदेश रहेकाले त्यस क्षेत्रमा मनसुन भित्रने पूरै वातावरण बनिनसकेको औँल्याएको मौसमविद् लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार अहिलेको अवस्थामा नेपालमा मनसुनका लागि वातावरण निर्माण हुने क्रममै रहेको छ। नेपालमा अझै पनि पश्चिमी वायुको प्रभाव बलियो रहनुका साथै माथिल्लो वायुमण्डलमा पूर्वीय वायुसहितको वातावरण बन्न बाँकी छ।

त्यस्तै जलवाष्पयुक्त हावाको बहाव भने फैलने क्रममा रहेको छ। कतै सानो चरणको वर्षा हुने र कतै नहुने प्रक्रिया चलिरहेको छ। जसले मनसुनी प्रणाली पूरै सक्रिय नरहेको प्रस्ट सङ्केत गर्छ।

उहाँले भन्नुभयो, "निरन्तर अवलोकनको अवस्था हेर्दा नेपालको नजिकमै छ, अबको केही दिनमा मनसुन नेपाल भित्रने तरखरमा रहेको देखिन्छ, आजभोलि नै भने मनसुन नेपालमा आउँदैन।" भारतको प्रणालीले बिहार छोएका केही क्षेत्रमा मनसुनको असर देखाए पनि त्यो नेपालको मनसुन भित्रने पद्धतिमा गणना नहुने उहाँले प्रस्ट पार्नुभयो।

### अन्तर्राष्ट्रिय

## अमेरिकामा विमान दुर्घटना

# पाइलटसहित बिस जनाको मृत्यु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

अमेरिकामा दुई वटा विमान दुर्घटना हुँदा पाइलटसहित २० जनाको मृत्यु भएको छ। आइतबार मिसौरीमा निजी विमान र सोमबार क्यालिफोर्नियामा बी–५२ बमवर्षक सैनिक विमान दुर्घटनामा परेका हुन्।

दक्षिणी क्यालिफोर्नियाको मोजावे मरुभूमिमा रहेको एडवर्ड्स एयर फोर्स बेसमा परीक्षण उडानका क्रममा अमेरिकी वायु सेनाको बी–५२ बमवर्षक विमान दुर्घटनाग्रस्त हुँदा सवार सबै आठ जनाको मृत्यु भएको छ। टेकअफ गरेको केही समयमै भएको दुर्घटनापछि विमानमा आगलागी भएको र मरुभूमि क्षेत्रमा ठुलो क्षति पुगेको अधिकारीहरूले पुष्टि गरेको अमेरिकी समाचार संस्था एपीले जनाएको छ।

नियमित परीक्षण मिसनका क्रममा लस एन्जलसको उत्तरमा रहेको आधारको रनवे नजिकैको मरुभूमि क्षेत्रमा विमान खसेपछि ठुलो मात्रामा कालो धुवाँ उठेको र आपत्कालीन टोलीहरू तुरुन्तै परिचालन गरिएको थियो।

एडवर्ड्स एयर फोर्स बेसको ४१२ औँ टेस्ट विङका उपकमान्डर कर्नल जेम्स हेसका अनुसार विमानमा सरकारी ठेकेदार र बर्दीधारी सैनिक सवार थिए। विमान निर्माता बोइङले पनि आफ्ना दुई कर्मचारी विमानमा रहेको पुष्टि गरेको छ। अधिकारीहरूले सबै आठ जनाको ज्यान गएको र उनीहरूको परिवारलाई जानकारी दिने प्रक्रिया जारी रहेको बताएका छन्।

कर्नल हेसले पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीले आठ जना महान् अमेरिकीहरू गुमाएका छौँ।" उहाँका अनुसार दुर्घटनाको कारण तत्काल स्पष्ट नभए पनि विस्तृत अनुसन्धान सुरु गरिएको छ। अनुसन्धानमा करिब छ महिना लाग्न सक्ने अनुमान गरिएको छ।


» बाँकी पृष्ठ २ मा

राष्ट्रको गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।
gorkhapatraonline.com






वर्ष १२६ | अङ्क ४२ | २०८३ साल असार ३ गते बुधबार | शुद्ध ज्येष्ठ शुक्ल तृतीया | नेपाल संवत् ११४६ तछलाथ्व ३ | 2026 June 17 Wednesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

## ‘हेलो सरकार’
# सुशासनको महत्त्वपूर्ण औजार

- वर्तमान सरकारले शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूचीमा नै समावेश गरेपछि अहिले नागरिकका गुनासो दर्ता र समस्या समाधान दुवै क्षेत्रमा उल्लेख्य प्रगति देखिएको छ ।
- अहिले विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा तीन हजार ७६९ वटा सरकारी तथा सार्वजनिक निकाय आबद्ध छन् । उक्त प्रणाली सञ्चालनका लागि २६ जना कर्मचारी तीन चरणमा चौबिसै घण्टा खटिएका छन् ।




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

‘हेलो सरकार’ प्रणाली पछिल्लो समय सरकारी निकाय र नागरिकबिच संवादको प्रभावकारी केन्द्रीय ‘प्लेटफर्म’ बन्दै गएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित हेलो सरकार गुनासो व्यवस्थापन प्रणालीमा बहुच्यानल प्रणाली, चौबिसै घण्टा सेवा र आधुनिक प्रविधिको प्रयोगसँगै उजुरी तथा गुनासो व्यवस्थापनमा उल्लेख्य सुधार आएको छ ।

सेवा प्रवाहमा नागरिकका गुनासा, सुझाव, जिज्ञासालाई राज्य संयन्त्रसम्म सहज रूपमा पुऱ्याई तिनको प्रभावकारी सम्बोधन गर्ने उद्देश्यले सञ्चालनमा रहेको ‘हेलो सरकार’ प्रणाली सार्वजनिक प्रशासन र सुशासनको महत्त्वपूर्ण औजारका रूपमा स्थापित हुँदै गएको छ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित यो विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा नागरिकको पहुँच विस्तार भएसँगै उजुरी तथा गुनासोको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ । सरकारले यो प्रणालीलाई गुनासो सुनुवाइको माध्यममा सीमित नराखी नागरिक–सरकार संवाद, नीतिगत सुधार तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर मापन गर्ने एकीकृत ‘प्लेटफर्म’ का रूपमा विकास गर्ने रणनीतिसहित अगाडि बढाएको सो कार्यालयले जनाएको छ ।

शासकीय सुधारसम्बन्धी सरकारको सयदिने कार्यसूचीको बुँदा नम्बर २४ मा २४ घण्टा नै राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्ने लक्ष्य राखिएको थियो । त्यसलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गतको ‘हेलो सरकार’ शाखामार्फत कार्यान्वयनमा ल्याइएको छ । कार्यसूचीको सोही बुँदामा रहेको फोन, मोबाइल एप, वेबपोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्न सकिने ‘बहुच्यानल’ प्रणाली स्थापना गर्ने काम अन्तिम चरणमा पुगेको हेलो सरकार शाखाका उपसचिव कृष्णप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

बहुच्यानल प्रणाली कार्यान्वयनमा आउनेबित्तिकै विभिन्न माध्यमबाट हेलो सरकारमा आएका उजुरी तथा गुनासाहरू स्वचालित रूपमा सम्बन्धित कार्यालयसम्म जाने मात्र नभई त्यसको निगरानीसमेत प्रभावकारी ढङ्गले हुने र नतिजा प्राप्तिमा समेत सहज हुने अपेक्षा गरिएको छ ।

त्यस्तै बुँदा नम्बर २५ मा ‘हेलो सरकार’ लाई स्तरोन्नति गरी नागरिक संवादको ‘प्लेटफर्म’ का रूपमा विकास गर्ने, एकीकृत ‘ड्यासबोर्ड’ मार्फत सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय गर्ने तथा गुनासो समाधानको प्रगति वास्तविक समयमा अनुगमन गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ । सोही अनुसार अहिले सरकारले ‘हेलो सरकार’ मा आउने गुनासोलाई नीतिगत बहसको आधार बनाउने तयारी गरिरहेको जनाइएको छ । नागरिकका गुनासा र सुझावबाट प्राप्त सूचना विश्लेषण गरी आवश्यक नीति निर्माणसहित सुधार प्रक्रियामा उपयोग गर्ने अवधारणा विकास भइरहेको उपसचिव सापकोटाले बताउनुभयो ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले समेत ‘हेलो सरकार’ लाई ‘सरकार–नागरिक’ संवादको केन्द्रीय प्लेटफर्मका रूपमा विकास गर्ने नीति लिएको छ । बजेटमा सरकारी कार्यालयहरूमा ‘डिजिटल टाइमकार्ड’ लागु गर्ने तथा हेलो सरकारमार्फत प्राप्त गुनासो निश्चित समयसीमाभित्र सम्बोधन गर्नुपर्ने व्यवस्था गर्ने उल्लेख छ । गुनासो सम्बोधनको अवस्थालाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग समेत जोड्ने तयारी भइरहेको छ । यसबाट सार्वजनिक प्रशासनमा उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिको विकास हुने उपसचिव सापकोटा बताउनुहुन्छ ।

प्रविधिको उपयोगलाई थप विस्तार गर्दै हेलो सरकारले कृत्रिम बौद्धिकता (एआई) आधारित प्रणाली विकासको तयारी पनि गरिरहेको छ । अब गुनासो दर्ता हुनेबित्तिकै स्वचालित रूपमा सम्बन्धित कार्यालयमा पुग्ने, गुनासोकर्तालाई जानकारी गराउने तथा प्रगति अवस्थाबारे नियमित सूचना दिने प्रणाली लागु हुने छ । टेलिफोनमार्फत प्राप्त हुने गुनासोलाई समेत एआईको सहयोगमा स्वतः शब्दमा रूपान्तरण गरी प्रणालीमा प्रविष्ट गर्ने प्रविधि विकास गर्ने तयारी गरिएको छ । यसबाट हाल प्रणालीमा दर्ता नभई टेलिफोनबाटै समाधान हुने कतिपय गुनासो पनि अभिलेखीकरणको दायरामा आउने अपेक्षा गरिएको छ ।

अहिले ‘हेलो सरकार’ को विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा तीन हजार ७६९ वटा सरकारी तथा सार्वजनिक निकाय आबद्ध छन् । उक्त प्रणाली सञ्चालनका लागि २६ जना कर्मचारी तीन चरण (सिफ्ट) मा चौबिसै घण्टा खटिएका छन् । प्रधानमन्त्री कार्यालयले ‘हेलो सरकार’ लाई प्रत्यक्ष गुनासो फर्स्योट गर्ने निकायभन्दा पनि नीतिगत सहजीकरण, स्रोत व्यवस्थापन र अनुगमन गर्ने निकायका रूपमा विकास गर्ने रणनीति लिएको छ ।

### दर्ता र फर्स्योटमा उच्च आँकडा

२०६८ कात्तिक १७ गतेबाट ‘हेलो सरकार’ सेवा सञ्चालनमा आएको भए पनि त्यसलाई प्रभावकारी बनाउन सकिएको थिएन । वर्तमान सरकारले शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूचीमा नै यो विषय समावेश गरेपछि अहिले नागरिकका गुनासा दर्ता र समस्या समाधान दुवै क्षेत्रमा उल्लेख प्रगति देखिएको छ ।

पछिल्ला तीन वर्षको तथ्याङ्क हेर्दा आव २०८०/८१ मा ११ हजार ९३२ वटा गुनासा तथा उजुरी प्राप्त भएका थिए । आव २०८१/८२ मा यो सङ्ख्या बढेर १७ हजार ९७७ पुगेको थियो तर चालु आव २०८२/८३ को जेठ मसान्तसम्ममा उल्लेख्य वृद्धि भई ४५ हजार ६२३ वटा गुनासा तथा उजुरी दर्ता भइसकेका छन् ।

» बाँकी पृष्ठ २ मा

## रास्वपा प्रथम महाधिवेशन
# देशव्यापी सङ्गठन विस्तार

**मित्र भण्डारी**
*काठमाडौँ, असार २ गते*

आन्तरिक लोकतन्त्रको अभ्यासका रूपमा प्रतिस्पर्धामार्फत पाँच प्रदेश, ६४ जिल्ला, ६०९ पालिका र चार हजार ३६३ वडामा नयाँ कार्यसमिति चयन भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रथम राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा देशव्यापी रूपमा सङ्गठन विस्तारलाई तीव्रता दिएको छ । वडा, पालिका, जिल्ला तथा प्रदेश तहमा लोकतान्त्रिक प्रक्रियामार्फत नयाँ नेतृत्व चयन गर्दै पार्टीले सङ्गठनात्मक पुनर्संरचना र संस्थागत सुदृढीकरणलाई तीव्र गतिमा अघि बढाएको हो ।

यही असार ७ देखि ९ गतेसम्म चितवनमा आयोजना हुने प्रथम राष्ट्रिय महाधिवेशनअघि पार्टीले अधिकांश तहका अधिवेशन सम्पन्न गर्दै पाँच प्रदेशमा नयाँ नेतृत्व चयन गरिसकेको छ । पार्टीका महामन्त्री कवीन्द्र बुर्लाकोटीले हालसम्म देशभरका छ हजार ७४३ वडामध्ये चार हजार ३६३ वडामा अधिवेशन सम्पन्न भएको जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म ७५३ स्थानीय तहमध्ये ६०९ पालिकामा नयाँ नेतृत्व चयन भइसकेको छ । त्यसै गरी ७७ जिल्लामध्ये ६४ जिल्लामा अधिवेशन सम्पन्न गरी नयाँ कार्यसमिति गठन गरिएको छ ।

महाधिवेशनपूर्व सम्पन्न प्रदेश अधिवेशन अन्तर्गत कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा नयाँ नेतृत्व चयन भइसकेको छ । कोशी प्रदेश सभापतिमा चन्द्र राई, बागमती प्रदेश सभापतिमा उत्सव अर्याल, गण्डकी प्रदेश सभापतिमा नवीन त्रिपाठी र लुम्बिनी प्रदेश सभापतिमा शालिकराम घिमिरे निर्वाचित हुनुभएको छ । सुदूरपश्चिम प्रदेशको नेतृत्वमा प्रकाश विष्ट पुनः निर्वाचित हुनुभएको छ । धनगढीमा सम्पन्न प्रदेश अधिवेशनमा विष्टले ३५८ मत प्राप्त गरी प्रतिनिधि सभा सदस्य जनकसिंह धामीलाई पराजित गर्नुभएको थियो ।

बागमती प्रदेशमा भएको प्रतिस्पर्धात्मक निर्वाचनमा उत्सव अर्यालले निवर्तमान सभापति अच्युतम लामिछानेलाई दुई मतको अन्तरले पराजित गर्दै नेतृत्व समाल्नुभएको छ । गण्डकी प्रदेशमा नवीन त्रिपाठीको नेतृत्वसँगै नयाँ पुस्ताको सहभागिता थप सशक्त बनेको पार्टीको भनाइ छ ।

लुम्बिनी प्रदेशमा प्रारम्भिक चरणमा कुनै उम्मेदवारले स्पष्ट बहुमत प्राप्त गर्न नसकेपछि पुनः मतदानमार्फत शालिकराम घिमिरे प्रदेश सभापतिमा निर्वाचित हुनुभएको थियो । कर्णाली प्रदेशमा अधिवेशन प्रक्रिया जारी छ भने मधेश प्रदेशको अधिवेशन केही प्राविधिक तथा प्रतिनिधित्वसम्बन्धी विषयमा छलफल भइरहेकाले स्थगित गरिएको पार्टीले जनाएको छ ।

कर्णाली प्रदेशको डोल्पा र हुम्ला, लुम्बिनी प्रदेशको रुकुमपूर्व, गण्डकी प्रदेशको मनाङ र मुस्ताङ तथा मधेश प्रदेशको धनुषा, सप्तरी, बारा र सर्लाहीमा अधिवेशन हुन बाँकी रहेको छ । त्यसै गरी सिन्धुपाल्चोक, सिराहा, महोत्तरी र रौतहटमा सुरु भएको निर्वाचन प्रक्रिया विभिन्न कारणले स्थगित भएको जनाइएको छ ।

रास्वपाले प्रदेश तथा जिल्ला अधिवेशनहरूलाई आन्तरिक लोकतन्त्रको अभ्यासका रूपमा सञ्चालन गर्दै प्रतिस्पर्धामार्फत नेतृत्व चयन गरेको जनाएको छ । पार्टीले ‘एक पद, एक व्यक्ति’ को सिद्धान्त अवलम्बन गर्दै पारदर्शी, विधिसम्मत र सहभागितामूलक ढङ्गले नेतृत्व हस्तान्तरणको प्रक्रिया अघि बढाएको जनाएको छ ।

रास्वपाका केन्द्रीय निर्वाचन आयोगका संयोजक भुवन केसीका अनुसार बाँकी जिल्लामा पनि निर्वाचन प्रक्रिया अन्तिम चरणमा पुगेको छ । कर्णाली प्रदेश अधिवेशनमा पाँच सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको जनाइएको छ । पार्टीले अधिवेशन सम्पन्न हुन बाँकी रहेका संरचनाको नेतृत्व चयन महाधिवेशनपछि टुङ्ग्याउने तयारी गरेको छ ।

यसैबिच चितवनमा हुने प्रथम राष्ट्रिय महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेको छ । महाधिवेशनमा देश तथा विदेशबाट करिब दुई हजार पाँच सय प्रतिनिधिको सहभागिता रहने छ ।

» बाँकी पृष्ठ २ मा

## महानिर्देशक अर्याल न्यायिक हिरासतमा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनीलकुमार केसीलाई चार दिन न्यायिक हिरासतमा राख्न विशेष अदालतले अनुमति दिएको छ । राहदानी छपाइसम्बन्धी विषयमा अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अर्याल र केसीलाई नियन्त्रणमा लिएको थियो ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्यद्वय उमेश कोइराला र विदुर कोइरालाको इजलासले सोमबारदेखि लागु हुने गरी दुवै जनालाई हिरासतमा राख्न आयोगलाई अनुमति दिएको हो । विशेष अदालतका सूचना अधिकारी पार्वती हितानले सोमबारदेखि लागु हुने गरी चार दिन हिरासतमै राख्न अनुमति दिइएको जानकारी दिनुभयो ।

### अग्रलेख

#### लोक सेवाको साख



आयोगले हरेक आर्थिक वर्षमा घोषणा गर्ने आफ्नो वार्षिक कार्यतालिका र कार्यतालिका अनुरूप कार्यसम्पादन गर्न सक्ने सक्षम, प्रतिबद्ध, उत्प्रेरित र इमानदार कर्मचारीका कारण आयोग मुलुकको बलियो र सक्षम निकायका रूपमा जनताको मानसपटलमा रहेको छ ।

• **शिवराम न्यौपाने**

» विचार पृष्ठ ४

# ‘मनसुन’ भित्रन आनाकानी

- सामान्यतया केरलाबाट नेपाल आइपुग्न बढीमा १० दिन लाग्नुपर्ने हो । तर १३ दिन बित्दै गर्दा पनि मनसुन नेपाल भित्रन सकेको छैन ।
- भूउपग्रहबाट प्राप्त तथ्याङ्क तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणको आधारमा मनसुन आगमन केही दिन ढिला हुने भएको छ ।


फाइल तस्बिर

**चाँदनी हमाल**
*काठमाडौँ, असार २ गते*

यस वर्षको मनसुन नेपाल भित्रन आनाकानी गर्दै नेपालको सीमापारि अड्किएर बसेको छ । छिमेकी भारतको सीमासम्म आइपुगेको मनसुन नेपाल भित्रन आनाकानी गर्दै सीमापार बसेको हो । विभिन्न प्रणालीले यतिबेला भारतको सिक्किम र बिहारसम्म मनसुन आइपुगेको देखाएको छ ।

मनसुन भित्रने मिति जुन १३ बाट घर्किएर जुन १७ लागेको छ । तर पनि मनसुन नेपाल भित्रन नसकेको जल तथा मौसम विज्ञान विभागले औँल्याएको छ । भारतको केरलामा जुन ४ मा बास बस्न पुगेको थियो । त्यहाँबाट बङ्गालको खाडीको जलवाष्पसहित नेपालतिर आउन विगत झैँ निकै बेर लगाएको हो । सामान्यतया केरलाबाट नेपाल आइपुग्न बढीमा १० दिन लाग्नुपर्ने हो । तर १३ दिन बित्दै गर्दा पनि मनसुन नेपाल भित्रन नसकेको मौसमविद् रोजन लामिछानेले बताउनुभयो । उहाँका अनुसार नेपालको पूर्वी भूभागमा मनसुन प्रवेश गर्न अझै केही दिन लाग्ने अनुमान छ ।

### ढिला किन आउँदै छ मनसुन ?

मनसुनको मिति घर्किएपछि प्रश्नको ओइरो लाग्न थालेपछि विभागले विगतको मनसुन भित्रँदाको प्रवृत्तिको विश्लेषण गर्दै विगतमा पनि यसरी मनसुन भित्रन ढिलाइ हुने गरेको जानकारी दिएको छ । विगतमा सन् १९७२ देखि २०२३ सम्मका वर्षका मनसुनी वर्षमध्ये ११ वटा वर्षमा नेपालमा मनसुन ढिला भित्रिएको थियो । विभागका प्रवक्ता विभूति पोखरेलका अनुसार भूउपग्रहबाट प्राप्त तथ्याङ्क तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणको आधारमा नेपालमा मनसुन आगमन केही दिन ढिला हुने भएको छ ।

प्रशान्त महासागरमा वर्षा कम गराउन सघाउने प्रणाली एलनिनो विकसित भई तटस्थबाट बलियो हुँदै गएको वर्तमान अवस्था छ । जसले गर्दा नेपालको मनसुन आगमनमा समेत प्रभाव पर्नुका साथै दक्षिण एसियालगायत नेपालको मनसुन कमजोर हुन सक्ने सम्भावना पोखरेलले औँल्याउनुभएको छ । विगतमा पनि एलनिनोको विकास प्रशान्त महासागरमा बलियो हुँदा नेपालमा मनसुन आगमन ढिला भएको तर्क उहाँको छ ।

### मनसुनको वर्तमान अवस्था

दक्षिण एसियाका विभिन्न मुलुकमा विचरण गरिरहेको मनसुनको प्रणाली आफैँमा कमजोर छ । अरब सागरबाट अगाडि बढेको मनसुन कमजोर भए पनि श्रीलङ्का तथा दक्षिण भारतका विभिन्न क्षेत्र हुँदै नेपालको सिमाना पार गरेर नेपाल भित्रने तरखरमा रहेको भारतीय मौसम पूर्वानुमान विभागले जनाएको छ ।

मनसुनका प्रणालीको केही अंशले नेपालको सिमाना पार गरिसकेको दाबी भारतको छ । तराईको बिहार क्षेत्र छोएका नेपाली भूभागमा मनसुनको प्रणालीले असर थालेको उसको मनसुन अवलोकन गर्ने प्रारूपहरूले औँल्याएको छ ।

नेपालको प्रारूपहरूले भने मनसुन भित्रने क्षेत्र नेपालको पूर्वी भूभाग अर्थात् कोशी प्रदेश रहेकाले त्यस क्षेत्रमा मनसुन भित्रने पूरै वातावरण बनिनसकेको औँल्याएको मौसमविद् लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार अहिलेको अवस्थामा नेपालमा मनसुनका लागि वातावरण निर्माण हुने क्रममै रहेको छ । नेपालमा अझै पनि पश्चिमी वायुको प्रभाव बलियो रहनुका साथै माथिल्लो वायुमण्डलमा पूर्वीय वायुसहितको वातावरण बन्न बाँकी छ ।

त्यस्तै जलवाष्पयुक्त हावाको बहाव भने फैलने क्रममा रहेको छ । कतै सानो चरणको वर्षा हुने र कतै नहुने प्रक्रिया चलिरहेको छ । जसले मनसुनी प्रणाली पूरै सक्रिय नरहेको प्रस्ट सङ्केत गर्छ ।

उहाँले भन्नुभयो, “निरन्तर अवलोकनको अवस्था हेर्दा नेपालको नजिकमै छ, अबको केही दिनमा मनसुन नेपाल भित्रने तरखरमा रहेको देखिन्छ, आजभोलि नै भने मनसुन नेपालमा आउँदैन ।” भारतको प्रणालीले बिहार छोएका केही क्षेत्रमा मनसुनको असर देखाए पनि त्यो नेपालको मनसुन भित्रने पद्धतिमा गणना नहुने उहाँले प्रस्ट पार्नुभयो ।

### » अन्तर्राष्ट्रिय

## अमेरिकामा विमान दुर्घटना
# पाइलटसहित बिस जनाको मृत्यु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २ गते*

अमेरिकामा दुई वटा विमान दुर्घटना हुँदा पाइलटसहित २० जनाको मृत्यु भएको छ । आइतबार मिसौरीमा निजी विमान र सोमबार क्यालिफोर्नियामा बी–५२ बमवर्षक सैनिक विमान दुर्घटनामा परेका हुन् ।

दक्षिणी क्यालिफोर्नियाको मोजावे मरुभूमिमा रहेको एडवर्ड्स एयर फोर्स बेसमा परीक्षण उडानका क्रममा अमेरिकी वायु सेनाको बी–५२ बमवर्षक विमान दुर्घटनाग्रस्त हुँदा सवार सबै आठ जनाको मृत्यु भएको छ । टेकअफ गरेको केही समयमै भएको दुर्घटनापछि विमानमा आगलागी भएको र मरुभूमि क्षेत्रमा ठुलो क्षति पुगेको अधिकारीहरूले पुष्टि गरेको अमेरिकी समाचार संस्था एपीले जनाएको छ ।

नियमित परीक्षण मिसनका क्रममा लस एन्जलसको उत्तरमा रहेको आधारको रनवे नजिकैको मरुभूमि क्षेत्रमा विमान खसेपछि ठुलो मात्रामा कालो धुवाँ उठेको र आपत्कालीन टोलीहरू तुरुन्तै परिचालन गरिएको थियो ।

एडवर्ड्स एयर फोर्स बेसको ४१२ औँ टेस्ट विङका उपकमान्डर कर्नल जेम्स हेसका अनुसार विमानमा सरकारी ठेकेदार र बर्दीधारी सैनिक सवार थिए । विमान निर्माता बोइङले पनि आफ्ना दुई कर्मचारी विमानमा रहेको पुष्टि गरेको छ । अधिकारीहरूले सबै आठ जनाको ज्यान गएको र उनीहरूको परिवारलाई जानकारी दिने प्रक्रिया जारी रहेको बताएका छन् ।

कर्नल हेसले पत्रकार सम्मेलनमा भन्नुभयो, “हामीले आठ जना महान् अमेरिकीहरू गुमाएका छौँ ।” उहाँका अनुसार दुर्घटनाको कारण तत्काल स्पष्ट नभए पनि विस्तृत अनुसन्धान सुरु गरिएको छ । अनुसन्धानमा करिब छ महिना लाग्न सक्ने अनुमान गरिएको छ ।

» बाँकी पृष्ठ २ मा